# मानव मर्यादा संरक्षणसम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण




महान्यायाधिवक्ताको कार्यालय
काठमाडौं, नेपाल

# मानव मर्यादा संरक्षणसम्बन्धी
# कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण

महान्यायाधिवक्ताको कार्यालय
काठमाडौं, नेपाल

**सम्पादन**

श्री रमादेवी पराजुली

श्री रोशी भण्डारी

श्री आश्मा खड्का

श्री प्रभात क्षेत्री

| | | |
|---|---|---|
| संयोजन | : | श्री श्यामकुमार भट्टराई |
| सम्पादन सहयोग | : | श्री नारायण स्वर्णकार |
| प्रकाशन | : | महान्यायाधिवक्ताको कार्यालय, नेपाल |
| प्रकाशन मिति | : | २०७७ भाद्र (दोस्रो संस्करण) |
| प्रकाशन संख्या | : | १००० (एक हजार) प्रति |

**प्रकाशन सहयोगी**:

संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना (A2J/UNDP)

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............................ शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :-

चलानी नं. :-

मिति :-.............................

## मन्तव्य



हाम्रो समाज विविधतायुक्त छ । विविधताभित्र हाम्रा सामाजिक व्यवहारका आफ्नै धेरै मौलिक चरित्र पनि छन् । दिगोपनका आधारहरु पनि छन् । सामाजिक मूल्य मान्यताले समाजलाई स्वचालित पनि बनाएको छ । धेरैजसो सामाजिक अभ्यास र व्यवहारहरु सामाजिक मर्यादा, अनुशासन, समन्वय र सद्भाव विकास गर्ने खालका छन् । यसले हाम्रो सामाजिक जीवनलाई पारस्परिक सहयोगमा आधारित पनि बनाउन सहयोग पुगेको छ । तर कतिपय सामाजिक मूल्य मान्यताहरु मानव मर्यादा र मानवीय आदर्शसँग मेल खाने खालका छैनन् । वर्षौंदेखि विकास हुँदै आएका कुरीति, गलत परम्परा र तिनको अवशेषको प्रभाव हाम्रो समाजमा अझै जरा गाडेर बसेको अवस्था छ । विगतदेखिको अभ्यासका नाममा निरन्तरता पाएका सामाजिक कुसंस्कार र कुप्रथाहरु यथार्थमा मानव मर्यादा विरुद्धका अभ्यास हुन् । सभ्य समाज विरुद्धका कसूर हुन् । त्यस्ता व्यवहारहरुको निरन्तरतामा हामी आधुनिकता र लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न सक्दैनौं । कानूनी व्यवस्थाको आधुनिकीकरण र लोकतान्त्रिक मूल्यहरुको विस्तारले त्यस्ता गलत अभ्यास र कुसंस्कृतिलाई हटाउने प्रयास गरेको छ । कठोरतापूर्वक दण्डको व्यवस्था गरी समाजलाई मार्गदर्शन गर्न खोजेको छ ।

राज्यको तर्फबाट जारी भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन गरी कानूनको शासन कायम राख्नु सबैको दायित्व हो । यो दायित्व राज्यका निकायहरुले कठोरतापूर्वक पालना गर्नु पर्दछ । साथै सामाजिक जीवनमा पनि कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । सामाजिक रुपान्तरणकारी कानूनी व्यवस्थाको कार्यान्वयनमा प्रतिस्पर्धा गरी समाजलाई सभ्य बनाउन हामी सबैको साझा क्रियाशीलताको आवश्यकता रहन्छ । कानूनी व्यवस्थाका बारेमा सचेतना नपुगेको ठाउँमा सचेतना विस्तार गर्न राज्य संयन्त्र र नागरिक अगुवाहरुको साझा प्रयत्न अवश्यक रहेको छ ।

यस क्रममा महान्यायाधिवक्ताको कार्यालयले मानव मर्यादासँग सम्बन्धित केही कानूनी व्यवस्थाका बारेमा संक्षिप्त अनुसन्धानमूलक लेखहरु सहित यो स्रोत सामग्री प्रकाशन गरेको छ । यसमा जवरजस्ती करणीसम्बन्धी कसूर, जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसूर, मानव बेचविखन तथा ओसार पसार सम्बन्धी कसूर, कार्यस्थलमा हुने यौन दुर्व्यवहारसम्वन्धी कसूर, घरेलु हिंसा र बोक्सी सम्बन्धी कसूरका बारेमा विश्लेषण गरिएको छ । ती कसूरका बारेमा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक दृष्टिकोणहरु समेत समावेश गरिएको छ । यो सामग्रीले उल्लिखित कसूरसँग सम्बन्धित विषयमा निर्णय लिन र प्रतिनिधित्व गर्न सरकारी वकीलहरुलाई सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा राखेको छु । अपराध अनुसन्धानमा संलग्न अनुसन्धानकर्ताहरुलाई समेत यो सामग्री उपयोगी हुने देखिन्छ । यसका अलावा यो सामग्री सामजिक चेतना विस्तारका लागि पनि सहयोगी हुने देखिन्छ ।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मिति :-............................

प्रस्तुत स्रोत सामग्रीका लागि आफ्नो लेख रचना उपलब्ध गराउने लेखकहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो स्रोत सामग्री सम्पादन कार्यमा संलग्न सम्पादन समूहका साथै स्रोत सामग्री प्रकाशन कार्यमा सहयोग पुऱ्याउने सयुक्त राष्ट्र संघीय विकास कार्यक्रम अन्तर्गतको संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजना (एटुजे प्रोजेक्ट) लाई पनि विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, प्रभावकारीरूपमा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षा गर्ने कार्यमा सबै सरकारी वकीलहरुलाई यो सामग्री सहयोगी हुन सकोस् भन्ने कामना गर्दछु । सरकारी वकीलहरुको निरन्तर साधना र अन्य कर्मचारीहरुको निरन्तरको लगनशीलताबाट सरकारी वकील कार्यालयहरुलाई जनविश्वास प्राप्त र विश्वासिलो संस्थाको रुपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा समेत राखेको छु ।

**असार, २०७७**

..............................

**(अग्नि प्रसाद खरेल)**

महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# विषयसूची


१. जवर्जस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक बिश्लेषण
- *पदमप्रसाद पाण्डेय* १

२. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव कानून र कसूरको अनुसन्धान र अभियोजनमा सरकारी वकिलको जिम्मेवारी
- *संजीवराज रेग्मी* १०१

३. मानव वेचविखन तथा ओसारपसार सम्वन्धी अपराध र नेपाल कानून
- *लोकराज पराजुली* १२७

४. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणः कानुनी व्यवस्था र कार्यान्वयन
- *रमादेवी पराजुली* १७१

५. घरेलु हिंसा : अवधारणा र कानूनी व्यवस्थाहरू
- *श्यामकुमार भट्टराई र राजेश कुमार कटुवाल* १८५

६. बोक्सीसम्बन्धी कसूर र नेपाल कानून
- *दुर्गा खड्का र ओमप्रकाश बराल* २२२

# जवर्जस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक बिश्लेषण

✍ पदम प्रसाद पाण्डेय (नायब महान्यायाधिवक्ता)

## १. परिचय

परम्परागतरुपमा पुरुषद्वारा महिला विरुद्ध गरिने भनी मानिएको जवर्जस्ती करणी सम्बन्धी कसूरप्रतिको दृष्टिकोण, कानून एवं अदालतको ब्याख्यामा निकै परिवर्तनहरु आएका छन् र यी परिवर्तनहरु कसूरप्रति बिगतभन्दा कठोर बन्दै गएका छन् । मुलतः नेपालको कानूनी प्रणालीमा भएका यी परिवर्तनहरुले जवर्जस्ती करणी सम्बन्धी कसूरको परिभाषामा मात्र व्यापकता सिर्जना गरेको छैन सजायमा समेत बढोत्तरी गरेको छ भने अदालतबाट ठहर हुने कसूरको संख्यामा समेत बृद्धि भएको छ । यति हुँदाहुँदै पनि जवर्जस्ती करणीसम्बन्धी कसूर घट्नुको सट्टा दिनप्रतिदिन बढ्दै गइरहेकोले यस्ता कसूरको नियन्त्रणमा निकै चुनौती देखिएको छ । एकातर्फ यस्ता कसूरको संवेदनशिलता र पीडितको कमजोर अवस्थाका (Vulnerability) कारण उनीहरुलाई अपेक्षितरुपमा न्याय प्रदान गर्न समेत चुनौती देखिएको छ भने अर्कोतर्फ झुट्टा मुद्दाको संख्या पनि सँगसँगै बृद्धि भैरहेको सन्दर्भमा निर्दोष व्यक्तिलाई अभियोजनबाट बचाउनु पनि उत्तिकै चुनौती थपिएको छ । यी चुनौतीहरुलाई सामना गर्न र परिवर्तित सन्दर्भले जन्माएका बिषयलाई सम्बोधन गर्न जवर्जस्ती करणी सम्बन्धी कसूरको अनुसन्धान र अभियोजनमा थप जटिलताहरु देखा परेका छन् । यस्ता जटिलताले अनुसन्धान अधिकारी र अभियोजनकर्तालाई सत्यताको गहिराइसम्म पुग्न निकै कठिनाइ हुँदै गइरहेको हुँदा भौतिक तथा बैज्ञानिक प्रमाणको खोजीमा जोड दिनु जरुरी छ । जवर्जस्ती करणी सम्बन्धी कसूरको नियन्त्रणका लागि बैकल्पिक उपायहरुको अवलम्बन, पीडितलाई सन्तोषपूर्ण न्याय, पीडकलाई कानून बमोजिमको सजाय तथा सामाजिकिकरणको आवश्यकता हुन्छ । यसको लागि सरकारी निकायहरु मात्र होइन गैरसरकारी संस्था, नागरिक समाज तथा सञ्चार माध्यमहरुको समेत महत्वपूर्ण भूमिका रहन्छ ।

## २. जबर्जस्ती करणीसम्बन्धी परिवर्तित अवधारणा

समयको गतिसँगै जवर्जस्ती करणीसम्बन्धी अवधारणामा निकै परिवर्तनहरु देखा परेका छन् । यौनजन्य कसूर पुरुषले महिला वा बालिका बिरुद्ध मात्र गर्छ भन्ने बुझाइ पुरानो भएको छ, अव यस्तो कसूर महिलाले महिलाका बिरुद्ध पनि गर्न सक्ने[1] र पुरुषले पुरुषका बिरुद्ध[2] पनि गर्नसक्ने भएको छ ।

[1] लाक्पा शेर्पा वि. नेपाल सरकार, नेकाप २०७३, पौस, नि. नं. ९६८४

यौनजन्य कसूर अपरिचित व्यक्तिले मात्र गर्छ भन्ने कुरा पनि गलत साबित भएको छ । घरपरिवार, छरछिमेक, ईष्टिमत्र, नातागोताको सम्लग्नता रहेका यस्ता कसूरहरु निकै देखिएका छन । जवर्जस्ती करणी हुँदा महिला र पुरुषको बीचमा संघर्ष हुनुपर्ने र त्यसको परिणामस्वरुप महिला वा पुरुषको जीउमा संघर्षका चिन्हहरु घाउ, चोट हुनु पर्ने भन्ने मान्यता पनि असत्य हुन पुगेको छ[3] । हिजोका दिनसम्म महिलाको सहमति बिना योनीमा लिङ्ग प्रबेशलाई जवर्जस्ती करणी मानिदै आएकोमा सो तरिकाबाट अव गुदद्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य बस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी हुने[4] अवस्था सिर्जना भयो । यसका अलावा कसूर हुनासाथ जाहेरी दिनुपर्ने भन्ने मान्यताले पनि निरन्तरता पाउन सकेन । जवर्जस्ती करणी भैसकेपछि पनि बिभिन्न कारणहरूले गर्दा तत्काल जाहेरी नदिन सक्ने अवस्थालाई स्वभाबिक मानिन थालिएको छ[5] । लोग्नेस्वास्नीको सम्बन्ध

---

[2] नेपालको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा २२६ को उपदफा (१) मा कसैले कसैको मञ्जुरी विना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुँदैन भन्ने व्यबस्था भएको र यो उपदफामा प्रयोग भएको "कसैले कसैको" भन्ने शव्दावलीले लैङ्गिक तटस्थता देखाएकोले र सजायको हकमा सोही दफाको उपदफा (३) ले बालबालिका बिरुद्ध अप्राकृतिक मैथुन भएमा जवर्जस्ती करणी गर्दा हुने सजाय गर्ने व्यवस्था गरेको छ।

[3] उदाहरणको लागि श्री ५ को सरकार विरुद्ध नारायणसुन्दर श्रेष्ठ, नेकाप, २०२९, **बैशाख**, नि.नं. ६७३, पृ. ८६; ठगा चौधरी वि. श्री ५ को सरकार, नेकाप २०६३, असार, निर्णय नं.७६६४ को मुद्दामा जवर्जस्ती करणी हुन संघर्ष एवं चोटपटक र संघर्षका चिन्ह हुनुपर्ने भन्ने व्याख्या भएको थियो भने त्यसको बिपरित मधुकर राजभण्डारी वि. श्री ५ को सरकार, नेकाप २०५७, अङ्क माघ, निर्णय नं. ६९४९; श्री ५ को सरकार बि. दिपक भण्डारी समेत, नेकाप २०५९, **भाद्र**, निर्णय नं. ७१०१; सन्दीप नेपाली वि. नेपाल सरकार, नेकाप २०७५, चैत्र, निर्णय नं. १०१४८ मा डर, धाक, धम्कीको प्रयोग गरी भएको जवर्जस्ती करणीको वारदातमा पीडित र पीडकबीच संघर्ष नै नहुने हुँदा निजहरूको शरीरमा संघर्षको चिह्न नदेखिनु स्वाभाविक नै हुन्छ भन्ने व्याख्या भएको छ।

[4] नेपालको सन्दर्भमा त्रिरत्न चित्रकार वि. नेपाल सरकार, नेकाप २०६६, भाद्र, निर्णय नं. ८१४८ को मुद्दामा मुख मैथुनमा सजाय हुने भनियो। तत्पश्चात लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न र केही नेपाल ऐन संशोधन, २०७२ ले मुलुकी ऐन, जवर्जस्ती करणीको १ नं. को स्पष्टीकरणमा खण्ड (घ) थप गरी यस्तो व्यवस्था गऱ्यो। र, हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) को स्पष्टिकरण (ग) मा यस्तो व्यवस्था गरिएको छ।

[5] नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप २०६३, माघ, निर्णय नं. ७७७२; हजरत मिया वि. श्री ५ को सरकार, नेकाप २०६४, मंसीर, निर्णय नं. ७८६९; नेपाल सरकार वि. नारायण पौडेल खत्री, नेकाप २०६८, जेठ, नि.नं. ८५६४; रामहरि लामिछाने वि. नेपाल सरकार, ने.का.प. २०६८, माघ, निर्णय नं. ८६९५; नेपाल सरकार वि. चन्द्रप्रसाद तिवारी भन्ने चन्द्रबहादुर तिवारी, ने.का.प. २०६९,

भगावानले जुराएको र यो सम्बन्ध जीवन साथी (Life Partner) को रुपमा मात्र नभै जन्मजन्मान्तर हुने, दुईको शरीर मिलेर एक पूर्ण शरीर हुने[6], एक रथका दुई पाङ्गा छुट्न नसक्ने र बिवाह नै करणीको स्वोकारोक्ति भएकोले लोग्नेले स्वास्नीलाई जवरर्जस्ती करणी गर्न सक्दैन भन्ने पूर्वीय मान्यता भत्किन गयो र त्यसको ठाउँमा बिवाह दुई आत्माको मिलन नभै यो एक प्रकारको सामाजिक करार (a kind of social contract) बाट सिर्जना हुने, एकआपसमा मन नमिलेमा त्यो करार कुनै पनि समयमा भङ्ग गर्न सकिने, यो सम्बन्ध जीवन साथी (Life Partner) को रुपमा नभै यौन साथी (Sex Partner) को रुपमा रहने भन्ने पश्चिमी मान्यतालाई हाम्रो कानूनी प्रणालीले स्वीकार गरेको छ[7] । यसरी परम्परागतरुपमा पुरुषले महिलामाथि मात्र जवर्जस्ती करणी गर्न सक्छ भन्ने मान्यता रहँदै आएकोमा महिलाले महिलामाथि र पुरुषले पुरुषमाथि पनि बलात्कार (Male rape) गर्न सक्ने भन्ने मान्यता स्थापित भएको छ भने यौनिक मैथुन (Vaginal Intercourse) को स्थानमा मुख मैथुन (Oral Sex), गुदद्वार मैथुन (Anal sex) र बस्तु प्रवेश (object penetration) समेत जोडिन पुगेको छ भने बैवाहिक बलात्कार (Marital rape) पनि जवर्जस्ती करणीको फराकिलो दायराभित्र समेटिन पुगेको छ ।

## ३. करणी सम्बन्धी कसूरका स्वरुपहरु (Forms of Sexual Offences)

करणीसम्बन्धी कसूरलाई प्राकृतिक करणीसम्बन्धी कसूर (Natural Sexual Offence) र अप्राकृतिक करणीसम्बन्धी कसूर (Unnatural Sexual Offence) गरी दुई बर्गमा बिभाजन गर्न

मंसीर, निर्णय नं. ८८७८; डिल्ली स्वाँरसमेत वि. नेपाल सरकार, नेकाप २०७५, असार, नि.न. ९९६९ का मुद्दाहरुमा जाहेरी ढिलो परेको बिषय सफाईको आधार नहुने भन्ने व्याख्या भयो भने अधिवक्ता सपना प्रधान मल्ल वि. नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत, नेकाप २०६५, फागुन, निर्णय नं.८०३८ को मुद्दामा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ११ नं. मा भएको ३५ दिनको हदम्याद वढाउने गरी कानूनमा सुधार गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी भयो। तत्पश्चात लैंङ्गिक समानता कायम गर्न तथा लैंङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधन गरी ३५ दिनको हदम्यादलाई बढाई छः महिना गऱ्यो भने मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ को उपदफा (२) ले उक्त हदम्याद एक बर्ष गऱ्यो ।

[6] त्यसकारण पूर्वीय दर्शनमा स्वास्नीलाई अर्धाङ्गिनी भनिएको ।

[7] मिरा ढुङ्गाना बि. कानुन, न्या. तथा संसदीय व्यवस्था मन्त्रालय, २०५८ सालको रिट नं. ५५ (सर्वोच्च अदालत बुलेटिन २०५९ पूर्णाङ्क २३९, पृ. १६) को फैसला पछि "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" ले मुलुकी ऐन, २०२० को जवर्जस्ती करणीको महलको १ र ३ नं. मा संशोधन गरी लोग्नेले आफ्नो स्वास्नीलाई जवर्जस्ती करणी गरेमा त्यसलाई कसूर कायम गरी सजायको व्यवस्था गऱ्यो। र, हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) ले कसूर कायम गरी उपदफा (४) ले सजायको व्यवस्था गरेको छ ।

सकिन्छ । प्रकृति प्रदत्त नियमको सीमाभित्र (Under the natural order) रही गरिने करणीसम्बन्धी कसूर प्राकृतिक करणीसम्बन्धी कसूर हो भने प्राकृतिक नियम बिपरित गरिने करणीसम्बन्धी कसूर अप्राकृतिक करणीसम्बन्धी कसूर हो । प्राकृतिक करणीसम्बन्धी कसूरभित्र जवर्जस्ती करणी (Rape), हाडनाता करणी (Incest) र आशय करणी (Indecent Assault) जस्ता कसूरहरु पर्दछन् भने अप्राकृतिक करणीसम्बन्धी कसूरभित्र पशु करणी (Bestiality) तथा अन्य अप्राकृतिक मैथुन (Other Unnatural Sex) पर्दछन् । यो आलेख जवर्जस्ती करणी (Rape) सम्बन्धी कसूरसँग सम्बन्धित भएकोले अन्य यौनजन्य कसूरको सम्बन्धमा यहाँ चर्चा गरिएको छैन ।

## ४. जवर्जस्ती करणीको अर्थ र परिभाषा

नेपाली कानूनी भाषामा प्रयुक्त भएको 'जवर्जस्ती करणी' लाई जनसाधारणले 'बलात्कार' भनी बुझ्ने गर्दछन् । अंग्रेजीमा प्रयोग हुने 'Rape' शव्द ल्याटिन भाषाको 'rapio' शव्दबाट आएको हो जसको अर्थ 'to seize' अर्थात कव्जा वा हरण गर्नु भन्ने हुन्छ । तसर्थ 'Rape' वा 'raptus' को शाव्दिक अर्थ जवर्जस्ती हरण गर्नु भन्ने बुझिन्छ[8] । सामान्यतः महिलाको मञ्जुरी बिना वा मञ्जुरी भएपनि त्यस्तो मञ्जुरी बलपूर्वक, डर वा जालसाजपूर्ण तरिकाबाट प्राप्त गरी यौन सम्बन्ध स्थापित गर्नु नै जवर्जस्ती करणी हो । जवर्जस्ती करणी हुन दुई तत्वको बिद्यमानता हुनु जरुरी हुन्छ । पहिलो, यौनसम्बन्ध भएको हुनु पर्छ र दोस्रो, मञ्जुरीको अभाव वा मानसिक कमजोरी ।

कुनै यौनसम्बन्ध जवर्जस्ती करणी हो होइन भन्ने छुट्याउन यौन सम्बन्धको समयमा पीडितको 'सहमती' थियो वा थिएन वा पीडित सहमती दिनसक्ने अवस्थामा थियो वा थिएन भन्ने पत्ता लगाउनु पर्ने हुन्छ । बिभिन्न कानून प्रणालीले 'सहमती' को परिभाषा फरक फरक तरिकाबाट गरेको हुँदा पनि 'जवर्जस्ती करणी' को परिभाषा पनि एउटै देखिँदैन । उदाहरणका लागि बयस्कले ज्यादै सानो उमेरका व्यक्तिहरुसँग गरेको यौन सम्बन्धमा बालबालिकाको सहमती नमानी त्यस्तो सम्बन्धलाई कानूनतः बलात्कार (statutory rape) मानिने हुन्छ भने सहमती दिने उमेर (age of consent) फरक कानूनी प्रणालीमा फरक भएकोले पनि जवर्जस्ती करणीको परिभाषामा फरकपना देखिएको छ ।

आफ्नो श्रीमतीबाहेक अन्य महिलालाई निजको सहमति नलिइ त्यस्तो महिलाको यौनाङ्गमा पुरुषको यौनाङ्ग प्रबेश गराउनुलाई बलात्कार भनी परम्परागतरुपमा जवर्जस्ती करणीको परिभाषा गरिँदै आएको भएपनि यस बुझाईमा धेरै परिवर्तन आएको छ[9] । यसरी परम्परागतरुपमा बलात्कार हुन मुख्यतः चारवटा कुराहरु हुनु जरुरी थियो । पहिलो, आफ्नो श्रीमतीबाहेक अन्य व्यक्ति हुनु पर्ने दोस्रो, त्यस्तो व्यक्ति महिला हुनु पर्ने तेस्रो, यौनिक मैथुन (Vaginal Intercourse) अर्थात योनीमा लिङ्ग प्रवेश भएको

[8] K I Vibhute, *PSA Pillai's Criminal Law*, LexisNexis India, (12th Edition, 2014), P. 713.

[9] लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले मुलुकी ऐन, २०२० लाई संशोधन गर्नुभन्दा अगाडि र पछाडिको अवस्था ।

हुनु पर्ने र चौथो त्यस्तो महिलाको सममती नभएको वा सहमती भएपनि कानूनले तोकेको उमेरभन्दा कम उमेरको हुनु पर्ने । समयको क्रम सँगसँगै जवर्जस्ती करणीको परिभाषामा पनि परिवर्तन आएको छ ।

बेलायतमा Sexual Offences Act, 1956 ले आफ्नो श्रीमती बाहेक अन्य महिलालाई आफू सो महिलाको लोग्ने भएको भन्ने भ्रम सिर्जना गरी वा डर, त्रास वा भ्रममा पारी वा लागू औषधको प्रयोग गरी गैरकानूनी करणी (unlawful sexual intercourse) गर्नुलाई जवर्जस्ती करणी मानेको थियो[10] । सो कानूनी व्यवस्थालाई १९९४ मा Criminal Justice and Public Order Act को दफा १४२ ले Sexual Offences Act, 1956 को दफा १ लाई संशोधन गरी जवर्जस्ती करणीको नयाँ परिभाषा गऱ्यो । जसअनुसार कुनै पुरुषबाट महिलामात्र होइन पुरुषका बिरुद्ध पनि जवर्जस्ती करणी हुन सक्ने र यौनिक मैथुन (Vaginal Sex) मात्र होइन गुदद्वार मैथुन (Anal Sex) पनि जवर्जस्ती करणीको परिभाषाभित्र पर्न गयो[11] । सन् २००३ सम्म पुरुषले गर्ने यौनिक र गुदद्वार मैथुनलाई मात्र जवर्जस्ती करणी मानिएकोमा Sexual Offences Act 2003 ले मुख मैथुन (Oral Sex) लाई समेत जवर्जस्ती करणीको परिभाषामा समावेश गरियो । यस ऐनको दफा १ मा जवर्जस्ती करणीको परिभाषा निम्नानुसार गरिएको छ :-

(1) A person (A) commits an offence if :-

(a) he intentionally penetrates the vagina, anus or mouth of another person (B) with his penis,

[10] Sexual Offences Act, 1956 Section 1 Subsection (2) had said, "A man who induces a married woman to have sexual intercourse with him by impersonating her husband commits rape." Further, Section 2 Subsection (1) had mentioned, "It is an offence for a person to procure a woman, by threats or intimidation to have unlawful sexual intercourse in any part of the world." Again, Section 3 Subsection (1) had explained, "It is an offence for a person to procure a woman, by false pretences or false representations, to have unlawful sexual intercourse in any part of the world." Similarly, Section 4 Subsection (1) had stated, "It is an offence for a person to apply or administer to, or cause to be taken by, a woman any drug, matter or thing with intent to stupefy or overpower her so as thereby to enable any man to have unlawful sexual intercourse with her."

[11] Criminal Justice and Public Order Act को दफा १४२ मा निम्नानुसार व्यवस्था गरियो;

1-(1) It is an offence for a man to rape a woman or another man.

(2) A man commits rape if-

(a) he has sexual intercourse with a person (whether vaginal or anal) who at the time of the intercourse does not consent to it; and

(b) at the time he knows that the person does not consent to the intercourse or is reckless as to whether that person consents to it.

(3) A man also commits rape if he induces a married woman to have sexual intercourse with him by impersonating her husband.

(b) B does not consent to the penetration, and

(c) A does not reasonably believe that B consents.

(2) Whether a belief is reasonable is to be determined having regard to all the circumstances, including any steps A has taken to ascertain whether B consents.

माथि उल्लेख भए बमोजिम बेलायतको कानून अनुसार कुनै व्यक्तिले अर्को व्यक्तिको मञ्जुरी बिना र अर्को व्यक्तिको मञ्जुरी छैन भन्ने जानीजानी आफ्नो लिङ्ग त्यस्तो व्यक्तिको योनी, गुदद्वार वा मुखमा प्रबेश गराउँछ भने त्यस्तो कार्य जवर्जस्ती करणी हुन्छ । यस परिभाषा अनुसार पुरुषले मात्र जवर्जस्ती करणी गर्न सक्ने तर यस्तो कसूर महिला वा पुरुष बिरुद्ध हुन सक्ने देखिन्छ ।

भारतको नयाँ दिल्लीमा 16 December 2012 मा भएको सामुहिक बलात्कार काण्ड, जसलाई Nirbhaya Case पनि भनिन्छ, पछि Indian Penal Code, 1872 मा २०१३ मा गरिएको संशोधनले यौनसम्बन्धी कसूरको व्यवस्थामा व्यापक परिवर्तन गऱ्यो । Indian Penal Code, 1872 (IPC) को संशोधित दफा ३७५ मा जवर्जस्ती करणीको परिभाषा निम्न बमोजिम गरिएको छः-

A man is said to commit “rape” if he−

(a) penetrates his penis, to any extent, into the vagina, mouth, urethra or anus of a woman or makes her to do so with him or any other person; or

(b) inserts, to any extent, any object or a part of the body, not being the penis, into the vagina, the urethra or anus of a woman or makes her to do so with him or any other person; or

(c) manipulates any part of the body of a woman so as to cause penetration into the vagina, urethra, anus or any part of body of such woman or makes her to do so with him or any other person; or

(d) applies his mouth to the vagina, anus, urethra of a woman or makes her to do so with him or any other person,

IPC ले कुनै पुरुषले सोही दफामा तोकिएका सातमध्ये कुनै एक अवस्थामा माथि उल्लेखित चारवटामध्ये कुनै कार्य गरेमा त्यस्तो कार्यलाई Rape को रुपमा परिभाषित गरेकोछ । पहिलो, महिलाको योनी, मुख, मुत्रद्वार वा गुदद्वारमा कुनै हदसम्म आफ्नो लिङ्ग प्रवेश गराएमा वा महिलालाई आफू वा अरुसँग त्यस्तो कार्य गर्न लगाएमास दोस्रो, महिलाको योनी, मुत्रद्वार वा गुदद्वारमा कुनै हदसम्म

लिङ्गबाहेक अन्य बस्तु प्रवेश गराएमा वा महिलालाई आफू वा अरुसँग त्यस्तो कार्य गर्न लगाएमास तेस्रो, महिलाको शरीरको कुनै भागको प्रयोग गरी निजको योनी, मुत्रद्वार, गुदद्वार वा शरीरको कुनै भागमा प्रवेश गराएमा वा महिलालाई आफू वा अरुसँग त्यस्तो कार्य गर्न लगाएमा र चौथो, महिलाको योनी, गुदद्वार, मुत्रद्वारमा मुखको प्रयोग गरेमा वा महिलालाई आफू वा अरुसँग त्यस्तो कार्य गर्न लगाएमा ।

भारतको फौजदारी कानूनले Rape को परिभाषा ज्यादै बिस्तृत गरेको छ । बेलायतको Sexual Offences Act 2003 ले Rape नमानी Assault by penetration[12] मानेको कसूरलाई भारतीय कानूनले Rape कै परिभाषाभित्र मात्र राखेन त्यसबाहेकका अन्य क्रियाकलाप समेत थप गरी Rape को परिभाषा गऱ्यो । जस्तैः महिलाको मुत्रद्वारमा लिङ्ग वा अन्य बस्तु प्रबेश गराउने कार्य, त्यस्तो प्रवेश जुनसुकै हदसम्म भए पनि हुने, महिलाको शरीरको कुनै भागको प्रयोग गरी निजको शरीरको कुनै भागमा प्रवेश गराउने कार्य, महिलाको योनी, गुदद्वार, मुत्रद्वारमा मुखको प्रयोग गर्ने वा महिलालाई आफू वा अरुसँग त्यस्तो गर्न लगाउने कार्यहरु समेतलाई Rape को परिभाषाभित्र राखी यसको परिभाषा निकै बिस्तार गरेको छ । सन् २०१३ मा IPC मा गरिएको संशोधनभन्दा अगाडि उक्त संहिताको Section 375 मा उल्लेख भएका छ वटा अवस्थाहरुमा कुनै पुरुषले कुनै महिलालाई करणी गरेको अवस्थामा जवर्जस्ती करणी हुने भन्ने व्यवस्था थियो, अर्थात योनीमा लिङ्ग प्रवेश (Vaginal Penetration) लाई मात्र Rape मानिएको थियो भने अव करणी हुन लिङ्गको प्रवेश योनीमा मात्र नभै यसभन्दा बिस्तार हुन गयो ।

IPC अनुसार Rape हुनका लागि माथि उल्लेखित चारवटामध्ये कुनै कार्य र त्यसमा निम्न सातमध्ये कुनै एक अवस्थाको बिद्यमानता हुनु पर्दछः-

First.−Against her will.

Secondly.−Without her consent.

Thirdly.−With her consent, when her consent has been obtained by putting her or any person in whom she is interested, in fear of death or of hurt.

---

[12] Sexual Offences Act 2003 को Section 2 ले Assault by penetration को परिभाषा गर्दै भनेको छ—

(1) A person (A) commits an offence if—

(a) he intentionally penetrates the vagina or anus of another person (B) with a part of his body or anything else,

(b) the penetration is sexual,

(c) B does not consent to the penetration, and

(d) A does not reasonably believe that B consents.

Fourthly.—With her consent, when the man knows that he is not her husband and that her consent is given because she believes that he is another man to whom she is or believes herself to be lawfully married.

Fifthly.—With her consent when, at the time of giving such consent, by reason of unsoundness of mind or intoxication or the administration by him personally or through another of any stupefying or unwholesome substance, she is unable to understand the nature and consequences of that to which she gives consent.

Sixthly.—With or without her consent, when she is under eighteen years of age.

Seventhly.—When she is unable to communicate consent.

भारतीय कानूनअनुसार महिलाको ईच्छा बिपरित, मञ्जुरी बेगर, मञ्जुरी भएपनि त्यस्तो मञ्जुरी मृत्यु वा चोट पुऱ्याउने भय देखाई लिइएको, आफूलाई थाहा हुँदाहुँदै त्यस्तो महिलाको लोग्ने भएको भन्ने भ्रम सिर्जना गरी मञ्जुरी लिइएको, होस ठेगानमा नरहेको वा नशा सेवन गराईएको कारणबाट आफूले दिइएको सहमतिको परिणाम थाहा नपाउने अवस्थामा पुगेकी, सहमती भएपनि वा नभएपनि अठार वर्ष पुरा नभएकी र सहमती व्यक्त गर्न नसक्ने महिलासँग माथि उल्लेख गरिएका चारवटा मध्ये कुनै कार्य गरेमा जवर्जस्ती करणी हुने देखिन्छ ।

भारतीय कानूनले गरेको जवर्जस्ती करणीको परिभाषाले केही द्विबिधा पनि सिर्जना गरेको छ । जस्तोः दफा ३७५ को Explanation 1 ले labia majora लाई समेत "vagina" को परिभाषाभित्र पारेको अवस्थामा labia majora भित्र रहेका योनी र मुत्रद्वामा लिङ्ग प्रवेश गराउने कार्यलाई करणी मानिने भनी यी दुई अङ्गलाई छुट्याउनुको कुनै अर्थ देखिँदैन । त्यस्तै गरी महिलाको शरीरको कुनै भाग त्यस्तो महिलाको शरीरको कुनै भागमा प्रवेश गराउने कार्य (manipulates any part of the body of a woman so as to cause penetration into ...any part of body of such woman..) पनि जवर्जस्ती करणी हुने भन्ने बिषय पनि अस्पष्ट छ ।

IPC Scetion 375 को प्रतिवन्धात्मक वाक्यांशको Exception 2 अनुसार १५ वर्ष भन्दा कम उमेर नभएको आफ्नी श्रीमतीसँग गरिएको शारीरिक सम्बन्ध भने जवर्जस्ती करणी हुँदैन[13]।

जापानको Penal Code (Act No. 45 of April 24, 1907) को दफा १७७ अनुसार कुनै व्यक्तिले तेह्र वर्ष भन्दा माथिकी महिलासँग कुटपिट वा धम्की दिएर जबरजस्ती यौन सम्बन्ध राखेमा वा तेह्र वर्ष

[13] *Exception* 2 मा भनिएको छः— Sexual intercourse or sexual acts by a man with his own wife, the wife not being under fifteen years of age, is not rape.

भन्दा कम उमेरकी महिलासंग जुनसुकै तवरले यौन सम्बन्ध राखेमा त्यस्तो कार्य जवरजस्ती करणी हुन्छ[14] । जापानको कानूनले गरेको जवरजस्ती करणी परिभाषा बेलायत वा भारतको कानूनले गरेको जस्तो फराकिलो छैन । यो परिभाषाबाट पुरुषले मात्र जवरजस्ती करणी गर्न सक्ने, यो कसूर महिला उपर मात्र हुन सक्ने, लिङ्ग र योनीबीचको समागम (Penile-vaginal intercourse) मात्र जवरजस्ती करणी हुने भन्ने बुझिन्छ । तथापी यहाँको फौजदारी कानूनले अर्थ जवर्जस्त अभद्र व्यबहार वा अर्ध बलात्कार (Quasi Forcible Indecency; Quasi Rape) लाई कसूरको रुपमा व्यवस्था गरी यस समस्यालाई समाधान गरेको छ । यहाँको Penal Code को दफा १७८ मा कुनै व्यक्तिले होस ठेगानमा नरहेको वा प्रतिरोध गर्न असमर्थ भएको कुनै पुरुष वा महिलालाई त्यस्तो असमर्थताको फाइदा उठाइ अशिष्ट व्यवहार (Indecent act) गरेमा अथवा त्यस्तो अवस्थामा रहेकी कुनै महिलासँग यौन सम्बन्ध राखेमा अर्ध बलात्कार (Quasi Rape) को रुपमा राखेको छ[15] । यसबाट यहाँको फौजदारी कानून अनुसार यौनजन्य कसूरमा पीडित वा पीडक महिला वा पुरुष दुबै हुने देखिन्छ ।

Canada को Criminal Code, 1985 ले जवर्जस्ती करणीलाई Rape नभनी Sexual Assault भनेको छ । सो Code को दफा २६५ को उपदफा (१) मा Assault को परिभाषा गरिएको छ । जसअनुसार कसैले अर्को व्यक्तिको मञ्जुरी बिना जानीजानी प्रत्यक्ष वा अप्रत्यक्षरुपमा त्यस्तो व्यक्तिउपर बल प्रयोग गर्ने, कुनै कार्य वा इशाराद्वारा अर्को व्यक्तिउपर बल प्रयोग गर्ने वा गर्न प्रयत्न गर्ने, कुनै हतियार वा नक्कली हतियार लिई अर्को व्यक्तिलाई तर्साउने वा अवरोध सिर्जना गरिदिने वा आफ्नो बसमा पार्ने कार्यलाई आक्रमण (Assault) भन्ने बुझिन्छ[16] । दफा २६५ ले परिभाषित गरेबमोजिमको Assault जव यौनिक (Sexual) हुन जान्छ र त्यहाँ मञ्जुरीको अभाव हुन्छ अनि त्यो

---

14 जापानको Penal Code, 1907 को Article 177 मा भनिएको छः— A person who, through assault or intimidation, forcibly commits sexual intercourse with a female of not less than thirteen years of age commits the crime of rape […]. The same shall apply to a person who commits sexual intercourse with a female under thirteen years of age.

15 जापानको Penal Code, 1907 को Article 178 मा Quasi Forcible Indecency; Quasi Rape को सम्बन्धमा भनिएको छः— A person who commits an indecent act upon a male or female by taking advantage of loss of consciousness or inability to resist, or by causing a loss of consciousness or inability to resist […]. A person who commits sexual intercourse with a female by taking advantage of a loss of consciousness or inability to resist, or by causing a loss of consciousness or inability to resist […].

16 Criminal Code, 1985 को Section 265 (1) मा भनिएको छः— A person commits an assault when

(a) without the consent of another person, he applies force intentionally to that other person, directly or indirectly;

(b) he attempts or threatens, by an act or a gesture, to apply force to another person, if he has, or causes that other person to believe on reasonable grounds that he has, present ability to effect his purpose; or

(c) while openly wearing or carrying a weapon or an imitation thereof, he accosts or impedes another person or begs.

कार्य Sexual Assault हुन्छ[17]। उक्त Code को Section 271 ले यौन आक्रमण (Sexual assault), section 272 ले हतियार प्रयोग गरी, तेस्रो व्यक्तिलाई त्रासमा पारी वा शारीरिक क्षति पुऱ्याई गरिएको यौन आक्रमण (Sexual assault with a weapon, threats to a third party or causing bodily harm) र section 273 ले गम्भीर यौन आक्रमण (Aggravated sexual assault)[18] गरी Sexual Assault लाई तीन बर्गमा बिभाजन गरेको छ । यसरी क्यानाडाको फौजदारी कानूनले पीडक र पीडित जुनसुकै लिङ्गको हुनसक्ने गरी लैङ्गिक तटस्थता (Gender Neutral) कायम गरी बरजस्ती करणीको परिभाषा गरेको छ ।

नेपालको कानूनले पनि जवर्जस्ती करणी सम्बन्धी परिभाषालाई परिमार्जन गर्दै आएको छ । मुलुकी ऐन, १९१० ले हरेक कसूरको परिभाषा र सजायको व्यवस्था जातको आधारमा गरेको थियो, जसमा ११ वर्ष मुनिको र ११ वर्ष माथिको महिलामा हुने जवर्जस्ती करणीको सम्बन्धमा छुट्टाछुट्टै गरी यो कसूरको सम्बन्धमा दुईवटा महलहरु थिए। जसमा “११ वर्ष मनिका सधवा बिधवा कन्याको जवर्जस्ति कर्णि गर्न्याको“ र “११ वर्ष माथिका सधवा बिधवा कन्याको जवरजस्ति करणि गर्न्याको“ अर्को महल। यो कानूनले माथिल्लो जातको पुरुषले जुनसुकै जातको जुनसुकै उमेरको (११ वर्ष भन्दा कम वा बढी) महिलालाई लागू औषध खुवाई वा बाधी वा मुख थुनी २/३ जना मिलि करणी गरेमा जवर्जस्ती करणी हुने र छोइछिटो हाल्नु पर्ने जातको पुरुषले ११ वर्षभन्दा कम उमेरकी महिलालाई जुनसुकै तवरले करणी गरेमा वा ११ वर्षभन्दा बढी उमेरकी महिलालाई लागू औषध खुवाई वा बाधी वा मुख थुनी २/३ जना मिलि करणी गरेमा जवर्जस्ती करणी हुने हुने व्यवस्था गरिएको थियो । साथै, मुलुकी ऐन, १९१० जवरजस्तीको (११ वर्ष माथिका सधवा बिधवा कन्याको जवरजस्ति करणि गर्न्याको) को १३ नं. मा ११ वर्ष भन्दा माथिकी महिलालाई लागू औषध पनि नखुवाएको, बाधी वा मुख थुनी २/३ जना मिलि करणी नगरी लोग्ने र स्वास्नीमानिस मात्र भै करणी गरेको अवस्थामा जवर्जस्ती करणी नठहर्ने तर गाउँ सहर बाहेक कोही मानिस नभएको ठाउँ, जंगल, एकलास (एकान्त:थल) मा कसैले ११ वर्ष नाघेकी स्वास्नीमानिसको करणी गरेको रहेछ र त्यस्तो स्वास्नीमानिस कराउन आएमा जवरजस्ती करणी ठहर्ने व्यवस्था गरिएको थियो । यसरी उक्त कानून अनुसार करणी पुरुष र महिलाका बीच मात्र हुने र जवर्जस्ती हुन केही शर्तहरु तोकेको देखिन्छ[19]।

मुलुकी ऐन, २०२० मा गरिएको जवर्जस्ती करणीको परिभाषा र सजायको सम्बन्धमा २०५९ मा भएको एघारौ संशोधन र लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले

---

[17] Canada को Criminal Code, 1985 को दफा २६५ ,२७१ ,२७२ र २७३ लाई संयुक्तरुपमा हेर्दा।

[18] जाहेरवालालाई चोटपट, अङ्गभङ्ग, कुरुप बनाई वा ज्यान जोखिममा पारी गरिएको कसूरजन्य कार्य।

[19] मुलुकी ऐन, २०१० (नेपाल कानून आयोगबाट प्रकाशन भएको प्रतिको पृष्ठ ५५७ देखि ५७० सम्म (सो ऐन नेपाल कानून आयोगका वेबसाइट http://www.lawcommission.gov.np/np बाट प्राप्त गर्न सकिने ।

व्यापक परिमार्जन गऱ्यो भने मुलुकी अपराध संहिता ऐन, २०७४ ले थप बिस्तार गऱ्यो । मुलुकी ऐन, २०२० जारी हुँदा उक्त ऐनको १ नं. मा जवर्जस्ती करणीको परिभाषा यसरी गरिएको थियो, "कन्या, विधवा वा अर्काकी सधवा स्वास्नीमानिसमा चौध वर्ष मुनिकीलाई उसको मञ्जूरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरे पनि र चौध वर्ष नाघेकीको राजीखुशी बिना बेमञ्जूरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको समेत जवर्जस्ती करणी ठहर्छ ।" यस परिभाषाले जवर्जस्ती करणीलाई यौनिक समागम (Penal-vaginal sexual intercourse) हुनु पर्ने र जवर्जस्ती हुन केही शर्त पुरा भएको वा महिलाको उमेर १४ वर्षभन्दा कम हुनुपर्ने व्यवस्था गऱ्यो । मुलुकी ऐनमा २०३३ सालमा भएको छैठौ संशोधनले चौध वर्षको उमेरलाई सोह्र वर्ष गऱ्यो[20] ।

नेपालको सर्वोच्च अदालतले मिरा ढुङ्गाना बि. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय[21] को मुद्दामा लोग्नेले स्वास्नीका बिरुद्ध पनि जवर्जस्ती करणी गर्न सक्ने भन्ने फैसला गऱ्यो । "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" ले मुलुकी ऐन, २०२० को जवर्जस्ती करणीको महलको १ नं. रहेको "जवर्जस्ती करणी"को परिभाषालाई संशोधन गरी कसैले (लोग्नेले आफ्नो स्वास्नीलाई समेत) कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा जवर्जस्ती करणी हुने[22] भनी बैवाहिक बलात्कारलाई कसूर कायम गऱ्यो । उक्त संशोधनले सो नं.मा स्पष्टीकरण थप गरी डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मञ्जुरीलाई मञ्जुरी नमानिनेस होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी नमानिनेस योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि करणी गरेको मानिने भन्ने व्यवस्था गऱ्यो । पुनः २०७२ मा "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले स्पष्टीकरण खण्डमा "गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिने" भनि जवर्जस्ती करणीको परिभाषालाई अत्यन्त व्यापक बनायो ।

मुलुकी ऐन, २०२० लाई खारेज गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) ले यसभन्दा अगाडिको परिभाषालाई सामान्य भाषागत परिमार्जन सहित सोह्र वर्षको सट्टा "अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा" भन्ने शव्द राखी जवर्जस्ती करणी गरेको परभाषा गर्यो भने स्पष्टीकरण खण्डमा पनि केहि भाषागत परिमार्जन सहित २०६३ र २०७२ मा

---

20 नेपाल राजपत्र, भाग २ मिति २०३३।४।२८

21 सम्बत् २०५८ सालको रिट नं. ५५, सर्वोच्च अदालत बुलेटिन २०५९, पूर्णाङ्क २३९, पृ. १६

22 सम्बत् २०५८ सालको रिट नं. ५५, सर्वोच्च अदालत बुलेटिन २०५९, पूर्णाङ्क २३९, पृ. १६

भएको संशोधित व्यवस्थालाई मूलरुपमा सोही (Substantialtly the same) व्यवस्थालाई निरन्तरता दियो । जसमा निम्नानुसार उल्लेख गरिएको छ[23] :-

कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

अपराध संहिताले गरेको उक्त परिभाषा अनुसार कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई (Without Consent) र मन्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै नाबालिकालाई निम्न कार्य गरेमा करणी गरेको मानिन्छ :-

(क) यौन सम्बन्ध (Sexual Intercourse) राखेमा [Penis + vagina]

(ख) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, [Penis + Anus or Mouth]

(ग) योनीमा लिङ्गबाहेकका कुनै वस्तु प्रवेश गराएमा [vagina + any object] (बेलायतमा यस्तो कार्यलाई Rape को रुपमा परिभाषित नगरि Sexual Offences Act, 2003 को section 2 ले Assault by penetration भनि फरक कसूरको रुपमा राखेको छ ।

नेपालको सर्वोच्च अदालतका अनुसार जवर्जस्ती करणीमा "कुनै पुरूषले आफ्नो यौन तृष्णा मेटाउने मनसाय राखी पीडित महिलाको मन्जुरीबेगर जबरजस्तीपूर्वक आफ्नो लिङ्ग महिलाको योनिमा प्रवेश गराई वा अन्य तरिकाले यौन सन्तुष्टि लिएको हुन्छ । यसप्रकार जबरजस्ती करणीको कसुर

[23] मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२)

हुनका लागि जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव रहेको अवस्थामा जबरजस्ती करणीको कसुर गरेको मान्नु पर्ने[24]।

नेपालको कानून तथा सर्वोच्च अदालतका अनुसारले गरेको जवर्जस्ती करणीको परिभाषा अनुसार अब यस्तो कसूर पुरुष वा महिला जोसुकैले जोसुकैका उपर गर्नसक्ने देखिन्छ तर पुरुष वा महिलाको कम्तिमा एउटा यौन अङ्ग (Sexual organ) भने अनिवार्य हुन्छ। यो परिभाषा बेलायत, भारत, जापान वा क्यानाडाको कानूनले गरेको परिभाषाभन्दा पनि अझ फराकिलो देखिन्छ । उदाहरणको लागि "करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी" भन्ने जुन शव्दावली प्रयोग गरिएको छ त्यसको स्तर (Degree) कति भनि कतै परिभाषित नगरिएको हुँदा कतिसम्मको कार्यलाई करकाप, डर, त्रास मान्ने अन्योलग्रस्त छ। भारतको कानूनमा त्यस्तो डर, त्रास मृत्यु वा चोट पुऱ्याउने (in fear of death or of hurt)[25] सम्मको हुनुपर्छ सोभन्दा कम स्तरको डर, त्रासबाट करणी भएकोमा जवर्जस्ती करणी हुँदैन । त्यस्तै करकाप र अनुचित प्रभावबाट लिइएको सहमती बास्तबिक सहमती नहुने भन्ने करार कानूनको देवानी सिद्धान्तलाई नेपालले फौजदारी कानूनमा प्रयोग गरी जवर्जस्ती करणीको परिभाषालाई अन्य देशको तुलनामा कडा बनायो । बेलायतको कानूनमा योनी, गुदद्वार वा मुखमा लिङ्ग पसाउने कार्यलाई Rape र योनी तथा गुदद्वारमा अन्य बस्तु पराउने कार्यलाई Sexual Assault गरी दुईवटा खण्डमा बिभाजन गरेको छ[26] भने नेपालको कानूनले यो सबै क्रियालाई Rape नै मानेको छ। त्यस्तै गरी जापानको Penal Code ले यस्ता कार्यहरुलाई Rape र Quasi Rape गरी दुई खण्डमा बिभाजन गरी पहिलो कसूर ज्यादा गंभीर र दोस्रो कसूर पहिलोभन्दा कम गंभीरको रुपमा लिएको छ[27] । क्यानाडाको कानूनमा Assault हुन Force प्रयोग हुनु पर्ने वा प्रयोग गर्ने धम्की दिएको साथै त्यस्तो धम्की दिने व्यक्ति Force प्रयोग गर्न सक्ने अवस्थाको हुनु पर्ने र पीडितले त्यस कुराको बिश्वास गर्नयोग्य अवस्था हुनुपर्ने वा हतियारको प्रयोग गरि लिइएको सहमतिलाई बास्तबिक सहमति नमान्ने व्यवस्था गरेको छ[28] । यसरी तुलना गर्दा अन्य देशको कानूनले परिभाषा गरेको भन्दा नेपालको कानूनले गरेको जवर्जस्ती करणीको परिभाषा ज्यादै फराकिलो वा अर्को शब्दमा ज्यादा कठोर देखिन्छ।

## ५. यौनजन्य कसूरमा मञ्जुरी (Consent on Sexual Offences)

कानूनले तोकेको निश्चित उमेरभन्दा माथिको व्यक्तिमाथि जबर्जस्ती यौन व्यबहार भयो वा भएन भनी यकीन गर्ने मुख्य आधार नै त्यस्तो व्यक्तिको उक्त कार्यमा सहमती वा मञ्जुरी थियो वा थिएन भन्ने हो। मञ्जुरी अवस्था अनुसार फरक फरक हुन सक्छ अर्थात सबै अवस्थामा एउटै कार्यले मञ्जुरी

---

[24] नेपाल सरकार वि. मुन्द्रेसर भन्ने अशोक श्रेष्ठ, नेकाप २०७६, बैशाख, निर्णय नं. १०१६५

[25] See, Section 375 of the Indian Penal Code.

[26] See, Section 1 and 2 of the Sexual Offences Act, 2003 of the United Kingdom.

[27] See, Article 177 and 178 of the Penal Code, 1907 of Japan.

[28] See, Section 265 (1) of the Criminal Code, 1985 of Canada.

जनाउँदैन । तसर्थ अन्य अवस्थामा बुझिने बसै प्रकारको मञ्जुरीलाई यौनजन्य कसूरमा मञ्जुरी नमानिने भएबाट यस्तो कसूरको सम्बन्धमा धेरैजसो देशहरुले कस्तो कार्यलाई मञ्जुरी मान्ने भनि छुट्टै व्यवस्था गरेको पाइन्छ ।

बेलायतको The Sexual offences Act 1956 ले मञ्जुरी अर्थात 'consent' को कुनै परिभाषा गरेको थिएन । तर Sexual Offences Act 2003 को Section 74 ले भने मञ्जुरीको परिभाषा गरेको छ, जसमा भनिएको छ :- ... a person consents if he agrees by choice, and has the freedom and capacity to make that choice'. यसरी बेलायतको कानूनले गरेको परिभाषाबाट बुझिन्छ कि- छनौट गर्न सक्षम व्यक्तिले स्वतन्त्रतापुर्वक छनौट गर्न सहमत हुन्छ भने त्यस्तो व्यक्ति मञ्जुर भएको मानिन्छ । यस परिभाषा अनुसार मञ्जुरी छ वा छैन भन्ने बुझ्न दुईवटा तत्वहरुको मूल्याङ्कन हुन अनिवर्य छ । पहिलो, यौन सम्बन्ध राख्ने (sexual activity) बिषयमा घटना घटेको समयमा जाहेरवाला[29] छनौट गर्न सक्षम थियो वा थिएन । दोस्रो, त्यस्तो छनौट कुनै अवरोधबिना स्वतन्त्रतापूर्वक गरेको थियो वा थिएन ।

जवर्जस्ती करणी मुद्दामा कस्तो व्यक्ति मञ्जुरी दिन सक्षम वा असक्षम हुन्छ भन्ने प्रश्न ज्यादै महत्वपुर्ण हुन्छ । कानूनले तोकेको उमेर पुरा नभएको र उमेर पुरा भएको भएपनि नशा सेवन गरेको वा शारीरिक वा मानसिक कमजारीको कारण ठिक वा बेठिक छुट्याउन नसक्ने व्यक्ति नै असक्षम व्यक्ति हो । R v Bree [2007] EWCA 256[30] को मुद्दामा बेलायतको Court of Appeal ले क्षमता र मञ्जुरीका बारेमा ब्याख्या गरेको छ । यदि रक्सी पिएको वा अन्य कुनै कारणले यौन कार्य गर्ने वा नगर्ने भनी छनौट गर्न सक्ने क्षमता अस्थायीरुपमा गुमाएको जाहेरवालासँग राखिएको यौनसम्बन्ध Rape हुन्छ । यद्यपि, जाहेरवालाले स्वेच्छाले पर्याप्त रक्सी पिएको भएपनि यौनसम्बन्ध राख्ने वा नराख्ने बिषयमा निर्णय गर्न सक्ने क्षमता गुमाएको छैन भने त्यस्तो अवस्थामा राखिएको यौनसम्बन्ध भने Rape हुँदैन भनी यस मुद्दामा रक्सी सेवन गरेकी महिलासँग प्रतिवादीले यौनसम्बन्ध राखेको भएपनि प्रतिवादीलाई सफाई दिइयो । तरपनि यो मानियो की अचेत अवस्थामा रहेको ब्यक्तिले भने मञ्जुरी दिन सक्ने क्षमता गुमाएको मान्नु पर्दछ । तथापि यस्तो बिषय मुद्दाको तथ्यमा निर्भर गर्दछ ।

जाहेरवालाको मञ्जुरी छ वा छैन भन्ने कुरा प्रतिवादीले कसरी थाहा पाउने भन्ने सम्बन्धमा बेलायतको कानूनमा जाहेरवालाको सहमती छ भन्नेमा प्रतिवादीले बिश्वास गर्नसक्ने मनासिब आधार नभएको (A does not reasonably believe that B consents)[31] अवस्थामा जाहेरवालाको मञ्जुरी

[29] बेलायतमा 'complainant' शव्द प्रयोग गरिन्छ, यहाँ त्यसको सामिप्य शव्द "जाहेरवाला" प्रयोग गरिएको छ।

[30] हेर्नुहोस्, https://www.bailii.org/ew/cases/EWCA/Crim/2007/804.html

[31] Sexual Offences Act, 2003 of England, Sec. 1(1)(c)

नभएको मान्नु पर्दछ । सहमती थियो भनी प्रतिवादीले बिश्वास गर्ने मनासिब आधार रहे नरहेको दुईवटा प्रश्नहरुबाट निर्क्योल गरिन्छ । पहिलो, के जाहेरवालाको मञ्जुरी थियो भन्नेमा प्रतिवादी बिश्वस्त थियो ? प्रतिवादी बिश्वस्त थियो वा थिएन भन्ने कुराको निर्क्योल प्रतिवादीसँग मञ्जुरीको मूल्याङ्कन गर्नसक्ने क्षमता रहे वा नरहेको बिषयमा निर्भर गर्दछ, जुन कुराको परीक्षण आत्मनिष्ठ तरिकाले (the subjective element of the test) गरिन्छ । दोस्रो, यदी त्यसो हो भने, के प्रतिवादीले यसकुराको बिश्वास मनासिबरुपमा गरेको थियो? उसको बिश्वास मनासिव थियो वा थिएन भनी जुरीले बस्तुनिष्ठ तरिकाले (the objective element) निर्णय गर्दछ ।

मञ्जुरीको अनुमानः प्रतिवादीले वारदात घटाएको देखिएको, मञ्जुरी नभएको मानिने परिस्थितिहरुको बिद्यमानता रहेको र प्रतिवादीलाई त्यस्ता परिस्थितिहरुको जानकारी भएको अवस्थामा प्रतिवादीले प्रयाप्त प्रमाण पेश गरेको अवस्थमा बाहेक जाहेरवालाको मञ्जुरी नभएको मानिन्छ । मञ्जुरी नभएको मानिने परिस्थिति भन्नाले कुटपिट गरी वा गर्ने धम्की दिई, गैरकानूनी थुनामा राखी, निन्द्रा वा अन्यकारणले अचेत रहेको, शारीरिक अशक्तताको कारणले मञ्जुरी दिन नसक्ने अवस्थामा रहेको, जाहेरवालाको सहमतिबिना बेहोस हुने वा प्रतिकार गर्न नसक्ने पदार्थको सेवन गराई लिईएको मञ्जुरीलाई प्रतिवादीले प्रमाणद्वारा खण्डन नगरेसम्म मञ्जुरी मानिदैन[32]।

त्यस्तैगरी सम्बन्धित कार्यको प्रकृति र उद्देश्यको सम्बन्धमा प्रतिवादीले जानीजानी झुक्याएको, र व्यक्तिगतरुपमा जाहेरवालासँग चिनजान भएको व्यक्तिको भ्रम सिर्जना गरी त्यस्तो कार्य गर्न जाहेरवालाई जानिजानी उत्प्रेरित गरी लिएको मञ्जुरीलाई वास्तबिक मञ्जुरी मानिँदैन[33]।

R v Tabassum [2002] 2 Cr App R 328 को मुद्दामा प्रतिवादीले cancer screening programme को लागि data संकलनको बहाना बनाई आफ्नो यौन संतुष्टिको लागि स्तन परीक्षण गरेको देखिएकोले यसरी लिएको मञ्जुरीलाई वास्तविक मञ्जुरी मानिएन किनकी जाहेरवालाले चिकित्सकीय प्रकृतिको कामको लागि मञ्जुरी प्रदान गरेका र अन्य प्रकृतिको कामको लागि मञ्जुरी प्रदान गरेका थिएनन । R v Devonald [2008] EWCA Crim 527 को मुद्दामा पीडितलाई हैरानी दिने उद्देश्यले आफूलाई एक युवतीको रुपमा प्रस्तुत गरी webcam को अगाडि हस्तमैथुन गर्न मनाएको थियो । यस मुद्दामा प्रतिवादीले प्राप्त गरेको मञ्जुरी झुक्याई प्राप्त गरेको देखिएको हुँदा त्यसलाई वास्तबिक मञ्जुरी मानिएन । तर R v Jheeta [2007] EWCA Crim 1699 को मुद्दामा भने जाहेरवालीले चाहेको भन्दा धेरै पटक यौन सम्बन्ध राख्न प्रतिवादीले दवाव दिएको भएपनि यौनकार्यको प्रकृति र उद्देश्यमा प्रतिवादीले नझुक्याएको भन्ने अदालतको निश्कर्ष थियो ।

[32] *Ibid*, Sec. 75
[33] *Ibid*.

**सशर्त मञ्जुरी (Conditional Consent)**: करणी गर्नको लागि मञ्जुरी रहेको तर त्यस्तो कार्य गर्न पीडितले शर्त तोकेको र प्रतिवादीले शर्त पालना नगरेमा मञ्जुरी हुने वा नहुने भन्ने द्विवाधा हुन सक्छ । यस्तो अवस्थामा मञ्जुरी दिएको नमानिने भनी बेलायती अदालतहरुले ब्याख्या गरेका छन । R ( on the application of F) v The DPP [2013] EWHC 945 (Admin) को मुद्दामा एक महिलाले Assange नामको पुरुषलाई कण्डम प्रयोग गरी यौन सम्पर्कका लागि मञ्जुरी दिएकोमा उसले कण्डम प्रयोग नगरी गरेको यौन सम्पर्क मञ्जुरीबिना गरिएको भनि ब्याख्या गरियो । त्यस्तैगरी R (on the application of F) v The DPP [2013] EWHC 945 (Admin) को मुद्दामा योनीभित्र बिर्य स्खलन नगर्ने शर्तमा एक महिलाले यौन सम्बन्ध राख्न मञ्जुरी दिइन । प्रतिवादीले आफूले भनेअनुसार गर्नेछ भन्नेमा पीडित बिश्वस्त थिईन र यो शर्तमा मात्र यौन सम्बन्ध राख्न अनुमती दिएको कुरा प्रतिवादीलाई पनि राम्ररी थाहा थियो । तर, उसले जानीजानी योनीभित्रै बिर्य स्खलन गऱ्यो । यस मुद्दामा बेलायतको उच्च अदालतले उनी आफ्नो छनौटबाट बञ्चित हुन पुगेको हुँदा यसका लागि उनको मञ्जुरी नभएको भनि फैसला गऱ्यो । त्यस्तै Justine McNally v R [2013] EWCA Crim 1051 को मुद्दामा प्रतिवादी १३ वर्षकी हुँदा आफु Scott भनी केटो भएको भान पारी १२ वर्षकी केटी M सँग इन्टरनेटको माध्यमबाट संपर्क भयो । उनीहरुको सम्बन्ध बिस्तार हुँदै गयो । Scott १७ वर्षकी र M १६ वर्षकी हुँदा Scott ले कृत्रिम लिङ्गको प्रयोग गरी M सँग यौन कार्य गरिन, जुनबेला M ले Scott लाई केटो नै ठानेकि थिइन् र यौनकार्यका लागि सहमती दिइन । लैँगिकरुपमा धोखा दिई लिइएको मञ्जुरीलाई वास्तबिक मञ्जुरी नमानी Scott लाई Sexual Offences Act, 2003 को Scetion 2 ( Assault by penetration) बमोजिम सजाय गरियो ।

कस्तो कस्तो अवस्थामा धोखा हुन्छ र त्यसले मञ्जुरीलाई समाप्त पारिदिन्छ भन्ने सम्बन्धमा कुनै सीमारेखा नभएकोले यस बिषयमा अदालतले मुद्दाको प्रकृति अनुसार ब्याख्या गर्दछ । तर, केहि धोखाहरु जस्तो कुनै गरीव व्यक्तिले धनी छु भनी मञ्जुरी लिई गरेको यौनकार्य गरेमा भने बेमञ्जुरी मानिदैन[34] ।

**अनिक्षापूर्ण सहमती (Reluctantly Consent)**: कहिलेकाँहि कुनै व्यक्तिले यौनसम्बन्धको लागि ईच्छा नहुन सक्छ तर त्यसकालागि कुनै बिमति जनाउँदैन र अर्को व्यक्तिले बिमति नजनाउने व्यक्तिले सहमति दिएको भन्ने ठान्दछ भने बेलायतमा यसलाई reluctantly consent भन्ने गरिएको पाईन्छ । R v Watson [2015] EWCA Crim 559 को मुद्दामा बेलायतको Court of Appeal ले भनेको छ- ...consent could range from willing enthusiasm to reluctant acquiescence= ... a person may feel unable to resist but not lack the freedom to make the choice; they reluctantly consent. यसकारण उत्साहपूर्ण ईच्छा मात्र होइन अनिच्छापूर्ण मौन सहमति पनि मञ्जुरी नै हो । कुनै

[34] "In reality, some deceptions (such as, for example, in relation to wealth) will obviously not be sufficient to vitiate consent." Retrievel form https://www.cps.gov.uk/legal-guidance/rape-and-sexual-offences-chapter-3-consent [Visited on May 8th 2020]

व्यक्तिले प्रतिरोध गर्न असमर्थ भएको महसुस गर्न सक्छ तर छनौट गर्न सक्ने स्वतन्त्रता प्राप्त छ भने त्यसलाई अनिच्छुक रूपमा सहमति दिएको मान्नु पर्छ ।

भारतीय अपराध संहिता (Indian Penal Code, 1860-IPC) को दफा ३७५ को दोस्रो खण्डमा महिलाको मञ्जुरी बिना (Without her consent) गरिने यौनक्रियालाई जवर्जस्ती करणी मानी सोको स्पष्टीकरण २ मा मञ्जुरीको परिभाषा निम्नानुसार दिइएको छ :-

> Consent means an unequivocal voluntary agreement when the woman by words, gestures or any form of verbal or non-verbal communication, communicates willingness to participate in the specific sexual act. Provided that a woman who does not physically resist to the act of penetration shall not by the reason only of that fact, be regarded as consenting to the sexual activity.

यसरी भारतको फौजदारी कानूनले जवर्जस्ती करणीको सम्बन्धमा मञ्जुरीलाई एक स्पष्ट स्वैच्छिक सहमति मानेको छ, जुन महिलाले कुनै प्रकारको यौन कार्यमा भाग लिनको लागि शब्द, इशारा वा अन्य कुनै प्रकारको मौखिक वा गैरमौखिक माध्यमबाट इच्छा ब्यक्त गर्दछ । तथापि, महिलाले शारीरिकरुपमा प्रतिरोध नगरेको कारणले मात्र यौनकार्यमा निजको मञ्जुरी थियो भन्न सकिँदैन ।

उक्त संहिताको दफा ९० मा चोट पुऱ्याउने धम्की दिई वा तथ्यको भ्रममा परी दिईएको मञ्जुरी, होस ठेगानमा नरहेको व्यक्तिले दिएको मञ्जुरी र १२ वर्षभन्दा कम उमेरको व्यक्तिले दिइएको मञ्जुरीलाई वास्तबिक मञ्जुरी मानिदैन । दफा ९० को उक्त व्यवस्था सामान्य व्यवस्था हो र दफा ३७५ मा दिइएको अवस्थासँग असंगत हुन गएमा कानूनको सिद्धान्त बमोजिम बिशिष्ठ दफाको लागि ( दफा ३७५) सोही दफामा दिइएको परिभाषा लागू हुने देखिन्छ ।

भारतको प्रमाण ऐन, १८७२ मा २०१३ मा संशोधन गरी दफा 114A मा निम्न अवस्थामा[35] अभियोजन गरिएको जबर्जस्ती करणी मुद्दामा करणी भएको प्रमाणित भएको र पीडितले अदालतमा बकपत्र गर्दा आफ्नो मञ्जुरी थिएन भनि उल्लेख गरेमा ति महिलाको मञ्जुरी थिएन भनि अदालतले अनुमान गर्दछ । यस्तो अवस्थामा ति महिलाको मञ्जुरी थियो भनी प्रमाणित गर्ने भार प्रतिवादीमा रहन्छ ।

(क) प्रहरी कार्यालयमा वा प्रहरी अधिकृतको हिरासतमा रहेको महिलालाई प्रहरी अधिकृतले जवर्जस्ती करणी गरेको, अथवा

[35] *Indian Penal Code (45 of 1860), Clause (a) to clause (n) of sub-section (2) of section 376.*

(ख) आफ्नो वा आफ्नो मातहतमा रहेको कर्मचारीको हेरचाह -custody) मा रहेको महिलालाई सरकारी कर्मचारीले जवर्जस्ती करणी गरेको, अथवा

(ग) केन्द्र वा राज्य सरकारले खटाएको सशस्त्र सेनाको सदस्यले खटिएको क्षेत्रमा जवर्जस्ती करणी गरेको, अथवा

(घ) महिला वा बालबालिकाको लागि प्रचलित कानून बमोजिम स्थापित कारागार, सुधारगृह ( remand home) वा अन्य हेरचाहस्थलको व्यवस्थापक वा कर्मचारीले त्यहाँ बस्ने व्यक्तिलाई जवर्जस्ती करणी गरेको, अथवा

(ङ) अस्पतालको व्यवस्थापक वा कर्मचारीले सो अस्तपतालमा महिलालाई जवर्जस्ती करणी गरेको, अथवा

(च) नातेदार, संरक्षक वा शिक्षक वा महिलाको संरक्षण गर्न खटिएको व्यक्तिले त्यस्तो महिलालाई जवर्जस्ती करणी गरेको, अथवा

(छ) साम्प्रदायिक दङ्गाको समयमा जवर्जस्ती करणी गरेको, अथवा

(ज) गर्भवती महिला हो भन्ने जानिजानी जवर्जस्ती करणी गरेको, अथवा

(झ) मञ्जुरी दिन नसक्ने अवस्थाकी महिलालाई जवर्जस्ती करणी गरेको, अथवा

(ञ) आफ्नो नियन्त्रण वा प्रभुत्वमा राख्नसक्ने अवस्थाकी महिलालाई जवर्जस्ती करणी गरेको, अथवा

(ट) मानसिक वा शारीरिक अशक्तताबाट पीडित भएकी महिलालाई जवर्जस्ती करणी गरेको, अथवा

(ठ) महिलालाई गंभीर घाउ, चोट वा अङ्गभङ्ग गरी वा कुरुप बनाई वा निजको जिउ जोखिममा पारी जवर्जस्ती करणी गरेको, अथवा

(ड) एउटै महिलालाई पटकपटक जवर्जस्ती करणी गरेको,

IPC को दफा ३७५ को तीनदेखि सातौँ खण्डमा उल्लेख भएबमोजिम ज्यान वा कुटपिट गर्ने त्रासमा पारी वा त्यस्तो महिलाको लोग्ने हुँ भन्ने भ्रममा पारी वा होस ठेगानमा नभएको कारणले

त्यस्तो कार्यको प्रकृति र परणाम थाहा पाउन नसक्ने अवस्थाकी महिला वा अठार वर्षभन्दा कम उमेरकी महिलाले दिएको मञ्जुरीलाई मञ्जुरी नमानिने व्यवस्था गरेको छ[36]।

जापानको Penal Code (Act No. 45 of April 24, 1907) को दफा १७७ अनुसार कुनै महिलालाई कुटपिट वा धम्की दिएर प्राप्त गरेको मञ्जुरी वा तेह्र वर्ष भन्दा कम उमेरकी महिलाले दिएको मञ्जुरी वास्तबिक मञ्जुरी नहुने देखिन्छ[37]। त्यस्तै सोही Code को दफा १७८ अध्ययन गर्दा होस ठेगानमा नरहेको वा प्रतिरोध गर्न असमर्थ भएको कुनै पुरुष वा महिलाले दिएको मञ्जुरीलाई पनि वास्तबिक मञ्जुरी नमानिने देखिन्छ[38]। यसरी हेर्दा जापानमा कुटपिट वा धम्की दिएर वा होस ठेगानमा नरहेको वा प्रतिरोध गर्न असमर्थ भएको व्यक्तिबाट वा तेह्र वर्ष भन्दा कम उमेरकी महिलाबाट प्राप्त गरिएको मञ्जुरी वास्तबिक मञ्जुरी हुँदैन[39]।

क्यानाडाको Criminal Code, 1985 को दफा २६५ को उपदफा (१) ले Assault, Section 271 ले Sexual assault, Section 272 ले Sexual assault with a weapon, threats to a third party or causing bodily harm र Section 273 ले Aggravated sexual assault सम्बन्धी व्यवस्था गरेको छ। Assault को सम्बन्धमा कस्तो अवस्थामा मञ्जुरी नमानिने भन्ने बिषयमा दफा २६५ को उपदफा (३) मा उल्लेख गरिएको छ[40]। सोबाहेक sections 271, 272 र 273 को प्रयोजनको लागि सो Code को दफा 273.1 (1) मा मञ्जुरीको परिभाषा गर्दै भनिएको छः "consent means, for the purposes of sections 271, 272 and 273, the voluntary agreement of the complainant to engage in the sexual activity in question. यसरी क्यानाडाको कानूनअनुसार यौन कार्यमा संलग्न हुनको लागि उजुरीकर्ताले दिएको स्वैच्छिक सहमति नै मञ्जुरी हो। Section 273.1 (2) अनुसार निम्न अवस्थामा लिईएको मञ्जुरीलाई मञ्जुरी नमानिने व्यवस्था गरेको छ :-

---

[36] *See, Ibid, Section 375 for more details.*
[37] *See, Penal Code, 1907 of Japan, Article 177.*
[38] See, *Ibid*,Article 178.
[39] See, Ibid, Article 177.
[40] Section 265(3) ले Consent को सम्बन्धमा निम्न व्यवस्था गरेको छ भने Section 265 (4) मा प्रतिवादीले प्रतिवाद गर्न सक्ने अवस्थाको सम्बन्धमा उल्लेख गरिएको छः-

(3) For the purposes of this section, no consent is obtained where the complainant submits or does not resist by reason of
- (a) the application of force to the complainant or to a person other than the complainant;
- (b) threats or fear of the application of force to the complainant or to a person other than the complainant;
- (c) fraud; or
- (d) the exercise of authority.

(क) उजूरीकर्ता बाहेक अरुले दिइएको सहमती,

(ख) अचेत अवस्थामा रहेको उजूरीकर्ता,

(ग) माथि (ख) मा उल्लेख भएको अवस्थामा बाहेक अन्य कारणले सहमति दिन नसक्ने अवस्थाको उजूरीकर्ता,

(घ) प्रतिवादीले प्राप्त गरेको बिश्वासको पद, शक्ति वा अधिकारको दुरुपयोग गरी उजूरीकर्तालाई यौनकार्यमा संलग्न हुन प्रेरित गरेको,

(ङ) उजूरीकर्ताले बोली वा व्यबहारद्वारा यौनकार्यमा सम्लग्न हुनका लागि असहमति व्यक्त गरेको,

(च) उजूरीकर्ताले यौनकार्यका लागि सहमति जनाएको भएपनि बोली वा व्यवहारद्वारा त्यसलाई निरन्तरता दिन असहमति व्यक्त गरेको,

माथि केहि अवस्थाहरु उल्लेख भएतापनि बेमञ्जुरी हुने अवस्थाहरु त्यत्तिमा मात्र सीमित रहँदैन[41]।

प्रतिवादीलाई Section 271, 272 वा 273 बमोजिम अभियोग लगाइएको रहेछ र प्रतिवादीले उल्लेखित कार्य गर्न पीडितको मञ्जुरी रहेको छ भन्ने बिश्वासमा परी गरेको रहेछ भने पनि निम्न अवस्थामा प्रतिवादीको लागि प्रतिरक्षाको बिषय बन्न सक्दैन[42]।

(क) प्रतिवादीको बिश्वास निम्न कारणबाट सिर्जित थियोः-

अ) प्रतिवादी आफै नशा सेवन गरेको,

आ) प्रतिवादीले लापरवाहि वा जानाजानी वेवास्ता गरेको, अथवा

इ) दफा २६५(३) वा २७३.१(२) वा (३) मा उल्लेख भएबमोजिम मञ्जुरी नमानिने अवस्थाको बिद्यमानता रहेको ।

(ख) उजूरीकर्ताको सहमति रहेको परिस्थिति बुझ्न प्रतिवादीले कुनै मनासिब कदम नचालेको

(ग) उक्त कार्य गर्नका लागि उजूरीकर्ताले सकारात्मकरुपमा मौखिक वा आचरणद्वारा स्वेच्छिक सहमति प्रदान गरेको कुनै प्रमाण नरहेको ।

---

41 *Criminal Code, 1985 of Canada, Section 273.1 (3).*
42 *Ibid*, Section 273.2.

सन् २०११ मा क्यानाडाको सर्वोच्च अदालतले R v JA 2011 SCC 28 को मुद्दामा होसमा रहेको व्यक्तिले मात्र मञ्जुरी दिन सक्ने, होसमा रहँदा दिएको मञ्जुरी यौनकार्यकै क्रममा बेहोस भएमा त्यस्तो बेहोसको अवस्थामा मञ्जुरी दिएको मान्न नसक्ने फैसला गरेको छ ।

नेपालको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा २० मा मञ्जुरी मौखिक वा लिखितरुपमा वा इशारा वा आचरणद्वारा व्यक्त गर्न सकिने व्यवस्था गरिएको छ । उक्त दफा अनुसार निम्न अवस्थामा दिइएको मञ्जुरीलाई मञ्जुरी नमानिने उल्लेख छः-

(क) तथ्यको भ्रममा परी वा कुनै किसिमको हानि, नोक्सानी हुन सक्ने डर, त्रासमा परी कुनै व्यक्तिले मञ्जुरी दिएको र त्यस्तो मञ्जुरी अनुसार काम गर्ने व्यक्तिलाई त्यस्तो मञ्जुरी त्यसरी दिइएको हो भन्ने कुरा थाहा भएमा वा निजले विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएमा,

(ख) मानसिक अस्वस्थताको कारणले आफूले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा,

(ग) अठार वर्ष ननाघेको बालबालिकाले मञ्जुरी दिएकोमा,

(घ) अनुचित प्रभावमा परी मञ्जुरी दिएकोमा ।

संहिताको उक्त दफा २० मा मञ्जुरी के हो भन्ने व्यवस्था नगरि के होइन भन्ने व्यवस्था गरिएको छ । यस दफामा भएको मञ्जुरीको व्यवस्था सामान्य व्यवस्था (General Provision) हो अर्थात जहाँ छुट्टै बिशेष व्यवस्था गरिएको (Special Provision) छ त्यो सन्दर्भमा सोही बिशेष व्यवस्था नै लागू हुन्छ । त्यसकारण जवर्जस्ती करणीको मुद्दाको सम्बन्धमा संहिताको दफा २१९ को उपदफा (२) मा गरिएको व्यवस्था नै लागू हुन्छ । उक्त उपदफा तथा सो उपदफाको स्पष्टीकरणको खण्ड (क) र (ख) अनुसार निम्न बमोजिम लिइएको मञ्जुरीलाई मञ्जुरी मानिदैनः-

(क) अठार वर्षभन्दा कम उमेरको बालिकाबाट लिएको मञ्जुरी,

(ख) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरी,

(ग) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरी ।

संहिताको दफा २१९ को उपदफा (२) मा “कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ । “भन्ने व्यवस्था भएको र सोही

उपदफाको खण्ड (क) र (ख) मा कस्तो अवस्थाको मञ्जुरीलाई मञ्जुरी नमानिने व्यवस्था गरिएको भएतापनि मञ्जुरी केहो भन्ने सम्बन्धमा भने उल्लेख भएको देखिँदैन ।

## ६. कानूनतः बलात्कार (Statutory Rape)

समाज वा सामान्य समझ भएको व्यक्ति (A person with common sense) ले बलात्कार होइन भनी बुझेको यौनक्रियालाई कानूनले जवर्जस्ती करणी मानेको कार्य नै कानूनतः बलात्कार ( Statutaary Rape) हो, जसलाई sexual assault, rape of a child, corruption of a minor पनि भन्ने गरिन्छ । धेरैजसो कानूनी प्रणालीहरुले यौनकार्यको लागि अर्को पक्षले सहमति दिने उमेर निर्धारण गरेका छन[43] । त्यस्तो उमेरभन्दा अगावै उमेर पुगेको व्यक्तिले उमेर नपुगेको व्यक्तिसँग सहमतिमै यौनकार्य गर्छ भने पनि त्यस्तो कार्यलाई फौजदारी कानूनले कसूरको रुपमा परिभाषित गरि सजायको व्यवस्था गरेको हुन्छ । त्यस्तो उमेर कति हो भन्ने सम्बन्धमा फरक फरक कानूनी प्रणालीहरुले फरक फरक हद निर्धारण गरेका छन । त्यतिमात्र होइन कतिपय अवस्थामा त एउटै देशको कानूनले पनि फरक फरक यौनकार्यका लागि सहमतिको उमेर फरक फरक निर्धारण गरेको पाइन्छ । उदाहरणको लागि बेलायतमा Rape, Assault by penetration, Sexual assault र यौनकार्यमा सम्लग्न हुन उत्प्रेरित गर्ने वा लगाउने (inciting or causing a person to engage in sexual activity)[44] कार्यमा १३ वर्षभन्दा कम उमेर, अन्य यौनिक गतिविधिमा सम्लग्न गराउने कार्यमा १६ वर्ष[45] एवं विश्वासको स्थितिमा रहेका व्यक्तिहरुले (persons in a position of trust)[46] र परिवारका सदस्यले गरेको यौन गतिविधिमा[47] १८ वर्षभन्दा कम उमेरको व्यक्तिसँग उल्लेखित कार्यहरु पीडितको मञ्जुरीमै गरिएको भएपनि त्यसलाई मञ्जुरी नमानी कसूरकोरुपमा परिभाषित गरी सजायको व्यवस्था गरिएको छ ।

भारतमा त्यहाँको Penal Code, 1960 मा सन् २०१३ मा संशोधन हुनुभन्दा अगाडि १६ वर्षभन्दा कम उमेरको महिलाले मञ्जुरी दिन नसक्ने व्यवस्था रहेको थियो । सन् २०१२ मा भएको सामुहिक बलात्कार काण्डपछि यौनजन्य कसूरमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिन Justice J.S. Varma को अध्यक्षतामा एक समिति गठन भयो, जसले २३ जनवरी २०१३ मा प्रतिवेदन पेश गऱ्यो । सो प्रतिवेदनले Indian Penal Code मा दफा 376B थप गरी सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिसँग

---

[43] कतिपय कानूनी प्रणालिले त्यस्तो उमेरको बन्धन नतोकेको पनि देखिन्छ। उदाहरणको लागि यमनमा बिवाहको मञ्जुरीको कुनै उमेरहद छैन। कुनै पनि उमेरकी केटीले बिवाह गर्न सक्छे, तर रजश्वला हुनुभन्दा अगाडिको यौन कार्य भने बर्जित छ।

[44] *Sexual Offences Act, 2003, Section 5, 6, 7 and 8.*

[45] *Ibid, Sec. 9 to 12.*

[46] *Ibid, Sec. 16 to 19.*

[47] *Ibid, Sec. 25 and 26.*

कसैले सहमति लिई वा नलिई यौन सम्बन्ध राखेमा जवर्जस्ती करणी मान्नुपर्ने भनी Statutary rape को उमेर १६ हुनुपर्ने सुझाव दिएको थियो[48]। तथापि, Penal Code को संशोधनमा सहमतिको उमेर १८ वर्ष राखियो, जसबाट १८ वर्षभन्दा कम उमेरकी महिलाको मञ्जुरी लिई यौनकार्य गरेमा उक्त कार्य Statutary rape हुन गै[49] त्यस्तो कार्य गर्ने व्यक्ति सजायको भागिदार हुन्छ। यसका अतिरिक्त भारतको Children from Sexual Offences Act, 2012 -No. 32 of 2012) ले पनि सोही प्रकृतिको व्यवस्था गरेको छ।

जापानको Penal Code -Act No. 45 of April 24, 1907) को दफा १७७ अनुसार तेह्र वर्षभन्दा कम उमेरकी महिलासँग निजको सहमति लिएर यौन सम्बन्ध राखेमा त्यस्तो कार्य कानूनतः जवर्जस्ती करणी हुन्छ।

क्यानाडाको कानूनमा बेलायतको कानूनमा जस्तै Statutory rape हुन कुनै एक निश्चित उमेर ( Fixed age) छैन। यहाँ सामान्यतः यौनकार्यको लागि सहमति दिनसक्ने उमेर १६ वर्ष भएकोले १६ वर्ष उमेर पुगेको व्यक्तिसँग हुने यौनसम्बन्ध Statutory rape (तथापी, क्यानाडाको कानूनमा rape भन्ने शव्दावली प्रयोग भएको छैन) हुँदैन[50]। तर केही अवस्थामा यो उमेरको हद १२ वर्षमा झर्दछ भने केही अवस्थामा १८ वर्ष पुग्छ। यसरी केही अवस्थामा १२ वर्षभन्दा कम उमेरको व्यक्तिसँगको यौन सम्बन्ध Statutary rape हुन जान्छ भने केही अवस्थामा यही नियम १८ वर्षभन्दा कम उमेरकोमा लागु हुन्छ। कुनै १२ वर्ष वा सोभन्दा बढी तर १४ वर्षभन्दा कम उमेरको व्यक्तिसँग दुई वर्षभन्दा कम उमेर फरक भएको अर्को व्यक्तिले यौनसम्बन्ध राखेमा त्यस्तो कार्य कसूर हुँदैन। अर्थात १२ वर्षको व्यक्तिसँग १४ वर्षभन्दा कम उमेरको व्यक्तिले वा १३ वर्षको व्यक्तिसँग १५ वर्षभन्दा कम उमेरको व्यक्तिले यौनसम्बन्ध राखेमा त्यो कसूर हुँदैन। त्यस्तै गरी १४ वर्ष वा सोभन्दा बढी तर १६ वर्षभन्दा कम उमेरको व्यक्तिसँग ५ वर्षभन्दा कम फरक उमेरको व्यक्तिले अर्थात १४ वर्षको व्यक्तिसँग १९ वर्षभन्दा कम उमेरको व्यक्तिले वा १५ वर्षको व्यक्तिसँग २० वर्षभन्दा कम उमेरको व्यक्तिले यौनसम्बन्ध राखेमा त्यो पनि कसूर हुँदैन। तर यी अवस्थाहरुमा माथिल्लो उमेरको व्यक्ति कुनै अधिकारयुक्त पदमा वा विश्वासजन्य अवस्थामा रहेको (in a position of authority or trust) र त्यसबाट बालबालिकाको कुनै शोषण (exploitation) भएको हुनु हुँदैन[51]। यसरी हर्दा क्यानाडाको कानून अनुसार १२ वर्षभन्दा कम उमेरको व्यक्तिसँग भएको यौनसम्बन्ध कुनै पनि अवस्थामा बैध हुन सक्दैन र जुनसुकै अवस्थामा पनि Statutory rape हुन जान्छ।

[48] *Justice J. S. Varma, Report of the Commettee on Amendments to Criminal Law, India 2013, P. 443.*
[49] दफा ३७५ को छैठौ खण्ड।
[50] *Criminal Code, 1985 of Canada, Sec. 151 and 152.*
[51] *Ibid, Sec. 150.1.*

जसरी १६ वर्षभन्दा कम र १२ वर्षभन्दा बढी उमेरको व्यक्तिसँगको यौन सम्बन्ध Statutory rape नहुने केही निश्चित अवस्था कानूनले तोकेको छ, त्यस बिपरित १६ वर्ष पुगेका तर १८ वर्ष ननाघेको व्यक्तिसँगको यौनसम्बन्ध Statutory rape (क्यानाडाको Criminal Code मा Sexual exploitation भनिएको छ) हुने केहि अपबादात्मक अवस्थाहरु पनि निर्धारण गरिएका छन । जस्ताः कुनै अधिकारयुक्त पदमा वा विश्वासजन्य अवस्थामा रहेको (in a position of authority or trust) व्यक्ति वा त्यस्तो व्यक्तिसँग पीडित आश्रित रहेको छ र यौनजन्य सम्बन्ध देखिन्छ भने त्यो Statutory rape हुन जान्छ । Positions of trust or authority भन्नाले शिक्षक, प्रशिक्षक, रेखदेख गर्ने व्यक्ति (babysitter), परिवारको सदस्य, डाक्टर आदीलाई बुझिन्छ । यसका अतिरिक्त शोषणजन्य गतिविधि जस्तै वेश्यावृत्ति वा अश्लील क्रियाकलापमा सम्लग्न गराइएको, रकम भुक्तानी गरी यौनसम्बन्ध राखिएको, बिवाहित जोडि बाहेकका सँगको गुदद्वार मैथुन जस्ता क्रियाकलापहरु १८ वर्ष उमेर नपुगेको ब्यक्तिसँग भएको रहेछ भने त्यस्तो कार्य Statutory rape हुन जान्छ[52].

नेपालको कानूनले कानूनतः जवर्जस्ती करणी (Statutory rape) भन्ने शव्द प्रयोग नगरेको भएतापनि यस सम्बन्धमा राजा स्थितिराज मल्लद्वारा बनाउन लगाएको कानून, न्यायविकासिनी (मानव न्यायशास्त्र) देखि हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ सम्मका कानूनहरुमा समेत यस सम्बन्धी व्यवस्था गरिएको देखिन्छ । मानव न्यायशास्त्रमा यौनसम्बन्ध राख्न मिल्ने महिलाको तल्लो उमेरकोहद नभएपनि कामवासना भएकी आफ्नै बर्णकी स्त्रीलाई भोग गरेमा दोष नलाग्ने तर कामवासना नभएकी कन्यामा जवर्जस्ती सहवास गरेमा सजाय हुने[53] व्यवस्था भएको हुँदा कामवासना नभएकी कन्यासँग यौनसम्बन्ध राखेमा त्यस्तो कार्य कानूनतः जवर्जस्ती करणी हुने देखिन्छ । त्यस्तैगरी मुलुकी ऐन, १९१० को "११ वर्ष मनिका सधवा बिधवा कन्याको जवर्जस्ति कर्णि गर्न्याको" महलको ९, १२ र १३ नं. अनुसार छोइछिटो हाल्नु पर्ने र पानी नचल्ने जातको पुरुषले ११ वर्षभन्दा कम उमेरकी महिलालाई जुनसुकै तवरले करणी गरेमा[54] जवर्जस्ती करणी ठहर्ने व्यवस्था गरिएको हुँदा ११ वर्षभन्दा कम उमेरको कन्याको कानूनले ताकेका जातका व्यक्तिहरुले मञ्जुरी लिएर करणी गरेको भएतापनि कानूनतः जवर्जस्ती करणी हुने देखिन्छ । जारी हुँदाको मुलुकी ऐन, २०२० को १ नं. मा चौध वर्ष मुनिकी स्वास्नीमानिसलाई उसको मञ्जूरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरे पनि

---

[52] *Ibid*, Sec. 153.

[53] राजा स्थितिराज मल्लद्वारा बि.सं. १४३६ मा बनाउन लगाएको कानून, न्यायविकासिनी (मानव न्यायशास्त्र), स्त्रीपुंसयोगनामक प्रकरण, कानून सहप्रकाशन, कानून व्यवसायी क्लव, काठमाण्डौ, २०६५; नेपाल कानून आयोग, ३१७ र ३१६ नं. (मानव न्यायशास्त्र http://www.lawcommission.gov.np/np बाट प्राप्त गर्न सकिने)

[54] मुलुकी ऐन, २०१० (नेपाल कानून आयोगबाट प्रकाशन भएको प्रतिको पृष्ठ ५५७ देखि ५६२ सम्म (सो ऐन नेपाल कानून आयोगका वेबसाइट http://www.lawcommission.gov.np/np बाट प्राप्त गर्न सकिने)

जवर्जस्ती करणी ठहर्ने व्यवस्था गरिएकोले त्यसबखत १४ वर्षभन्दा कम उमेरकी बालिकालाई गरिएको करणी Statutory rape हुने देखिन्छ । उक्त ऐनमा २०३३ सालमा भएको छैठौ संशोधनले चौध वर्षको उमेरलाई सोह्र वर्ष गऱ्यो[55], जसबाट १६ वर्षभन्दा कम उमेरकी बालिकालाई गरिएको करणी Statutory rape हुने देखियो । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) ले अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा जवर्जस्ती करणी हुने व्यवस्था गरेको हुँदा अव नेपालका १८ वर्षभन्दा कम उमेरकी बालिकासँग गरिएको करणी Statutory rape हुन्छ ।

संयुक्त राज्य अमेरिकामा Statutory rape हुन फरक राज्यहरुमा फरक फरक उमेर निर्धारण गरिएको छ । यहाँ देशको लागि एउटै फौजदारी कानून नभै सबै राज्यहरुमा आ-आफ्नै फौजदारी कानून रहेको कारण ति राज्यहरुले Statutory rape को उमेर पनि फरक फरक राखेका छन । Arizona, California, Delaware, Florida, Idah, Massachusetts, North Dakota, Oregon, Tennessee, Utah, Virginia, Wisconsin, Wyoming गरी १३ राज्यहरुमा यस्तो उमेर १८ वर्षभन्दा कम, Colorado, Illinois, Louisiana, Missouri, Nebraska, New Mexico, New York, North Carolina, Texas गरी ९ राज्यहरुमा १७ वर्षभन्दा कम एवं Alabama, Alaska, Arkansas, Connecticut, Georgia, Hawai, Indiana, Iowa, Kansas, Kentuck, Maine, Maryland, Michigan, Minnesota, Mississippi, Montana, Nevada, New Hampshire, New Jersey, Ohio, Oklahoma, Pennsylvania, Rhode Island, South Carolina, South Dakota, Vermont, Washington, West Virginia गरी २८ राज्यमा १६ वर्षभन्दा कम रहेको छ ।

संसारका धेरैजसो राष्ट्रहरुले Statutory rape को उमेर १६ भन्दा कम निर्धारण गरेको देखिन्छ । यस्तो परिस्थितिको बसैभन्दा कम उमेर नाईजेरियामा ११ वर्षभन्दा कम देखिन्छ भने Brazil, Canada, Indonesia, South Africa, Philippines, Hungary, Uruguay, Papua New Guinea आदि देशमा १२ वर्षभन्दा कम रहेको देखिन्छ । त्यस्तै गरी यमनमा बिवाह गर्न सहमती दिनसक्ने कुनै उमेर निर्धारण गरिएको छैन, तथापी रजश्वला हुनुभन्दा अगाडिको (धार्मिक गुरु ulama ले निर्धारण गरेअनुसार ९ वर्ष) यौनसम्बन्ध भने गैरकानूनी छ[56]।

## ७. यौनजन्य कसूरमा सजाय

संसारका हरेक देशमा जवर्जस्ती करणीमा फरक फरक सजाय निर्धारण गरिएको छ । त्यतिमात्र होइन, एउटै देशको कानूनमा पनि फरक फरक अवस्थाको जवर्जस्ती करणीमा फरक फरक सजायको व्यवस्था समेत रहेको छ । संसारमा जवर्जस्ती करणीमा जरिमाना मात्र गर्नेदेखि बढीमा

[55] नेपाल राजपत्र, भाग २ मिति २०३३।४।२८

[56] Retrieved from https://www.ageofconsent.net/world/yemen [Visited on May 11, 2020]

मृत्युदण्डसम्मको सजाय रहेको देखिन्छ । कैद सजाय भएकोमा अवस्था हेरी सजाय स्थगन गर्ने वा प्रोबेशनमा छाड्ने व्यवस्था पनि रहेको देखिन्छ ।

सजाय कति गर्ने भन्ने सम्बन्धमा कसूरको गाम्भिर्यता, कसूर गर्दाको परिस्थिति, पीडितलाई पुग्न गएको पीडा, कसूर गर्दाको अवस्थामा कसूरदारले प्रयोग गरेको बल, कसूरप्रति कसूरदारको मनोबृत्ति, कसूरदारले यसभन्दा अगाडि कसूर गरे वा नगरेको, त्यस्तै प्रकारको कसूरमा अन्य कसूरदारलाई दिइएको सजाय, जवर्जस्ती करणी गर्नु हुँदैन भन्ने समाजलाई दिइने सन्देश अर्थात प्रतिरोधात्मक सिद्धान्त (Deterrent Theory), कसूरदार सधैको कसूरदार हुँदैन यसलाई सुधार गर्नुपर्छ भन्ने सुधारात्मक सिद्धान्त (Reformative Theory) जस्ता कुराहरुको बिचार गरिन्छ ।

बेलायतमा यौनजन्य कसूरमा सबैभन्दा गंभीर कसूरको रुपमा Rape लाई लिइन्छ । बेलायतको Sexual Offences Act, 2003 अनुसार Rape तथा Assault by penetration मा जन्मकैद[57], यौन दुर्व्यवहार (Sexual assault) मा ६ महिनासम्म कैद वा जरिवाना वा दुबै अथवा १० वर्षसम्म कैद तथा सोही कसूर १३ वर्षभन्दा कम उमेरको बालबालिकामाथि भएको भए ६ महिनासम्म कैद वा जरिवाना वा दुबै अथवा १४ वर्षसम्म कैद[58], मञ्जुरी बिना यौनधन्दामा लगाउनेलाई अवस्थाअनुसार जन्मकैद वा ६ महिनासम्म कैद वा जरिवाना वा दुबै अथवा १० वर्षसम्म कैद, १३ वर्षभन्दा कम उमेरको बालबालिकामाथि यस्तो कसूर भएको भए अवस्थाअनुसार जन्मकैद वा ६ महिनासम्म कैद वा जरिवाना वा दुबै अथवा १४ वर्षसम्म कैद[59] हुने देखिन्छ । त्यस्तै १८ वर्षभन्दा माथिको व्यक्तिले १६ वर्षभन्दा कम उमेरको व्यक्तिसँग यौनिक मैथुन (Penal veginal sexual entercourse) बाहेक शरीरको कुनै भाग वा अन्य कुनै बस्तु योनी वा गुदद्वारमा प्रवेश गर्ने गराउने वा लिङ्ग मुखमा प्रबेश गर्ने गराउने व्यक्तिलाई अबस्थाअनुसार १४ वर्षसम्म कैद अथवा ६ महिनासम्म कैद वा जरिवाना वा दुवै[60] सजाय हुने व्यवस्था गरिएको छ । यसबाहेक बालवालिकालाई यौनजन्य कार्यमा लगाउनु वा प्रोत्साहित गर्ने ( दफा १०), बालवालिकाको अगाडि यौनजन्य क्रियाकलाप गर्ने (दफा ११), बालवालिकालाई यौनजन्य कार्य देखाउने (दफा १२)[61] लगायतका कसूरहरुमा सजायको व्यवस्था गरिएको छ ।

भारतमा सन् २०१२ को निर्भया काण्डपछि २०१३ मा Indian Penal Code -IPC) मा गरिएको संशोधनले जवर्जस्ती करणीको कसूरमा सजायको मात्रा निकै बढाइएको छ । उक्त Code को दफा ३७६ मा २०१३ मा संशोधन हुनुभन्दा अगाडि १२ वर्षभन्दा कम उमेरकी आफ्नै श्रीमतिबाहेक अन्य

[57] Section 1, 2, 5 and 6.
[58] Section 3 and 7.
[59] Section 4 and 8.
[60] Section 9.
[61] थप जानकारीको लागि हेर्नुहोस, Section 13 to 19, 25, 26, 28 to 41, 43, 44, 47 to 50, 52, 53, 57 to 59 and other relevant sections of the Sexual Offences Act, 2003.

महिलालाई जवर्जस्ती करणी गर्ने व्यक्तिलाई सातवर्षदेखि १० वर्ष वा जन्मकैदसम्म सजाय तथा जरिवानासमेत हुने व्यबस्था थियो । यसका अतिरिक्त प्रहरी कर्मचारी तथा सरकारी कर्मचारी लगायतका व्यक्तिले आफ्नो जिम्मा वा हेरचाहमा रहेको व्यक्तिलाई जवर्जस्ती करणी गरेमा सात वर्षदेखि १० वर्ष वा जन्मकैदसम्म सजाय तथा जरिवानासमेत हुने व्यबस्था गरिएको थियो । तथापी, अदालतले फैसलामा प्रयाप्त र बिशेष कारण दिई सोभन्दा कम सजाय गर्न सक्ने व्यवस्था गरिएको थियो ।

The Criminal Law (Amendment) Act, 2013 -No. 13 OF 2013) ले IPC का अन्य दफाहरुका अतिरिक्त दफा ३७६ मा संशोधन गरी सातवर्षदेखि जन्मकैदसम्म सजाय तथा जरिवानासमेत हुने व्यबस्था गरिएको गर्‍यो । यसका साथै दफा 376A थप गरी जवर्जस्ती करणी क्रममा परेको घाउ चोटको कारणबाट पीडितको मृत्यु भएको अवस्थामा त्यस्तो कसूरदारलाई कम्तिमा २० वर्षदेखि आजिवन कारावास वा मृत्युदण्ड हुने व्यवस्था गरियो । त्यसैगरी दफा 376B थप गरी लोग्नेले अदालतको फैसलाले वा अन्य कारणले भिन्न बसेकी आफ्नी श्रीमतीलाई जवर्जस्ती करणी गरेमा दुई वर्षदेखि सात वर्षसम्म सजाय हुने व्यवस्था गरियो भने पन्ध्र वर्ष उमेर पुगेकी आफ्नी श्रीमतीलाई गरिएको करणी भने जवरर्जस्ती करणी नहुने व्यवस्था गरियो[62] । अधिकारमा (Authority) रहेको व्यक्तिले आफ्नो पदको दुरुपयोग गरी आफ्नो जिम्मा वा हेरचाहमा रहेको व्यक्तिलाई करणी गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र जरिवाना समेत हुने गरी दफा 376C थप गरियो । त्यस्तै दफा 376D थप गरी सामुहिक जवरर्जस्ती करणी गरेमा बीस वर्षदेखि आजिवन कारावास र जरिवाना गर्ने व्यवस्था गरियो । दफा 376 वा 376A वा 376D बमोजिम एकपटक सजाय पाएको व्यक्तिले पुनः सोही प्रकारको कसूर गरेमा त्यस्तो कसूरदारलाई आजिवन काराबास वा मृत्युदण्ड दिने गरी दफा 376E थप गरियो । बालवालिकाको हकमा Protection of Children form Sexual Offences Act, 2012 बमोजिम सजाय हुने व्यवस्था छ ।

IPC मा पुनः २०१८ मा संशोधन गरी जवर्जस्ती करणीमा कम्तिमा सात वर्ष सजाय हुने दफा ३७६ को व्यवस्थालाई परिवर्तन गरि कम्तिमा दश वर्ष कारावासको सजाय गरियो[63]। साथै यस संशोधनले सोह्र वर्षभन्दा कम उमेरकी महिलाई जवर्जस्ती करणी गरेमा बीस वर्षदेखि आजिवान कारावास[64], बाह्र वर्षभन्दा कम उमेरकी महिलालाई जवर्जस्ती करणी गरेमा बीस वर्षदेखि आजिवान कारावास वा मृत्युदण्ड[65], तथा सोह्र वर्षभन्दा कम उमेरकी महिलाई सामुहिक जवर्जस्ती करणी गरेमा

---

[62] दफा 375 को प्रतिवन्धात्मक वाक्यांशको Exception 2.

[63] Act 22 of 2018, s. 4.

[64] दफा 376 को उपदफा (3).

[65] थप गरिएको दफा 376AB.

आजिवान कारावास[66], बाह्र वर्षभन्दा कम उमेरकी महिलालाई जवर्जस्ती करणी गरेमा आजिवान कारावास वा मृत्युदण्ड[67] दिने व्यबस्था गऱ्यो ।

जापानमा त्यहाँको Penal Code -Act No. 45 of April 24, 1907) को दफा १७७ अनुसार जवर्जस्ती करणीको कसूर गर्ने व्यक्तिलाई काम सहितको कम्तिमा तीन वर्षको काराबासको सजाय[68] र दफा १७८ अनुसार अर्ध जवर्जस्त अभद्र व्यवहार वा अर्ध बलात्कार (Quasi Forcible Indecency; Quasi Rape) को कसूर गर्ने व्यक्तिलाई पनि सोहि बमोजिम सजाय हुने[69] व्यवस्था गरिएको छ । त्यस्तैगरी दफा १७८-२ अनुसार सामुहिक जवर्जस्ती करणी गर्ने कसूरदारलाई काम सहितको कम्तिमा चार वर्षको काराबासको सजाय हुन्छ[70]।

क्यानाडामा त्यहाँको Criminal Code, 1985 अनुसार जवर्जस्ती करणी (क्यानाडामा Sexual assault भनिएको छ) को कसूरमा दश वर्षमा नबढ्ने गरी सजाय हुने, यदि जाहेरवाला सोह्र वर्षभन्दा कम उमेरको छ भने यस्तो सजाय चौध वर्षमा नबढ्ने गरी कम्तिमा एक वर्ष सजाय हुने वा summary conviction बमोजिम १८ महिनाभन्दा बढी नहुने गरी सजाय हुने र यस्तोमा यदी जाहेरवाला १६ वर्षभन्दा कम उमेरको छ भने दुई वर्षमा नबढ्ने गरी कम्तिमा छः महिना कैदको सजाय हुने व्यवस्था भएको देखिन्छ[71]। हातहतियार देखाई वा शारीरिक चोट पुऱ्याई वा पुऱ्याउने धम्की दिई जवर्जस्ती करणी (Sexual assault with a weapon, threats or causing bodily harm) गरेमा, गंभीर जवर्जस्ती करणी (Aggravated sexual assault) गरेमा १४ वर्षमा नबढ्ने गरी कम्तिमा चार वर्ष कैद हुने, यदि जाहेरवाला १६ वर्षभन्दा कम उमेरको रहेछ भने पाँच वर्षदेखि जन्मकैदसम्म सजाय हुन्छ[72]।

सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिलाई यौन दुर्व्यवहार (क्यानाडाको कानूनमा Sexual interference भनिएको) गरेमा, त्यस्ता व्यक्तिलाई यौन स्पर्शको लागि आमन्त्रण (Invitation to sexual touching) गरेमा वा विश्वासमा रहेको वा अधिकारप्राप्त (position of trust or authority)

---

[66] थप गरिएको दफा 376DA.

[67] थप गरिएको दफा 376DB.

[68] Article 177 says, "A person who … commits the crime of rape ... shall be punished by imprisonment with works for a definite term of not less than 3 years".

[69] Article 178 says, "A person who commits an indecent act … shall be punished in the same manner as prescribed for in Article 176".

[70] Article 178-2 says, "when two or more persons jointly commit the crimes prescribed under Article 177 or paragraph (2) of Article 178, they shall be punished by imprisonment with work for a definite term of not less than 4 years".

[71] Criminal Code of Canada, 1985 Section 271.

[72] Ibid, Section 272 (2) and 273 (2).

व्यक्तिले जवान व्यक्तिलाई (क्यानाडाको कानूनमा १६ देखि १८ वर्षको व्यक्तिलाई young person भनिएको छ) लाई यौन शोषण (Sexual exploitation) गरेमा १४ वर्षमा नबढ्ने गरी कम्तिमा एक वर्ष वा summary conviction बमोजिम दुई वर्षमा नबढ्ने गरी कम्तिमा ९० दिन काराबासको सजाय हुन्छ[73] । त्यस्तैगरी अशक्त व्यक्तिको यौन शोषण (Sexual exploitation of person with disability) गरेमा पाँच वर्षमा नबढ्ने गरी काराबास वा summary conviction बमोजिम सजाय हुन्छ[74]।

नेपालको सन्दर्भमा राजा स्थितिराज मल्लको पालादेखि हालसम्मको कानूनी व्यवस्था हेर्दा ज्यादै कठोर र अमानबीय कानून हुँदै लचक र पुनः कठोर कानून बनेको देखिन्छ । राजा स्थितिराज मल्लद्वारा बि.सं. १४३६ मा बनाउन लगाएको कानून, न्यायविकासिनी (मानव न्यायशास्त्र) अनुसार कामवासना भएकी आफ्नै बर्णकी स्त्रीलाई भोग गरेमा दोष लाग्दैन, ती कन्यालाई अलङ्कृत गरेर मर्यादापूर्वक बिवाह गर्नू भन्ने उल्लेख भएकोले हालको जस्तो उमेर अनुसार Statutory rape को व्यवस्था नगरी कामवासना नभएकी महिलासँग करणी गरेमा त्यस्तो कार्य Statutory rape हुन गै सजाय हुने व्यवस्था रहेको देखिन्छ । तर कामवासना नभएकी कन्यामा जवर्जस्ती सहवास गरेमा पुरुषका दुई औँला काटिदिनू, आफूभन्दा माथिल्लो जातकी र कामवासना नभएकी कन्यामा जवर्जस्ती भोग गरेमा त्यस्तो पुरुषलाई प्राणदण्ड दिनुका साथै उसको सर्वस्वहरण गरिदिनू । नजिकको नाता सम्बन्धकी महिला तथा आफ्नो शरणमा परेकी, सन्यास लिएकी, धाईआमा, पतिब्रता लगायतका स्त्रीमाथि जाईलाग्नेको लिङ्ग काटिदिनू[75] भन्ने सम्मको ज्यादै कठोर र अमानबीय सजायको व्यवस्था गरिएको थियो ।

मुलुकी ऐन, १९१० मा जात अनुसार सजाय गर्ने व्यवस्था गरिएको र जवर्जस्ती करणी सम्बन्धी कसूरमा पनि सोही बमोजिमको सजाय उल्लेख भएको थियो । उक्त ऐनको जवरजस्तीको दुईवटा महल थिए, जसमा "११ वर्ष मनिका सधवा बिधवा कन्याको जवरजस्ति कर्णि गर्न्याको र "११ वर्ष माथिका सधवा बिधवा कन्याको जवरजस्ति करणि गर्न्याको ।" उल्लेखित महलहरु हेर्दा ११ वर्ष भन्दा कम उमेरकी महिलालाई उपाध्याय बाह्मणले जवर्जस्ती करणी गरेमा सर्वस्व गरी छ वर्ष, राजपुतले गरेमा सात वर्ष, अन्य तागाधारीले गरेमा नौ वर्ष कैद गर्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तैगरी ११ वर्ष भन्दा माथिकी महिलालाई जवर्जस्ती करणी गरेमा उपाध्याय बाह्मणलाई सर्वस्व गरी तीन वर्ष, राजपुतलाई चार वर्ष, अन्य तागाधारीलाई पाँच वर्ष कैद गर्ने कानूनी व्यवस्था रहेको थियो । यसका अतिरिक्त

---

[73] Under the Section 151, 152 and 153 (1.1) of the Criminal Code of Canada, 1985 the person (a) is guilty of an indictable offence and is liable to imprisonment for a term of not more than 14 years and to a minimum punishment of imprisonment for a term of one year; or (b) is guilty of an offence punishable on summary conviction and is liable to imprisonment for a term of not more than two years less a day and to a minimum punishment of imprisonment for a term of 90 days.

[74] 153.1 (1) (a)

[75] राजा स्थितिराज मल्लद्वारा बि.सं. १४३६ मा बनाउन लगाएको कानून, न्यायविकासिनी (मानव न्यायशास्त्र), स्त्रीपुंसयोगनामक प्रकरण, कानून सहप्रकाशन, कानून व्यवसायी क्लव, काठमाणडौ, २०६५; नेपाल कानून आयोग, ३१७, ३१६ र ३१८ नं., पृ. ७८।

जवर्जस्ती करणीको कसूरदारलाई दामल गर्ने, सर्वश्व गरी पीडितलाई भराइ दिने, मासिदिने, तिर्थ गराइ पतिया गराउने, जुन जातको महिलालाई जवर्जस्ती करणी गरेको हो सो महिलाको जातको पहिलो अक्षर बायाँ गालामा खोप्ने, काटि मारिदिनेजस्ता सजायको व्यबस्था थियो भने लिङ्ग काटिदिने मल्लकालिन सजायको व्यवस्था भने थिएन । अदालतले पनि अभक्ष खुवाउने, जात पतीत गर्नेजस्ता सजायहरु गरेको पनि देखिन्छ[76] । यसका अलावा झुठ्ठा उजूरी गर्नेलाई पनि सजायको व्यवस्था गरिएको थियो । "११ वर्ष माथिका सधवा बिधवा कन्याको जवरजस्ति करणि गर्न्याको" महलको १३ र १७ नं. को व्यवस्था हेर्दा राजीखुसीले करणी गरी पछिबाट जवर्जस्ती करणी भयो भनी महिलाले कराउन (उजूरी गर्न) आएमा त्यस्तो स्वास्नीमानिसलाई ५० रुपैयाँ दण्ड गर्ने तर गाउँ सहर देखि बाहेक कोही मानिस नभएको ठाउँ, जंगल, एकलास (एकान्तस्थल) मा कसैले ११ वर्ष नाघेकी स्वास्नीमानिसको करणी गरेको रहेछ र त्यस्तो स्वास्नीमानिस कराउन आएमा जवरजस्ती करणी ठहर्ने[77] देखिन्छ ।

मुलुकी ऐन, २०२० जारी हुँदा जवर्जस्ती करणी गर्नेलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुने, जबर्जस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई हूल गरी सँग लागि जाने, समाउने र सो काममा मद्दत दिनेलाई जनही एक वर्षसम्म कैद हुने र उल्लेखित कार्य चौध वर्षमुनिकी स्वास्नीमानिसका सम्बन्धमा भने दोब्बर सजाय हुने व्यवस्था गरिएको थियो[78] । साथै, हाडनाताकी स्वास्नीमानिसको जबर्जस्ती करणी गरेमा हाडनातामा करणी गर्नेलाई हुने सजायसमेत थपी सजाय हुने व्यवस्था गरिएको थियो । तथापी, जन्मकैदको सजाय पाउनेमा भने जबर्जस्ती करणी वापतको सजाय थप नहुने व्यवस्था थियो ।

मुलुकी ऐनमा २०५९ मा भएको एघारौ संशोधनले[79]सजायमा बढोत्तरी मात्र गरेन उमेर अनुसार सजाय गर्ने तह पनि बढायो । सो अनुसार दश वर्षभन्दा मुनिकी बालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म, दश वर्ष वा सोभन्दा माथि सोह्र वर्षभन्दा मुनीको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म, सोह्र वर्ष वा सोभन्दा माथिको महिलालाई भए पाँच वर्षदेखि सात वर्षसम्म सजाय हुने व्यवस्था भयो । साथै उक्त संशोधनले ३क. नं. थप गरी सामुहिक रुपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई थप पाँच वर्ष कैद गर्ने व्यवस्था पनि गर्‍यो । जबर्जस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई हूल गरी सँग लागि जानेलाई "एक वर्ष" को

---

[76] नेपे दमाई वि. कृष्णबहादुर खड्का क्षेत्री, नेकाप २०१५, फागुन, नि. नं. २, पृष्ठ ५

[77] मुलुकी ऐन, २०१० (नेपाल कानून आयोगबाट प्रकाशन भएको प्रतिको पृष्ठ ५५७ देखि ५७० सम्म (सो ऐन नेपाल कानून आयोगका वेबसाइट http://www.lawcommission.gov.np/np बाट प्राप्त गर्न सकिने)

[78] मुलुकी ऐन ,२०२० जारी हुँदाको ३ र ४ नं.।

[79] नेपाल राजपत्र, भाग २, खण्ड ५२, अतिरिक्ताङ्क ४७, मिति २०५९।०६।१०

सट्टा “तीन वर्षसम्म” कैद हुने र “चौध वर्ष” भन्दा कम उमेरको स्वास्नीमानिसका सम्बन्धमा दोब्बर सजाय हुने व्यवस्थाको सट्टा “सोह्र वर्ष”भन्दा कम उमेरको स्वास्नीमानिसका सम्बन्धमा दोब्बर सजाय हुने व्यवस्था भयो[80]। यस संशोधनले कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी सोही बमोजिमको सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई अप्राकृतिक मैथुन गर्नेबाट क्षतिपूर्ति समेत भराई दिनु पर्ने व्यवस्था गऱ्यो[81]।

लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा पुनः सजायमा बढोत्तरी गरियो । यस संशोधनले पीडितको उमेरको आधारमा सजाय गर्ने गरी २०५९ मा बनाइएको तीनवटा तहलाई पाँचवटामा बिभाजन गऱ्यो र सजाय पनि बढायो । दश वर्षभन्दा मुनिकी बालिकालाई जवर्जस्ती करणी गरेको कसूरमा दशदेखि पन्ध्र वर्षसम्म सजाय गर्ने गरी गरेको २०५९ को संशोधन कायमै राख्यो । दश वर्ष वा सोभन्दा माथि सोह्र वर्षभन्दा मुनीको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म सजाय गर्ने व्यवस्थामा दुईवटा संशोधन गरियो, जसमा चौध र सोह्र वर्षको दुईवटा तह बनाइयो र सजायमा पनि बृद्धि गरियो । जसअनुसार दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म र चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म  सजाय हुने व्यवस्था भयो । सोह्र वर्ष वा सोभन्दा माथिको महिलालाई भए पाँच वर्षदेखि सात वर्षसम्म सजाय हुने व्यवस्थामा संशोधन गरी सोह्र वर्ष वा सोभन्दा बढी बीस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म सजाय गर्ने व्यवस्था गरियो भने बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म सजाय हुने नयाँ व्यवस्था थप गरियो । यसका अतिरिक्त लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म[82] कैद हुने नयाँ व्यवस्था पनि थप गरियो ।

उक्त संशोधनले आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) को रोग भएको थाहा पाउँदा पाउँदै कसैले जबरजस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई जबरजस्ती करणीको सजायमा थप एक वर्ष कैद सजाय हुने[83], जबरजस्ती करणीको पीडितलाई पीडकबाट आधा अंश सर्वस्व गरी पीडितलाई दिलाइदिनु पर्ने व्यवस्थाको सट्टा क्षतिपुर्ति भराइदिनु पर्ने[84], व्यवस्था गरियो । यसका साथै अदलको ५ नं.मा कैद वा थुनामा रहेकी स्वास्नीमानिसको कैद वा थुनामा राख्ने अड्डाका कर्मचारीले करणीमा निजलाई एक वर्ष कैद हुने व्यवस्थाको सट्टा कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी,

[80] ४ नं. मा गरिएको संशोधन।

[81] थप गरिएको ९क.नं.।

[82] २०६३ मा संशोधन गरिएपछिको ३ नं.।

[83] थप गरिएको ३ख .नं.।

[84] संशोधित १० नं .तथा थप गरिएको १०ग नं.।

मिलाई दिई करणी गराएमा वा चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा वा आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै  महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा वा होस ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनःर्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुनःर्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा एक वर्षदेखि तीन वर्षसम्म कैद हुने भनी करणी गर्ने व्यक्तिको दायरा तथा सजाय बढाइयो ।

लैङ्गक समानता कायम गर्न तथा लैङ्गक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ले पनि सजायमा पुनः बढोत्तरी गर्‍यो । लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म हुने सजायलाई तीन वर्षदेखि पाँच वर्षसम्म पुर्‍यायो । मुलुकी ऐनमा २०५९ मा भएको एघारौ संशोधनले थप गरेको ३क. नं. गरी सामुहिक रुपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई थप पाँच वर्ष कैद गर्नु पर्ने व्यवस्थामा २०७२ को संशोधनले उल्लेखित महिलाका अतिरिक्त होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा थप पाँच वर्ष कैद गर्ने व्यवस्था गर्‍यो । अदलतको ५ नं. मा भएको कैद वा थुनामा रहेकी स्वास्नीमानिसको कैद वा थुनामा राख्ने अड्डाका कर्मचारीले लगायतका व्यक्तिहरुले करणी गरेमा हुने सजायमा २०६३ मा बढोत्तरी गरि "एक वर्षदेखि तीन वर्षसम्म कैद" गरिएकोमा यस संशोधनले पुनः बढोत्तरी गरी "तीन वर्षदेखि पाँच वर्षसम्म कैद" हुने व्यवस्था गर्‍यो ।

मुलुकी ऐन, २०२० लाई खारेज गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले जवर्जस्ती करणीको कसूरलाई जघन्य कसूरसम्मको कोटीमा राखी[85] यसभन्दा अगाडिको कानूनमा भएको सजायमा निकै बढोत्तरी गरी कठोर व्यवस्था गरिएको छ । कुनै नेपाली नागरिक वा अन्य कसैले नेपाल बाहिर कुनै नेपाली नागरिक बिरुद्ध जवर्जस्ती करणी गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसूर गरे सरह सजाय हुने भनी यस्तो कसूरमा बहिर्क्षेत्रीय प्रयोग हुने व्यवस्था गरिएको छ[86] । कसैले अर्को व्यक्तिलाई निज वा निजको नजिकको नातेदारको ज्यान लिने वा शारीरिक अङ्गभङ्ग गराउने डर त्रास देखाई कुनै गराएको रहेछ भने त्यस्तो काम कसूर नमानिने भएपनि जवर्जस्ती करणी गरेकोमा भने त्यसरी छुट नहुने गरी व्यबस्था भएको देखिँदा बाध्यात्मक अवस्था परी जवर्जस्ती करणी गरेको भनी

[85] उक्त संहिताको दफा ३ को खण्ड (छ) मा "जघन्य कसूर" भन्नाले जन्मकैद वा दश वर्ष भन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ भन्ने उल्लेख भएको साथै केही अवस्थामा जवर्जस्ती करणीको कसूरमा दश वर्ष वा सोभन्दा कम सजाय हुने पनि भएकोले "जघन्य कसूरसम्मको कोटीमा राखी" भन्ने शव्दावली प्रयोग गरिएको।

[86] मुलुकी अपराध संहिता २०७४ को दफा २ को उपदफा (३) को खण्ड (ङ)।

कसैले पनि प्रतिरक्षा गर्न (Defence) पाउदैन[87] । नेपालको राष्ट्रपतिको ज्यान लिएमा त्यस्तो कसूरदारलाई जन्मकैद[88] अर्थात २५ वर्ष कैद हुने[89] तर जवर्जस्ती करणी गरी ज्यान मारेमा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद हुने व्यवस्था[90] भएकोले राष्ट्रपतिको ज्यान लिएको कसूरभन्दा जवर्जस्ती करणी गरी ज्यान मारेको कसूर नेपालको कानून अनुसार अझ बढी गंभीर देखिन्छ ।

मुलुकी अपराध संहिता, २०७४ ले पनि तत्काल अगाडि कायम रहेको मुलुकी ऐन, २०२० मा व्यवस्था भएजस्तै उमेरको आधारमा तहतह गरी सजाय हुने व्यवस्था गरेको छ । जसअनुसार[91] दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद[92], दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्ष भन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म[93], चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्ष भन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म, सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म, अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म कैद हुने, बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद[94] हुने व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त विभिन्न अवस्थाहरुमा थप सजाय समेत हुने व्यवस्था गरिएको छ । आफूलाई HIV Positive भएको थाहा पाउँदा पाउँदै जर्वजस्ती करणी गरेमा थप दश वर्षसम्म कैद वा एकलाख रुपैंयासम्म जरिवाना (दफा १०५ बमोजिम), सो बाहेक अन्य सरुवा यौन रोग भएको पाउँदा पाउँदै

[87] सोही, दफा २२ को उपदफा (१) को खण्ड (ख)।

[88] सोही, दफा ५७ को उपदफा (१) र उपदफा (४) को खण्ड (क)।

[89] सोही, दफा ४२ मा जन्म कैदको सजाय गणना गर्दा पच्चीस वर्ष कैद सजाय हुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम।

[90] सोही, दफा ४१ (च)।

[91] सोही, दफा २१९ को उपदफा (३)।

[92] जारी हुँदाका बखत दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखि बीस वर्षसम्म कैद हुने व्यवस्था भएकोमा "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" द्वारा संशोधन गरि "पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला" भन्ने शव्दावली थप गरिएको र सजायमा समेत बढोत्तरी गरिएको।

[93] जारी हुँदाका बखत चौध वर्षदेखि सोह्र वर्षसम्म कैद हुने व्यवस्था भएकोमा "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" द्वारा संशोधन गरि "अठार वर्षदेखि बीस वर्षसम्म" भन्ने शव्दावली राखी सजायमा बढोत्तरी गरिएको।

[94] मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (४)।

जवर्जस्ती करणी गरेको भए थप तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना[95], सामूहिक जवर्जस्ती करणी वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद हुने तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा जन्मकैद (उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय)[96], हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा हाडनाता करणीमा हुने सजाय समेत थप हुने[97] व्यवस्था गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ मा केही अवस्थाहरुमा जवर्जस्ती नभै करणी मात्र भएमा पनि सजायको व्यवस्था गरिएको छ । ती कसूर र सजायमा हाडनातामा करणी गरेमा नाता र पुस्ता अनुसार न्यूनतम् एक वर्ष र अधिकतम् जन्मकैद सम्मको सजाय[98], कैद वा थुनामा रहेको व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा अरुलाई गराएमा तीन वर्षसम्म कैद[99], आफूले संरक्षण वा सुरक्षा दिएको वा हेरविचारमा रहेको व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गरेमा वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनःर्थापना गर्ने संस्थामा राखिएको व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा तीन वर्षसम्म कैद हुने[100] सरकारी वा निजी कार्यालयको कर्मचारी वा सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा चार वर्षसम्म कैद र चालीस हजार रुपैँया जरिवाना[101] हुने व्यवस्था गरिएको छ ।

कैद वा थुनामा, संरक्षण वा सुरक्षामा रहेको, उपचार वा पुनःर्थापना केन्द्रमा रहेको, निजी वा सरकारी कर्मचारी वा सेवा उपलब्ध गराउने व्यक्तिले सहमतीमै करणी गरेको अवस्थामा पनि नेपालको कानून अनुसार यस्तो कार्य कसूर हुन गै सजाय हुन्छ । बेलायतमा भने १८ वर्षभन्दा मुनीका व्यक्तिलाई विश्वासको दुरुपयोग (Abuse of position of trust, Section 16 to 24) यौनजन्य क्रियाकलाप गरेमा सजाय हुने व्यवस्था गरिएको छ । त्यस्तै भारतको कानून हेर्दा त्यस्ता व्यक्तिहरुले जवर्जस्ती करणी (Rape) गरेमा सजाय हुने[102] व्यवस्था गरिएको छ र त्यस्ता व्यक्तिहरुले आफ्नो पदको दुरुपयोग गरी (

[95] सोही दफाको उपदफा (६)।

[96] सोही दफाको उपदफा (७)।

[97] सोही दफाको उपदफा (८)।

[98] मुलुकी अपराध संहिता, २०७४ को दफा २२०।

[99] सोही, दफा २२१।

[100] सोही, दफा २२२।

[101] सोही, दफा २२३।

[102] Indian Penal Code, 1860, Para (a) to (f) of Section 376 (2).

abuses such position or fiduciary relationship) करणी गरेको अवस्थामा मात्र सजाय हुने भनी शर्त राखी स्वेच्छिक करणी आफैमा कसूर नहुने व्यवस्था भएको देखिन्छ भने नेपालको कानूनले करणी हुनु मात्र नै कसूर मानेको देखिन्छ।

मुलुकी अपराध संहिता, २०७४ ले माथि उल्लेख गरिए अनुसारको कसूर तथा कैदको अतिरिक्त यौन दुर्व्यवहार गरेमा तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना[103], बालयौन दुरुपयोग गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैँयासम्म जरिवाना[104], उमेर पुगेको व्यक्तिसँग मञ्जुरी बिना अप्राकृतिक मैथुन गरे गराएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना तथा बालवालिकासँग गरे गराएमा जवर्जस्ती करणी गरेसरह सजाय हुने[105], गाईको करणी गरे गराएमा दुई वर्षसम्म कैद र बीस हजार रुपैँयासम्म जरिवाना तथा अन्य पशुको करणी गरे गराएमा एक वर्षसम्म कैद र दश हजार रुपैँयासम्म जरिवाना हुने व्यवस्था गरेको छ।

नेपाल, भारत, जापान बेलायत तथा क्यानाडाको कानूनले यौनजन्य कसूरको सम्बन्धमा गरेको सजाय सम्बन्धी व्यवस्थालाई हेर्दा भारत र नेपालको कानूनी व्यवस्था अन्य देशको भन्दा निकै कठोर रहेको देखिन्छ। जवर्जस्ती करणी सम्बन्धी भारत र नेपालको कानूनी व्यवस्था तुलना गर्दा सजायको उपल्लो हद नेपालको भन्दा भारतको कानूनमा बढी राखिएको भए तापनि नेपाली कानूनले गरेको सजायभन्दा भारतीय कानूनले गरेको सजाय बिभिन्न कारणले गर्दा बढी लचक (Flexible) देखिन्छ। पहिलो, भारतमा मृत्युदण्डसम्मको सजायको कानूनी व्यवस्था भए तापनि मृत्युदण्ड ज्यादै कम (Rarest of rare cases)[106] अवस्थामा मात्र दिइन्छ। दोस्रो, न्यायाधिशले मृत्युदण्डको फैसला गर्दा विशेष कारण (special reasons) दिनुपर्ने अनिवार्य कानूनी व्यवस्था रहेका छ[107]। तेस्रो, कसूरको तल्लो हद र माथिल्लो हदको अन्तर (gap) निकै धेरै छ, जसले गर्दा अवस्था अनुसार न्यायाधिशले बिवेकपूर्ण तरिकाबाट उपयुक्त सजाय ठहर गर्न सक्छन। जस्तोः Indian Penal Code को Art. 376(1) अनुसार जवर्जस्ती करणीको कसूरमा न्यायाधिशले दश वर्षदेखि जन्मकैदसम्मको बीचमा सजाय निर्धारण गर्न सक्ने भएकोले सजाय बढी न्यायोचित हुने बिश्वास गरिन्छ। तर नेपालको कानूनमा त्यस्तो लामो अन्तर नभै ज्यादै सानो अन्तर भएकोले कसूरको गंभीरता (Gravity of the offence) अनुसार उपयुक्त सजाय निर्धारण गर्न सक्ने अवस्था छैन। यस्तो अवस्थामा ज्यादै गंभीर प्रकृतिको कसूर भएको अवस्थामा माथिल्लो हदको सजाय गर्न सकिन्छ तर अत्यन्त कम गंभीर वा कमजोर प्रमाण रहेको

103 दफा दफा २२४।

104 दफा दफा २२५।

105 दफा २२६।

106 The Constitution Bench judgment of Supreme Court of India in Bachan Singh vs. State of Punjab (1980) (2 SCC 684) made it very clear that Capital punishment in India can be given only in rarest of rare cases.

107 Criminal Procedure Code (CrPC), 1973, Section 354(3).

अवस्थामा कसूर एवं सजायको तादम्यता नमिल्दा र शंकाको सुबिधा अभियुक्तले पाउने फौजदारी कानूनको सिद्धान्त अनुसार सफाई दिनु पर्ने बाध्यात्मक अवस्था पनि सिर्जना हुन जान्छ । चौथो, कहिलेकाँही न्यायमा बिफलता (Miscarriage of Justice), परिबन्ध, एकले अर्कोलाई फसाउन गरिएको कार्यले पनि निर्दोष व्यक्ति दोषी (Wrongful Conviction) ठहरिन सक्छ । यस्तो अवस्थामा भारतको संविधानको धारा ७२ अनुसार राष्ट्रपतिले कुनै पनि कसूरमा (मृत्युदण्डको सजाय हुने कसूरमा समेत) दोषी ठहरिएको कुनै व्यक्तिलाई भएको सजाय माफी गर्न, स्थगित गर्न, मुल्तवीमा राख्न, घटाउन, छुट दिन वा परिवर्तन गर्न[108] सक्छन् जसको कुनै बन्देज छैन[109] । तर, नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिलाई कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने संवैधानिक अधिकार भए तापनि "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" को दफा १५९ को उपदफा (४) ले जबरजस्ती करणी लगायत दश प्रकारका कसूरमा माफी हुन नसक्ने गरी राष्ट्रपतिको संवैधानिक अधिकारलाई कार्यविधि कानून (Procedureal law) ले कटौति गरेको देखिन्छ ।

भारतमा घटेका बलात्कार र हत्याका केही क्रुर घटनाहरु, त्यसबाट उब्जेको जनआक्रोस र महिला अधिकारबादी संस्था तथा ब्यक्तिहरुको दवाबका कारण बलात्कारको कसूरमा सजायमा बढोत्तरी गरिएको हो । खासगरी २०१३ र २०१८ मा Indian Panel Code मा गरिएको संशोधनले बलात्कारका कसूरमा ज्यादै कठोर र मृत्युदण्ड सम्मको सजायको व्यवस्था गर्यो। डिसेम्बर २०१२ मा दिल्लीमा भएको सामुहिक बलात्कार र हत्याको घटनाले सबैलाई ज्यादै गंभीर बनायो र त्यसको बिरुद्ध भारतभर प्रदर्शनहरु भए । यस्ता घटनालाई संबोधन गर्न फौजदारी कानूनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिन गठन गरिएको Justice J.S. Varma को समितिले पेश गरेको प्रतिवेदनमा मृत्युदण्डको सिफारिश गरिएको थिएन[110] । तर, जुलुसको आवाज र महिला अधिकारकर्मीको मागलाई बिज्ञको प्रतिवेदन समेत

[108]Sub-article (1) of Article 72 of the Indian Constitution says, "The President shall have the power to grant pardons, reprieves, respites or remissions of punishment or to suspend, remit or commute the sentence of any person convicted of any offence-

a. In all cases where the punishment or sentence is by a Court Martial;

b. In all cases where the punishment or sentence is for an offence against any law relating to a matter to which the executive power of the Union extends;

c. In all cases where the sentence is a sentence of death.

[109] राज्यको गभर्नरलाई Article 161 ले यस्तै प्रकृतिको अधिकार प्रदान गरेको छ।

[110] हेर्नुहोस्, Report of the Commettee on Amendments to Criminal Law, India 2013, Recommendation no. 9, 12, 14, 15 Pp. 442-445.

ओझेलमा पर्नगयो र Indian Penal Code मा २०१३ मा गरिएको संशोधनमा Rape सम्बन्धी कसूरमा मृत्युदण्डको सजाय राखियो[111]।

भारतको कानूनमा जवर्जस्ती करणीको कसूरमा मृत्युदण्डसम्मको सजाय राखिए पनि २०१३ पछि समेत बलात्कारका घटनाहरु घट्न छोडेनन । जून २०१७ मा सरकारमा रहेको भारतीय जनता पार्टीका उत्तर प्रदेश राज्यका ५० बर्षीय सभासद कुलदीप सिँह सेङ्गारले १६ बर्षे युवतीलाई बलात्कार गरेको आरोप (निजले कसूर अस्विकार गरेका थिए) लाग्यो [112]। जनवरी २०१८ मा कश्मीरमा एक आठ बर्षे बालिकाको क्रुर तरिकाबाट सामूहिक बलात्कार गरी हत्या भयो[113]। अप्रिल २०१८ मा उत्तर प्रदेशमा नौ वर्षकी बालिकाको बलात्कार पछि हत्या भयो[114]। यी श्रृङ्खलाबद्ध बलात्कारका घटनाहरुको बिरुद्धमा र कसूरदारलाई मृत्युदण्ड दिनु पर्ने माग गर्दै भारतका बिभिन्न भागहरुमा जसुलु र प्रदर्शनहरु भए[115]। यतिमात्र होइन महिला अधिकारकर्मी तथा दिल्ली महिला आयोग (Delhi's Commission for Women(DCW) कि प्रमुख नै बलात्कारको कसूरमा मृत्युदण्ड सहितको कडा कानूनको माग गर्दै भोक हडतालमा बसिन[116]। जसुलु, प्रदर्शन र चौतर्फी दवाब पछि २१ अप्रिल २०१८ मा IPC मा संशोधन गरी बिगतभन्दा अझ कडा साजायको व्यवस्था गरियो[117]।

भारतमा २०१३ र २०१८ मा Indian Penal Code मा संशोधन गरी मृत्युदण्ड सम्मको कडा सजायको व्यवस्था गरिएको भए तापनि बलात्कार भने समाप्त हुन सकेको छैन । जून २०१८ मा मध्यप्रदेश राज्यमा सात बर्षे बालिकाको बलात्कार भयो[118] भने चेन्नाईमा एघार बर्षे बालिका माथि

---

[111] हेर्नुहोस्, Section 9 of the The Criminal Law (Amendment) Act, 2013 [the Gazette of India, No. 17, April 2, 2013] जसले Indian Penal Code को Sections 376A, 376E मा मृत्युदण्डको व्यवस्था गर्‍यो।

[112] Retrieved from https://www.bbc.com/news/world-asia-india-43735542 [Visited on 20th May 2020].

[113] Retrieved from https://www.bbc.com/news/world-asia-india-43722714 [Visited on 20th May 2020].

[114] Retrieved from https://www.hindustantimes.com/india-news/9-yr-old-girl-raped-killed-at-wedding-ceremony-in-up-s-etah-accused-held/story-Z98jdiFlxectrj4XWmESXI.html [Visited on 20th May 2020].

[115] Retrieved from https://www.hindustantimes.com/india-news/etah-rape-case-family-attended-the-wedding-on-the-insistence-of-the-victim/story-faLrKphWSmMITLZofaUJnJ.html [Visited on 20th May 2020].

[116] Retrieved from https://edition.cnn.com/2018/04/18/asia/india-bjp-rape-law-hunger-strike-intl/index.html [Visited on 20th May 2020].

[117] हेर्नुहोस्, Indian Penal Code को Sections 376 (1)(3), 376AB र 376DA.

[118] Retrieved from https://www.bbc.com/news/world-asia-india-44657769 [Visited on 20th May 2020].

सामुहिक बलात्कार भयो[119]। त्यस्तै नोभेम्बर २०१९ मा २७ बर्षे पशुचिकित्सक महिलालाई चारजना व्यक्तिहरुले हैदराबादमा सामुहिक बलात्कार गरी हत्या गरे[120]।

नेपालमा जारी हुँदाको मुलुकी ऐन, २०२० ले गरेको सजायमा पटकपटक बृद्धि गरिएको देखिन्छ। बि.सं. १९१० को मुलुकी ऐनमा बढीमा मृत्युदण्ड सम्मको सजाय, जारी हुँदाको मुलुकी ऐन, २०२० मा बढीमा दश वर्षसम्म[121] सजाय रहेकोमा २०५९, २०६३ र २०७२ मा सजायमा बृद्धि गरियो। मुलुकी ऐन, २०२० लाई प्रतिःथापन गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ मा सजायमा अझ बढात्तरी गरियो र संहिता जारी भएको एक वर्ष नपुग्दै[122] पुनः सजाय बढाइयो। यसरी बिद्यमान कानूनी व्यवस्था अनुसार जवर्जस्ती करणी गरी ज्यान मारेकोमा आजन्म काराबास (जीवन रहेसम्म)[123] र जवर्जस्ती करणीतर्फ अधिकतम जन्मकैद सम्मको सजाय[124] हुने र सजाय तोक्दा न्यायाधीशलाई कसूरको प्रकृति अनुसार कमबेसी गर्नसक्ने न्यून अवसर रहेको हुँदा जवर्जस्ती करणीसम्बन्धी नेपालको कानूनी व्यवस्थालाई कठोर कानूनी व्यवस्थाको रुपमा मान्नु पर्दछ।

जवर्जस्ती करणीसम्बन्धी नेपालको कानूनी व्यवस्थालाई ज्यादा कठोर बनाउनु पर्ने अवस्था बिभिन्न कारणहरुबाट सिर्जित भएको हो। पहिलो कारण, माओबादी द्वन्द्वको क्रममा घटित हृदयबिदारक घटनाहरुको कारण नेपालीहरुमा दया, मायाँ र क्षमाशिलतामा ह्रास हुन गै बलियो बनेका कठोर मनहरु हुन्। नेपालका २०५२ सालदेखि सुरु भएको माओबादी द्वन्द्वको समयमा बिद्रोही र सरकार पक्षबाट हत्या, यातना, बलात्कार, आगजनी, बिष्फोटका घटनाहरु घटे। उदाहरणको लागि २०६० फागुनमा काभ्रेकी रीना रसाइली[125] एवं २०६२ वैशाखमा उदयपुरकी धनमाया तुम्बाहाम्फेलाई[126] बलात्कार पछि हत्या गरिएको भन्ने घटना। यस्ता घटनाहरुको कारण द्वन्द्वरत पक्ष तथा सर्बसाधारणमा समेत कडा सजाय गरी कसूरदारसँग प्रतिशोध (Retribution) साँध्नु र प्रतिरोध (Deter) गर्नु नै अपराध रोक्ने

---

[119] Retrieved from https://www.bbc.com/news/world-asia-india-44877729 [Visited on 20th May 2020].

[120] Retrieved from https://www.bbc.com/news/world-asia-india-50598925 [Visited on 20th May 2020].

[121] मुलुकी ऐन ,२०२० जारी हुँदाको ३ नं.।

[122] संहिता २०७५ भदौ १ गतेदेखि लागू भएको थियो भने संहितामा २०७५ मा गरिएको संशोधन मिति २०७६/०१/०२ मा प्रमाणिकरण र प्रकाशन भयो।

[123] मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ को खण्ड (च)।

[124] मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (क) तथा उपदफा (७) को प्रतिवन्धात्मक वाक्यांश।

[125] Retrieved from http://nepalihimal.com/article/8566, [visited on June 20, 2020].

[126] Retrieved from http://www.advocacyforum.org/fir/2011/02/dhan-kumari-tumba-hamphe.php, [visited on June 20, 2020].

अचूक औषधी हो भन्ने सोँच बढ्न गयो । स्वभावतः त्यस्तो सोँचको प्रभाव र प्रतिनिधित्व कानूनको मस्यौदाकर्ता एवं कानून निर्मातामा समेत पर्न गयो । जसको फलस्वरुप नेपालले बलात्कारका घटनामा बिश्वमा नै नभएको लिङ्ग काटिदिने सजायको व्यवस्था गर्दा नेपालको नाम चम्काउन सकिने र सबै महिला सभासद् बलात्कारीको लिंग काट्नुपर्ने पक्षमा छन् भन्ने जस्ता मल्लकालिन सजायको व्यवस्था गर्न सभासद् समेतले माग गरे[127] ।

दोस्रो कारण, भारतमा डिसेम्बर २०१२ मा दिल्लीमा घटेको सामुहिक बलात्कार र हत्या, तत्पश्चात त्यहाँको Penal Code मा संशोधन गरी सजायमा गरिएको बढोत्तरी र त्यसपछि पनि घटेका बलात्कारका घटना तथा त्यस्ता घटनाको बिरुद्धमा र कडा कानूनको पक्षमा सडकमा राखिएको माग समेतको प्रभावले गर्दा पनि नेपालको जवर्जस्ती करणी सम्बन्धी कानूनमा कडा कानून बनाउनु पर्ने अवस्था सिर्जना हुन गयो ।

तेस्रो कारण, देशका बिभिन्न भागमा सृङ्खलाबद्धरुपमा बलात्कार एवं बलात्कार पछि हत्या गरिएका दर्दनाक घटनाहरु घटदै गए जसले गर्दा कसूरदारप्रति कठोर बन्न बाध्य बनायो । उदाहरणको लागि २०७५ साउनमा कञ्चनपुरस्थित भीमदत्त नगरपालिका-२, उल्टाखामकी कक्षा नौमा पढ्ने १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि भएको हत्या[128], २०७५ फागुनमा धनुषा जिल्ला मिथिला नगरपालिका-३ हरीहरपुर, मगर टोलकी ११ वर्षीया रेश्मा भनिने दुतिया रसाइलीको बलात्कारपछि घाँटी थिची हत्या गरेर जलाएको घटना[129], २०७५ आश्विनमा पोखरामा १० वर्षीया बालिका श्रीया सुनारको बलात्कार पछि हत्या[130] जस्ता घटनाहरुले सबैलाई स्तव्ध बनायो ।

चौथो कारण, महिला एवं मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्था तथा महिलाहरुको भूमिका पनि अहम देखिन्छ । कडा कानूनको निर्माणका लागि सरकार र संसदमाथि गरिने औपचारिक दवावका अतिरिक्त सडकमा कैयौ प्रदर्शनहरु समेत भए। बलात्कारको घटना बढेको भन्दै २०७१ चैत्रमा पोखरामा बलात्कारीलाई मृत्युदण्ड दिनुपर्ने माग सहित सडकमा प्रदर्शन र नाराबाजी भयो[131] । गरीब बालबालिकाको क्षेत्रमा काम गर्दै आएको फोक्सड नामक गैरसरकारी संस्थाले २०७५ बैशाखमा

---

[127] http://kathmandutoday.com/2014/09/53374.html#comment-5690, [visited on November 29, 2014].
[128]Retrieved from http://www.moha.gov.np/public/upload/e66443e81e8cc9c4fa5c099a1fb1bb87/files/निर्मला_पन्त_हत्या_२०७५।६।४_Corrected_final.pdf, [visited on June 20, 2020].
[129] INSECOnline, Retrieved from http://inseconline.org/np/news/ बलात्कारपछि-हत्या-गरी-शव/, [visited on June 20, 2020].
[130] Retrieved from https://nagariknews.nagariknetwork.com/social-affairs/160491-1537940100.html, [visited on June 20, 2020].
[131] Retrieved from https://peacepokhara.com/2015/03/8590/, [visited on June 20, 2020].

बलात्कारबिरुद्धको  र्‍याली गर्‍यो जसमा आर्क मिडिया क्रियसन, वुमेन ववारियर र रोट्याक्ट क्लब अफ रिलायन्स जस्ता गैरसरकारी संस्थाहरु पनि साथमा थिए[132] । बढदो बलात्कारको विरोध र बलात्कारीलाई कडा सजायको माग गर्दै सोही वर्षको भदौमा मेरो आफ्नै देश नामक गैरसरकारी संस्थाले काठमाडौंमा र्‍यालीको आयोजना गर्‍यो[133]।  कतिपय यस्ता प्रदर्शनहरु नयाँ प्रकारका र अरुको ध्यान आकृष्ट गर्ने खालमा पनि थिए, जसमा पेटीकोट मात्र लगाई जुलुस निकाल्ने[134], बलात्कारीलाई फाँसीको माग राख्दै सार्वजनिक एवं समुहको माभमा महिलाले कपाल मुन्डन गर्ने[135], १७ बर्षे युवाले साउदी अरब, इरान लगायतका देशमा बलात्कारीलाई फाँसी दिइने भएकोले नेपालमा पनि त्यस्तै कानुन बनाउनु पर्ने तर्क राख्दै पेटिकोट लगाई अर्धनग्न भएर प्रदर्शनमा भाग लिएका थिए[136] । अपराधको कारण, दण्डका सिद्धान्त, आधुनिक दण्ड प्रणालीको तौर तरिका र नेपालले मृत्युदण्ड अंगिकार नगर्नुको कारणको बारेमा नबुझेका व्यक्तिहरुले सडकबाट मात्र होइन नेपालले स्वीकार गरेको "नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको दोस्रो स्वेच्छिक आलेख, १९८९"[137] को सम्बन्धमा जानकारी राख्नु पर्ने सांसदहरुले समेत सदनमा नै यस्तै सजायको माग गर्न पुगे ।

गैरसरकारी संस्थाहरुले बलात्कार बिरुद्धको अभियान देशभित्र मात्र चलाएनन्, अन्तर्राष्ट्रिय समुदायमासमेत गुहार माग्न पुग्ने अवस्थाको सिर्जना भयो । उदाहरणको लागि २०६१ मंसिर (द्वन्द्वकालिन समय) मा घटेको भनिएको एउटा बलात्कारको मुद्दा नेपाल स्थित एड्भोकेसी फोरम नामक गैर सरकारी संस्था र रिड्रेस नामक अर्को गैर सरकारी संस्थाले २०६९ पुषमा संयुक्तराष्ट्र संघको मानवअधिकार समितिमा दर्ता गरायो[138]।

पाँचौ कारणमा समाचार माध्यम र सामाजिक सञ्जालको भूमिका पनि देखिन्छ । समाजमा घट्ने अन्य घटना वा अपराधका समाचारको तुलनामा कानून परिवर्तनको अवधिमा दैनिकजसो बलात्कारका समाचार आएको देखिन्थ्यो । यस्ता घटनाहरुले सबैको मन कुँडिन्थ्यो र कडा कानून भैदिए बलात्कार कम हुन्छ भनी अपराधशास्त्र र दण्डशास्त्र नबुझ्ने जो कोहिले पनि अनुमान गर्ने अवस्था खडा हुन गयो । यसरी माओबादी द्वन्द्व, भारत र नेपालमा घटेका बलात्कारका घटना, भारतीय कानूनमा भएको

[132] Retrieved from https://kharibot.com/news-details/14498/kharibot, [visited on June 20, 2020].
[133] Retrieved from http://nepalaaja.com/2018/9/201898131521?utm_source=xotkari, [visited on June 20, 2020].
[134] Retrieved from https://www.youtube.com/watch?v=-K6WvR0mGIY, [visited on June 20, 2020].
[135] Retrieved from https://www.youtube.com/watch?v=pZbHZShfYWY, [visited on June 20, 2020].
[136] Retrieved from http://www.etajakhabar.com/212162/, [visited on June 20, 2020].
[137] Second Optional Protocol to the International Covenant on Civil and Political Rights, aiming at the abolition of the death penalty.   New York, 15 December 1989.
[138] Retrieved from http://www.advocacyforum.org/news/2012/12/conflict-era-rape-case-filed-with-un.php, [visited on June 20, 2020].

परिवर्तन, अधिकारकर्मीको दवाब, समाचार माध्यम तथा सामाजिक सञ्जालजस्ता बिषयले २०५९ देखि २०७५ सम्मको अवधिमा यौनजन्य कसूरको सजाय बृद्धिमा भूमिका खेलेको देखिन्छ ।

जापानमा जवर्जस्ती करणी सम्बन्धी सजाय अत्यन्त लचिलो देखिन्छ । यहाँ नेपालको जस्तो तल्लो र माथिल्लो सजायको व्यबस्था नगरी तल्लो हदमात्र उल्लेख भएको देखिन्छ । जापानका Penal Code अनुसार Rape र Quasi Forcible Indecency; Quasi Rape को कसूरमा न्यूनतम् ३ वर्ष[139] र Gang Rape मा न्यूनतम् ४ वर्ष सजाय हुने[140] व्यवस्था भएको देखिन्छ । जवर्जस्ती करणीसम्बन्धी नेपालको कानूनी व्यवस्थामा धेरैजसो अवस्थामा कसूरको तल्लो र माथिल्लो सजायको हद तोकिएको र तल्लो तथा माथिल्लो हदको बीचको अन्तर (Gap) पनि अत्यन्त न्यून राखी न्यायाधिशलाई ज्यादै कम बिश्वास गरिएको देखिन्छ भने जापानमा सजायको तल्लो हदमात्र उल्लेख गरी कसूरको गाम्भिर्यता अनुसार आवश्यकता अनुसार बढी सजाय गर्ने जिम्मेवारी न्यायाधीशलाई प्रदान गरी न्यायाधिशप्रति अत्यन्त बिश्वास गरिएको देखिन्छ ।

बेलायतमा Rape को कसूरमा जन्मकैदको सजाय हुने देखिन्छ र त्यहाँ जन्मकैद भन्नाले जीवन रहेसम्म कैद भन्ने बुझिन्छ, तथापी सामान्यतया जीवनको अन्तिम समयसम्म नै कैदमा बस्नु पर्ने अवस्था भने हुँदैन । कानूनमा जन्मकैद भन्ने उल्लेख भएका मुद्दाहरुमा न्यायाधिशले फैसला गर्दा मुद्दा अनुसार (case to case basis) न्यूनतम यति वर्षको जन्मकैद भनि फैसला गर्ने गर्दछन[141] । यस्ता धेरैजसो मुद्दाहरुमा न्यूनतम १५ वर्षको जन्मकैद गर्ने गरेको देखिन्छ[142] । पहिलोपटकका कसूरदार एवं कम उमेरका व्यक्तिहरुका हकमा अदालतहरुले अवस्थाहेरी ज्यादै कम सजाय गर्ने र त्यस्तो सजायलाई स्थगित गरी कसूरदारलाई सुधार हुने मौका प्रदान गर्ने गरेको देखिन्छ । उदाहरणको लागि R v Jheeta[143] को मुद्दामा प्रतिवादीलाई Sexual Offences Act 2003 को दफा १ को कसूरमा तल्लो अदालतले ८ वर्ष कैद गरेकोमा पुनरावेदन अदालतले ६ वर्ष मात्र कैद गऱ्यो । त्यस्तैगरी Justine McNally v R[144] को मुद्दामा प्रतिवादी १३ वर्षकी हुँदा आफू Scott नामको केटो भएको भन्ने भान पारी १२ वर्षकी केटी M सँग इन्टरनेटको माध्यमबाट संपर्क गरिन । उनीहरुको यो सम्बन्ध बिस्तार हुँदै गयो । Scott १७ वर्षकी र M १६ वर्षकी हुँदा Scott ले कृत्रिम लिङ्गको प्रयोग गरी M सँग यौन सम्बन्ध स्थापित गरिन । आफू केटो हुँ भनी झुक्याई यौनसम्बन्ध राखेको कारण Scott को बिरुद्ध Sexual

139 Japanese Penal Code, Article 177.
140 Ibid, Article 178-2.
141 कस्तो कस्तो अवस्थामा कति कैद गर्ने भन्ने सम्बन्धमा Powers of Criminal Courts (Sentencing) Act 2000 मा व्यवस्था गरिएको छ।
142 Retrieved from https://www.thesun.co.uk/news/4918269/life-sentence-uk-length-whole-life-order-parole/ [Visited in 13 May 2020]
143 [2007] 2 Cr App R 477.
144 [2013] EWCA Crim 1051

Offences Act, 2003 को Scetion 2 -Assault by penetration) बमोजिमको कसूरमा तल्लो अदालत (Crown Court) ले तीन वर्षको सजाय गऱ्यो तर त्यो सजायलाई Court of Appeal ले घटाई नौ महिना कैद हुने फैसला गरी सो सजाय दुई वर्षको लागि स्थगित गऱ्यो ।

क्यानाडाको Criminal Code अनुसार यौनजन्य कसूरमा तल्लो र माथिल्लो सजायको हदमा फराकिलो अन्तर राखी अवस्था अनुसार कम वा धेरै सजाय गर्न पाउने गरी न्यायाधिशलाई जिम्मेवारी दिएको देखिन्छ । यसका अतिरिक्त दोषी देखिएको व्यक्तिलाई केहि अवस्थामा बाहेक सार्वजनिक हित बिपरित नदेखिएमा र अभियुक्तको हितलाई ध्यानमा राखि अदालतले दोषी ठहर गर्नुको सट्टा पूर्णतया सफाई दिन वा शसर्त वा निशर्त प्रोबेशनमा छोड्न पनि सक्छ[145]। त्यस्तै गरी यौनजन्य कसूरमा समेत सोह्र वर्षभन्दा कम उमेरको कसूरदारलाई अदालतले केहि कार्यहरु गर्न नपाउने गरी शर्त तोकि (Order of prohibition) कैदमा नराखी मुक्त गर्न सक्ने व्यवस्था गरिएको छ[146] । यसरी बेलायत, भारत, जापान, क्यानाडा र नेपालको कानूनी व्यवस्थाको तुलना गरी हेर्दा जवर्जस्ती करणी सम्बन्धी कसूरमा गरिएको सजाय भारत र नेपालमा ज्यादा कठोर र बाँकी मुलुकमा लचिलो देखिन्छ ।

बिकसित र सभ्य[147] देशमा कानूनमा कैद सजाय (मृत्युदण्ड होइन) को व्यबस्था गरी एकातर्फ संभावित कसूरदारलाई तर्साउने कार्य गरिएको देखिन्छ भने अर्कोतर्फ कसूर गरिहालेमा त्यस्तो कसूरदारलाई सुधार हुने मौका प्रदान गरी समाजमा स्थापित गर्ने गरी कानूनी व्यवस्था गरिएको देखिन्छ । त्यसैले बेलायत, क्यानाडा[148], जापान जस्ता देशमा कैद सजाय पाएका कसूरदारलाई कानूनले तोकेको केहि समयाबधी पुरा भएपछि बाँकी अवधिका लागि Parole[149] मा छोडिन्छ । तर, नेपालमा Parole को व्यवस्था पनि निकै संकुचितरुपमा कानूनमा उल्लेख भएको[150] र व्यवहारमा आउन नसकेको देखिन्छ । तथापी, बालबालिकाको हकमा भने "बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अदालतले कसूर ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र

[145] Section 730 (1) of the Criminal Code of Canada, 1985.

[146] Section 161 (1) of the Criminal Code of Canada, 1985.

[147] Asian Centre for Human Rights (ACHR) director and coordinator of the National Campaign for Abolition of Death Penalty in India, Suhas Chakma, says: "India should abolish death penalty altogether and join the comity of civilised nations that have done away with this extreme form of punishment," [Retrieved from https://www.hindustantimes.com/india/rarest-of-rare-cases-are-not-so-rare-in-india-now/story-JxnTLyJ4tPlDBnHhatCcIL.html] Visited on 19th May 2020. उनले पनि यहाँ मृत्यण्ड नभएका मुलुकलाई Civisised nations भनेका छन् र संसारमा यस्तै भन्ने गरिन्छ।

[148] हेर्नुहोस्, Your Guide To Paroles, Government of Canada. Retrieved from https://www.canada.ca/content/dam/canada/parole-board/migration/001/093/001-0007_en.pdf

[149] थप जानकारीका लागि यो लिङ्कमा गै Encyclopædia Britannica पनि हेर्नुहोस, https://www.britannica.com/topic/parole-penology

[150] हेर्नुहोस्, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९, ३८ र ३९

त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई बिचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप उक्त उपदफामा उल्लेख भएबमोजिम उपयुक्त निर्णय गर्नसक्ने[151] भएबाट बालबालिकाको हकमा भने अवस्था अनुसार उपयुक्त सजाय गर्न न्यायाधिशलाई नै जिम्मेवारी दिएको देखिन्छ ।

## ८. जवर्जस्ती करणी बिरुद्ध नेपालको कानूनले प्रदान गरेको महिलाको अधिकार

जवर्जस्ती करणीबाट बच्न वा जवर्जस्ती करणी भैसकेपछि पीडित महिलाले त्यस्तो कसूरदार वा कसुका बिरुद्ध बिगतदेखि नै कानूनीरुपमा महिलालाई अधिकार प्रदान गरेको देखिन्छ । मुलुकी ऐन, १९१० जवरजस्तीको (११ वर्ष माथिका सधवा बिधवा कन्या जवरजस्ती करणी गर्न्याको) महलको १८ नं. मा करणी गर्दैको अवस्थामा वा करणी गरेपछिको दुई घरीभित्र[152] हतियार लाठा ढुङ्गाले हानी भीरमा लडाई खोलामा बगाइ पासो लागई मारेमा कुनै खतबात लाग्दैन भन्ने व्यवस्था गरिएको थियो । मुलुकी ऐन, २०२० जारी हुँदाको बखतको जवर्जस्ती करणीको महलको ८ नं. मा पनि जबर्जस्ती करणी गर्न लागेका बखत सोबाट बच्ने कुनै उपाय नभएको करणी लिईसकेपछि वा त्यसको एक घण्टाभित्र कसूरदारको ज्यान लिएकोमा बात लाग्दैन भन्ने व्यवस्था गरी एक घण्टा पछि मारेमा भने पाँचहजार रुपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुने कानूनी व्यवस्था गरिएको थियो[153] । उक्त दफामा

---

[151] बालबालिका सम्बन्धी ऐन ,२०७५ को दफा ३६ को उपदफा (५)

[152] "घरी" अर्थात "घडी" आजकलको जस्तो हातमा बाँध्ने, भित्तामा झुण्ड्याउने वा टेवलमा राख्ने घडी होइन। यो पौराणिक कालमा समय मापन गर्ने एकाइ हो। आज पनि हिन्दू पञ्चाङ्गमा घडी र पलाको प्रयोग हुन्छ। समय मापनको यो एकाई बमोजिम ६० पलाको एक घडी र ६० घडीको एक दिन मानिन्छ। आधुनिक समय मापन प्रणाली अनुसार एक घडीमा २४ मिनट हुन्छ र सो बमोजिम २.५ )अढाई/साडेदुई (घडीको एक घण्टा हुन्छ। यस अर्थमा "दुई घरीभित्र" भन्नाले ४८ मिनेट भन्ने बुझिन्छ।

[153] मुलुकी ऐन, २०२० जारी हुँदाको बखतको जवर्जस्ती करणीको महलको ८ नं. मा भनिएको थियो,
*"आफूलाई जबर्जस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँधछाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यसबखत कराई गुहार मागी वा अरु केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुने सम्मको ठूलो डर त्रास परी करणी लिन नपाउँदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लीसकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीं देखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन। एक घण्टा उप्रान्त मारेमा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुन्छ।"*

"लैङ्गिक समानता कायम गर्न तथा लैङ्गक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" द्वारा संशोधन गरियो । संशोधित व्यवस्थामा बन्धक एवं आक्रमण गरी जवर्जस्ती करणी गर्न लागेको वा गरेको अवस्थालाई थप गरियो भने जारी हुँदा महिलाले आफ्नो धर्म बचाउन नसक्ने अवस्था भएको वा निजको धर्म नष्ट हुने सम्मको अवस्था रहेको भन्ने उल्लेख भएकोमा अव धर्मको स्थानमा करणी भन्ने शब्द प्रयोग गरी भाषागतरुपमा समेत मिलाइयो । उक्त संशोधित ८ नं. मा निम्न व्यवस्था थियो :-

*"कसैले आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई बन्धक गरी वा हातपात, छेकथुन, बाँध छाँद आक्रमण इत्यादि जोर जुलुम गर्न लागेकोमा कुनै महिलाले त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफूलाई करणी गर्नबाट रोक्न नसक्ने विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिव कारण भएमा र तत्काल कसैको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था नभएमा र त्यस्तो जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्नेसम्मका उपाय तत्काल केही नगरे आफू माथि करणी हुनेसम्मको ठूलो डर, त्रास परी करणी लिन नपाउँदै वा उसै बखत, आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिई सकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा लपट्दै गई हतियार लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन ।"*

उक्त दफा ८ मा संशोधन हुनु अगाडि सर्वोच्च अदालतले श्री ५ को सरकार वि. धनमाया क्षेत्रीनी[154] भएको ज्यान मुद्दामा जबरजस्ती करणी गरेको रीस थाम्न नसकी एक घण्टाभित्रै करणी लिएको थलोमै मारेको देखिन आए सजायको भागी नहुने भनी फैसला समेत गरेको देखिन्छ । तर संशोधित व्यवस्थामा पहिले भएको एक घण्टा उप्रान्त मारेमा सजाय हुने भन्ने व्यवस्था हटाइयो । यसको अर्थ सोही कारणले लपट्दै गई जतिसुकै समयमा पीडितले पीडकको ज्यान लिएमा सजाय नहुने अवस्था हुन गयो ।

मुलुकी अपराध संहिता, २०७४ मा पनि जवर्जस्ती करणीका बिरुद्ध महिलालाई बिभिन्न अधिकार प्रदान गरिएको देखिन्छ । त्यसमध्ये निजी रक्षा पनि एक हो । हुनत निजी रक्षाको अधिकार महिलालाई मात्र होइन आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउन प्रत्येक व्यक्तिलाई प्राप्त छ । तथापी महिलाका लागि यो अधिकार अझ बढी महत्वपूर्ण छ । निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा त्यस्तो क्षतिबाट बचाउन सकिँदैन भन्ने मनासिब विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा मात्र प्रयोग गर्नु पर्दछ । यस्तो अवस्थामा गरिएको बाट अर्को पक्षलाई कुनै क्षति भएको रहेछ भने सो काम कसूर हुँदैन[155] । तर गैर कानूनी

[154] ने.का.प. २०३१, बैशाख, नि.नं. ८१९

[155] मुलुकी अपराध संहिता २०७४ को दफा २४

क्षतिबाट बचाउन तत्काल सार्वजनिक अधिकारीको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था भएकोमा वा निजी रक्षाको लागि आवश्यक पर्ने मनासिब बलभन्दा बढी बल भने प्रयोग गर्न हुँदैन[156]।

कसैले कसैलाई कुटपिट गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ[157] भने अङ्गभङ्ग गरे वा गराएमा त्यस्तो व्यक्तिलाई बढीमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ[158]। तर, निजी रक्षाको लागि आवश्यक पर्नेभन्दा बढी बल प्रयोग गरी कसैलाई क्षति पुऱ्याएकोमा अङ्गभङ्ग गरेको रहेछ भने दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय र अन्य कुनै किसिमले चोट पुऱ्याएको रहेछ भने एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने[159] गरी सामान्य अवस्थामा गरेको अङ्गभङ्ग वा कुटपिटभन्दा निजी रक्षाको लागि कानूनले तोकेको दायरा नाघी गरिएको अङ्गभङ्ग वा कुटपिटमा कम सजाय हुने व्यवस्था गरिएको देखिन्छ ।

सामान्यतः निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान लिने अधिकार हुँदैन । तर जवर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिब विश्वास भई वा जवर्जस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा वा ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जवर्जस्ती करणी गर्ने, अङ्गभङ्ग गर्ने नियतले शरीर बन्धक लिएकोमा वा अपहरण गरेको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसूर नहुने कानूनी व्यवस्था रहेको छ[160]। यसरी अधिकार प्रयोग गर्दा आवश्यकभन्दा बढी बल प्रयोग भै ज्यान गएकोमा भने त्यस्तो कार्य कसूर हुन जान्छ ।

सामान्य अवस्थामा ज्यान मारेमा भन्दा निजी रक्षाको सिलसिलामा कानूनले तोकेको दायरा नाघी अर्काको ज्यान लिएमा त्यसरी ज्यान लिने व्यक्तिलाई कम सजाय हुने कानूनी व्यवस्था रहेको छ । कसैले कसैको नियतपूर्वक ज्यान मारेमा वा ज्यान मार्ने कुनै काम गरेमा वा गराएमा त्यस्तो व्यक्तिलाई जन्म कैदको सजाय हुन्छ[161] । तर, असल नियतले निजी रक्षाको अधिकार प्रयोग गर्दा ज्यान मरेकोमा ज्यान लिने व्यक्तिलाई दशदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि एक लाख पचास हजार

[156] सोही, दफा २५ को उपदफा उपदफा (१) को खण्ड (क) तथा उपदफा (३)

[157] सोही, दफा १९१ को उपदफा (१) र (३)

[158] सोही, दफा १९२ को उपदफा (१)(४)(५)

[159] सोही, दफा १९४ को उपदफा (१) र सोको खण्ड (ख)

[160] सोही, दफा २६ को उपदफा (१) तथा उपदफा (२) को खण्ड (ख) र (ग)।

[161] सोही, दफा १७७।

रुपैयाँसम्म जरिवाना[162] हुने गरी सामान्य अवस्थामा ज्यान लिएकोमा भन्दा कम सजायको व्यवस्था गरिएको छ ।

नेपालको कानूनले अन्य अवस्थाका अतिरिक्त गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराउन सक्ने व्यवस्था गर्दै सोभन्दा बढी अवधिको गर्भपतन गराएमा सो कार्य कसूर हुनजान्छ । तर, जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ भने गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन[163] सक्ने गरी त्यस्ती महिलालाई कानूनले अतिरिक्त अधिकार प्रदान गरेको छ ।

यसरी जवर्जस्ती करणीबाट बच्न वा जबर्जस्ती करणी भैसकेपछि पनि कानूनले तोके बमोजिम पीडकको ज्यान लिन, अङ्गभङ्ग गरिदिन वा कुटपिट गर्न एवं त्यस्तो कार्यबाट गर्भ रहन गएमा सामान्य अवस्थामा भन्दा बढी अवधिको गर्भ पतन गराउन पाउने गरी नेपालको कानूनले महिलालाई अधिकार प्रदान गरेको देखिन्छ ।

## ९. यौनजन्य कसूरमा पीडक र पीडितको लैङ्गिकता

जवर्जस्ती करणीसम्बन्धी कसूर पुरुषले मात्र र महिलाका बिरुद्ध मात्र गर्छ भन्ने परम्परागत अवधारणा बर्तमान समयमा खण्डित हुन पुगेको देखिन्छ । पछिल्ला दिनमा महिला पीडक र पुरुष पीडितको संख्यामा भारी बृद्धि भएको अनुसन्धानबाट देखिएको छ[164]। बेलायतका Sexual Offences Act, 2003 को दफा १ को उपदफा (१) मा Rape को सम्बन्धमा "A person (A) commits an offence if… he intentionally penetrates the vagina, anus or mouth of another person - B_ with his penis..." भनिएको छ । यस दफामा प्रयोग भएको A person (A) र with his penis अर्थात "कुनै व्यक्तिले आफ्नो लिङ्गले" भन्ने शव्दावलीहरु प्रयोग भएको देखिँदा बेलायतमा Rape केवल पुरुषले मात्र गर्न सक्ने र महिलाले गर्न नसक्ने प्रष्ट छ । तर उक्त ऐनको दफा २ को उपदफा (१) मा Assault by penetration को सम्बन्धमा "A person (A) commits an offence if… he intentionally penetrates the vagina or anus of another person (B) with a part of his body or anything else." यस दफामा प्रयोग भएको he र his भन्ने शव्दावलीले पुरुषमात्र पीडक हुने

---

162 सोही, दफा १७९ को उपदफा (१) को खण्ड (ख)।

163 सोही, दफा १८९ (क) र (ग)।

164 बिस्तृत जानकारीका लागि हेर्नुहोस्, https://webshare.law.ucla.edu/Faculty/bibs/stemple/StempleSexualVictimizationPerpetratedFinal.pdf

देखिन्छ[165]। तथापी, बेलायतको अदालतले यो कानूनी व्यवस्थाको अक्षरस व्याख्या नगरी महिला पनि पीडक हुनसक्ने भनी ब्याख्या गरेको देखिन्छ । जस्तो Justine McNally v R [2013] EWCA Crim 1051 को मुद्दामा बेलायतको Court of Appeal ले Scott नामकी केटीले अर्की M नामकी केटीसँग आफू केटो भएको भान गरी Scott १७ वर्षकी र M १६ वर्षकी हुँदा क्अयतत ले कृत्रिम लिङ्गको प्रयोग गरी M सँग गरेको यौन कार्यलाई Sexual Offences Act, 2003 को Scetion 2 (Assault by penetration) बमोजिम क्अयतत लाई सजाय गऱ्यो ।

भारतमा त्यहाँको Penal Code को दफा 375 मा Rape को सम्बन्धमा भनिएको छः–A man is said to commit "rape" if he... penetrates his penis, to any extent, into the vagina, mouth, urethra or anus of a woman or makes her to do so with him or any other person; ..." यो दफामा प्रयोग गरिएको पीडकको लागि प्रयोग गरिएका man, he, his penis, him भन्ने शव्दावलीहरु तथा पीडितको प्रयोग गरिएका vagina, woman, her भन्ने शव्दावलीहरुले भारतको कानूनले प्रष्टरुपमा जवर्जस्ती करणीमा केवल पुरुषमात्र पीडक हुने व्यवस्था गरेको देखिन्छ । तर Indian Penal Code को दफा ३७७ मा कसैले कुनै पुरुष, महिला वा जनावरसँग प्राकृतिक नियम बिपरित जानीजानी यौनजन्य कार्य गरेमा त्यस्तो कार्य अप्राकृतिक मैथुन हुने व्यवस्था भएबाट भारतमा पुरुषको बिरुद्ध Rape हुन नसकेपनि पीडकलाई अप्राकृतिक मैथुनको कसूर अनुसार सजाय हुने देखिन्छ । यस दफामा "मञ्जुरी बिना" भन्ने शव्दावली प्रयोग नभएको हुँदा कुनै पुरुप वा महिलासँग त्यस्तो व्यक्तिको सहमतिमै अप्राकृतिक मैथुन गरेको अवस्थामा सजाय हुने देखिन्छ । जवर्जस्ती करणीको कसूरलाई लैङ्गिक तटस्थ (Gender-neutral) बनाउँन भारत सरकारले Indian Penal Code (IPC) मा प्रयोग भएको 'rape' शव्दको सट्टा 'sexual assault' राख्ने निर्णय गरेको[166] भएपनि सो कार्यान्वयन हुन सकेन ।

जापानको Penal Code को दफा १७७ मा Rape को सम्बन्धमा, "A person who, through assault or intimidation, forcibly commits sexual intercourse with a female.." भन्ने उल्लेख गरिएको हुँदा यस दफामा पीडकको रुपमा प्रयोग "A person" ले सबै लिङ्गको व्यक्तिलाई जनाउने भएकोले जापानमा जवर्जस्ती करणीको कसूरमा महिला पनि पीडक हुन सक्ने देखिन्छ । तर, यही दफामा पीडितको रुपमा "a female" भन्ने शब्द प्रयोग भएकोले जापानमा Rape मा पीडित भने महिलामात्र हुने देखिन्छ । तर, उक्त ऋयमभ को दफा दफा १७८ मा Quasi Forcible Indecency; Quasi Rape को सम्बन्धमा "A person who commits an indecent act upon a male or

[165] सो ऐनको दफा ५ (Rape of a child under 13) तथा दफा ६ (Assault of a child under 13 by penetration) मा समेत सोही प्रकारको भाषा प्रयोग गरिएको छ।

[166] Retrieved from http://articles.timesofindia.indiatimes.com/2010-03-28/view-from-venus/28125985_1_gender-neutral-pinki-virani-sexual-assault [Visited on 25th June 2020].

female…." भन्ने उल्लेख भएको देखिँदा Quasi Forcible Indecency को कसूरमा सबै लिङ्गको व्यक्ति पीडक हुन सक्ने र त्यसको पीडित भने महिला वा पुरुष हुन सक्ने देखिन्छ ।

क्यानाडाको Criminal Code, 1985 को दफा 265 (1) मा Assault को सम्बन्धमा "A person commits an assault when (a) without the consent of another person" भन्ने उल्लेख भएको, दफा 271 मा Sexual assault को सम्बन्धमा "Everyone who commits a sexual assault is guilty" भन्ने उल्लेख भएको, दफा 272 (1) मा Sexual assault with a weapon, threats to a third party or causing bodily harm को सम्बन्धमा "Every person commits an offence who, in committing a sexual assault" भन्ने उल्लेख भएको र दफा 273 (1) मा Aggravated sexual assault को सम्बन्धमा "Everyone commits an aggravated sexual assault who, in committing a sexual assault, wounds, maims" भन्ने उल्लेख भएको छ । उल्लेखित दफाहरुमा पीडकको रुपमा man, जभ जस्ता पुलिङ्गी शव्दहरुको प्रयोग नगरि लैङ्गिक तटस्थ (Gender neutral) शव्हरु A person, another person, everyone, every person प्रयोग भएकोले क्यानाडाको कानून अनुसार जवर्जस्ती करणीमा पीडित वा पीडक जुनसुकै लिङ्गको हुन सक्ने देखिन्छ ।

नेपालको सन्दर्भमा जारी हुँदाको मुलुकी ऐन, २०२० मा पुरुषले महिलालाई जवर्जस्ती करणी गर्नसक्ने व्यवस्था रहेकोले त्यसबखत पीडक पुरुष र पीडित महिला मात्र हुन सक्ने कल्पना गरिएको थियो । तर, "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" ले मुलुकी ऐन, २०२० को जवर्जस्ती करणीको महलको १ नं. रहेको "जवर्जस्ती करणी"को परिभाषालाई संशोधन गरी "कसैले कुनै महिलालाई..."[167] भन्ने शव्दावली प्रयोग गरियो । तत्पश्चात, नेपालमा जवर्जस्ती करणीको कसूरमा जुनसुकै लिङ्गको व्यक्ति पनि पीडक हुन सक्ने र पीडित भने महिलामात्र हुने व्यवस्था प्रारंभ भएको देखिन्छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) मा "कसैले कुनै महिलालाई ..." भन्ने शव्दावली प्रयोग भएको छ । "कसैले" भन्नाले जुनसुकै लिङ्गको व्यक्ति जनिने भएकोले नेपालको कानून अनुसार जवर्जस्ती करणीको कसूरमा जुनसुकै लिङ्गको व्यक्ति पीडक हुन सक्ने देखिन्छ । तर, उक्त दफामा "महिलालाई" भन्ने शव्द परेको हुँदा जवर्जस्ती करणीको कसूरमा पीडित भने महिलामात्र हुने गरी व्यवस्था गरिएको छ । त्यस्तैगरी संहिताको दफा २२४ मा "कसैले कसैलाई..." दफा २२५ मा मा "कसैले ... बालबालिकालाई..." र दफा २२६ मा "कसैले कसैको..." भन्ने शव्दावली प्रयोग भएको

[167] २०६३ मा भएको संशोधन पछिको १ नं.।

हुँदा यौन दुर्व्यवहार, बालयौन दुरुपयोग र अप्राकृतिक मैथुनको[168] कसूरमा पीडक र पीडित जुनसुकै लिङ्गको पनि हुनसक्ने देखिन्छ । नेपालको सर्वोच्च अदालतले पनि जवर्जस्ती करणीको कसूरमा महिला पनि पीडक हुनसक्ने भनी फैसला गरेको देखिन्छ । जस्तोः लाक्पा शेर्पा वि. नेपाल सरकार[169] भएको मुद्दामा महिलाले कृत्रिम लिङ्गको प्रयोग गरी अर्को महिलाको योनीमा प्रबेश गराएको बिषयलाई जवर्जस्ती करणी मानी सर्वोच्च अदालतले महिलालाई सजाय गरेको छ ।

संयुक्त राज्य अमेरिकाको अदालतले पनि जवर्जस्ती करणीमा महिला पीडक र पुरुष पीडित हुन सक्ने गरी फैसला गरेको देखिन्छ । State v. Letourneau[170] को मुद्दामा ३५ बर्षीया Mary K. Letourneaua नाम गरेकी चारवटा छोराछोरीको आमा जो स्कूलको शिक्षिका पनि थिईन । उनले सन् १९९७ मा १३ वर्षको आफ्नै बिध्यार्थीसँग यौनसम्बन्ध राखेको हुँदा उनलाई Revised Code of Washington (RCW) 9A.44.076 बमोजिम नाबालकसँग rape गरेको भनी मुद्दा चलाइयो र उनलाई अमेरिकाको The Court of Appeals of Washington, Division One ले ८९ महिना कैद गऱ्यो । त्यस्तै State v. Lafave[171] को मुद्दामा सन् १९८० मा जन्मिएकी Debra Lafave अमेरिकाको Temple Terrace, Florida मा रहेको Angelo L. Greco Middle School मा शिक्षिकाको रुपमा कार्यरत थिईन । सन् २००४ मा उनले १४ वर्षको आफ्नै बिद्यार्थीसँग यौनजन्य कार्य गरेको अभियोगमा अभियोगको सौदाबाजी (plea bargain) पश्चात तीन वर्षसम्म घरमा नजरबन्द र सात वर्षको प्रोबेशनमा रहने गरी सजाय तोकियो । यसैगरी Turner v= Tenn. Bd. of Prob[172] को मुद्दामा सन् १९७७ मा जन्मिएकी Pamela Rogers Turner, अमेरिकाको McMinnville, Tennessee स्थित एक प्राथमिक बिद्यालयकी शिक्षिका थिईन । उनी २७ वर्षकी हुँदा १३ वर्षको आफ्नै बिद्यार्थी (केटा) सँग यौनजन्य कृयाकलाप गरेको अभियोगमा (sexual battery and statutory rape) सन् २००५ मा मुद्दा चलाई सजाय गरियो ।

168 तर मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को अनुसूची–४ को १(क)(३) मा अपराध संहिताको दफा २२६ (१८ बर्ष र सोभन्दा बढी उमेरकी महिला भएमा) त्यस्तो अप्राकृतिक मैथुनको कसूर व्यक्तिबादी भै चल्ने गरी ब्यबस्था भएको छ। उक्त अनुसूचीमा प्रयुक्त भएको "१८ बर्ष र सोभन्दा बढी उमेरकी महिला भएमा" भन्ने शव्दावलीले सोहि उमेरको पुरुष भएमा व्यक्तिबादी मुद्दा पनि चलाउन नसकिने भन्ने देखिन आएको छ।

169 ने.का.प २०७३, पौष, नि. नं. ९६८४

170 997 P.2d 436 (Wash. Ct. App. 2000)

171 *113 So. 3d 31 (Fla. Dist. Ct. App. 2012),* Lafave v. State *149 So. 3d 662 (Fla. 2014*

172 *No. M2009-01908-COA-R3-CV (Tenn. Ct. App. Oct. 6, 2010), You can see also a television documentary "Twisted: Teachers Who Prey" on* https://vimeo.com/156183241

अमेरिकामा शिक्षिका र बालक बिद्यार्थीबीचको यौन सम्बन्धका घट्नाहरु बढ्दै गएको देखिन्छ[173] भने बाल बिद्यार्थीसँगको यौन सम्बन्धलाई मजबुत बनाउन आफ्नै लोग्नेलाई मार्न सहयोग गरेका घटना समेत देखिन्छ । उदाहरणको लागि Smart v. Goord[174] को मुद्दालाई लिन सकिन्छ । यस मुद्दामा १९६७ मा जन्मिएकी Pamela Ann Smart (née Wojas) ले Media coordinator को रुपमा New Hampshire स्थित Winnacunnet High School, Hampton मा कार्यरत थिईन । सन् १९९० मा १५ वर्षको यौनसाथी William लाई २४ वर्षको आफ्नै लोग्नेको हत्या गर्न सघाएको आरोपमा सजाय गरियो । सन् २०१४ मा "Captivated: The Trials of Pamela Smart" नामक फिल्म समेत बनेको छ ।

विभिन्न देशको कानूनी व्यवस्थालाई हेर्दा पुरुषले महिलालाई मात्र Rape गर्न सक्ने होईन, महिलाले पुरुषलाई पनि Rape गर्न सक्छ भन्ने देखिन्छ । मुलतः महिलाले पुरुषलाई तीन तरिकाबाट Rape गर्ने देखिन्छ । पहिलो, वयस्क महिलाले उमेर नपुगेको बालकसँग करणी गरेमा त्यो Statutory rape हुन जान्छ । दोस्रो, पुरुषको ईच्छा बिपरित उसको गुद्वारमा औंला वा कुनै बस्तु प्रवेश गराउनु वा मुख मैथुन गर्नु गराउनु, र तेस्रो, करकाप गरी आफूसँग यौनसम्बन्ध राख्न लगाउनु। तर, महिलालाई करकापमा पारी जसरी सहजै करणी हुनसक्छ ठिक त्यसैगरी महिलाले पुरुषसँग करणी गर्न सक्ने संभावना ज्यादै कम हुन्छ । किनकी यौन अङ्गको बनावट र प्रकृति अनुसार यौनसम्बन्धका लागि पुरुषको लिङ्ग खडा (Erection) हुनु आवश्यक हुने र करकापमा परेको पुरुषमा यस्तो अवस्था प्रायः संभावना हुँदैन । तथापी, कतिपय अवस्थाहरु जस्तै महिलाले पुरुषलाई Blackmail गरी यस्तो कार्य भने गर्न सक्छन्[175] ।

माथि गरिएको बिश्लेषणबाट प्रष्ट हुन्छ की जवर्जस्ती करणीको कसूरमा पुरुष पीडक र महिला पीडित मात्र होइन, त्यस बिपरित जुनसुकै लिङ्गको व्यक्ति पीडक र पीडित हुनसक्ने आधुनिक फौजदारी कानूनले स्वीकार गरेको देखिन्छ । तथापी, नेपालको कानून अनुसार पीडक जुनसुकै लिङ्गको हुनसक्ने तर पीडित भने महिलामात्र हुन सक्ने (Gender Bias) भएकोले यस सम्बन्धमा नेपालको कानून लैङ्गिक तटस्थ (Gender Neutral) हुन सकेको छैन ।

---

173 Teacher-student sex cases rise in US, Read more at: http://timesofindia.indiatimes.com/articleshow/7240081.cms?referral=PM&utm_source=contentofinterest&utm_medium=text&utm_campaign=cppst

174 21 F. Supp. 2d 309 (S.D.N.Y. 1998)

175 Retrieved from http://www.feministcritics.org/blog/2009/01/05/can-women-rape-men-rp/ [Visited on 25th June 2019].

## १०. नजिकको उमेरमा छुट अर्थात् रोमियो र जुलियट कानून (Close-in-exemption or Romeo and Juliet Law)

कानूनतः बलात्कार (Statutory rape) मानिने अवस्थामा दुबैको मञ्जुरीले यौनसम्बन्ध स्थापित गरेका जोडीमध्ये दुवै वा एकजना उमेर नपुगेको अवस्थामा त्यस्तो कार्यलाई अवस्था अनुसार कसूर नमान्ने वा कम सजाय गर्ने कानूनी व्यवस्थालाई नजिकको उमेर छुटको कानून (Close-in-exemption) वा रोमियो र जुलियट कानून (Romeo and Juliet Law)[176] भन्ने बुझिन्छ । कानूनले एकातर्फ बालबालिकालाई उनीहरुको शारीरिक तथा मानसिक कमजोरीको कारण उमेर पुगेको व्यक्तिले खतरामा पार्नसक्ने संभाबित जोखिमबाट बालबालिकालाई बचाई उनीहरुको संरक्षण गर्ने गरी Statutary Rape को व्यबस्था गरेको पाईन्छ भने अर्कोतर्फ बालबालिकाले पनि प्रेम गर्नसक्ने, त्यस्तो प्रेमलाई कानूनले रोक्न पनि नसक्ने, एकअर्काप्रति समर्पित त्यस्ता जोडीको बीचमा हुने यौन सम्बन्धलाई अपराधिक प्रबृत्ति मान्न नसकिने र बालबालिकाकै हितका लागि पनि उनीहरु बीच भएको यौनसम्बन्धको बिरुद्ध मुद्दा चलाई सजाय गरिनु न्यायोचित नहुने भएकोले कानूनमा यस्तो छुट दिएको पाईन्छ । यस अर्थमा Romeo and Juliet Law लाई Statutary Rape को अपबादको रुपमा पनि लिन सकिन्छ ।

यस्तो छुट संसारका कतिपय देशको कानूनमा दिएको र कतिपय देशमा नदिई अन्य तरिकाबाट व्यवस्थित गरेको देखिन्छ भने कतिपय देशहरुले यो समस्याप्रति ध्यान पुर्‍याउन नसकेको देखिन्छ । अमेरिका, क्यानाडा जस्ता देशमा यस्तो छुटको व्यवस्था गरिएको छ भने बेलायतमा यस्तो छुटको व्यवस्था नगरी अन्य व्यवस्था गरिएको छ । त्यस्तैगरी पछिल्लो अवस्थाको देशका नेपालको उदाहरण लिन सकिन्छ । अमेरिकाका आधीभन्दा बढी राज्यहरुमा यस्तो छुटसम्बन्धी कानूनी व्यवस्था रहेको छ । अमेरिकाका Alabama, Alaska, Arizona, Arkansas, Colorado, Connecticut, Delaware, District of Columbia, Florida, Hawaii, Indiana, Iowa, Maine, Mississippi, New Hampshire, New Jersey, New Mexico, North Carolina, Ohio, Oklahoma, Pennsylvania, Rhode Island, Tennessee, Utah, Vermont र Virginia राज्यमा नजिकको उमेर रहेका जोडीहरु बीच सहमतिमा भएको यौनजन्य कसूरमा छुट दिने गरी कानूनी व्यवस्था गरिएको

---

[176] "Romeo and Juliet" प्रशिद्ध अंग्रजी साहित्यकार William Shakespeare बाट लेखिएको एक बियोगान्त नाटक हो। जसमा Romeo र Juliet बीचको गहिरो प्रेमगाथा छ। नेपाली साहित्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित "मुदा मदन"लाई पनि Romeo and Juliet को जस्तै प्रेमकथाको रुपमा लिइन्छ। एक जोडीको बीचमा झाँङ्गिएको प्रेम सम्बन्धबाट सिर्जित यौनकार्य Romeo र Juliet को जस्तै प्रेमको प्रतीक मानी तर्जूमा गरिएकाले कानूनलाई ती जोडीकै नामबाट Romeo and Juliet Law पनि भन्ने गरिएको।

देखिन्छ[177] । जोडीहरुका बीच कति वर्ष फरक रहेको अवस्थामा यस्तो उन्मुक्ति दिने भन्ने उमेरको फरकपना भने राज्यपिच्छे फरकफरक रहेको छ[178]। जस्तै Alabama, Arizona मा दुई वर्ष, Alaska मा तीन वर्ष, Arkansas मा अवस्था अनुसार तीन र चार वर्ष फरका उमेरको व्यक्तिसँग गरिएको यौनसम्बन्ध कसूर हुँदैन । त्यस्तै गरी Colorado को कानून अनुसार statutory rape को उमेर १७ वर्ष तोकिएको छ । यहाँ १६ वर्षका व्यक्तिसँग १० वर्षभन्दा कम उमेर फरक भएको जोडी (Partner) ले यौनकार्य गर्न सक्छ भने त्यस्तो १५ वर्षभन्दा कम उमेरको व्यक्तिसँग भने चार वर्ष फरक उमेरको व्यक्तिले यौनसम्बन्ध राख्न सक्ने गरी कानूनमा व्यवस्था गरिएको छ ।

क्यानाडाको Criminal Code अनुसार सामान्यतः सहमतिको उमेर १६ वर्ष तोकिएको छ । तर, १४ वा १५ वर्षको व्यक्तिसँग पाँच वर्षभन्दा कम उमेर फरक भएको जेठो जोडी (Partner) ले यौनसम्बन्ध राख्न सक्छ भने १२ वा १३ वर्षको बालबालिकासँग दुई वर्षभन्दा कम उमेर फरक भएको जोडी (Partner) ले यौनसम्बन्ध राख्न सक्छ । यसरी क्यानाडाको कानून अनुसार बढीमा पाँचभन्दा कम फरक उमेरको व्यक्तिसँग गरिएको यौनजन्य कार्य कसूर नहुने गरी छुटको व्यवस्था गरिएको देखिन्छ भने १२ वर्षभन्दा कम उमेरको बालबालिकाले भने कुनैपनि अवस्थामा कानूनीरुपमा सहमति दिन सक्तैन[179]।

बेलायतमा नजिकको उमेरमा भएको यौनसम्बन्धमा छुट दिने कानूनी व्यवस्था छैन । यदि दुबैजना १६ वर्षभन्दा कम उमेरको अर्थात बालबालिका छन् र दुबै जनाको सहमतीमा यौनजन्य कार्य गरेमा को पीडक र को पीडित भन्ने प्रश्न उब्जिन्छ । तसर्थ सामान्यत यस्तो अवस्थामा मुद्दा चलाईंदैन र यदी चलाईन्छ भने दुबै जनालाई चलाईन्छ[180]।

कतिपय अमेरिकी राज्यमा समस्या परेपछि र अदालतले आदेश गरेपछि मात्र Close-in-exemption को व्यवस्था गरेको पनि देखिन्छ । जस्तैः Humphrey v. Wilson[181] को मुद्दामा १७ वर्षको Genarlow Wilson ले १५ वर्षकी T. C. सँग मुख मैथुन (oral sex) गरेकोमा अभियोगमा The Official Code of Georgia Annotated or OCGA को Section 16-6-4 बमोजिम १० वर्षको सजाय तोकियो । यो यौनजन्य क्रियाकलाप दुबैजनाको सहमतिमै भएको थियो । तल्लो अदालतले गरेको यो सजायका बिरुद्ध Genarlow Wilson ले Georgia को सर्वोच्च अदालतमा

[177] Retrieved from https://www.ageofconsent.net/close-in-age-exemptions [Visited on 25th June 2019].

[178] Retrieved from https://definitions.uslegal.com/r/romeo-and-juliet-law/ [Visited on 25th June 2019].

[179] Criminal Code, 1985 of Canada, Sec. 150.1 (2).

[180] Retrieved from https://www.ageofconsent.net/world/united-kingdom [Visited on 25th June 2019].

[181] 282 Ga. 520 (3) (a) (652 SE2d 501) (2007), तथा हेर्नुहोस्, https://www.thoughtco.com/romeo-and-juliet-laws-what-they-mean-3533768 [Visited on 25th June 2019].

बन्दीप्रत्यक्षीकरणको रिट दायर गरे। यो सजाय ज्यादै असामान्य र क्रुर भएको भन्दै Georgia को Supreme Court ले Genarlow Wilson लाई जेलमुक्त गऱ्यो । यो फैसलापछि Georgia राज्यले कानूनमा संशोधन गरी किशोर किशोरीबीच मञ्जुरीले भएको यौनजन्य कार्यलाई सामान्यखालको कसूरको रुपमा राख्यो र सजाय पनि घटाई बढीमा एक वर्षसम्म मात्र सजाय हुने व्यवस्था गऱ्यो । कतिपय अमेरिकी राज्यहरुमा केटा वा केटी जो कम उमेरको छ उसैलाई मुद्दा चलाउने गरेको पनि देखिन्छ । जस्तैः अमेरिकाको Salt Lake City को Utah Supreme Court ले सन् २००६ मा एक १३ बर्षीया बालिका र १२ वर्षको बालकबीच भएको यौन सम्बन्धको लागि बालिकालाई कसूरदार ठहर गरेको थियो[182] । कुनैकुनै राज्यमा यस्ता प्रेमीप्रेमिकाको बीच भएको यौन सम्बन्धमा सजाय ठहर भए पनि माफि दिने गरिएको पनि देखिन्छ[183]।

नेपालमा जस्तै भारतमा पनि Close-in-exemption को कानूनी व्यवस्था छैन । भारतमा मञ्जुरी दिन सक्ने उमेर १६ वर्ष रहेकोमा खासै छलफल नगरी २०१२ मा Protection of Children from Sexual Offences Act मा १८ वर्ष कायम गरिएको, युवा अवस्थाका व्यक्तिबीच सहमतिमा हुने यौनसम्बन्धमा कानूनी बन्धन खडा गर्नु उपयुक्त नरहेको, भारत UN Convention on the Rights of the Child को हस्ताक्षरकर्ता भएको कारणले पनि यस्तो अवस्थामा सजाय गरिनु बालबालिकाको सर्वोत्तम हित बिपरित (Against the best interest of the child) रहेको भनि आलोचना हुने गरेको र युवा अवस्थाका व्यक्तिहरु बीच भएको सहमतिपर्ण यौनसम्बन्धको हकमा दुईको बीचको उमेर चार वर्षसम्म भएमा त्यस्तो कार्यलाई कसूर मान्न नहुने भन्ने कानूनबिद्को सुझाव समेत रहेको देखिन्छ[184]।

नेपालमा Close-in-exemption को कानूनी व्यवस्था नभएको तर शिक्षा, चेतना र आर्थिक अवस्था कमजोर भएको समाजमा कानूनले तोकेको उमेरभन्दा अगावै बिवाह हुने, उमेर नपुगी प्रेम सम्बन्ध हुने र त्यसको परिणामस्वरुप यौनजन्य क्रियाकलाप हुने गरेको देखिएको छ । यस्तो कार्यलाई अपराधिकरण गरी समाजमा अपराधीहरुको संख्या बृद्धि गर्नुभन्दा UN Convention on the Rights of the Child को हस्ताक्षरकर्ता भएको नाताले बालबालिकाको सर्वोत्तम हित (For the best interest of the child) को लागि Close-in-exemption को कानूनी व्यवस्था गरी शिक्षा, चेतना र सम्बृद्धि मार्फत यस्ता क्रियाकलाप न्यून गर्न सकिन्छ ।

---

182 हेर्नुहोस्, http://www.denverpost.com/2006/12/05/girl-13-charged-as-sex-offender-and-victim/ [Visited on 25th June 2019]

183 हेर्नुहोस्, https://www.ageofconsent.net/statutory-rape-sex-offender [Visited on 25th June 2019]

184 हेर्नुहोस्, https://www.bbc.com/news/world-asia-india-21950197 [Visited on 25th June 2019]

## ११. नेपालमा जवर्जस्ती करणीको घटनामा बृद्धि र यसको कारण

नेपालमा जवर्जस्ती करणीका घटनाहरुमा हरेक वर्ष निकै धेरै संख्यामा बृद्धि हुदै गइरहेको छ । जिल्ला सरकारी वकील कार्यालयहरुबाट दायर भएका करणीसम्बन्धी मुद्दाहरु (जवर्जस्ती करणी, सोको उद्योग तथा अप्राकृतिक मैथुन समेत) को तलको तालिकामा देखाइएको छ ।

| आ.व. | मुद्दा | ठहर | | सफाई | | आ.व. | मुद्दा | ठहर | | सफाई | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०५६/५७ [185] | NA | १५० | ६४ | ८४ | ३६ | २०६६/६७[186] | ५३० | ३१७ | ६६ | १६४ | ३४ |
| २०५७/५८ [187] | १७३ | १२४ | ६६ | ६५ | ३४ | २०६७/६८[188] | ६२७ | ३८६ | ६६ | १९९ | ३४ |
| २०५८/५९ [189] | १८० | १२२ | ६५ | ६६ | ३५ | २०६८/६९[190] | ८०१ | ४२२ | ६२ | २५६ | ३८ |
| २०५९/६० [191] | १९२ | ११८ | ७२ | ४५ | २८ | २०६९/७०[192] | १०३८ | ४०२ | ५५ | ३२६ | ४५ |
| २०६०/६१ [193] | २२८ | १४६ | ६८ | ६८ | ३२ | २०७०/७१[194] | १३८७ | ७६३ | ६२ | ४६७ | ३८ |
| २०६१/६२ [195] | २१० | १२६ | ६८ | ५९ | ३२ | २०७१/७२[196] | १७४५ | १०४ ३ | ६२ | ६५० | ३८ |

185 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०५६/५७, पृष्ठ ७७

186 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६६/६७, पृष्ठ ५२

187 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०५७/५८, पृष्ठ ५३, १०६

188 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६७/६८, पृष्ठ ६४

189 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०५८/५९, पृष्ठ ५६

190 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६८/६९, पृष्ठ ६२

191 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०५९/६०, पृष्ठ ५५

192 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६९/७०, पृष्ठ ७४

193 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६०/६१, पृष्ठ ५४, १०७

194 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७०/७१, पृष्ठ ६९, ७१

195 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६१/६२, पृष्ठ ५५

196 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७१/७२, पृष्ठ ६८, ७०

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६२/६३ [197] | २३० | १२७ | ७२ | ४९ | २८ | २०७२/७३[198] | १७३० | ११०५ | ६४ | ६२५ | ३६ |
| २०६३/६४ [199] | ४१३ | २०० | ६९ | ८८ | ३१ | २०७३/७४[200] | २०२७ | ९५२ | ६० | ६२८ | ४० |
| २०६४/६५ [201] | ३८७ | २०४ | ६२ | १२४ | ३८ | २०७४/७५[202] | २१९६ | १०८३ | ५८ | ७८० | ४२ |
| २०६५/६६ [203] | ४८५ | २९५ | ६५ | १६१ | ३५ | २०७५/७६[204] | ३१५८ | १३४८ | ५४ | ११२९ | ४६ |

(नोटः मुद्दा संख्या बराबर नै सो वर्षमा फैसला नहुने भएकोले ठहर भएका र नभएका दुबै जोड्दा मुद्दा संख्या बराबर नदेखिएको)

माथि उल्लेख गरिएको बीस वर्षको जवर्जस्ती करणीसम्बन्धी कसूरको मुद्दा संख्यालाई हेर्दा १९ वर्षमध्ये (आ.व. २०५६/५७ बाहेक) तीन वर्षमा (आ.व. २०६१/६२, २०६४/६५, २०७२/७३) बाहेक १६ वर्षको संख्या हेर्दा हरेक वर्षमा कसूरको संख्या बढेको बढ्यै छ । यस्तो कसूर नियन्त्रणको विभिन्न उपायहरु हुन सक्छन्, तथापी नेपालले कानूनमा सजायको बढोत्तरी गर्नेबाहेक अन्य उपायहरु खासै अपनाएको देखिँदैन । जारी हुँदाको मुलुकी ऐन, २०२० मा बढीमा दश वर्षसम्म[205] सजाय रहेकोमा २०५९, २०६३ र २०७२ मा सजायमा बृद्धि गरियो । मुलुकी ऐन, २०२० लाई प्रतिःथापन गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ मा सजायमा अझ बढोत्तरी गरियो । यसरी सजाय बढाउँदा कसूरको संख्या घट्यो वा घटेन भन्ने सम्बन्धमा मूल्याङ्कन गर्ने बेला आएको छ । २०५९।०६।१० मा भएको "मुलुकी (एघारौं संशोधन) ऐन, २०५८" ले सजाय बढाए पछिको अर्को वर्ष (आ.व. २०६०/६१) मा अघिल्लो वर्षको तुलनामा १९५ ले जवर्जस्ती करणीको कसूरमा मुद्दामा बृद्धि भएको देखिन्छ । त्यसैगरी २०६३।७।१७ मा "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३" ले सजायमा पुनः बढोत्तरी गरेको वर्ष (आ.व. २०६३/६४) मा गत वर्षको तुलनामा ८०५ ले यस्ता मुद्दामा बृद्धि भएको छ भने त्यसको दोस्रो वर्ष (आ.व. २०६५/६६) मा अघिल्लो वर्षको तुलनामा २५५ ले

---

197 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६२/६३, पृष्ठ ५१, १०५
198 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७२/७३, पृष्ठ ७८, ८०
199 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६३/६४, पृष्ठ ६०, १४३
200 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७३/७४, पृष्ठ ८९, ९१
201 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६४/६५, पृष्ठ ६५, १५८
202 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७४/७५, पृष्ठ ८०, ८१
203 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०६५/६६, पृष्ठ ५१, १२३
204 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७५/७६, पृष्ठ ८३, ८५
205 मुलुकी ऐन, २०२० जारी हुँदाको ३ नं.

मुद्दामा बृद्धि भएको देखिन्छ । यसरी नै २०७२।०६।१४ मा "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले पनि सजाय बढायो तर त्यसको अर्को वर्ष (आ.व. २०७३/७४) मा गत वर्षको तुलनामा १७५ ले मुद्दामा बृद्धि भएको देखिन्छ । २०७४/०६/३० मा प्रमाणीत भै २०७५ भदौ १ गतेबाट लागू भएको मुलुकी अपराध संहिता, २०७४ ले बिगतमा भएको सजायमा निकै बढोत्तरी गरेपनि उक्त कानून लागू भएको वर्ष (आ.व. २०७५/७६) मा गत वर्षको तुलनामा ४४५ ले जवर्जस्ती करणीका मुद्दामा बृद्धि भएको देखिन्छ । माथि उल्लेखित बिवरणबाट सजाय बढाउँदैमा कसूरको मात्रामा कमी नआउने मात्र होइन, सजायको बढोत्तरीसँग कसूरको सँख्याको बीचमा कुनै सम्बन्ध नरहेको प्रष्ट छ । तसर्थ, जवर्जस्ती करणीको कारण पत्ता लगाई त्यतातर्फ ध्यान पुऱ्याउनु आवश्यक छ ।

यसरी जवर्जस्ती करणीका घटनाहरुमा निरन्तर बृद्धि भइरहनुको पछाडि रहेका कारणहरुको खोजि गर्न छुट्टै अध्ययन, अनुसन्धानको आवश्यकता रहन्छ तथापि अघिल्ला हरफहरुमा गरिएको बिश्लेषण तथा कार्य अनुभवको आधारमा यसरी बृद्धि हुनुको पछाडि निम्न कारणहरु रहेको देखिएको छ:-

१. **यौन आकाङ्क्षा:** जवर्जस्ती करणीका घटनाहरुमा बृद्धि हुनुको प्रमुख कारण यौन आकांक्षा नै हो । जव कुनै व्यक्तिले आफ्नो यौन आकांक्षालाई सहजै पुरा गर्न सक्दैन र त्यस्तो आकांक्षालाई बसमा राख्न पनि सक्दैन यसले अपराधको रुप धारण गर्दछ भन्ने तथ्य नेपालको सन्दर्भमा मात्र होइन संसारभर लागू हुने बिषय हो ।

२. **संवेदनहीन उच्छृङ्खल प्रबृत्ति:** कतिपय व्यक्तिहरुमा रहेका उच्छृङ्खलता तथा महिलाको संवेदनशिलताको ख्याल नगर्नाले पनि यस्ता घटनाहरु हुने गरेको देखिन्छ ।

३. **सङ्कुचित समाज:** यौनका विषयमा हाम्रो समाज सङ्कुचित रहेको छ । घर परिवार वा समाजमा यौनको सम्बन्धमा के गर्न हुने र नहुने? कहिले र कुन अवस्थामा हुने भन्नेजस्ता बिषयमा खुला रुपमा छलफल हुँदैन । यसका अतिरिक्त यौनिक उत्सुकता यसको समाधानको बिषयमा पाठ्यपुस्तक वा अनौपचारिक माध्यमबाट सम्बोधन हुन सकेको देखिँदैन । यस्तो बिषय बालवालिकाको हकमा अझ बढी आवश्यकता पर्ने भएपनि उनिहरुको आचरणगत व्यबहारको सम्बन्धमा यथोचित ध्यान पुग्न सकेको देखिँदैन । जसले गर्दा व्यक्तिमा जागृत यौन आकांक्षा अपराधको रुपमा परिणत हुन पुग्दछ ।

४. **लागू औषध तथा मादक पदार्थको असर:** कतिपय व्यक्तिमा लागू औषध वा मादक पदार्थको सेवनपछि यौन चाहना बढ्ने र त्यो समयमा आत्मसंयम गुमाउन पुगी जवर्जस्ती करणीका घटनाहरु घट्ने गरेको देखिन्छ ।

५. **प्रेमसम्बन्धमा परिवारको अस्वीकृती:** युवा-युवतीबीच प्रेम बिवाह हुने र त्यस्तो बिवाहलाई परिवारले अस्वीकृत गरि त्यस बिरुद्ध जवर्जस्ती करणीको मुद्दा पर्ने गरेको छ । अझ अन्तर्जातीय प्रेमसम्बन्धमा यस्तो समस्या झन बढी देखिएको छ । उदाहरणका लागि झापाको दमक नगरपालिका १७ बर्षीय सुमन विश्वकर्माले २०७५ चैतमा राई थरकी एक कीशोरीसँग गरेको प्रेमविवाह किशोरीको परिवारले स्वीकार गरेन र सुमन बिरुद्ध जवर्जस्ती करणीको मुद्दा दायर गरे । किशोरीको उमेर १५ वर्षको भएकोले कानूनतः बलात्कार हुन गै उनलाई झापा जिल्ला अदालतले नौ वर्षको सजाय तोक्यो[206]।

६. **कानूनी ज्ञानको अभावः** जबर्जस्ती करणी गर्नु गंभीर एवं जघन्य अपराध हो भन्ने कुरा कतिपय मानिसमा ज्ञानको अभाव हुनु र त्यसमा पनि दुबैको सहमतिमा भएको यौनकार्य कानूनतः बलात्कार (Statutory rape) हुन्छ भन्ने कुरालाई धेरै मानिसहरुले थाहा पाएका हुँदैनन । खासगरी प्रेमी-प्रेमिकाहरुले यस्तो कानूनको अज्ञानबस दुबैको स्वेच्छामा करणी हुने र त्यसको बिरुद्धमा मुद्दा पर्ने गरेको देखिन्छ[207]।

७. **मञ्जुरी दिने उमेरमा बृद्धिः** नेपालमा यौन सम्बन्धको लागि मञ्जुरी दिने उमेर सोह्र वर्ष[208] रहेकोमा मुलुकी अपराध संहिता, २०७४ ले सो उमेर बृद्धि गरी अठार वर्ष[209] पुऱ्याएको छ । एकातर्फ खानपान, बिद्युतीय उपकरणले यौनजन्य सामाग्रीमा पहुँचको कारण मानिसमा कम उमेरमै यौन चाहना हुने तर हिजोको दिनमा कसूर नभएको कार्य (सोह्र वर्ष पुरा भएको महिलासँग सहमतिमा भएको यौनजन्य कार्य) आजको कानूनले अपराध घोषित गरिदिएको कारण जवर्जस्ती करणीका मुद्दामा बृद्धि हुनु स्वभाबिक छ ।

---

206 *नेपाल सरकार वि. परिवर्तित नाम ०४–५–आ,* मुद्दा नं. ०७५–*C*१-०४८७, झापा जिल्ला अदालत, फैसला मितिः २०७६/११/२९; साथै हेर्नुहोस्, *https://www.nayapatrikadaily.com/news-details/44608/2020-06-03;* साथै धनपैत सरदार वि. नेपाल सरकार, सर्वोच्च अदालत, मु. नं. ०७१_*CR*-१२४२ को मुद्दा पनि यस बिषयमा सान्दर्भिक छ। यसको फैसलाको प्रति *http://www.supremecourt.gov.np/cp/assets/downloads/supreme_142116.pdf* बाट प्राप्त गर्न सकिने,

207 उदाहरणको लागि हेर्नुहोस्, धनपैत सरदार वि. नेपाल सरकार, सर्वोच्च अदालत, मु. नं. ०७१_*CR*-१२४२; परिवर्तित नाम ०४–५–अ/१ को जाहेरीले नेपाल सरकार वि. परिवर्तित नाम ०४–५–आ, मुद्दा नं. ०७५–*C*१-०४८७, झापा जिल्ला अदालत, फैसला मितिः २०७६/११/२९; साथै हेर्नुहोस्, *https://www.nayapatrikadaily.com/news-details/44608/2020-06-03*

208 मुलुकी ऐन, २०२०, जवर्जस्ती करणीको महलको १ नं.

209 हेर्नुहोस्, दफा २१९ को उपदफा (२)

८. **बालविवाहमा कडाई:** एकातर्फ नेपालको कानूनले बीस वर्ष नपुगी विवाह गर्न नहुने गरि रोक लगाएको छ[210] भने अर्कोतर्फ कानूनले तोकेको उमेरभन्दा कम उमेरमै मानिस प्राकृतिकरुपमा यौनिक सक्रिय (Sexually active) हुन्छ । यस्तो अवस्थामा जव कानूनी बन्देजलाई प्राकृतिक नियमले कुल्चिन पुग्दछ, नेपालको सन्दर्भमा[211] यो जघन्य अपराध बन्न पुग्दछ । यस्ता नावालिकासँग विवाह गरी सहमतिमा यौन सम्बन्ध राखेको अबस्थामा समेत जवर्जस्ती करणी हुने भनी नेपालको सर्वोच्च अदालतले पनि कठोर ब्याख्या गरेको छ[212]।

९. **यौन खेलौनाको प्रयोगमा हिचकिचाहट:** नेपाली समाज यौनको मामिलामा अझपनि संकुचित नै छ । यौन आकांक्षा पुरा गर्ने बैकल्पिक उपायको रुपमा विश्वका कतिपय देशहरुमा यौन खेलौनाहरुको खरिद बिक्रि तथा प्रयोग हुने गरेको पाइन्छ। नेपालमा त्यसरी यौन खेलौनाको खरिद बिक्रि तथा प्रयोग गर्न हिचकिचाउने तर त्यसको परिणाम जवर्जस्ती करणीमा परिणत हुन पुग्छ ।

१०. **यौन व्यवसायको अबैधानिकता:** यौन व्यवसाय बैधानिक भएको अवस्थामा त्यसको कारण ३० देखि ४० प्रतिशतसम्म यौनजन्य अपराधमा कमि हुने कुरा अध्ययनले देखाएको छ[213]। विश्वका ठुला एवं बिकशित देशहरु जस्तैः Brazil, Canada, France, Denmark, Netherlands आदि देशहरुमा यौन व्यवसाय कानूनत बैध छ[214]। अमेरिकी पत्रकार Alison Bass ले आफ्नो पुस्तक Getting Screwed, Sex Workers and the Law मा यौन व्यवसायीमाथी शोषण हुने र उनीहरु तथा सर्वसाधरणको स्वास्थ्य र सुरक्षाको लागि यौन व्यबसायलाई कानूनी मान्यता दिन उपयुक्त

---

[210] मुलुकी अपराध संहिता, २०७४ को दफा १७३

[211] जस्तो अमेरिका, क्यानाडा, बेलायतमा नेपालमा जस्तो कठोर ब्यवस्था नभै लचिलो व्यवस्था रहेको छ।

[212] उदारहणको लागि हेर्नुहोस्, *लोक बहादुर कार्की वि.नेपाल सरकार,* नेकाप २०७२ अंक २ नि.न . ९३४६

[213] Scott Cunningham and Manisha Shah, *Decriminalizing Indoor Prostitution: Implications for Sexual Violence and Public Health*, National Bureau of Economic Research, Cambridge, MA (July 2014). The paper can be found on https://www.nber.org/papers/w20281.pdf; Paul Bisschop et. al. *Street Prostitution Zones and Crime*, IZA Germany (2015) The paper can be found on http://ftp.iza.org/dp9038.pdf, साथै यो पनि हेर्नुहोस्, https://www.huffpost.com/entry/legal-prostitution-zones-reduce-incidents-of-rape-and_b_58c83be1e4b01d0d473bce8a).

[214] हेर्नुहोस्, https://www.scoopwhoop.com/inothernews/countries-with-legal-prostitution/ [Visited on 17 June 2020]

हुने उनको तर्क छ[215] । यद्यपि नेपालमा स्वेच्छिक एवं घरभित्र हुने यौन व्यवसाय (Indoor Prostitution) कानूनसम्मत हुन नसकेकोले[216] पनि बलात्कारका अपराधमा बृद्धि भैरहेको छ ।

११. **अश्लिल सामाग्रीको सहज पहुँचः** इन्टरनेटमा अस्लिल सामाग्रीहरु सहज उपलव्ध हुनु र कम्प्यूटर तथा मोबाईल फोन मार्फत त्यस्ता सामाग्रीको सहज बितरण हुन सक्ने भएकोले त्यस्ता समाग्रीहरुको हेराईले मानिसमा सिर्जना हुने उत्सुकताको कारण पनि यौनजन्य अपराधको संख्यामा बढोत्तरी भएको छ ।

१२. **बदलिदो पारिवारिक संरचनाः** सामाजिक संरचना आएको परिवर्तनले पनि पनि यौनजन्य कसूरमा बृद्धि हुन गएको देखिन्छ । जस्तैः लोग्नेस्वास्नी दुबैको रोजगार, बैदेशिक रोजगार वा यस्तै कारणले छुट्टाछुट्टै बसेको अवस्थामा मञ्जुरीबीना करणी भएका घटनाहरु पनि देखिएका छन ।

१३. **सञ्चार माध्यम तथा गैर सरकारी संस्थाहरुको भूमिकाः** नेपालमा एकातर्फ सञ्चार माध्यम तथा गैर सरकारी संस्थाहरुले पीडितको पक्षमा काम गर्दै आएका छन् भने अर्को तर्फ सहमतिमा भएको यौन कार्यहरुमा पनि जवर्जस्ती करणीमा मुद्दा दायर गर्न बाध्य पार्ने कार्य पनि भएको देखिएको छ ।

१४. **पीडित र निजका परिवार सजग हुनु र नहुनुः** खासगरी बिवाह गर्ने सहमतीमा यौन सम्बन्ध हुने तर लोग्नेमान्छेले बिवाह गर्न अस्विकार गरेको अवस्थामा पीडित र निजका परिवारले बिवाहको लागि बाध्य गर्ने उद्देश्यले (यो सजग भएको वा नभएको?) उजूरी दिन चाहने तर त्यो उजूरीबाट जवर्जस्ती करणीको मुद्दा सिर्जना भएको देखिएको छ ।

१५. **राज्यको असहिष्णु व्यवहारः** कानूनले तोकेको उमेर पुरा गरेका बयस्कहरुबीच सहमतिमा ( Consenting Adults) होटलमा बसेको अवस्थामा यो वा त्यो निहुँमा होटलमा छापा मार्ने कार्यले त्रसित हुने व्यक्तिहरु जवर्जस्ती करणी तर्फ लाग्ने देखिन्छ । राज्यको यस्तो असहिष्णु र गैरकानूनी व्यवहारले अपराध बढाउन मद्दत पुग्दछ ।

---

[215] हेर्नुहोस, http://www.alison-bass.com/ [Visited on 17 June 2020]

[216] नेपालको कानूनले स्वेच्छाले यौन ब्यवसायमा लाग्न रोकेको देखिँदैन। तथापी मुलुकी फौजदारी संहिता, २०७४ को दफा ११९ ले बेश्यागमनको प्रचार गर्न रोक लगाएको छ भने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (ख) (घ) र दफा १५ को उपदफा (१) को खण्ड (ख) एवं (घ) ले अरुलाई वेश्यावृत्तिमा लगाउने र वेश्यागमन गर्ने कार्यलाई कसूर मानि सजायको व्यबस्था गरेको देखिँदा स्वेच्छाले यौन व्यवसाय गर्नु अपराध नहुने तर अरुलाई यस्तो कार्यमा लगाउनु वा वेश्यागमन गर्ने पुरुष भने सजायको भागीदार हुने देखिन्छ। तर, वेश्यागमन केहो र वेश्या को हो भन्ने कतै परिभाषा गरेको भने देखिँदैन।

**<u>१६. झुट्टा उजूरीः</u>** मञ्जुरीमा यौन सम्बन्ध भएपनि सहमति बमोजिमको लेनदेनमा कुरा नमिल्नु, यौनजन्य कार्य अरुले थाहा पाउनु खासगरी बिवाहेत्तर बाहिरी सम्बन्ध (Extra marital affair) को अबस्थामा लोकलाज ढाक्न, पैसाको लोभको कारण पनि झुट्टा उजूरीहरु पर्ने गरेको कारण जवर्जस्ती करणीको कसूरको संख्या ठुलो देखिएको छ[217]।

## १२. यौनजन्य कसुरको अनुसन्धान र अभियोजन गर्दा विचार पुऱ्याउनुपर्ने केही कुराहरु

एकातर्फ यौनजन्य कसूरका पीडितहरु जोखिमपर्ण (Vulnerable) अवस्थामा हुने र अर्कोतर्फ झुट्टा मुद्दा परेको अवस्थामा निर्दोष व्यक्तिले अनावश्यक पीडा भोग्नुपर्ने भएकोले यी दुबै पक्षतर्फ अनुसन्धानकर्ता र अभियोजनकर्ताले ध्यान पुऱ्याउनु पर्दछ[218]। यस्ता कसूरको अनुसन्धान तथा अभियोजन गर्दा सम्बन्धित अधिकारीले मूलतः निम्न बिषयहरुमा ख्याल गर्नु आवश्यक हुन्छ।

- बेलायतमा पीडितले उजूरी फिर्ता लिन सक्ने व्यबस्था[219] भएपनि नेपालमा त्यस्तो व्यवस्था छैन, जसको कारण कतिपय मुद्दामा झुट्टा उजूरी गर्ने र पछि पीडितले अदालतमा बकपत्र गर्ने क्रममा अनुसन्धानमा भने बिपरित (Hostile) बकपत्र गर्ने र पीडित भनिएको व्यक्तिलाई नै अदालतले सजाय गर्ने गरेको पनि देखिएकोले उजूरीकर्तालाई मुद्दाको परिणामको सम्बन्धमा सुरुमै जानकारी गराउँदा झुट्टा मुद्दा पर्ने सम्भावना कम हुन्छ,
- उजूरीकर्ताबाट सूचना प्राप्त भैसकेपछि मुद्दाको संवेदनशिलतालाई ख्याल गरी तुरुन्त कारवाही (Speedy Response) गर्नु पर्दछ,
- जवर्जस्ती करणीका धेरैजसो मुद्दामा पीडितको भनाई रहेको हुन्छ। तर सरकारी वकीलले अनुसन्धानकर्तासँग निकटतम रही अन्य सम्बन्ध प्रमाणहरु जस्तैः CCTV footage,

---

[217] पैसाको लोभमा नेपालमा मात्र होइन बिकसित देशहरुमा समेत झुट्टा उजूरी पर्ने गरेको देखिन्छ। उदाहरणको लागि IMF को तत्कालिन प्रमुख Dominique Strauss-Kahn लाई सन् २०११ मा New York को Manhattan Hotel की एक महिला कामदारले Khan सँग पैसा माग गर्ने उद्देश्यले निजले आफुलाई Sex attack गरेको आरोप लगाइन् जुन कुरा झुट्टा थियो। यसको लागि हेर्नुहोस्, People v. Strauss-Kahn, No. 02526/2011 (N.Y. Sup. Ct. Aug. 22, 2011), 2011 WL 3659989

[218] बिस्तृत जानकारीको लागि हेर्नुहोस्, Crown Prosecution Service of the UK on https://www.cps.gov.uk/legal-guidance/false-allegations-rape-andor-domestic-abuse-see-guidance-charging-perverting-course, बेलायतमा सन् २०१९ मा २०,००० महिलाहरुले जवर्जस्ती करणीको अनुसन्धानलाई अगाडि नबढाउने निर्णय गरेका थिए। यसको बारेमा बिस्तृत जानकारीका लागि हेर्नुहोस्, https://www.theguardian.com/society/2019/nov/10/half-of-victims-drop-out-of-cases-even-after-suspect-is-identified

[219] https://www.cps.gov.uk/legal-guidance/false-allegations-rape-andor-domestic-abuse-see-guidance-charging-perverting-course

telephone traffic, text message तथा अन्य बिद्युतीय म्यासेजहरु, अन्य साक्षी, शारिरिक परीक्षण लगायत अन्य भौतिक तथा बैज्ञानिक प्रमाण लोप हुन नपाउने गरी सुरक्षित गर्ने र त्यस्ता प्रमाणहरु संकलन गर्नु गराउनु पर्दछ[220],

- जवर्जस्ती करणीका मुद्दामा कानूनले निश्चित हदम्याद तोकेको[221] र हदम्याद नाघेपछि मुद्दा नलाग्ने भएको हुँदा हदम्याद छ छैन विचार गर्ने,
- पीडित तथा पीडकको परिचयात्मक विवरण खुल्ने सम्बद्ध कुराहरु गोप्य राख्नु पर्ने कानूनी व्यवस्था रहकेको[222] र त्यस्ता व्यक्तिहरुको परिचयात्मक बिवरण बाहिर आउँदा ती व्यक्तिहरुको भाबी जीवनमा नकारात्मक असर पर्ने हुनाले त्यसतर्फ ध्यान दिने,
- पीडित र प्रतिवादीको उमेर स्पष्ट खुल्ने कागजातहरु मिसिलमा संलग्न गर्ने[223],
- प्रतिवादीको बयान गराउदा खुलाउन पर्ने कुराहरुको एकिन गरी बयान गराउने[224],
- जवर्जस्ती करणी, यसको उद्योग, यौन दुव्यर्वहार, अप्राकृतिक मैथुन वा बाल यौन दुरुपयोग कुन कसूर हो स्पष्ट भै अनुसन्धान र अभियोजन गर्ने,
- पीडित अशक्त, अपाङ्गता वा शारिरिक अस्वस्थता रहेको व्यक्ति हो भने त्यस तथ्यलाई पुष्टी गर्ने प्रमाण मिसिल सम्लग्न गर्ने,
- अभियोग दावीनै नालिएको विषयमा अदालत वोल्न नमिल्ने हुनाले[225] अभियोग पत्रमा उपयुक्त दफाको प्रयोग गर्ने, थप सजाय हुनुपर्ने अवस्था छ भने सो तथा क्षतिपूर्तीको दाबी लिन नछुटाउने,
- क्षतिपूर्तिको दावी गर्दा प्रतिवादीको सम्पत्ति विवरण समेत उल्लेख गर्ने,
- पीडित र पीडकका अधिकारहरुको सम्मान गर्ने,
- आवश्यक परेमा साक्षीको संरक्षण र सुरक्षाको प्रबन्ध गर्ने ब्यवस्था मिलाउने,

---

[220] Ibid.

[221] हेर्नुहोस्, मुलुकी अपराध संहिता, २०७४ को दफा २२९

[222] हेर्नुहोस्, नेपालको संविधानको धारा २८; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३; बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११, २५(ग), ६८(४), ७८(४); सर्वोच्च अदालतबाट मिति २०६४।९।१० मा जारी "विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४"

[223] कुन कागज राख्ने भन्ने सम्बन्धमा हेर्नुहोस्, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३

[224] हेर्नुहोस्, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६

[225] *राजु वस्नेत वि. नेपाल सरकार,* ने.का.प. २०६३, असार, निर्णय नं. ७६६६

- कसूरको अनुसन्धान र अभियोजन सम्बन्धमा निजले माग गरेका आवश्यक सूचना प्रदान गर्ने[226],
- पीडित, घटना विवरण कागज गर्ने व्यक्ति वा अन्य सरकारी साक्षीबाट सत्य कुरा बोल्न प्रोत्साहित गर्ने । कहिलेकाँही मुद्दा जित्ने उद्देश्यले अनुसन्धान अधिकारी एवं सरकारी वकीलले पीडित तथा साक्षीलाई मुद्दाको पक्षमा बोल्न प्रोत्साहित गर्ने गरेको भन्ने आरोप लाग्ने गरेको सुनिन्छ । अनुसन्धानकर्ता एवं अभियोजनकर्ताले कहिल्यै पनि मुद्दा जित्ने उद्देश्यले वा हार्ने उद्देश्यले झुट्टा कुरा बकाउन प्रोत्साहित नगरी सत्य कुरा पत्ता लगाउने तर्फ प्रयत्नशिल रहने,
- सरकारी वकील कार्यालयले गरिरहेको हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी बनाउने,
- प्रतिवादीको बकपत्र आफ्नै उपस्थितमा निजले जे भन्छ फरक नपर्ने गरी गराउने,
- आदालतमा पीडितको बकपत्र हुँदा सरकारी वकील आफै उपस्थित भै प्रश्न सोध्ने, प्रतिरक्षी कानून व्यवसायीले जिरह गर्दा साक्षीलाई हैरानी गर्ने खालका प्रश्नहरुमा सोधेमा आपत्ति जनाउने,

## १३. कानून र व्यवहार

नेपालको जवर्जस्ती करणीसम्बन्धी कानूनी व्यवस्था व्यवहारसम्मत छैन । खासगरी नेपालको कानूनमा नजिकको उमेर सम्बन्धमा छुट (Close-in-exemption or Romeo and Juliet Law) नहुनु, मुद्दा दायर गर्दा Evidential Test भएपनि Public Interest Test गर्ने कानूनको अभाव हुनु, Statutory rape को उमेर धेरै अर्थात अठार वर्ष हुनु, तल्लो र माथिल्लो सजाय हदको अन्तर ज्यादै कम हुनुले व्यवहारिकरुपमा पीडित झन पीडित बन्नुपर्ने अवस्था सिर्जना भएको छ ।

विश्वका धेरै मुलुकहरुमा कानूनीरुपमा व्यवस्थित गरिएको "नजिकको उमेर सम्बन्धमा छुट - Close-in-exemption or Romeo and Juliet Law)" सम्बन्धी व्यवस्था नेपालमा छैन । यस्तो कानूनको अभाव भएको कारण भविष्यमा बिवाह गरी सँगै जीउने कसम खाएका तर कानूनी उमेर नपुगेका जोडिहरुको बिचल्ली हुने गरेको देखिएको छ । उदाहरणको लागि झापा, दमक नगरपालिकाका सत्र वर्षका सुमन विश्वकर्मा र पन्द्र वर्षको किशोरीसँग प्रेम-सम्बन्ध पछि विवाह गरेको परिणाम उनलाई जबर्जस्ती करणी मुद्दामा नौ वर्ष जेल सजाय गरियो[227] । यसरी अदालतले उमेर नपुगेको बालिकासँग बिवाह गरी करणी गरेमा त्यसलाई Statutory Rape मानी सजाय गर्ने गरी कानूनको

---

[226] हेर्नुहोस्, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ८

[227] *नेपाल सरकार वि. परिवर्तित नाम ०४—५—आ,* मुद्दा नं. ०७५—C1-०४८७, झापा जिल्ला अदालत, फैसला मितिः २०७६/११/२९; साथै हेर्नुहोस्, https://www.nayapatrikadaily.com/news-details/44608/2020-06-03

कठोर ब्याख्या गरेको छ[228]। बिवाह गरी तीनवटा सन्तान जन्माइसकेका[229] र घरजम गरी बसेका जोडीको लोग्नेलाई जेल पठाई पीडित अझ पीडित हुनु पर्ने गरी फैसला गर्नु पर्ने नेपालको कानूनी व्यवस्था रहेको छ[230]। अदालतले फैसलाबाट पीडितले न्यायको अनुभूती गर्न सक्यो भनेमात्र यथार्थमा त्यो न्याय हो, अन्यथा न्यायको नाममा हुने अन्याय हुन पुग्दछ । मुद्दाको लक्ष अनुसन्धानकर्ता, अभियोजनकर्ता वा न्यायकर्ताको सन्तुष्टिको बिषय होईन, योत पीडितको सन्तुष्टिको बिषय बन्न सक्नु पर्छ र फैसला पीडितले आत्मसात गर्नसक्ने हुन पर्छ र त्यसका लागि कानून पनि सोही अनुरुप हुनु पर्छ । अन्यथा कानून र न्याय जस्ता शव्दप्रति नै सामाजिक घृणा पैदा हुन पुग्दछ ।

उमेर नपुगेको बालिकासँग बिवाह गरी वा नगरी करणी गरेका र बच्चा जन्माएका घटनाहरु नेपाली समाजमा प्रसस्तै भएपनि सबै घटनाहरु उजूरीको रुपमा आउँदैनन । यस्ता घटनाका जोडिहरु भने कानूनी पासोमा पर्दैनन् र घरजम गरेर बस्छन । जस्तोः गुल्मीकी तेह्र बर्षीया दलित निर्मला नेपालीले छोरी जन्माईन[231], मकवानपुर, राराङ, औलेकी बाह्र वर्षीया गंगामाया चेपाङ्गले छोरी जन्माइन[232], बर्दियाकी एघार वर्षीया बालिका आमा बनिन्[233] अछामको रामारोशनकी बाह्र वर्षीया बालिका गर्भवती भईन[234]। उल्लेखित घटनाहरु प्रतिनिधिमूलक मात्र हुन । यदि यी घटनामा उजूरी परेको भए केटा जेल जान्थ्यो र बालिका अझ पीडित हुनु पर्ने अवस्था सिर्जना हुन्थ्यो ।

नेपालमा सरकारी वकीलले मुद्दा दायर गर्नु अगाडि बेलायतमा जस्तो प्रमाणको परीक्षण (Evidential Test) पछि सार्वजनिक हितको परीक्षण (Public Interest Test) गर्नु पर्ने कानूनी व्यवस्था[235] नभएको कारण पीडितले थप दुःख व्यहोर्नु पर्ने अवस्था छ । खास गरी घर परिवारको समतिबिना प्रेम बिवाह गरेका जोडीलाई महिलाको परिवारले अस्वीकार गरी केटाको बिरुद्ध जबर्जस्ती करणीको मुद्दा पर्ने गरेका घटनाहरु नेपालमा समान्य नै छन । यस्तो अवस्थामा कतिपय अदालतले कसूर ठहर गर्छन् भने कतिपयले सफाई दिएको देखिएको छ । सफाई पाएका व्यक्तिले अदालत

---

[228] *लोक बहादुर कार्की वि.नेपाल सरकार,* नेकाप २०७२, जेठ, नि.न .९३४६

[229] हेर्नुहोस्, *धनपैत सरदार वि. नेपाल सरकार,* सर्वोच्च अदालत, मु. नं. 071-CR-1242, फैसलाको प्रति http://www.supremecourt.gov.np/cp/assets/downloads/supreme_142116.pdf बाट प्राप्त गर्न सकिने,

[230] *नेपाल सरकार वि. नारायण पौडेल खत्री,* नेकाप, २०६८, अंक २, नि.नं. ८५६४, पृ. ३१६,

[231] News from *Republic*, Sunday, September 5, 2010 (Bhadra 20, 2067) Front page

[232] हेर्नुहोस्, https://kendrabindu.com/post/45793

[233] Retrieved from http://annapurnapost.com/news/122234 [Visited on March 16, 2019]

[234] https://ekantipur.com/news/2019/10/25/15720074716523375.html?fbclid=IwAR0bQojX4I-ordm5WUTEVMeC5tzmEnBXG3UPV1_pSl9zzGUyrWwr-8Oo4Qc [visited on 31 April, 2020]

[235] हेर्नुहोस्, The Code for Crown Prosecutors (of England) Sec. 4.14

परिसरमै खुसीसाथ बिवाह गरेका घटना पनि देखिएको छ[236] । त्यस्तैगरी कानूनी अज्ञानता वा व्यबहारिक समस्याका कारण बालबिवाहका घटनाहरु पनि घटेकै छन । यस्ता घटनाहरुमा पनि मुद्दा परेका जोडिहरु भन्दा मुद्दा नपरेका जोडिहरु नै सुखी हुन पुग्छन । जस्तो दुल्लु, राउटे बस्तीका बत्तिस वर्षीय दलबहादुर शाही र बाह्र वर्षीया मयाराम शाही बीच बिवाह गरे[237] । यदी यस घटनामा मुद्दा परेको भए बालिकाको भबिष्य सुन्दर हुन्थ्यो भन्न सकिँदैन । यसरी कानून एकातिर र व्यबहार अर्को तर्फ रहेको र सरकारी वकीलले सार्वजनिक हितको परीक्षण गर्न नसक्ने भएकोले सामाजिक दृष्टिले उपयुक्त वा अनुपयुक्त जुनसुकै मुद्दा पनि दायर गर्नुपर्ने बाध्यताका कारण पीडितहरु अझ पीडित हुने अवस्थाहरु सिर्जना भएको देखिन्छ ।

मुलुकी ऐन, १९१० मा ११ वर्ष, मुलुकी ऐन, २०२० मा चौध वर्ष, सोही ऐनमा २०३३ सालमा संशोधन भै सोह्र वर्षभन्दा कम उमेरकी[238] बालिकालाई सहमतिमै करणी गरेको भएपनि त्यस्तो करणी जवर्जस्ती करणी (Statutory rape) मानी सजाय हुने कानूनी व्यवस्था थियो । मुलुकी ऐनमा भएको सोह्र वर्षको उमेरलाई मुलुकी अपराध संहिता, २०७४ ले अठार वर्ष गऱ्यो जसले गर्दा व्यबहारिकरुपमा समस्या थप भएको छ । अमेरिका, बेलायत, क्यानाडा, जापान जस्ता धेरै बिकशित देशहरुमा करणीको लागि सहमति दिने उमेर सोह्र वा सोभन्दा कम रहेको छ । यौन कार्यका लागि सक्रिय उमेर ( Sexually active age) मा त्यस्तो कार्य गर्न कानूनले बन्देज लगाए तापनि सहमतिमा यस्ता घटनाहरु बढ्दै गएको देखिन्छ । परिणामतः पुरुष सजायको भागिदार हुन गै पीडितको अवस्था अझ दर्दनाक हुन पुग्छ ।

नेपालको कानूनमा जवर्जस्ती करणीसम्बन्धी कसूरको सजायको तल्लो र माथिल्लो हदको अन्तर ज्यादै कम रहेको कारण पनि व्यबहारिकरुपमा समास्या परेको देखिएको छ । अमेरिका, बेलायत, क्यानाडा, जापान जस्ता देशहरुमा सजायको तल्लो हद नै नभएको वा भएपनि तल्लो र माथिल्लो सजायको अन्तर (gap) ठूलो भएको कारण ती देशहरुमा कसूरको गंभीरता अनुसार न्यायाधीशले उपयुक्त सजाय निर्धारण गर्न सक्छन । तर, नेपालमा त्यस्तो अन्तर ज्यादै कम भएको कारण कम गंभीर कसूरमा न्यायाधीशले यात कुनै झिनो तर्कको आधारमा सफाई दिनुपर्ने वा ठूलै सजाय गर्नुपर्ने व्यवहारिक समस्या देखिएको छ ।

## १४. जवर्जस्ती करणीको सम्बन्धमा नेपालको सर्वोच्च अदालतको दृष्टिकोण

जवर्जस्ती करणी सम्बन्धी मुद्दाहरुमा नेपालको सर्वोच्च अदालतले बिकास गरेको विधिशास्त्रलाई बिषयबस्तुको आधारमा बिभिन्न समुहमा राखी अध्ययन गर्न सकिन्छ, जसलाई तल उल्लेख गरिएको छः

236 हेर्नुहोस्, http://www.ekantipur.com/np/2071/9/30/full-story/402052.html

237 Retrieved from https://www.setopati.com/social/176254 [Visited on June 24, 2020]

238 नेपाल राजपत्र, भाग २ मिति २०३३।४।२८

### संवेदनशील र बिवेकशील भै न्यायमा पुग्नु पर्ने

- जवर्जस्ती करणीमा 'अन्य मुद्दामा जस्तो अंक गणितीय हिसाववाट हेर्नु भन्दा पनि नारीको अस्मितामा गम्भिर आँच आउने विषय भएकाले अदालतले संवेदनशील रुपमा विचार गर्नुपर्ने'[239], हुन्छ 'तर पनि अति संवेदनशील भई एकतर्फी रूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नु'[240] पर्दछ ।

### जाहेरी दरखास्तको बिषय[241]

- जाहेरी दरखास्त यती घण्टा, वा दिन भित्र दिई सक्नु पर्ने भनी यान्त्रिक तवरबाट गणना गरी कठोरतापूर्वक निर्धारण गरिने हदम्याद जस्तो विषय होइन[242]।
- जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले जाहेरी नैं नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्थाबमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केवल जाहेरी तुरुन्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न मिल्दैन[243]।
- जाहेरी ढिला पर्दैमा कसुर नभएको भन्न मिल्दैन[244]।

---

239 *वमवहादुर कठायत वि. श्री ५ को सरकार, नेकाप,२०६२, माघ, नि. नं.७६११*

240 *विजय सुन्दास वि. नेपाल सरकार, नेकाप, २०७४, मंसीर, नि. नं. ९८५६*

241 जवर्जस्ती करणीको कसूरमा जाहेरी दिने हदम्याद २०२० को मुलुकी ऐनमा प्रारंभमा पैंतीस दिन राखिएको थियो भने हाल एक बर्ष रहेको छ। जारी हुँदाको बखत मुलुकी ऐन, २०२० मा यस्तो मुद्दामा जाहेरी दिने हदम्याद पैतीस दिन राखिएको थियो। मुलुकी ऐन, २०२० मा कायम रहेको पैतीस दिनको हदम्याद बढाउन माग गरी सर्वोच्च अदालतमा रिट परी आदेश पनि जारी भएको थियो। तत्पश्चात उक्त हदम्यादलाई "लैङ्गक समानता कायम गर्न तथा लैङ्गक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले संशोधन गरी छः महिना कायम गऱ्यो। मुलुकी ऐन, २०२० लाई खारेज गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति बिरुद्ध कसूर गरेकामा मुक्त भएको मितिबाट तीन महिना र अन्य अवस्थामा कसूर भएको मितिले एक बर्षभित्र उजूर गर्नु पर्ने व्यवस्था गरेको छ ।

242 *नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप,२०६३, माघ, नि. नं. ७७७२*

243 *रामहरि लामिछाने वि. नेपाल सरकार, नेकाप, २०६८, माघ, नि. नं. ८६९५, पूर्ण इजलास*

244 *डिल्ली स्वाँरसमेत वि. नेपाल सरकार, नेकाप, २०७५, असार, नि.न. ९९६९*

- लामो समयदेखि श्रृंखलावद्धरुपमा जबरजस्ती करणी गर्दै आईरहेको अवस्थामा प्रत्येक पटकको कार्य दण्डनीय हुन्छ । यस्तो अवस्थामा पछिल्लो पटकको कसुरको मितिलाई आधार मानी मुद्दा दायर भएकोमा हदम्याद भित्र नै भएको मानिन्छ[245]।
- कसूर ठहर हुन वस्तुनिष्ठ प्रमाणको आवश्यकता हुन्छ । यस्ता प्रमाणको अभावमा पीडितले वा निजको नजिकको नातेदारको जाहेरी परेको भन्ने आधारमा मात्र कसैलाई कसुरदार ठहर गर्न मिल्दैन[246] ।
- जाहेरवाला घटनाको पीडित हुनु पर्ने वा घटना प्रत्यक्ष देखेको व्यक्तिनै हुनु पर्ने कानूनी अनिवार्यता समेत नहुँदा अपराध बारेको सम्पूर्ण तथ्य जाहेरी दरखास्तमा नै उल्लेख भएको हुनु पर्दछ भन्न मिल्दैन[247] ।

**अनुसन्धानको कमजोरी सम्बन्धमा**

- वीर्य परीक्षण गरी आरोपित व्यक्तिको हो वा होइन भनी यकिन गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी भएको[248] ।
- अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले कानून अनुरुप तोकिएको जिम्मेवारी पूरा नगरेको अवस्थामा सचेत गराउन आदेश दिइएको[249] ।

**उमेरको यकीन**[250]

- उमेर खुल्ने बिभिन्न कागज प्रमाणहरु मध्ये मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्ने हुनाले चिनालाई उमेरसम्बन्धी प्रश्नमा निर्णायक प्रमाणका रुपमा ग्रहण गर्न सकिँदैन । तर चिकित्सकले लेखिदिने उमेरसम्बन्धी प्रतिवेदन अन्य प्रमाण प्रतिकूल नभएमा विशेषज्ञको रायका रुपमा प्रमाणको

---

245 *जनक श्रेष्ठ वि. नेपाल सरकार, नेकाप, २०७३, माघ, निर्णय नं. ९६९६*

246 *सुरेन्द्र वि.क. वि. नेपाल सरकार, नेकाप, चैत्र, नि. नं. १०१५२*

247 *नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप, २०६३, माघ, नि. नं. ७७७२*

248 *सन्दीप नेपाली वि. नेपाल सरकार, नेकाप, २०७५, चैत्र, नि. नं. १०१४८*

249 *जनक त्रिपाठी समेत वि. श्री ५ को सरकार,* नेकाप, २०६२, असार, नि. नं. ७५०७ पूर्ण इजलास,

250 कहिलेकाँही बालबालिकाको उमेर फरक फरक उल्लेख भई दुविधा उत्पन्न हुन गएमा बाल न्याय सम्पादन) कार्यविधि (नियमावली, २०७६ को नियम ३७को उपनियम) १ (तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ बमोजिमका लिखतका आधारमा त्यस्तो बालबालिकाको उमेर यकिन गर्नु पर्दछ।

वर्गमा राखिन्छ । त्यस्तो राय अन्य प्रमाण प्रतिकूल भएमा भने विद्यालयमा भर्ना हुँदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको जन्ममितिलाई आधार लिने गरेको पाईन्छ[251] ।

- उमेरको सम्बन्धमा सम्बन्धित विशेषज्ञले दिएको प्रतिवेदन र राय अन्यथा प्रमाणित नभएसम्म प्रमाणग्राह्य नै हुन्छ[252] ।
- अनुसन्धानको क्रममा पीडितले एउटा उमेर देखाउने र जाँच गर्ने मेडिकल बोर्डबाट पीडितले देखाएभन्दा फरक उमेर देखाएको अवस्थामा अनुसन्धान गर्ने पक्षले पीडितको उमेर यकिन गरी अभियोग दायर गर्नुपर्दछ[253] ।

## सहमति वा मञ्जुरी

- जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्व हुनु अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुन्छ[254] ।
- प्रतिवादीले डर, धाक, त्रास देखाई करणी गरेमा सोलाई सहमतिमा भएको भनी निजलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिन मिल्दैन[255] ।
- पीडितको सहमति थियो वा थिएन भनि हेर्न निजको मानसिक अवस्था र परिवेश पनि हेर्नु पर्दछ । पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन । तसर्थ जागिरको प्रलोभन देखाएर दिइएको सहमति सहमति हुँदैन[256] ।
- पीडितले आफ्नो सतित्व वचाउ गर्न संघर्ष गर्न नसकेको भन्ने आधारमा मात्र निजको मन्जुरी थियो भन्ने अनुमान गर्न नसकिने[257]।

---

[251] *जीवन रिजाल वि. नेपाल सरकार, नेकाप, २०६८, पौष, नि. नं. ८६९१*

[252] *नेपाल सरकार वि. विकास भन्ने लोकबहादुर विश्वा, नेकाप, २०७०, फागुन, नि.नं.९०७५*

[253] *नेपाल सरकार वि. प्रेम चौधरीसमेत, नेकाप, २०७४, मंसीर, नि. नं. ९८६३*

[254] *नेपाल सरकार वि. वासुदेव सावद, नेकाप, २०७४, पौष, नि. नं. ९८७९*

[255] *सन्दीप नेपाली वि. नेपाल सरकार, नेकाप, २०७५, चैत्र, नि. नं. १०१४८*

[256] *नेपाल सरकार वि. यादव प्रसाद घिमिरे, नेकाप, २०७२, बैसाख, नि.न. ९३३५*

[257] *श्री ५ को सरकार बि. दिपक भण्डारी समेत, नेकाप, २०५९, भदौ—असोज, नि. नं. ७१०१*

- आफूउपर खुकुरी प्रयोग हुन सक्ने सम्भावित जोखिमबाट बच्न यदि पीडितले सहमति नै दिएको भएपनि त्यसलाई करणीको लागि सहमति दिएको भनी मान्न सकिदैन । साथै, पीडितले सार्वजनिक स्थलमा चार-चार जना पुरूषलाई एकै-पटक करणी गर्न स्वेच्छिक मन्जुरी दिएकी होलिन् भनी मान्न नसकिने[258] ।
- करणीको लागि सहमति नदिएको बिषय प्रतिवादीले आफू उपरको नियन्त्रण पूर्णतः गुमाउने गरी आवेशमा आउन सक्ने अवस्थाको सिर्जना गर्ने आधार बन्न सक्दैन[259] ।
- वारदात देखिजान्ने मात्र होइन, भोगीजान्ने साक्षी पीडित स्वयंले अदालतमा घटनाको सम्बन्धमा जाहेरीलाई समर्थित हुने गरी बकपत्र गरिदिएको तथा शरीरको विभिन्न भागहरूमा निलडामहरू भएबाट पीडितको मन्जुरी नभएको पुष्टि हुन्छ[260] ।

**हाडनातामा जवर्जस्ती करणी भएमा सजाय थपी अभियोग लगाउने**

- जबरजस्ती करणीको कसुरमा पीडित हाडनाताकी स्वास्नी मानिस भएमा जबरजस्ती करणीतर्फ छुट्टै र हाडनातातर्फ छुट्टै मुद्दा दायर नगरी जबरजस्ती करणीको कसुरमा हाडनातातर्फको सजायसमेत थपी अभियोग लगाउनुपर्दछ[261] ।

**प्रमाणको मूल्याङ्कन र महत्व**

- प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था समेतको आधारमा सिर्फ शंकाको भरमा मात्र जवर्जस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसूरदार ठहऱ्याउनु फौजदारी न्यायशास्त्रको विपरीत हुने[262] ।
- संकलन भएका प्रमाणहरूको समष्टि मुल्याकनको आधारमा जवर्जस्ती करणी गरेको कुरा सिद्ध हुने[263] ।
- बयान, बकपत्र, प्रतिवादीहरूको एक अर्कामा गरेको पोल वारदातको तथ्यबीच देखिने बढीभन्दा बढी सामञ्जस्यताको आधारमा तथ्य र सत्य पहिल्याएर नै कसुरदार ठहऱ्याउनु पर्ने[264] ।

---

[258] *दीपक चन्दसमेत वि. नेपाल सरकार, नेकाप, २०७२, पौष, नि. नं. ९४७२*

[259] *पूर्णबहादुर तिम्सिना वि. नेपाल सरकार, नेकाप, २०६९, भदौ, नि. नं.८८३६*

[260] *दिपक रावल वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, नि. नं. १०००७*

[261] *मुकुन्दे लिम्बु वि. नेपाल सरकार, नेकाप, २०७४, साउन, नि. नं. ९८७२*

[262] *श्री ५ को सरकार वि. रामवहादुर कार्की, नेकाप, २०५९, फागुन—चैत्र, नि. नं. ७१५७*

[263] *श्री ५ को सरकार बि. स्वस्ती वराल, नेकाप, २०६२, फागुन, नि. नं. ७६२६*

[264] *तिर्थलाल राना वि. नेपाल सरकार, नेकाप, २०७५, कार्तिक, नि. नं. १००६२*

- अदालतले निर्णय गर्दा प्राप्त प्रमाणहरूको तर्कसंगत मूल्यांकनवाट अभियोग प्रमाणित हुने अवस्था छ छैन भनी निचोडमा पुग्नुपर्ने हुन्छ[265]।
- पीडितको आचरण र व्यवहार तथा अनुमानका भरमा कसूरदार कायम गर्न मिल्दैन ।घटनाको विश्वसनियता पुष्टी हुने आधार र पीडितले आफूले वच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसूर प्रमाणित हुने हुन्छ । यस्ता कुराको अभावमा जाहेरी पिडक वा निजको आमा वा नजिकको नातेदारको परेको भन्ने आधारमा मात्र कसैलाई कसूरदार प्रमाणित गर्नु न्याय र कानूनको मान्य सिद्धान्त भित्र पर्दैन[266]।
- वारदात भएको लामो समय व्यतित भएपश्चात् भएको शारीरिक परीक्षणबाट पीडित र प्रतिवादीबीच यौनसम्पर्क भएको प्रमाण फेला पार्ने सम्भावना एकदम न्यून हुन गै प्रत्यक्ष प्रमाणको अभावमा परिस्थितीजन्य प्रमाणको मद्दतले निर्णय गर्नुपर्ने हुन जान्छ[267]।
- शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष साबिती हुन लगाएको बयान अन्य प्रमाणहरूबाट समर्थन नगरेको अवस्थामा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने । सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने[268]।

## बयान बकपत्र

### बयान सम्बन्धमा

- प्रतिवादीको बयान र निजका साक्षीहरुको बकपत्र परस्पर वाझिएको व्यहोरालाई प्रमाणयोग्य मान्न मिल्दैन[269]।
- कसूरमा साविती (confession) हुनु र सम्वद्ध तथ्यलाईसम्म स्वीकार गर्नु (Admission) पृथक भएकोले तथ्यको स्वीकारोक्तीलाई नै साविती सरह निजको विरुद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने[270]।

---

[265] *राजु वस्नेत वि. नेपाल सरकार, नेकाप, २०६३, असार, नि. नं. ७६६६*

[266] *जनक त्रिपाठी समेत वि. श्री ५ को सरकार, नेकाप, २०६२, असार, नि. नं. ७५०७, पूर्ण इजलास*

[267] *सुब्बा गाउँ तीन (नाम परिवर्तित) वि. नेपाल सरकार, नेकाप, २०७४, भदौ, नि. नं. ९८११*

[268] *मदन नारायण श्रेष्ठ वि. नेपाल सरकार, नेकाप, २०७५, कार्तिक, नि. नं. १००५१*

[269] *श्री ५ को सरकार वि. बासुदेव पौंडेल, नेकाप, २०६०, पुष–माघ, नि. नं. ७२६६, पूर्ण इजलास*

[270] *ठगा चौधरी वि. श्री ५ को सरकार, नेकाप, २०६३, असार, नि. नं. ७६६४*

- अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित गराउन नसकेको अवस्थामा मौकामा अधिकारप्राप्त अधिकारी समक्ष आरोपित कसूरमा सावित रही गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ (२) (S) अनुसार निजका विरुद्ध प्रमाण ग्राह्य हुने[271] ।
- सम्बद्ध प्रमाणहरूबाट जबरजस्ती करणीको वारदात स्थापित भएको र सोमा प्रतिवादीहरूको संलग्नतालाई पुष्टि गरिरहेको अवस्थामा प्रतिवादीहरूको अदालतको इन्कारी बयान मात्र निर्दोषिताको आधार नहुने[272] ।
- प्रतिवादीकाको अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतको Hostile बकपत्रलाई संलग्न अरु प्रमाणले खण्डन गरी सकेको अवस्थामा अभियोग दावीबाट सफाइ दिन नमिल्ने[273] ।
- आफैँले करणी गरेको भनी अदालतमा स्वतन्त्ररूपमा साबित भएकालाई डाक्टरले करणी पुष्टि गरे वा नगरेको कुराको कुनै अर्थ नरहँने[274] ।
- केही कुरा बढाईचढाई आएबाटै वा केही कुरा छुटेबाटै त्यसलाई मात्र अलग्याई मिसिलका अरू प्रमाणको उपेक्षा गरी सो बकपत्रमा परेका यथार्थ कुरालाई समेत अमान्य गर्नु उचित हुँदैन । न्यायाधीशले राजहंसको काम गर्न सक्नुपर्छ । दूध कति र पानी कति छुट्याउनै पर्ने[275] ।
- अनुसन्धान अधिकारीसमक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ । जाहेरवालालगायत अन्य अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा उपस्थित भई आ-आफ्नो बेहोरालाई समर्थन नगरेसम्म जाहेरीलगायतका अन्य कागजातहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिँदैन[276] ।
- अभियुक्तहरूले अदालतसमक्ष आफू दोषी रहेको भन्ने तथ्य स्वीकार नगरेको अवस्थामा वादीले स्वतन्त्र, विश्वसनीय र भरपर्दो प्रमाणबाट दाबी प्रमाणित गर्नुपर्दछ । करणीसम्बन्धी अपराधमा पीडित नै प्रमुख प्रमाण हो । आफूलाई जबरजस्ती करणी भएको भनी उल्लेख गर्ने

271 *गोकर्ण खनाल वि. नेपाल सरकार, नेकाप, २०६५, फाल्गुण, नि. नं. ८०४२*

272 *कालुरामको जाहेरीले नेपाल सरकार वि. सरोज हिङमाङ समेत, नेकाप, २०६७, पौष, निर्णय नं. ८४६९*

273 *नेपाल सरकार वि. चन्द्रप्रसाद तिवारी भन्ने चन्द्रबहादुर तिवारी, नेकाप, २०६९, मंसीर, निर्णय नं. ८८७८; सुब्बा भन्ने धनराज खड्का वि. नेपाल सरकार, नेकाप, २०७२, भदौ, निर्णय नं. ९३९३*

274 *मानबहादुर कार्की वि. नेपाल सरकार, नेकाप, २०७२, कार्तिक, निर्णय नं. ९४३१*

275 *श्रीराम त्रिपाठी वि. नेपाल सरकार, नेकाप, २०७३, असोज, निर्णय नं. ९६१९*

276 *नेपाल सरकार वि. चन्द्रबहादुर गुरूङ, नेकाप, २०७५, कार्तिक, निर्णय नं. १००५४*

पीडितको शारीरिक अथवा निजको स्वास्थ्य परीक्षणबाट जबरजस्ती करणी भएको तथ्य स्थापित हुनुपर्ने[277] ।

- अन्य भौतिक एवम् स्वतन्त्र प्रमाणबाट समेत समर्थित भइरहेको अवस्थामा पोललाई प्रमाणमा लिन हुने[278] ।
- प्रतिवादीको इन्कारी बयानकै आधारमा मात्र अभियोगदाबीबाट सफाइ नहुने[279] ।

**बकपत्र सम्बन्धमा**

- जबरजस्ती करणी मुद्दामा सामान्यतया पीडित नै घटनाको आधारभूत गवाह भएको र अन्यथा नभएसम्म निजको भनाइ नै सर्वाधिक महत्वको प्रमाण हुन्छ[280] । तसर्थ निज अदालतमा उपस्थित भई बकपत्र गरेको र सो बकपत्रले जाहेरी दरखास्तमा उल्लिखित व्यहोरालाई समर्थन गरेको र अन्य प्रमाणले समर्थित गरेको अवस्थामा त्यसले प्रमाणिक मूल्य पाउने हुन्छ[281] ।
- तर सो बकपत्रको पुष्ट्याईं शंकारहित रूपबाट नभएमा यान्त्रिक रूपबाट प्रमाणको रूपमा ग्रहण गरी सजाय गर्नु विवेकयुक्त मान्न नसकिने[282] ।
- कसैले सफाइ दिने बयान दिदैमा अभियुक्त निरअपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरुद्ध बयान दिदैमा अपराधी ठहरीनै पर्ने भन्न सकिन्न । व्यक्तिको वयानलाई सवुदैको रुपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न नसकिने[283] ।

---

277 *सुरेन्द्र वि.क. वि. नेपाल सरकार, नेकाप, २०७५, चैत्र, निर्णय नं. १०१५२*

278 *नेपाल सरकार वि. खेम खड्कासमेत, नेकाप, २०७६, बैशाख, निर्णय नं. १०१८४*

279 *जनक श्रेष्ठ वि. नेपाल सरकार , नेकाप, २०७३, माघ, निर्णय नं. ९६९६*

280 *अर्जुनबहादुर पाण्डे वि. नेपाल सरकार, नेकाप, २०६५, अङ्क १, नि.नं. ७९२३; नेपाल सरकार वि. नारायण पौडेल खत्री, नेकाप, २०६८, जेठ, नि.नं. ८५६४; नेपाल सरकार वि. वासुदेव सावद, नेकाप, २०७४, पौष, निर्णय नं. ९८७९; दिपक रावल वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, निर्णय नं. १०००७*

281 *लक्ष्मण गौतम वि. नेपाल सरकार, नेकाप २०७४, चैत्र, निर्णय नं. ९९१०; दिपक रावल वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, निर्णय नं. १०००७; नेपाल सरकार वि. गोपाल राना, नेकाप, २०७६, बैशाख निर्णय नं. १०१७२; रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००*

282 *विजय सुन्दास वि. नेपाल सरकार, नेकाप, २०७४, मंसीर, निर्णय नं. ९८५६*

283 *श्री ५ को सरकार बि. श्याम माझी, नेकाप, २०६१, कार्तिक, निर्णय नं. ७४११*

- जाहेरवाला र पीडितले अनुसन्धानको क्रममा वयान गर्दा एकै व्यहोरा उल्लेख नगरेको र अदालतमा वकपत्र गर्दा फरक फरक वयान गरी आफु उपर अपराध नै नभएको भन्ने वकपत्र गर्दछन् भने अन्य प्रमाणको अभावमा अनुमान र शंकाको भरमा कसूर कायम गरी पीडित व्यक्तिलाई न्याय प्रदान नसकिने । प्रमाण ऐन, २०३१ को दफा १०(१)(V) मा कुनै काम घटना वा अवस्थावाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिइने व्यवस्था भएकोले पीडितले प्रहरीमा वयान गर्दा जवरजस्ती करणी गरिएको भनेको तर अदालतमा ठीक बिपरीत वकपत्र गरेको अवस्थामा अदालतसमक्ष गरेको वकपत्रलाई प्रमाणमा लिन मिल्ने[284] ।
- अन्य प्रमाण भएको अवस्थामा साक्षी Hostile भएको कारणबाट अपराध कायम वा सफाई नहुने[285] ।
- प्रचलित कानूनले बाहेक गरेको अवस्थामा बाहेक पीडित अदालत समक्ष उपस्थित भई वकपत्र गरेपछि त्यस्तो प्रमाणलाई अदालतले प्रमाणमा लिनुपर्ने[286] ।
- घटनाका सम्बन्धमा घटनावाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा तथा घटना भएको थाहा पाउने व्यक्तिले घटनाको तत्काल पछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(S) र (V) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने[287]।
- अनुसन्धानको क्रममा बुझिएका व्यक्ति तथा बिशेषज्ञले अदालतमा साक्षी सरह बकपत्र नगरेसम्म त्यस्तो प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम ठोस र विश्वसनीय प्रमाण मान्न नमिल्ने[288] ।

---

[284] *जनक त्रिपाठी समेत वि. श्री ५ को सरकार, नेकाप, २०६२, असार, निर्णय नं. ७५०७, पूर्ण इजलास*

[285] *वमवहादुर कठायत वि. श्री ५ को सरकार, नेकाप, २०६२, माघ, निर्णय नं. ७६११; जनक त्रिपाठी समेत वि. श्री ५ को सरकार, नेकाप, २०६२, असार, पूर्ण इजलास; नेपाल सरकार वि. नारायणबहादुर राउत, नेकाप, २०६६, असोज, नि.नं. ८१७९; कुमार गुरूङ वि. नेपाल सरकार, नेकाप, २०७४, भदौ, निर्णय नं. ९८१२; नेपाल सरकार वि. कन्थे भन्ने कर्णबहादुर साउद, नेकाप, २०७५, फागुन, निर्णय नं. १०१३२*

[286] *रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००*

[287] *अर्जुनबहादुर पाण्डे वि. नेपाल सरकार, नेकाप, २०६५, बैशाख, नि.नं. ७९२३; नेपाल सरकार वि. रमेश भन्ने बीरबहादुर सार्की, नेकाप, २०७०, माघ, नि.नं.९०६५; जनक श्रेष्ठ वि. नेपाल सरकार, नेकाप, २०७३, माघ, निर्णय नं. ९६९६; होमराज थापा वि. नेपाल सरकार, नेकाप, २०७५, माघ, निर्णय नं. १०११९; रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००,*

[288] *महेश पटेल कुर्मी वि. नेपाल सरकार, नेकाप, २०७१, बैशाख, निर्णय नं. ९१०७*

- जाहेरवालीको मृत्यु भएकोमा आफ्नो जाहेरी व्यहोरा अदालतमा समर्थन गर्न नसकेको कारणबाट मात्र किटानी जाहेरीको व्यहोरा असत्य भन्न नमिल्ने[289]।
- अगाडि स्पष्ट नभएका कुरामा मात्र ततिम्बा गराउनु पर्नेमा जबरजस्ती करणीको उद्योगमा साबित रहेको अवस्थामा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसुरमा साबिती गराएको कानून र न्यायसम्मत नहुने[290]।

**शारीरिक परिक्षण प्रतिवेदन**

- जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने[291]।
- मौकामा गरेको परीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा विरुद्ध परीक्षणकर्ताले दिइएको वकपत्रले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणयोग्य मान्न नमिल्ने[292]।
- कन्याजाली अन्य प्रमाणहरूले आपराधिक कार्यलाई स्थापित गरिरहेको अवस्थामा करणीको लक्षण नदेखिएको भन्ने परीक्षण प्रतिवेदन निर्णायक प्रमाणको रूपमा रहन नसक्ने[293]।

**प्रतिकार तथा संघर्षको चिन्ह एवं चोटपटक**

- स्वास्नी मानिसको अङ्गमा घाखत नभएमा जबरजस्ती करणी भए गरेको नदेखिने[294]।
- चौध वर्षको महिलालाई एकजनाले मात्र जवरजस्ती करणी गर्न नसक्ने, जनाना (महिला) लाई कसैले जवरजस्ती करणी गर्न खोज्दछ भने निजले आफ्नो बेमञ्जुरी प्रकट गर्न सकेसम्म उपाय रचेको हुनुपर्छ[295]।
- जवरजस्ती करणी हुनका (१३ वर्षको पीडित) लागि प्रतिकार गर्नैपर्ने भन्ने नहुने[296]।

---

289 *श्री ५ को सरकार वि .कुलबहादुर कार्कीसमेत, नेकाप ,२०४६ ,जेठ ,निर्णय नं . ३७२४ ,पूर्ण इजलास*

290 *विजय सुन्दास वि. नेपाल सरकार, नेकाप, २०७४, मंसीर, निर्णय नं. ९८५६*

291 *नेपाल सरकार वि. वासुदेव सावद, नेकाप, २०७४, पौष, निर्णय नं. ९८७९*

292 *श्री ५ को सरकार बि. स्वस्ती वराल, नेकाप, २०६२, फागुन, निर्णय नं. ७६२६*

293 *नेपाल सरकार वि. राजेन्द्रसिँह सिख, नेकाप, २०६८, साउन, नि.न. ८५९९*

294 *श्री ५ को सरकार वि. जिमिदार कुर्मी, नेकाप, २०२७, बैशाख, नि.नं. ५३६*

295 *श्री ५ को सरकार वि. नारायणसुन्दर श्रेष्ठ, नेकाप, २०२९, नि.नं. ६७३*

296 *विश्वकुमार दास वि. नेपाल सरकार, नेकाप, २०६३, कार्तिक, नि.नं. ७७२८)*

- नाबालिका (चार वर्ष, छः वर्षका) लाई बालिगले इच्छा विपरीत करणी गर्न लाग्दा आफ्नो सतीत्व (chastity) रक्षाको लागि हरसम्भव प्रयत्न गर्ने वा विरोध गर्ने भन्ने प्रश्न नआउने[297]।
- मेडिकल जाँच गर्दा जबरजस्ती करणी यकिन हुन नसकेकोमा घटनास्थल प्रकृति मुचुल्का र सनाखत कागज मात्रैको आधारमा जबरजस्ती करणी भएको भन्न नमिल्ने[298]।
- विवाहित दुई छोरीहरुकी आमा २७ वर्षकी स्वास्नी मानिसलाई परपुरुषले जवर्जस्ती करणी गर्दछ भने सो अवस्थामा सामान्यतया दुई बीच सघर्ष एवं शरीरका वाहिरी भागमा चोटपटक र संघर्षका चिन्ह हुनुपर्ने[299]।
- प्रतिवादीले डर, धाक देखाई वारदात घटाएकोमा पीडक र पीडितबीच संघर्ष नै नहुने, र संघर्षको चिह्नहरू नदेखिए पनि जबरजस्ती करणीको कसूर हुने[300]।
- पीडितको शरीरको विभिन्न भागहरूमा निलडामहरू भएको भन्ने शारीरिक परीक्षण रिर्पोटमा उल्लेख भएबाट करणी गर्ने कार्यमा पीडितको मन्जुरी नभएको पुष्टि हुन्छ[301]।

### Alibi को जिकिर

- प्रतिवादीले अन्यत्र रहेको जिकिर (Plea of alibi) लिएकोमा त्यस ठाउँमा भएको सबुत गुजार्नु पर्ने, कुनै विश्वसनीय र वस्तुगत आधार प्रमाणबाट खम्वीर गराउन नसकेकोमा अन्यत्र रहेको कुरा प्रमाणको रुपमा लिन नमिल्ने[302]।
- अन्यत्र गएको भन्ने जिकिर खण्डित भएको स्थितीमा प्रतिवादी उपरको अभियोग थप खम्वीर हुने[303]।

### कन्याजाली (Hymen) च्यातिए नच्यातिएको

---

[297] *रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००; सुमन पहरी वि. नेपाल सरकार, नेकाप, २०७४, साउन, निर्णय नं. ९८०१*

[298] *हिरालाल चौधरी वि. श्री ५ को सरकार, नेकाप, २०६१, कार्तिक, निर्णय नं. ७४१४*

[299] *ठगा चौधरी वि. श्री ५ को सरकार, नेकाप, २०६३, असार, निर्णय नं.७६६४*

[300] *सुब्बा गाउँ तीन (नाम परिवर्तित) वि. नेपाल सरकार, नेकाप, २०७४, भदौ, निर्णय नं. ९८११; सन्दीप नेपाली वि. नेपाल सरकार, नेकाप, २०७५, चैत्र, निर्णय नं. १०१४८*

[301] *नेपाल सरकार वि. वासुदेव सावद, नेकाप, २०७४, पौष, निर्णय नं. ९८७९*

[302] *नेपाल सरकार वि. तपसी कुर्मी,* नेकाप, २०६३, पौष, नि.नं. ७७६२; *नेपाल सरकार वि. वासुदेव सावद,* नेकाप, २०७४, पौष, निर्णय नं. ९८७९

[303] *नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप, २०६३, माघ, निर्णय नं. ७७७२*

- कन्याजाली च्यातिएको भए पाँच दिन पछि परीक्षण हुँदा पनि देखिने[304]।
- Hymen नच्यातिएको वा हल्का च्यातिएको अवस्थामा प्रतिवादी वेकसूरदार हुन भनी मान्न नमिल्ने[305]।
- Hymen च्यातिएको अवस्थामा जबरजस्ती करणी भएको कुराको थप पुष्टि हुने[306]।
- सात वर्षकी पीडितको कन्याजाली अन्य कारणले च्यातिएको भन्ने पुष्टि नभएको अवस्थामा निजउपर भएको जबरजस्ती करणीको कारण च्यातिएको अर्थ गर्नुपर्ने[307]।
- कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणी स्थापित गर्न सहयोग पुग्ने भएपनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुरा पुष्टि नभएसम्म कन्याजाली फाटेकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुग्न नहुने[308]।

**विर्यको उपस्थिति**

- विर्य गुप्ताङ्गमा देखिए पनि उक्त स्खलित वीर्य प्रतिवादीहरु कै हो भनी ठहर गर्न न्यायोचित नदेखिने[309]।
- प्रतिवादीको कट्टुमा विर्यजस्तो भिजेको एवं रगतको दागहरु भएको अवस्थामा पीडित दश महिनाकी वच्चीलाई जवर्जस्ती करणी गरेको होइन भन्ने नदेखिने[310]।

---

304 *मधुकर राजभण्डारी वि. श्री ५ को सरकार, नेकाप, २०५७, माघ—फागुन, निर्णय नं. ६९४९; श्री ५ को सरकार वि. रामवहादुर कार्की, नेकाप, २०५९, फागुन—चैत्र, निर्णय नं. ७१५७*

305 *श्री ५ को सरकार वि. कमल कुमार ओली, नेकाप, २०६२, कार्तिक, निर्णय नं.७५७०; भीम बहादुर पोखरेल वि. नेपाल सरकार, नेकाप, २०६३, साउन, नि.नं. ७६८२; विश्वकुमार दास वि. नेपाल सरकार, नेकाप, २०६३, कार्तिक, नि.नं. ७७२८; अर्जुनबहादुर पाण्डे वि. नेपाल सरकार, नेकाप, २०६५, बैशाख, नि.नं. ७९२३; सुक वहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६५, भदौ, निर्णय नं.७९६८; नेपाल सरकार वि. रमेश भन्ने बीरबहादुर सार्की, नेकाप, २०७०, माघ, नि.नं. ९०६५*

306 *श्री ५ को सरकार बि. दिपक भण्डारी समेत, नेकाप, २०५९, भदौ—असोज, निर्णय नं. ७१०१; जनक श्रेष्ठ वि. नेपाल सरकार, नेकाप, २०७३, माघ, निर्णय नं. ९६९६; ईश्वर ऋषिदेव वि. नेपाल सरकार, नेकाप, २०७४, असोज, निर्णय नं. ९८२६*

307 *दिपक रावल वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, निर्णय नं. १०००७*

308 *नेपाल सरकार वि. गोपाल राना, नेकाप, २०७६, बैशाख, निर्णय नं. १०१७२; श्री ५ को सरकार वि. रामप्रसाद श्रेष्ठ, नेकाप, २०५९, नि.नं. ७०६९*

309 *सागरप्रसाद श्रेष्ठसमेत वि .श्री ५ को सरकार, नेकाप ,२०४७, मंसीर ,निर्णय नं .४१९१ ,पूर्ण इजलास*

- जवरजस्ती करणी गर्न लिङ्ग पसाउने वित्तिकै पीडितले हो हल्ला गरेको कारणवाट प्रतिवादीले लगातार करणी गर्न नसकेको अवस्थामा विर्य स्खलन नभएको पनि हुन सक्ने र विर्य नदेखिएको स्थितिमा कसूरदार हुने[311]।
- सवै जवरजस्तीकरणीको कसूरमा पीडित महिलाको योनीमा वीर्य फेला पर्नु पर्ने अनिबार्यता नहुने[312]।
- तीन वर्ष छ महिनाको बालिकाको कट्टु र प्रतिवादीको शरिरिक परिक्षणवाट वीर्य स्खलन भएको देखिएको अवस्थामा जवरजस्ती करणीको वारदात कायम हुने[313]।
- सानो बालिकाको योनिसम्म लिङ्ग पुऱ्याई वीर्य स्खलन गराई आफ्नो यौन सन्तुष्टि लिएको अवस्थामा जवर्जस्ती करणीको कसूर हुने[314]।
- पीडितको कट्टुमा लागेको रगत परीक्षणमा शुक्रकिट (Spermatozoa) पत्ता नलागेको भन्ने उल्लेख गरिएको समेत आधार प्रमाणवाट जवरजस्ती करणीको क्रिया सम्पन्न भएको नदेखिने[315]।
- पीडितले वकपत्र गर्दा लिंग पसाएको भनि वकपत्र गरेपनि Laboratory Examination मा Sparmatazoa नदेखिएको, भन्ने समेतका प्रमाणको आधारमा उद्योग सम्म भएको देखिने[316]।

310 *नागेन्द्र साह भन्ने विन्देश्वर साह वि. श्री ५ को सरकार, नेकाप, २०६१, बैशाख, निर्णय न. ७३१६*

311 *श्री ५ को सरकार वि. कमल कुमार ओली, नेकाप,२०६२, कार्तिक, निर्णय नं.७५७०*

312 *मधुकर राजभण्डारी वि. श्री ५ को सरकार, नेकाप, २०५७, माघ—फागुन, निर्णय नं. ६९४९; राजु वस्नेत वि. नेपाल सरकार, नेकाप, २०६३, असार, निर्णय नं.७६६६,; विश्वकुमार दास विरुद्ध नेपाल सरकार, नेकाप, २०६३, कार्तिक, नि.नं. ७७२८; अर्जुनबहादुर पाण्डे वि. नेपाल सरकार, नेकाप, २०६५, बैशाख, नि.नं. ७९२३; बिरू भन्ने बीरबहादुर मगर वि. नेपाल सरकार, नेकाप, २०७१, मंसीर, निर्णय नं. ९२२०; सुब्बा गाउँ तीन (नाम परिवर्तित) वि. नेपाल सरकार, नेकाप, २०७४, भदौ, निर्णय नं. ९८११; होमराज थापा वि. नेपाल सरकार, नेकाप, २०७५, माघ, निर्णय नं. १०११९*

313 *सुक वहादुर कुमाल वि .नेपाल सरकार, नेकाप ,२०६५, भदौ ,निर्णय नं.७९६८*

314 *ईश्वर ऋषिदेव वि. नेपाल सरकार, नेकाप, २०७४, असोज, निर्णय नं. ९८२६*

315 *डिल्लीराम भन्ने डिल्लीप्रसाद भण्डारी वि. श्री ५ को सरकार, नेकाप, २०६१, मंसीर, निर्णय नं. ७४२५*

316 *नेपाल सरकार वि. तपसी कुर्मी, नेकाप, २०६३, पौष, नि.नं. ७७६२*

## सानातिना कुराहरुको फरक परेपनि कसूर ठहर हुने

- मुद्दामा अनुसन्धानको क्रममा संकलित प्रमाण तथा अदालती कार्यवाहीको क्रममा भएको साना तिना कुरा फरक पर्दैमा तथ्यमा विरोधाभाष रहेको भन्न नमिल्ने[317]।

## डर, धाक, धम्की र त्रास

- जाहेरवाला, पीडित, पीडितको साक्षी उपरको डर, धाक, जिउ ज्यानको खतरासम्मको कारणबाट जाहेरी समयमा नपरेको, शारीरिक जाँच हुन नसकेको वा साक्षी उपर अनुचित प्रभावमा पर्न सक्ने सम्मको अवस्था रहे नरहेको कुराको मूल्याङ्कन हुनु पर्ने[318]।

## करणी गरेको नहुने थप अवस्थाहरु

- करणी गर्दा करणी गराएर बस्ने स्वास्नी मानिसले हल्ला नगरी करणी गर्नेले भनेजस्तै कसैलाई पनि सो कुरा प्रकट नगरेको समेतका आधारमा जबरजस्ती करणी भए गरेको नदेखिने[319]।
- करणी गर्ने अनुकुल वातावरण नभएको र सरजमिनले पनि शंकासम्म नगरेकोमा करणी गरेको ठहराउन नमिल्ने । खानाको निमित्त आफ्ना घरमा बोलाएको पाहुनालाई स्वास्नी छोरीहरू भएकै घरमा करणी गर्ने अवस्था नदेखिएको[320]।
- जबरजस्ती करणी भएपछि पनि सँगै सुतेको भनी बयान गरेको समेत देखिन आएकोले यस्तो अवस्थामा जबरजस्ती करणी ठहऱ्याउन नमिल्ने[321]।
- अर्को व्यक्तिसँग भएको चुनावको रिसइवी साँध्नका लागि आफ्नो छोरीको सतित्व तथा इज्जत लुट्यो भनी झुट्टा घटनाको सिर्जना गऱ्यो भन्ने कुरा अविश्वासनीय देखिने[322]।

---

[317] *श्री ५ को सरकार वि. राजेश के.सीसमेत, नेकाप,२०६०, भदौ—असोज, निर्णय नं. ७२१६, पूर्ण इजलास; श्री ५ को सरकार वि. बासुदेव पौडेल, नेकाप, २०६०, पौष—माघ, निर्णय नं. ७२६६, पूर्ण इजलास; श्री ५ को सरकार बि. स्वस्ती वराल, नेकाप, २०६२, फागुन, निर्णय नं. ७६२६; नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप, २०६३, माघ, निर्णय नं. ७७७२; श्रीराम त्रिपाठी वि. नेपाल सरकार, नेकाप, २०७३, असोज, निर्णय नं. ९६१९; होमराज थापा वि. नेपाल सरकार, नेकाप, २०७५, माघ, निर्णय नं. १०११९*

[318] *हजरत मिया वि. श्री ५ को सरकार, नेकाप, २०६४, मंसीर, निर्णय नं. ७८६९,*

[319] *श्री ५ को सरकार विरुद्ध जिमिदार कुर्मी, नेकाप, २०२७, बैशाख, नि.नं. ५३६*

[320] *मु.कृष्णप्रसाद खडाल वि. उमाकान्त खडाल, नेकाप, २०३१, बैशाख, निर्णय नं. ८५१*

[321] *इन्द्रप्रसाद आयार्य विरुद्ध श्री ५ को सरकार, नेकाप, २०३७, नि.नं. १३६७*

- आमा घरमा नै हुंदाहुँदै छोरीलाई नै जवर्जस्ती करणी गर्नुपर्ने आवश्यकता एवं अवस्था नदेखिने[323]।

**करणी गरेको हुने थप अवस्थाहरु**

- पोल्नु पर्ने रिसइवी नदेखिएमा, आफ्नो विरुद्ध भएको फैसलाउपर अपील नगरी बसेमा अपराध गरेकै ठहरिने[324]।
- करणी जस्ता यौन सम्बन्धी अपराधमा चस्मदिद नभएको कारणले सफाई दिनुपर्छ भन्न नमिल्ने[325]।
- समाजका अगाडि करणीमा सावित भै गरेको कागजलाई मञ्जूरी बीना भएको भन्ने ठोस तथ्ययुक्त प्रमाण दिन नसकेकोमा हाडनातामा करणी भएको मानिने[326]।

## भावना तथा अनुमानका कुराहरु फैसलामा

निर्णय गर्दा भावनामा अडेर होइन कानुनको आधारमा हुन पर्ने[327] हो । तथापी कतिपय फैसलाहरु भावनामा बगेको र अनुमानका कुराहरु पनि उल्लेख भएको देखिन्छ । जस्तैः शारीरिक एवं मानसिक बलात्कार अपराधीको पाशुविक मनोवृत्त र वर्वरतापूर्ण शारीरिक र मानसिक आक्रमणले पिडित महिलाले सहनुपर्ने जीवनभरीको मनोवैज्ञानिक चोट र कुण्ठा एवं पिडित परिवारले व्यहोर्नु पर्ने सामाजिक वदनामी सम्बन्धी तथ्यगत कुराहरु महत्वपूर्ण देखिन आउँछ[328], मोहियानी सम्बन्धी सानो विवादलाई लिएर आफ्नो अगाडि आफ्नो श्रीमतीलाई तीन जना मिलेर पालैपालो जबरजस्ती करणी गरे भनी आरोप लगाएको तथा आफ्नो लोग्नेको सामनेमा प्रतिवादीहरुले जबरजस्ती सतित्व नष्ट गरेको भनी जाहेर गरेको कुरालाई निराधार आरोप लगाएको भन्न युक्तिसंगत नदेखिने[329], चरित्र सम्बन्धमा

---

322 *वीरेन्द्र कुमार तिवारी वि .श्री ५ को सरकार, नेकाप ,२०४२, जेठ ,निर्णय नं .२२६७*

323 *श्री ५ को सरकार वि. रामप्रसाद श्रेष्ठ, नेकाप, २०५९, असार, नि.नं. ७०६९*

324 *नेपे दमाई वि. कृष्णबहादुर खड्का क्षेत्री, नेकाप, २०१५, बैशाख, निर्णय नम्बर २, पृष्ठ ५*

325 *भमदेह बस्ने बृजा लोध वि .श्री ५ को सरकार ,नेकाप ,२०४० ,फागुन ,निर्णय नं .१८०९*

326 *सोमनन्द उपाध्याय समेत वि .तारापती उपाध्याय, नेकाप २०४५, जेठ ,निर्णय नम्बर ३३५४, पृष्ठ १०३*

327 *कपलेश्वर यादवसमेत वि .श्री ५ को सरकार ,नेकाप ,२०४३, असोज ,निर्णय नं .२७५०,*

328 *मधुकर राजभण्डारी वि. श्री ५ को सरकार, नेकाप, २०५७, माघ—फागुन, निर्णय नं. ६९४९*

329 *श्री ५ को सरकार वि .कुलबहादुर कार्कीसमेत, नेकाप ,२०४६, जेठ ,निर्णय नं .३७२४ ,पूर्ण इजलास*

कोही कसैवाट लाञ्छना लगाउन नसकेको महिलाले आफ्नो र आफनो परिवारको इज्जतमा आँच आउने नभए नगरेको कुरा गाउँ घरका मानिसलाई भन्दै हिड्नु पर्ने कुनै कारण देखिन नआउने[330], जाहेरवालीले चार वर्षकी अवोध बालिकाको चरित्रलाई सुदूर भविष्यसम्म आघात पर्ने गरी आफ्नी छोरीलाई जवरजस्ती करणी गरेको भनि किटानी जाहेरी दिएको भन्ने स्वभाविक अवस्था रहेको नदेखिने । चार वर्षको उमेर भएकी अवोध बालिका प्रतिवादीको पाशविक कार्यको शिकार भएको स्पष्ट देखिएको,[331] महिलाको अस्मितालाई सम्वेदनशिल रुपमा लिइने हाम्रो समाजमा आफ्नी छोरीलाई उनाउ व्यक्तिले जवर्जस्ती करणी गरेको भनी वावुले जाहेरी दर्खास्त दिएको तथ्यलाई सामान्य रुपमा लिन नसकिने,[332] पीडितले आफ्नो इज्जत प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी जवर्जस्ती करणी गरेको भनी पोल्नुपर्ने कुनै कारण नदेखिने,[333] एक अबोध नाबालिकालाई जवर्जस्ती करणी जस्तो जघन्य अपराधिक कार्य गरेको,[334] अवोध नावालिका माथि गरिएको नृसंस र वर्वरतापूर्ण अपराध[335], अवोध बालिकामाथि भएको जबरजस्ती करणी जस्तो नृशंस एवं पासविक अपराध,[336] एक निर्दोष बालिकाले आफूमाथि जबरजस्ती करणी नगरेको भए प्रतिवादीलाई किटान गरी देखाउनु पर्ने कुनै कारण वा परिस्थिति पनि छैन । साथै बालिका उपर आजीवन सामाजिक दाग लाग्ने जबरजस्ती करणी जस्तो जघन्य अपराधमा अवोध वालिकालाई पीडित देखाई स्वयम् पीडित बालिकाको आमाले नै जाहेरी दिनुपर्ने अरू कुनै कारण नदेखिने,[337] कुनै आमाले आफ्नु छोरीको अस्मिता र भविश्यमाथि प्रश्न चिन्ह लाग्ने गरी उजूर गर्ने अवस्था आउदैंन[338] । उमेर नपुगेकी अवोध वालिका उपर प्रतिवादीवाट भएको यौन सम्वन्धी आक्रमण (Sexual Assault) निर्दयी र लज्जित प्रकारको कार्य,[339] लोग्नेले स्वास्नीलाई कर्तव्य गरी मारेमा, कुटपीट गरेमा लोग्ने स्वास्नीको नाता रहेको कारणले सजाय कमी हुने नभएकोले

[330] *श्री ५ को सरकार वि. राजेश के.सी.समेत, नेकाप, २०६०, भदौ—असोज, निर्णय नं. ७२१६, पूर्ण इजलास*

[331] *श्री ५ को सरकार वि. बासुदेव पौडेल, नेकाप, २०६०, पुष—माघ, निर्णय नं. ७२६६, पूर्ण इजलास*

[332] *वमवहादुर कठायत वि. श्री ५ को सरकार, नेकाप, २०६२, माघ, निर्णय नं.७६११*

[333] *नेपाल सरकार वि. तपसी कुर्मी, नेकाप, २०६३, पुष, नि.नं. ७७६२*

[334] *विश्वकुमार दास वि. नेपाल सरकार, नेकाप, २०६३, कार्तिक, नि.नं. ७७२८*

[335] *नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप, २०६३, माघ, निर्णय नं. ७७७२*

[336] *रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००*

[337] *रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००*

[338] *जनक त्रिपाठी समेत वि. श्री ५ को सरकार, नेकाप, २०६२, असार, निर्णय नं. ७५०७*

[339] *सुक वहादुर कुमाल वि .नेपाल सरकार, नेकाप ,२०६५, भदौ ,निर्णय नं .७९६८*

जवर्जस्ती करणीमा पनि फरक सजाय हुन नहुने,[340] एक अवोध बालिकामाथि भएको जबर्जस्ती करणी जस्तो नृशंश एवं निर्मम अपराधमा प्रतिवादीको लिङ्गको घाउ खतका चिन्हहरूको विद्यमानता रहे नरहेको भन्ने आधारलाई कुनै सहानुभूति दर्शाइ रहनु नपर्ने । मानव सभ्यताउपर नै कलङ्क लगाउने गरी एक अवोध नाबालिकाउपर जबर्जस्ती करणी जस्तो अमानवीय एवम निर्लज्ज अपराध भएको,[341] जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराध जस्तो होइन । जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवं सामाजिक प्रतिष्ठा, मान-मर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ[342] । आफ्नै श्रीमतीले पतिउपर र आफ्नै छोरीले बाबुउपर आफूहरूको भविष्यमाथि प्रश्न उठ्ने गरी अनाहकमा मौकामा उजुर गरे होलान भनी अनुमान गर्न मिल्दैन,[343] नेपाली समाजको वर्तमान अवस्था, एउटी महिलाको इज्जत प्रतिष्ठाप्रतिको सामाजिक दृष्टिकोण र साँघुरो यौन स्वतन्त्रताको नेपाली परिवेशमा अन्यथा स्थापित हुने अवस्था नदेखिएसम्म एउटी महिलाले रातको समयमा दुई जना व्यक्तिहरूलाई एकसाथ बोलाई पालै पालो करणी गर्न मन्जुरी दिइन् होला भनेर विश्वास गर्न सकिने अवस्था नरहने,[344] अवोध बालिकाले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट पीडितउपर

---

[340] *जितकुमारी पंगेनी (न्यौपाने) समेत वि. नेपाल सरकारसमेत, नेकाप, २०६५, असोज, नि.नं. ७९७३; (यस मुद्दामा कर्तव्य गरी मार्ने र कुटपीट गर्ने कार्य जवर्जस्ती करणीसँग तुलना गर्नै नमिल्ने बिषयलाई जवर्जस्त एकै प्रकारको कसूर भन्ने गरी व्याख्या गरिएको छ जवकी यी सबै कसूरलाई एकै प्रकारले अर्थ गर्न, ब्याख्या गर्न र तुलना गर्न सकिंदैन भन्ने सम्बन्धमा धेरै तर्कहरु रहेका छन्। उदाहरणका लागि मञ्जुरीले लिएर पनि कर्तव्य गरी मार्नु र कुटपीट गर्नु फौजदारी कसूर हुन जान्छ। त्यस्तै लोग्नेस्वास्नी भै बस्नुको मतलव करणीको उद्देश्य पनि हो तर मञ्जुरीले कर्तव्य गरी मार्न र कुटपीट गर्न होइन। यसैगरी श्रीमतीलाई कर्तव्य गरी मारेको वा कुटपीट गरेकोमा कसूर भयो भएन भनी बिचार गरिरहनु पर्दैन तर श्रीमतीलाई करणी गरेको देखिँदैमा कसूर हुँदैन त्यहाँ जवर्जस्ती देखिनु पर्छ। तसर्थ श्रीमतीलाई कर्तव्य गरी मार्ने र कुटपीट गर्ने बिषयसँग जवर्जस्ती करणी तुलना गरी एकै प्रकारको कसूर भनी व्याख्या गर्न मिल्दैन। सायद यसै कारणले हुनु पर्छ उक्त मुद्दामा माननीय न्यायाधीश श्री बलराम के.सी.को फरक राय बमोजिम कानूनी व्यवस्था गरिएको छ)*

[341] *बाबु पौडेल क्षेत्री वि. नेपाल सरकार,* नेकाप, २०६६, असोज, निर्णय नं. ८०९९

[342] *सियाराम रानासमेत वि. नेपाल सरकार, नेकाप, २०७४, असार, निर्णय नं. ९७८४*

[343] *कुमार गुरूङ वि. नेपाल सरकार, नेकाप, २०७४, भदौ, निर्णय नं. ९८१२*

[344] *देवेन्द्र गिरी वि. नेपाल सरकार,* नेकाप, २०७४, मंसीर, निर्णय नं. ९८५४ (यस मुद्दामा अदालतले बोलेको बिषय अदालतको आत्मगत बिश्वास हो। अदालतले आत्मगत विश्वास होइन प्रमाणले जे देखाउँछ त्यसैको आधारमा फैसला गर्नु पर्ने हुन्छ र फैसलामा प्रमाणको प्रतिबिम्ब हुनु पर्छ नकी

आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने[345] भन्नेजस्ता शव्द तथा वाक्यहरु फैसलामा प्रयोग भएको देखिन्छ ।

### एक घण्टाभित्र मारेको सजाय नहुने

- जबरजस्ती करणी गरेको रीस थाम्न नसकी एक घण्टाभित्रै करणी लिएको थलोमै मारेको देखिन आए सजायको भागी नहुने[346] ।

### सहयोग पुऱ्याउने व्यक्ति एवं मतियार

- हुलहुज्जत गर्ने, जबरजस्ती लग्ने र समाउने इत्यादी जुनसुकै काम गरे पनि जबरजस्ती करणी गर्ने काममा सहयोग पुऱ्याएको मान्नु पर्छ[347] । संगै जाने व्यक्तिले जवरजस्ती करणी गर्नु नपर्ने, वारदातःथलमा गई मुख्य अभियुक्तलाई मद्दत गर्नु नै पर्याप्त हुने[348] ।
- घटना स्थलमा मौजुद रही वचाउनको लागि केही नगरी चुप लागि हेरी रहेको भएतापनि मुख्य प्रतिवादीलाई सकृयतापूर्वक सहयोग नपुऱ्याएको अवस्थामा अपराधीक कार्यमा सहयोग पुऱ्याएको संज्ञा दिन मिल्दैन[349] ।

## जवर्जस्ती करणी र करणीको उद्योग

### जवर्जस्ती करणी हुने अवस्थाहरु

- पीडितलाई नांगो राखी दुध मलेको, निज माथि चढेको भनी वयान गरेको, उद्योग गरेको नभनेको, पीडितहरुले जवरजस्ती करणी भएको भनेको, घरमा सुतेको ठाउँबाट रातको

---

आत्मगत विश्वास। यस मुद्दामा अदालतले विश्वास गरेजस्तो एउटी महिलाले दुईजना पुरुषसँग यौन सम्बन्ध राख्ने नराख्ने भन्ने बिषय त्यस्तो महिलामा नै निर्भर गर्छ। जस्तैः सन् २००४ मा Lisa Sparks (पहिले उनलाई Lisa Sparxxx पनि भनिन्थ्यो) ले एक प्रतियोगितामा १२ घण्टाको अवधिमा ९१९ जना पुरुषसँग यौन सम्बन्ध राखेको थिइन। यसको बिस्तृत बिवरण https://sea.askmen.com/article/10801/sex-world-records] मा प्राप्त गर्न सकिन्छ।।)

345 *दिपक रावल वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, निर्णय नं. १०००७*

346 *श्री ५ को सरकार वि .नारायणसुन्दर श्रेष्ठ, नेकाप, २०२९, नि.नं .६७३ ,पृ .८६*

347 *श्री ५ को सरकार वि. तीर्थबहादुर राना मगरसमेत, नेकाप, २०३८, असोज, निर्णय नं. १४७५क*

348 *राजु वस्नेत वि. नेपाल सरकार,* नेकाप, २०६३, असार, निर्णय नं.७६६६

349 श्री ५ को सरकार वि. कुमार वहादुर अधिकारीसमेत, नेकाप, २०५६, जेठ निर्णय नं. ६६७६

समयमा समाई वन्दुक पड्काई लगी त्रसित पारी एकान्त जंगलमा लगि सकेपछि कुनै अपरझट कारण पर्न आई करणी गर्न नपाएको भन्ने नदेखिएकोमा जवर्जस्ती करणी हुने[350]।

- अत्यन्त कलिलो उमेरका वालिकाको योनीमा लिङ्ग प्रवेश नगरेको भएपनि अरु कार्य गरेको, योनीद्वारसम्म लिङ्ग पुऱ्याई वीर्य स्खलन गराइ यौन सन्तुटी लिएको, योनिभित्र लिङ्ग नछिरे पनि योनी र मुत्रनलीको बाहिरी भागमा घर्षण भएको, योनीमा केही भागमात्र लिङ्ग प्रवेश गरेको अवस्थामा पनि जवर्जस्ती करणी हुने[351]।
- अपराध गर्न चाहने व्यक्तिले तयारीको चरण पार गरी आपराधिक कार्य गरेमा त्यो कार्य उद्योगसम्म मात्र सीमित रहेको मान्न नमिल्ने । आपराधिक कार्य भइसकेको तर पूर्णता नपाएको अवस्था भएमा उद्योग हुने हो । पीडितको योनीबाट रगत बग्नु, निजको कपडामा

[350]श्री ५ को सरकार वि .धर्म सिं वमसमेत, नेकाप ,२०५४ ,असार, निर्णय नं. ६३३७

[351] *विष्णु अधिकारी वि. नेपाल सरकार,* नेकाप, २०६३, जेठ, निर्णय नं.७६५२; *भीम बहादुर पोखरेल वि. नेपाल सरकार,* नेकाप, २०६३, साउन, नि.नं. ७६८२; *अर्जुनबहादुर पाण्डे वि. नेपाल सरकार,* नेकाप, २०६५, बैशाख, नि.नं. ७९२३; *नेपाल सरकार वि. टेकबहादुर क्षेत्री,* भदौ, २०६६, निर्णय नं. ८१४२,; *नेपाल सरकार वि. मोईला भन्ने मुवारक मिर मुसलमान,* नेकाप, २०६७, पौष, निर्णय नं. ८४६६; *बद्री खत्री वि. नेपाल सरकार,* नेकाप, २०७१, असोज, निर्णय नं. ९१८६; *बिरू भन्ने बीरबहादुर मगर वि. नेपाल सरकार,* नेकाप, २०७१, मंसीर, निर्णय नं. ९२२०; *नेपाल सरकार वि. टासी वि.क.,* नेकाप, २०७३, बैशाख, नि.न. ९५१९, पूर्ण इजलास; *ईश्वर ऋषिदेव वि. नेपाल सरकार,* नेकाप, २०७४, असोज, निर्णय नं. ९८२६; *नेपाल सरकार वि. सोहरत खाँ पठान,* नेकाप, २०७५, कार्तिक, निर्णय नं. १००४९; *नेपाल सरकार वि. मुन्द्रेसर भन्ने अशोक श्रेष्ठ,* नेकाप, २०७६, बैशाख, निर्णय नं. १०१६५ (भारतको सर्वोच्च अदालतले जवर्जस्ती करणी र यसको उद्योगको सन्दर्भमा बीर्य स्खलन र लिङ्ग प्रबेशको अन्तरलाई *Koppula Venkatrao v. State of AP* (2004) 3 SCC 602 को मुद्दामा "The sine qua non of the offence of rape is penetration, and not ejaculation. Ejaculation without penetration constitutes an attempt to commit rape and not actual rape. Definition of "rape" as contained in Section75 IPC refers to "sexual intercourse" and the Explanation appended to the section provides that penetration is sufficient to constitute the sexual intercourse necessary to the offence of rape. Intercourse means sexual connection." भनेको छ भने *Ramkripal Shyamlal Charmarkar v. State of Madhya Pradesh* (2007) 11 SCC 265, 2007 Cri LJ 2302 (SC) को मुद्दामा Ejaculation without penetration constitutes an attempt to commit rape and not actual rape भनेको छ ।)

लाग्नु तथा यस कुराको पुष्टि प्रत्यक्षदर्शीबाट भएको अवस्थामा अपराधले पूर्णता पाएको हुने[352]।

- अपराध गर्ने उद्देश्यसहित अपराध गर्ने कार्य गर्दा बीचमा अवरोध सृजना भई कार्यले पूर्णता नपाएको अवस्थामा मात्र उद्योग हुने । योनिभित्र लिङ्ग प्रवेश गराई भित्रबाहिर समेत गरेको कुरा पुष्टि भएको अवस्थामा करणीको कार्य सम्पन्न भइसकेको मान्नुपर्ने[353]।

**जवर्जस्ती करणीको उद्योग हुने अवस्थाहरु**

- चार वर्षकी पीडितको योनीबाट रगत आएको भन्ने जाहेरी व्यहोरा, योनीमा तत्काल भएको घाउ देखिएको, योनीद्वारको पर्दा नफाटेको प्रतिवेदन, योनीमा लिङ्ग दलेको भन्ने प्रतिवादीको अनुसन्धानमा भएको बयान र अदालतमा पूर्ण इन्कारी रहेको अवस्थामा जवर्जस्ती करणी नभै उद्योग मानिएको[354]।
- पीडितको चिकित्सकद्वारा गरिएको जाँच र निजको किटानी जाहेरीको साथै अदालतमा वकपत्र गर्दा कसूर गरेको हुँदा उद्योग नभै पूर्ण कसूर हुने[355]।
- वारदात निर्विवादरुपमा पुष्टि भएको, अस्पतालको प्रतिवेदनबाट पाँच वर्षकी पीडितको Labia majora / Labia Minora मा निल डाम रहेको अवस्थामा जवरजस्ती करणीको उद्योगसम्म गरेको देखिने[356]।
- पीडितको वकपत्रमा लिङ्ग पसाएको भनेपनि Laboratory Examination मा Sparmatazoa नदेखिएको, करणी भएको यकिन हुने ठोस सवुद नरहेको, Labia Masora मा घर्षणसम्म भएको तथा विशेषज्ञको परिक्षण प्रतिवेदनको निष्कर्षमा “जवर्जस्ती करणी गर्न खोजिएको” भन्ने उल्लेख भएको अवस्थामा जवर्जस्ती करणीको वारदात नदेखिई सो को उद्योगसम्म भएको[357]।

---

[352] नेपाल सरकार वि. राजेन्द्रसिँह सिख, नेकाप, २०६८, साउन, नि.न. ८५९९

[353] नेपाल सरकार वि. लङ्गडा पञ्चराम चौधरी भन्ने खेमनारायण चौधरी, नेकाप, २०७५, जेठ, निर्णय नं. ९९५६

[354] मोतीराम तेली वि. श्री ५ को सरकार, नेकाप, २०४०, माघ, निर्णय नं. १७८०

[355] श्री ५ को सरकार वि .कुमार वहादुर अधिकारीसमेत ,नेकाप ,२०५६ ,जेठ ,निर्णय नं. ६६७६

[356] डिल्लीराम भन्ने डिल्लीप्रसाद भण्डारी वि. श्री ५ को सरकार, नेकाप, २०६१, मंसीर, निर्णय नं. ७४२५

[357] नेपाल सरकार वि. तपसी कुर्मी, नेकाप, २०६३, पौष, नि.नं. ७७६२

- पाँच वर्ष उमेरकी बालिकाको मुख, टाउको लगायत शरीरका विभिन्न भागमा लिङ्गको घर्षण गराई पिसाब फेरिदिएको अवस्थामा जवरजस्ती करणी गरेको भन्ने स्थापित नभै उद्योग हुने[358]।
- पीडितलाई करणी गर्नकालागि सम्पूर्ण परिस्थितिहरू पार गरिसकेको तर जवरजस्ती करणीको कार्य सम्पन्न नभएको अवस्थामा जवरजस्ती करणीको उद्योग हुने[359]।
- कानूनमा अपाङ्गसमेतलाई जबरजस्ती करणी गर्दा थप सजाय हुने भनी स्पष्टरूपमा उल्लेख भएको र उद्योग गर्नेलाई थप सजाय गर्ने भनी कुनै सर्तात्मक प्रबन्ध (Conditional provision) नराखेको अवस्थामा जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजायसमेत थप गरी कैद सजाय गर्न नमिल्ने ।(मुलुकी ऐन कायम रहेको अवस्थामा भएको फैसला)[360]
- प्रतिवादीले मौकामा गरेको बयानमा जबरजस्ती करणीको उद्योगमा साबित रहेकोमा ततिम्बा बयान गराई जबरजस्ती करणीको कसुरमा साबिती गराएको कुरा कानून र न्यायसम्मत नहुने भएको र यस्तोमा जबरजस्ती करणी नभई उद्योग गरेको देखिने[361]।
- अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने[362]।

**आसय करणी**

- आसय करणीमा करणी गर्ने मनसाय हुन्छ तर जबर्जस्ती करणीको उद्योगमा जबर्जस्ती करणी गर्ने मनसाय हुन्छ । तसर्थ यी दुबैमा करणीको आसय त हुन्छ तर जबर्जस्ती गरेको लक्षण जबर्जस्ती करणीको उद्योगमा मात्र हुने[363]।

---

[358] नेपाल सरकार बि. राजेश क्षेत्री, नेकाप, २०६५, असोज, निर्णय नं.७९८३

[359] श्री ५ को सरकार वि. कमल कुमार ओली, नेकाप, २०६२, कार्तिक, नि. नं.७५७०

[360] रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार, नेकाप, २०७४, जेठ, नि. नं. ९७६५

[361] विजय सुन्दास वि. नेपाल सरकार, नेकाप, २०७४, मंसीर, नि. नं. ९८५६

[362] नेपाल सरकार वि. प्रेम भन्ने शंकर वि.क., नेकाप, २०७५, मंसीर, नि. नं. १००७०

[363] चन्दन कामती वि. नेपाल सरकार, नेकाप, २०७१, मंसीर, नि.नं.९२२७

**सानो उमेरकी बालिकालाइ भएको करणी**

- योनी वरिपरी रौ नआएको, स्तन भर्खर आउनु शुरु मात्र भएको अवस्थाकी केटीलाई एकजनाले जवर्जस्तीसंग करणी गर्दा मृत्यु हुन सक्ने[364]।
- छ: वर्षकी नाबालिक उपर भएको अपराधमा सजाय गर्न अदालतले lenient हुनुपर्ने कुनै कारण नभएको[365]।

**सामुहिक जवर्जस्ती करणी**

- प्रतिवादीहरूको नियन्त्रणमा रहेकै अवस्थामा उनीहरूकै इच्छाअनुसार अलगअलग स्थान र समयमा जबरजस्ती करणी गरेको वारदातहरूलाई एकै शृङ्खला (Chain) अन्तर्गत घटेको वारदात मानी सामुहिक जवर्जस्ती करणी हुने[366]।
- दुवै प्रतिवादीले एकै समयमा करणी गरेको स्थापित नभएसम्म सामुहिक करणी गरेको भनी ठहर नहुने[367]।

**अप्राकृतिका मैथुन**

- प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ । कानूनले पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालकउपर गरेको अस्वभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइने[368]।

---

364 चन्द्र प्याकुरेलको हकमा श्रीकला जैसेनी वि. श्री ५ को सरकार, नेकाप, २०४६, जेठ, नि. नं. ३७२५, पूर्ण इजलास

365 रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००

366 नेपाल सरकार वि. प्रकाश रावल, नेकाप, २०७५, असार, नि.न. ९९८१

367 नेपाल सरकार वि. अब्दुल कलाम मुसलमानसमेत, नेकाप, २०७६, बैशाख, नि. नं. १०१७३

368 बमबहादुर खत्री वि. नेपाल सरकार, नेकाप, २०७५, भदौ, निर्णय नं. १००१९

- नाबालक उपरको अप्राकृतिक मैथुन जवर्जस्ती करणी सरह हुने -अप्राकृतिक मैथुनको अर्थ गर्दा अस्वभाविक रुपमा अप्राकृतिक तवरले गरिएको मैथुनलाई जनाउने भए पनि अप्राकृतिक मैथुनको किसिम र मैथुन गर्ने गराउने क्रिया र माध्यम फरक-फरक हुन सक्ने[369]।

**पीडक बालबालिका उपरको सजाय तथा क्षतिपुर्ति**

- प्रतिवादीको उमेर पुगेको, शिक्षोपार्जन गर्ने उमेरको भएको र अध्ययनरत रहेको अवस्थामा बाबुको जिम्मामा रहने गरी दुई वर्षको लागि सजाय स्थगन गरिएको[370]।
- बालबालिकालाई सर्वश्व जस्तो अर्थ दण्डको एउटा नमूनालाई प्रयोग गरी क्षतिपूर्ति दिलाई दिने बहानामा अर्थ दण्ड गर्न मिल्दैन । सर्वस्व गर्नु पनि एक प्रकारको आर्थिक दण्ड हो । प्रतिवादीको अंशबाट आधा अंश सर्वश्व गरी पीडित जाहेरवालीलाई दिलाई दिने गरी गरेको इन्साफ कानूनी व्यवस्थाको मनसाय विपरीत हुने[371]।
- सजाय र आर्थिक क्षतिपूर्तिको विषय भिन्ना भिन्नै प्रकृति र अवस्थाको भएकाले नाबालक कसूरदारलाई सजायमा केही छूट दिएकै आधारमा पीडित हुने बालिकाले पाउने क्षतिपूर्तिमा समेत छूट नपाउने[372] ।
- असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै रहने parens patriae को सिद्धान्तको परिप्रेक्ष्यमा यस्ता नाबालकबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यले उपलब्ध गराउनु पर्ने[373]।
- कुनै प्रकारको सम्पत्ति र आयस्रोत नभएको प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने गरी फैसला गर्दा औचित्यपूर्ण र कार्यान्वयनयोग्य नहुने, अभियोगपत्रमा प्रतिवादीको

---

[369] मोल्हुसेन हेन्डिक ओटो) Molhuysen Hendrik Otto) वि .नेपाल सरकार, नेकाप ,२०६९ ,कार्तिक , नि.न .८८६०

[370] लक्ष्मण गौतम वि. नेपाल सरकार, नेकाप, २०७४, चैत्र, निर्णय नं. ९९१०

[371] महेश कुमार चौधरी वि. नेपाल सरकार, नेकाप, २०६४, साउन, निर्णय नं.७८३३

[372] नेपाल सरकार वि. पवनकुमार यादवसमेत, नेकाप, २०६७, फागुन, निर्णय नं. ८४९४; नेपाल सरकार वि. परिवर्तन नाम दीपक सदा, नेकाप, २०७३, साउन, निर्णय नं. ९५८०; नेपाल सरकार वि. राजु सरदार, नेकाप, २०७३, कार्तिक, नि.नं. ९६३३

[373] लोक बहादुर कार्की वि.नेपाल सरकार, नेकाप, २०७२, जेठ, नि.न. ९३४६; नेपाल सरकार वि. राजु सरदार, नेकाप, २०७३, कार्तिक, नि.नं. ९६३३; नेपाल सरकार वि. जसमोहन भन्ने जसवन्त सिंह, नेकाप, २०७५, भदौ, निर्णय नं. १००१३

सम्पत्ति एवं आयस्रोत नदेखाएको अवस्थामा अदालतले प्रतिवादीको सम्पत्ति र आयस्रोत यकिन गर्न नमिल्ने[374]।

- क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी भन्न नमिल्ने । क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको बासस्थान, उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाका अतिरिक्त पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गम्भीरताका आधारमा निर्धारण गरिनु पर्ने । प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न नमिल्ने[375]।
- क्षतिपूर्ति रकम तत्काल उपलब्ध गराउन एउटा छुट्टै कोषको स्थापना गर्न सरकारको नाममा आदेश[376]।

## गोपनियता

- महिला, बालबालिका वा एच. आई.भि.र एड्स संक्रमितहरूको व्यक्तिगत परिचयात्मक र अन्य सूचनाहरूको गोपनीयताको संरक्षणको लागि अदालतबाटै निर्देशिका जारी गरिएको र सो सम्बन्धी विधिनिर्माणका लागि सरकारका नाममा निर्देशात्मक आदेश समेत जारी गरीएको[377]।

## तेस्रो लिङ्गीलाई मान्यता

- कुनै महिला वा पुरुषले अर्को समलिङ्गी महिला वा पुरुषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा कानूनतः रोक लगाउन नसक्ने[378]।

## कानूनतः बलात्कार (Statutory Rape)

- सोह्र वर्षभन्दा मुनिको स्वास्नी मानिससँग दुबैको सहमतिमा करणी भए पनि जवर्जस्ती करणी हुने । (मुलुकी ऐन कायम रहेको अवस्थामा)[379]

---

[374]नेपाल सरकार वि. तेजबहादुर थारू, नेकाप, २०७४, बैशाख, निर्णय नं. ९७४६

[375]नेपाल सरकार वि. जसमोहन भन्ने जसवन्त सिंह, नेकाप, २०७५, भदौ, निर्णय नं. १००१३

[376]लोक बहादुर कार्की वि.नेपाल सरकार, नेकाप, २०७२, जेठ, नि.न. ९३४६

[377]अधिवक्ता सपना प्रधान मल्ल बि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत, नेकाप, २०६४, पौष, निर्णय नं.७८८०

[378]रजनी शाही वि. महिला आयोगसमेत, नेकाप, २०७०, बैशाख, नि.न. ८९४५

[379]नेपाल सरकार वि. शंकर वि.क. नेकाप, २०६९, असोज, नि.न. ८८४४

- चौध वर्ष उमेरको नावालिकासँग विवाह गरी करणी गरेकोमा जवर्जस्ती करणी हुने[380],
- चौध वर्षकी बालिकालाई करणी भएको देखिएमा जबरजस्ती करणीका आवश्यक तत्त्व, जबरजस्ती करणी ठहराउन हुनुपर्ने परिस्थिति आदिका सम्बन्धमा विवेचना गरिरहनु पर्ने आवश्यकता नदेखिँदा जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने । (यस मुद्दामा बालिकाको गर्भसमेत रहन गई छोरीको जन्म भएको थियो)[381]

**बलात्कारपछिको बिवाह (Marriage after rape)**

- जवर्जस्ती करणी पछि सहमतिमा बिवाह भए पनि जवर्जस्ती करणीमा पुरुषलाई सजाय हुने[382] ।
- चौध वर्षको नावालिकासँग विवाह गरी करणी गरेकोमा पनि पुरुषलाई जवर्जस्ती करणीमा सजाय हुने,[383]
- बाह्र वर्ष उमेरकी बालिकासँग मायाँप्रेम सम्बन्ध रही करणी गरेको भन्ने जिकीर लिएको, मुद्दा परेपछि बिवाह दर्ता गरेको, लोग्ने स्वास्नी भै सँगै बसेको र बिवाह पछि तीन छोरीको जन्म भएको भएपनि जवर्जस्ती करणीको कसूर हुने,[384]

**पीडक महिला पनि हुने**

- कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई करणी गर्छ भने जबरजस्ती करणी हुने[385] ।

---

[380] लोक बहादुर कार्की वि.नेपाल सरकार, मुद्दाः मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी, नेकाप २०७२ अंक २ नि.न. ९३४६

[381] अमरबहादुर बोगटी वि. नेपाल सरकार, नेकाप, २०७३, असोज, नि. नं. ९६२३

[382] नेपाल सरकार वि. नारायण पौडेल खत्री, ने.का.प. २०६८ अङ्क २ नि.नं. ८५६४

[383] लोक बहादुर कार्की वि.नेपाल सरकार, नेकाप, २०७२, जेठ, नि.न. ९३४६

[384] धनपैत सरदार बि .नेपाल सरकार ,सर्वोच्च अदालत ,मुद्दा नं .०७१-CR-१२४२ ,फैसला मिति : २०७४ फाल्गुण २८

[385] लाक्पा शेर्पा वि. नेपाल सरकार, नेकाप, २०७३, नि. नं. ९६८४; [बेलायतमा पनि यस्तो कसूरमा सजाय हुने व्यवस्था छ। उदाहरणको लागि Justine McNally v R [2013] EWCA Crim 1051 को मुद्दामा पनि एक केटीले अर्की केटीसँग आफू केटो भएको भान गरी कृत्रिम लिङ्गको प्रयोग गरी

## सजाय निर्धारण

- अपराधको गाम्भीर्यता पीडितलाई पुगेको हानी, अपराधको पटक, पीडितको अवस्था आदिलाई विचार गरेर सजाय तोक्नु पर्ने[386]।
- छः वर्षकी नाबालिक उपर भएको अपराधमा सजाय गर्न अदालतले lenient हुनुपर्ने कारण नहुने,[387]
- विभिन्न कलममा भएको कैद गणना गर्दा २० वर्ष वा सो भन्दा बढी हुनु र जन्मकैदको सजाय हुने ठहर हुनु एउटै नभएकोले विभिन्न कलममा भएको २० वर्षको फैसला उपर पुनरावेदनको माध्यमबाट नै इन्साफ परीक्षण हुन सक्तछ । तर प्रतिवादीले सुरू फैसला उपर पनि पुनरावेदन गरेको नदेखिई पुनरावेदन अदालतले साधकको रोहमा सुनुवाई गरेको नमिलेको । ( तर यो फैसला बिपरित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा (१) ले कुनै अदालतबाट कुनै अभियुक्तलाई बीस वर्ष वा बीस वर्ष भन्दा बढी वा जन्मकैदको सजाय हुने फैसला भएकोमा पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नु पर्ने व्यवस्था गरेकोले अब यो फैसलाको सान्दर्भिकता छैन ।)[388]
- सजाय मागदाबी गरेको दफाले प्रतिवादीले गरेको कसुर नसमेटिने देखियो र सोही ऐनको अर्को दफाले उक्त कसुरलाई समेटिने देखिएको अवस्थामा वादीले माग गरेको सजायभन्दा बढी हुँदैन भने सजायमा परिवर्तन गर्न मिल्ने[389] ।
- बालकलाई भएको सजाय स्थगित गरिएकोमा सोही बालकले अन्य कुनै कसुर गरेबापत कैदको सजाय पाएमा पनि पहिले ठहर भएको कैद सजाय कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन, त्यसप्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने देखिने[390]।
- कसुरदार ठहर गर्दा मात्र हैन, सजाय निर्धारण गर्दासमेत न्यायकर्ताले न्यायिक मनको प्रयोग न्यायोचितरूपमा गर्नुपर्छ। ऐनले दिएको तजबिजी अधिकारको प्रयोग गर्दा कसुरदारहरू पटके अपराधी भए नभएको, संगठित आपराधिक समूहमा रहे नरहेको, नाबालक वा वृद्ध वा असक्त

राखेको यौन कार्यलाई Sexual Offences Act, 2003 को Scetion 2 (Assault by penetration) बमोजिम सजाय गरेको थियो। ]

386 त्रिरत्न चित्रकार वि. नेपाल सरकार, नेकाप, २०६६, भदौ, नि. नं. ८१४८

387 रणबहादुर कुमाल वि. नेपाल सरकार, नेकाप, २०६४, फागुन, निर्णय नं. ७९००

388 नेपाल सरकार वि. जीवन दमाई (परियार), नेकाप, २०७४, साउन, निर्णय नं. ९८००

389 नेपाल सरकार वि. प्रेम चौधरीसमेत, नेकाप, २०७४, मंसीर, निर्णय नं. ९८६३

390 *नेपाल सरकार वि. "कुमारप्रसाद,"* नेकाप, २०७५, फागुन, निर्णय नं. १०१२७, पूर्ण इजलास

आदिलाई प्रयोग गरे नगरेकोसमेतका अपराध गर्दाको अवस्थामा प्रयोग भएका साधन, प्रक्रिया र पद्धतिका अतिरिक्त दशीको प्रकृति मात्रा समेतलाई मध्यनजर राख्नु पर्ने[391] ।

## १५. निष्कर्ष तथा सुझाव

माथि विभिन्न शिर्षकहरुमा गरिएको बिश्लेषणबाट विभिन्न देशहरुमा जवर्जस्ती करणीको परिभाषा, यस्तो कसूरमा हुने सजाय, अदालती दृष्टिकोण एवं व्यवहारिक समस्या भिन्नभिन्न रहेको देखिन्छ । बेलायतमा अर्को पक्षको सहमतिबिना योनी, गुदद्वार वा मुखमा लिङ्ग पसाउने कार्यलाई Rape को परिभाषाभित्र पारेको देखिन्छ भने भारतको कानूनले सहमतिबिना महिलाको योनी, मुख, मुत्राशय वा गुदद्वारमा लिङ्ग पसाउनु, योनी, मुत्राशय वा गुदद्वारमा अन्य कुनै बस्तु पसाउनु, महिलाको कुनै अङ्ग त्यस्तो महिलाको योनी, मुत्राशय, गुदद्वारमा वा कुनै अङ्गमा पसाउनु, महिलाको योनी, मुख, मुत्राशयमा मुखको प्रयोग गर्नुलाई Rape को परिभाषाभित्र राखिएको छ । जापानको कानूनले बेलायत र भारतको कानूनले गरेजस्तो जवरजस्ती करणीको परिभाषा गरेको छैन । क्यानाडाको कानूनले जवर्जस्ती करणीलाई Rape नभनी Sexual Assault भनी परिभाषित गरेको छ । नेपालको कानूनले भने जवर्जस्ती करणीको परिभाषा भारतीय कानूनले गरेजस्तै फराकिलो तरिकाबाट गरेको देखिन्छ ।

जसरी जवर्जस्ती करणीको परिभाषामा मुलुकैपिच्छे फरक भिन्नता छ, सजायमा पनि त्यसरी नै फरकपना रहेको देखिन्छ । बेलायत, भारत, क्यानाडा, जापान र नेपालको कानूनले जवर्जस्ती करणीको कसूरमा गरेको सजायको व्यवस्था हेर्दा जापानमा सबैभन्दा कम र भारतमा सबैभन्दा बढी सजाय रहेको देखिन्छ । त्यस्तै बेलायत, क्यानाडा र जापानमा न्यायाधीशले सजाय निर्धारण गर्दा ज्यादा बिवेकको प्रयोग गर्न सक्ने गरी लचक व्यबव्था गरिएको देखिन्छ भने भारत र नेपालको कानूनी व्यवस्था त्यसको बिपरित देखिन्छ ।

बेलायत, भारत र क्यानाडाको कानूनले मञ्जुरी के हो भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ भने नेपाल र जापानको कानूनले मञ्जुरीको स्पष्ट परिभाषा नगरी कस्तो अवस्थामा मञ्जुरी नहुने भन्ने कुराहरु उल्लेख गरेको देखिन्छ ।

कानूनतः बलात्कारको उमेर पनि मुलुकैपिच्छे फरक रहेको छ । बेलायतमा न्यूनतम तेह्र, क्यानाडामा बाह्र, जापानमा तेह्र तथा भारत र नेपालमा अठाह्र वर्ष रहेको देखिन्छ । साथै, बेलायत, क्यानाडा र जापानजस्ता बिकसित एवं गैरसरकारी संस्थाहरुको प्रभाव कम रहेका मुलुकहरुमा तुलनात्मकरुपमा कानून स्थिर (Stable law) रहेको देखिन्छ भने भारत र नेपालमा गैरसरकारी संस्था तथा जुलुस र प्रदर्शनको प्रभावका छिटो कानून परिवर्तन भएको देखिन्छ ।

[391] *भीमबहादुर नेपाली वि. नेपाल सरकार,* नेकाप, २०७६, जेठ, निर्णय नं. १०१९८

जवर्जस्ती करणी सम्बन्धी कसूर महिलाको ईज्यत र प्रतिष्ठासँग गाँसिएको कारणले पनि नेपालको कानूनले महिलालाई सतित्वरक्षाको अधिकार प्रदान गरेको छ । जवर्जस्ती करणीबाट बच्न वा जबर्जस्ती करणी भैसकेपछि पनि महिलाल् पीडकको ज्यान लिन, अङ्गभङ्ग गरिदिन वा कुटपिट गर्न सक्ने गरी एकातिर जवर्जस्ती करणीमा कठोर सजाय व्यबस्था गरेको छ भने अर्को तर्फ जवर्जस्ती करणीको प्रतिरोध वा प्रतिशोध गर्न पाउँने गरी कानूनले महिलामा अधिकार सुरक्षित गरिदिएको छ ।

बेलायतमा जवर्जस्ती करणीको कसूरदार लोग्नेमान्छेमात्र हुनसक्ने गरी व्यवस्था भएपनि बेलायतको अदालतले महिला कसूरदारलाई Assault by penetration वा indecent assault अन्तर्गत सजाय गरेको देखिन्छ ।

बमोजिम Scott लाई सजाय गऱ्यो ।  भाततमा पनि Rape पुरुषले मात्र गर्न सक्ने कानूनी व्यवस्था रहको छ,तथापी बालबालिको बिरुद्धमा गरिएको कसूरको हकमा भने The Protection of Children from Sexual Offences Act, 2012 ले व्यवस्था गरेबमोजिम हुन्छ । नेपालमा जवर्जस्ती करणीको कसूर महिला वा पुरुष दुबेले गर्नु सक्ने तर पीडित भने महिलामात्र हुनेगरी लैङ्गिक बिभेदयुक्त (Gender Bias) कानून रहेको छ ।

संसारका कैयौं देशहरुमा नजिकको उमेरमा छुट अर्थात रोमियो र जुलियट कानून (Close-in-exemption or Romeo and Juliet Law) को व्यवस्था गरि व्यबहारिक समस्या हल गर्ने प्रयास गरिएको छ । अमेरिका, क्यानाडाजस्ता मुलुकमा यस्तो व्यवस्था गरिएको छ भने बेलायत, भारत र नेपालमा यस्तो व्यवस्था छैन, तथापी बेलायतमा भने Public Interest Test को आधारमा सरकारी वकीलले पीडितलाई मर्का पर्ने अवस्थामा मुद्दा नचलाउन सक्ने गरी कानूनी व्यवस्था गरिएको छ । तर, भारत र नेपालमा यस्तो व्यवस्था रहेको छैन ।

नेपालमा जवर्जस्ती करणीका घटनाहरु दिनप्रतिदिन बढ्दै गईरहेकोले त्यसको न्यूनिकरणमा निकै चुनौती देखिएको छ । जारी हुँदाको मुलुकी ऐन, २०२० मा २०५९, २०६३ र २०७२ मा भएको प्रत्येक संशोधनमा जवर्जस्ती करणीसम्बन्धी कसूरको सजायमा बृद्धि गरिएको थियो । मुलुकी अपराध संहिता, २०७४ मा बिगतको सजायको तुलनामा भारी बृद्धि गरियो तथापि कसूरको सँख्या घट्नुको सट्टा झनझन बढ्दै गइरहेको देखिन्छ । तसर्थ जवर्जस्ती करणीसम्बन्धी कसूरको न्यूनिकरणको लागि सजाय बढाउनु अर्थहीन देखिएकोले अन्य उपयुक्त उपायहरु अपनाउनु आवश्यक देखिएको छ ।

जवर्जस्ती करणीको कसूर अदालतमा दायर गरेर मात्र पीडित सन्तुष्ट हुने होईन, पीडितले न्याय पायो पाएन भन्ने बिषय महत्वपूर्ण हुन्छ । कसूर ठहर हुने वा नहुने र पीडिले न्याय पाउने वा नपाउने भन्ने कुरा अनुसन्धान र अभियोजनमा भर पर्दछ । अदालतले गर्ने फैसला अभियोजनमा भर पर्ने र सरकारी वकीलले गर्ने अभियोजन भने अनुसन्धानमा भर पर्ने भएकोले अनुसन्धान पूर्ण (Perfect) हुनु

जरुरी छ । यसका साथै सरकारी वकीलले पनि अभियोजन तथा बहस पैरवी गर्दा पीडित र पीडकको अधिकारको ख्याल गर्दै न्यायको पक्षमा काम गर्नु पर्छ ।

नेपालको जवर्जस्ती करणी सम्बन्धी कानून बेलायत र क्यानाडाको जस्तो व्यवहारिक छैन । कानून एकातिर र व्यवहार एकातिर भएको कारण पीडितले न्याय पाउने गरी व्यबहारिक कानूनमा आवश्यक संशोधन हुनु जरुरी देखिन्छ ।

नेपालको सर्वोच्च अदालतबाट भएका फैसलाहरु हेर्दा २०६३ अगाडिका फैसलाहरुमा प्रमाणको कठोर परीक्षण गर्ने गरिएको, कम मुद्दामा कसूर ठहर भएको देखिएको छ भने तत्पश्चतका फैसलाहरुमा कम प्रमाणको आधारमा पनि कसूर ठहर गर्ने, फैसलाहरु असन्तुलित (inconsistency), भावना र महिलाको भनाईप्रति अदालत बिश्वस्त रहेको देखिन्छ । यसबाट एकातर्फ पीडित महिलाले न्याय पाउने संभावना बढी देखिएको छ भने अर्कोतर्फ निर्दोष व्यक्तिहरुले सजाय भोग्नुपर्ने खतरा पनि देखिएको छ ।

माथि गरिएको छलफलबाट वास्तबिक कसूरदार सजायबाट उम्किन नसक्ने र पीडितले न्यायको अनुभूत गर्ने एवं निर्दोष व्यक्तिले सजाय भोग्नु नपर्ने अवस्थालाई अझ सुदृढ तुल्याउनका लागि जवर्जस्ती करणी सम्बन्धी नेपालको कानूनी प्रणालीमा निम्न बमोजिमको बिषयमा ध्यान दिन र सुधार हुन आवश्यक देखिन्छः-

**परिभाषाको बिषयमा**

- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) को खण्ड (क) मा "डर, त्रास, झुक्यान" जस्ता शव्दावलीहरु रहेका छन । कुन स्तर र मात्रा (Degree) को "डर, त्रास, झुक्यान"मा पारि गरिएको करणीलाई जवर्जस्ती मान्ने हो भन्ने प्रष्ट नहुँदा ती शव्दहरुको दुरुपयोग (misuse) हुनसक्ने भएकोले कसूर हुन कुन स्तर र मात्रा (Degree) को "डर, त्रास, झुक्यान" हुनुपर्ने हो भन्ने सम्बन्धमा स्पष्ट हुनु पर्दछ[392]।
- नेपालको कानून अनुसार पीडित भनिएको व्यक्तिको मञ्जुरी नहुनु नै कसूर स्थापित हुने प्रयाप्त आधार बन्दछ । वास्तबमा पीडितको मञ्जुरी नभए तापनि निजको व्यवहारबाट मञ्जुरी झल्किन्छ र प्रतिवादीसँग पीडितको मञ्जुरी भएको कुरामा बिश्वस्त हुने मनासिव (Reasonable belief) आधार छ भने यस्तो अवस्थामा गरेको करणीबाट प्रतिवादी दोषी हुँदैन[393] । जस्तो उमेर पुगेका, शारीरिक तथा मानसिकरुपमा सबल व्यक्तिहरु होटलमा रात

[392] जस्तो Indian Penal Code 1860 को Article 375 को तेस्रो खण्डमा 'fear of death or of hurt' भनि डरको मात्रा उल्लेख गरिएको छ।

[393] उदाहरणको लागि हेर्नुहोस्, Section 1(1)(c) of the Sexual Offences Act 2003 of England

बिताउन राजी भए, एकले अर्कालाई कुनै डर, त्रास दिएको थिएन, यौनसम्बन्धको समयमा कुनै प्रकारको प्रतिरोध भएन, पीडितले इन्कार पनि गरेन, कुनै हारगुहार वा हल्लाखल्ला पनि भएन । तर घटना पछि पीडितलाई मैले गर्न नहुँने काम गरैं भन्ने आत्मग्लनी हुन सक्छ र निजले मेरो मञ्जुरी थिएन भनेपनि र वास्तबमा यौनकार्य गर्न पीडितको मञ्जुरी नभए तापनि निजको मञ्जुरी थियो भन्ने कुरामा प्रतिवादी बिश्वस्त हुनु स्वभाबिक हुन्छ । तसर्थ यस बिषयमा कानूनमा प्रष्टता हुनु आवश्यक देखिन्छ ।

- संहिताको दफा दफा २१९ को उपदफा (७) मा "अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ्य महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा" थप पाँच वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ । तर कुन स्तरको "अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ्य" भन्ने उल्लेख गरिएको छैन । यसका साथै "हातहतियार" भन्नाले कस्ता हातहतियारलाई बुझाउने हो सो पनि स्पष्ट नभएकोले प्रचलित कानूनले गरेको परिभाषालाई नै मान्नु पर्ने हुन्छ[394] । प्रचलित कानूनमा परिभाषा नगरिएका तर मान्छे मार्न वा गंभीर चोट पुऱ्याउन सक्ने प्रकृतिका हातहतियारहरु जस्तैः खुकुरी, खुर्पा आदिलाई समेट्नु आवश्यक छ । साथै, हातहतियार देखाउनु मात्र प्रयाप्त होइन, प्रयोग गर्ने संभावना र त्यस्तो हतियार प्रयोग गर्नसक्ने क्षमता पनि प्रतिवादीमा रहेको छ भन्ने कुरामा पीडित बिशवस्त हुने अवस्था पनि हुनु पर्दछ ।

**कानूनतः बलात्कार (Statutory Rape) को बिषयमा**

- संसारका धेरै बिकशित मुलुकहरुमा समेत Statutory Rape हुन सोह्र वर्षभन्दा कम उमेर निर्धारण गरिएको देखिन्छ । तर अशिक्षा र गरिबीको चपेटामा परेको हाम्रो मुलुकमा अठाह्र वर्ष गराइनुले बलात्कारको संख्या निकै ठूलो देखिएको छ र यो समाजको हितमा पनि छैन । तसर्थ, यो उमेरलाई घटाई साबिककै जस्तो सोह्र वर्ष गराउनु पर्दछ । बालबालिकालाई बयस्कबाट हुनसक्ने यौन शोषणबाट बचाउने उद्देश्यले Statutory Rape को अवधारणा बिकास भए तापनि हालका दिनमा चौध वा सोभन्दा कम उमेरमै केटीहरु यौनका लागि तयार हुने, बयस्कजस्तै देखिने र पुरुषलाई आकर्षित गर्न सक्ने देखिन्छन । यस सम्बन्धमा फौजदारी कानूनका बिद्वान Glanville Williams भन्दछन्, "The object of the law is to save young girls from their own inexperience, and presumably to protect the interest of parents in having a chaste daughter. But there are girls who develop young,

[394] हातहतियार खरखजाना ऐन, २०१९ को दफा २ को खण्ड (क) मा "हातहतियार" भन्नाले तोप, मोर्टार, बख्तरबन्द गाडी, मेशिनगन, राइफल, बन्दुक, पिस्तोल, रिभल्भर वा खरखजाना प्रयोग गरी वा नगरी चलाइने त्यस्तै प्रकृतिका अन्य यन्त्र सम्झनु पर्छ र सो शब्दले हातहतियार बनाउने मेशिन, उपकरण र हातहतियारको पाटपूर्जा समेतलाई जनाउँछ भन्ने उल्लेख भएको ।

who are sexual, mature at 14 or even earlier, appearing to be much older, and who seek the attention of men."[395]

- Statutary rape मा महिलालाई कुनै सजाय नहुने र पुरुषलाई मात्र सजाय हुने कानूनी व्यवस्था रहेको छ । यस्तो अवस्थामा मायाप्रेममा रहेका जोडिहरुबीच भएको सहमतिपूर्ण यौनसम्बन्धमा कसूर नहुने गरि अन्य देशहरुमा जस्तो नजिकको उमेरमा छुट अर्थात रोमियो र जुलियट कानून (Close-in-exemption or Romeo and Juliet Law) हुनु आवश्यक छ । अन्यथा बेलायतमा जस्तो यात दुबैलाई मुद्दा चलाउनु पर्छ वा उमेरले जो जेठो हो उसैलाई मुद्दा चलाउनु पर्नेमा[396] नेपालमा भने पुरुषलाई मात्र मुद्दा चलाइन्छ ।

**सजायको बिषयमा**

- कडा सजाय बलात्कार निराकरणको अचुक उपाय नभएको र कसूरदारले सजायको हिसाब गरेर अपराध नगर्ने भएकोले बलात्कारको वास्तविक कारण पत्ता लगाउन त्यसतर्फ अनुसन्धान गरी प्राप्त निश्कर्षका आधारमा प्रारंभमै यस्ता घटना घटनबाट रोक्ने उपायहरु अवलम्बन गर्ने र सजायको बैकल्पिक उपायहरुको समेत खोजी गरिनु आवश्यक छ ।
- जसरी अन्य कसूरमा पीडितको उमेर अनुसार तहतह गरी फरक फरक सजाय हुँदैन त्यसैगरी जवर्जस्ती करणीको कसूरमा पनि धेरै तह राखिनु संसारमा प्रचलित फौजदारी कानूनको मर्म बिपरित देखिएकोले यसमा सुधार हुनु आवश्यक छ ।
- नेपालमा एउटै कसूरमा पनि बिभिन्न थप सजायको व्यवस्था गरिएको छ । जस्तैः असक्तमा थप, सामुहिकमा थप, हाडनातामा थप आदि। यस्तो थपमाथि थप सजाय गर्ने व्यवस्था बेलायत, भारत, जापान, क्यानाडा, अमेरिका कतै देखिँदैन । थपमाथि थप सजायको अन्तिम बिन्दु कुन हो भन्ने पनि हाम्रो कानूनमा व्यवस्था गरिएको छैन । यो कानूनी व्यवस्था कट्टरपन्थी मुस्लिम देशहरुमा भएजस्तै कठोर सजाय भएकोले यसलाई पुनरावलोकन गर्नु पर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (क) मा "पूर्ण अशक्त, अपाङ्गता भएका" भन्ने शव्दावली परिसकेको अवस्थमा पुनः सोही ऐनको उपदफा (७)

---

395 Op. Cit., Glanville Williams, Pg. 240

396 Teenage couples before either participant has reached the age of consent, or after one has but the other has not, may engage in consensual sexual conduct as part of an intimate relationship. In such cases, the older of the two participants is technically guilty of rape as any consent between partners, even if freely given, does not meet the standard of law as it is given by a minor. "Romeo and Juliet" laws, serve to reduce or eliminate the penalty of the crime in cases where the couple's age difference is minor and the sexual contact is only considered rape because of the lack of legally-recognized consent. https://definitions.uslegal.com/r/romeo-and-juliet-law/

को प्रतिवन्धात्मक वाक्यांशमा सोही उद्देश्यका लागि यिनै शव्दहरु राखिनुको कुनै अर्थ नरहेकोले यसलाई मिलाउनु पर्दछ ।

- नेपालको फौजदारी कानूनले धेरैजसो कसूरमा न्यायाधीशलाई बिश्वास गरी तल्लो र माथिल्लो सजायको हद निकै फराकिला पारेको देखिन्छ । तर जवर्जस्ती करणीको कसूरमा भने सजाय तोक्ने सम्बन्धमा न्यायाधीशलाई बिश्वास गरेको देखिँदैन । जसले गर्दा कसूरको गंभीरता अनुसार सजाय गर्न नसक्ने भएकोले कम सजाय गर्न उपयुक्त हुने अवस्थामा प्रतिबादीलाई जवर्जस्ती सफाइ दिनु पर्ने वा गंभीरताको अनुकूल नहुने गरी बढी सजाय गर्नु पर्ने भएकोले बेलायत, क्यानाडा जस्तो देशहरुले अंगिकार गरेबमोजिम सजायको तल्तो र माथिल्लो हदको अन्तर (gap) धेरै राखी सजाय निर्धारणमा न्यायाधीशलाई अधिकतम् स्वबिवेकीय अधिकार (Discritionary Power) प्रदान गर्नु पर्दछ ।
- सजाय तथा पीडितको राहतको सम्बन्धमा UN Declaration of Basic Principle of Justice for Victim of Crime and Abuse of Power, 1985 ले व्यवस्था गरेका उपायहरु समेत अवलम्बन गर्ने ।

## पीडित र पीडकको लैङ्गिकताको बिषयमा

- नेपालको कानूनले जर्वजस्ती करणीको कसूरमा महिला, पुरुष र तेश्रो लिङ्गी समेत पीडक हुनसक्ने व्यवस्था गरेको छ । पुरुष र तेश्रो लिङ्गी समेत पीडित हुन सक्ने मान्यतालाई आधुनिक फौजदारी कानुनमा स्वीकार गरीएको भएपनि नेपालमा भने जवरजस्ती करणी महिला विरुद्धमात्र हुने भन्ने कानूनी व्यवस्था रहेकोले लैङ्गिक तटस्थ (Gender-neutral) हुने गरी कानूनी व्यवस्था गरिनु पर्दछ ।

## अनुसन्धान र अभियोजनको बिषयमा

- करणी सम्वन्धी कसूरको अनुसन्धान र अभियोजन गर्दा एकातर्फ महिलाको संवेदनशिलता माथी गंभीर ध्यान पुऱ्याउनु पर्छ भने अर्कोतर्फ यस्ता कसूरमा झुट्टा मुद्दा पनि उत्तिकै देखिएकोले निर्दोषलाई मुद्दा मामिलाबाट बचाई निजको इज्यत प्रतिष्ठाको समेत ख्याल गरिनु पर्दछ ।
- अनुसन्धानकर्ताले जाहेरीमा उल्लेख भएको व्यहोरालाई सत्य साबित गराउन प्रमाणको सिर्जना गर्ने होइन, सधै तटस्थ भै सत्य पत्ता लगाउने उद्देश्यबाट प्रेरित भै प्रमाण संकलन गर्नु पर्दछ भने अभियोजनकर्ताले पनि कुनै पनि बाहिरि कुराबाट प्रभाबित नभै बिशुद्ध प्रमाणबाट देखिएबमोजिम न्याय र सत्यताको पक्षमा अभियोजन गर्ने वा नगर्ने निर्णय गर्नु पर्दछ ।
- कुनै कसूरमा सजाय जति कठोर हुन्छ, कसूर ठहर गर्न त्यत्तिकै ठोस र बैज्ञानिक प्रमाणको आवश्यकता पर्दछ । नेपालमा जवर्जस्ती करणी सम्बन्धी कसूरमा पछिल्लो दिनमा सजायमा

निकै धेरै बृद्धि गरिएकोले त्यस्तो कसूर ठहर गर्न पीडित तथा अनुमानको भरमा बोल्ने साक्षीको भनाई मात्र होइन भौतिक एवं चिकित्सकिय प्रमाण संकलनमा जोड दिनु आवश्यक छ ।

- पीडितले अनुसन्धानको क्रममा एउटा कुरा र अदालतमा त्यसको बिपरिरत बकपत्र गर्ने ( Hostile) गरेको देखिएको छ । यसका दुईवटा कारण छन । पहिलो, अनुसन्धानको क्रममा सत्य बोल्ने र बिभिन्न लोभ वा त्रासको कारण अदालतमा असत्य बोल्ने । दोस्रो, सहमतिमा करणी भएकोमा अन्य कुनै बिषयमा कुरा नमिलेको कारण अनुसन्धानमा झुट्टा व्यहोराको बकपत्र गर्ने र अदालतमा पुग्दा सत्य बोल्ने । यस्तो प्रबृत्तिलाई रोक्न अनुसन्धानकै क्रममा जाहेरवाला, पीडितलाई समग्र मुद्दा तथा असत्य बोल्दाको संभाबित परिणामको परिणामको बारेमा जानकारी गराइदिनु पर्दछ ।

**कानून र व्यवहारको बिषयमा**

- व्यक्तिको जीवन कानूनका लागि अर्पण हुनु हुँदैन, कानून व्यक्तिको न्याय प्राप्तिका लागि हुनु पर्दछ । न्याय नत कानून निर्माताको सन्तुष्टि हो, नत अनुसन्धान अधिकारीको । न्याय अभियोजनकर्ताको सन्तुष्टि पनि होइन र न्यायाधीशको सन्तुष्टिको बिषय पनि होइन । योत पीडितको सन्तुष्टिको बिषय हुनु पर्दछ । तसर्थ, कानून आफैमा व्यवहारसम्मत र न्यायको दिशातर्फ अभिमुख हुनु पर्नेमा नेपालको जवर्जस्ती करणी सम्बन्धी कानून व्यवहारसम्मत छैन । ‘फौजदारी न्याय प्रशासन संचालन गर्दा हाम्रै सामाजिक पृष्ठभूमिलाई आत्मसात गर्नु पर्दछ । आफ्नो सामाजिक पृष्ठभूमिलाई नजरअन्दाज गर्नु निश्चय पनि यथार्थ न्यायको लागि व्यवहारीक र उपयुक्त नहुने’[397] भएकोले ब्यबहारिक समस्या हल गर्ने गरी कानूनको संशोधन हुनु पर्दछ[398] ।
- नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिलाई कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने अधिकार प्रदान गरिएको छ । राष्ट्रपतिको यो अधिकार एक बिशिष्ट एवं त्यादै अपबादात्मकरुपमा प्रयोग हुने अधिकार हो । जस्तोः दुई देशबीचको कुटनीतिक सम्बधमा असर पर्ने अवस्थामा, न्यायमा विचलन वा त्रुटि (Miscarriage of Justice) भएको अवस्थामा वा पीडितकै सन्तुष्टि र न्यायका लागि आदि आदि । कुनै कसूरको नामाकरण नगरी सबै कसूरमा संसारका सबैजसो कानूनी प्रणालीले यो अधिकार राष्ट्रप्रमुखलाई प्रदान गरिएको हुन्छ तर नेपालमा संविधानले राष्ट्रपतिलाई प्रदान गरेको यो

397 *नेपाल सरकार वि. दिपक तुलसी वाख्यो,* ने.का.प. २०६३, माघ, निर्णय नं. ७७७२

398 नेपालको कानून र व्यबहार कसरी मिलेको छैन भन्ने सम्बन्धमा माथि "कानून र व्यवहार" शिर्षक अन्तर्गत चर्चा गरिएको छ।

अधिकार "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" को दफा १५९ को उपदफा (४) ले जबरजस्ती करणी लगायत दश प्रकारका कसूरमा माफी हुन नसक्ने गरी राष्ट्रपतिको संवैधानिक अधिकारलाई कार्यविधि कानून (Procedureal law) ले कटौति गरेको छ । तसर्थ, यो नकारात्मक सूची हटाइ कानून व्यवहारिक बनाउनु पर्दछ ।

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २४, २५, २६ २७, २८, २९, ३७ मा कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, पुनःर्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा कारागारमा बसी कैद भुक्तान गर्न सकिने, खुल्ला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने, कैद कट्टा हुन सक्ने व्यवस्था गरिएको भए तापनि बिभिन्न कसूरमा यस्तो सुविधा नदिने व्यवस्था गरिएको छ । यस्तो बन्देज लगाउनुको पछाडि कुनै उपयुक्त तर्क र कारण नदेखिएको कारण यस्तो बन्देज हटाइ कसूरदारलाई सुधार गरी समाजमा प्रतिःथापन गर्ने आधुनिक दण्डशास्त्रलाई आत्मसात गर्नु जरुरी छ ।

**सर्वोच्च अदालतको धारणा सम्बन्धमा**

- जबरजस्ती करणी जस्तो अपराधमा न्यायको रोहबाट संवेदनशील हुनुपर्ने हो तर पनि अति संवेदनशील भई एकतर्फी रूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नु पर्दछ[399] । अदालतबाट हुने फैसला समाचार माध्यम, सामाजिक सञ्जाल, सडकमा उठेका आवाज वा गैरसरकारी संस्थाको अपेक्षा, लोप्रियताको आकांक्षा वा यस्तै कुनै पनि बाहिरी प्रभावबाट मुक्त भै मिसिलबाट देखिएको बैज्ञानिक एवं भौतिक प्रमाणबाट यथार्थतामा आधारित हुनु पर्दछ ।
- नेपालको सर्बोच्च अदालतबाट भएका कतिपय फैसलाहरुमा स्थिरता (Consistency) देखिँदैन । तसर्थ, यसतर्फ प्रयाप्त ध्यान पुऱ्याउनु आवश्यक छ ।
- कुनै कसूर पुर्ण वा उद्योगमात्र हो भनी छुट्याउने आधार कसूर कुन चरणमा रहेको छ भन्ने आधारमा निर्भर हुन्छ । ज्यान मुद्दामा कुनै बयस्क व्यक्तिमाथि गोली लागेको तर मृत्यु नभएको अवस्थामा त्यो कर्तव्य ज्यानको उद्योग (Attempt to murder) हुन जान्छ । फौजदारी कानूनको यो नियम बालबालिकाको हकमा पनि एउटै हो । अर्थात त्यसरी नै बालबालिकामाथि गोली हानीएको तर मृत्यु नभएको अवस्थामा पनि पूर्ण कसूर भन्न सकिँदैन । यो नियम जवर्जस्ती करणीको कसूरमा फरक हुँदैन । पुर्ण कसूर र उद्योगको बीचमा उमेरको आधारमा ब्याख्या गरिनु शिद्दान्ततः गलत हुन्छ । नेपालको सर्वोच्च अदालतले अत्यन्त कलिलो उमेरका

[399] *विजय सुन्दास वि. नेपाल सरकार,* नेकाप, २०७४, मंसीर, नि. नं. ९८५६

वालिकामाथि गरिएको जवर्जस्ती करणीको कसूरको सम्बन्धमा गरेको ब्याख्यालाई यहि सिद्धान्तसँग सामिप्य हुने गरी बुझ्नु आवश्यक हुन्छ[400]।

**रोकथामका उपायहरुको बिषयमा**

- घटना घटिसकेपछि सजाय गरिनु मात्र उपयुक्त समाधान नभएकोले अपराध रोकथामको उपायहरु अवलम्बन गरिनु बुद्धिमानी हुन्छ। यस्ता उपायहरुमा नैतिक शिक्षाको अभिबृद्धि, यौन खेलौनाको (क्भह तयथ) को प्रयोगमा प्रोत्साहन, बयस्कबीच हुने स्वेच्छिक यौन सम्बन्धमा (Consensual sexual activity between the adults) राज्यले नकारात्मक दृष्टिकोण राख्न नहुने र त्यस्ता व्यक्तिहरुबीच हुने यौन व्यवसायलाई व्यवस्थित गर्ने आदी।

**अन्य बिषयहरु**

- कानून निर्माता तथा कानून कार्यान्वयन गर्ने निकाय र व्यक्तिहरु सडकमा उर्लिएका भावनाका प्रशंक र अनुयायी होइन यथार्थपरक हुनु पर्ने देखिएको छ।
- उजूरी दिने हदम्याद लामो भएकोले कानूनको दुरुपयोग हुनसक्ने देखिएकोले जाहेरी दिने म्याद, अनुसन्धान गर्ने म्याद र मुद्दा दायर गर्ने म्याद छुट्टाछुट्टै गरी जाहरी दिने म्यादलाई ज्यादै अपबादात्मक अवस्थामा बाहेक बढिमा तीन महिनामा सिमित गरिनु पर्दछ।
- थुनामा रहेको व्यक्ति,[401] आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्ति[402] वा कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग[403] दुबै पक्षको सहमतिमा र महिलाको ईच्छामा गरिएको करणी कसूरकोरुपमा परिभाषित गरिएकोले उल्लेखित दफाहरुमा Indian Penal Code को दफा 376C मा उल्लेख गरिएजस्तो अर्को व्यक्तिले आफ्नो पदको दुरुपयोग गरी (Abuse such position) भन्ने शव्दावली थप गर्नुपर्ने[404]।
- महिला अधिकारकर्मी एकअर्कामा आरोप प्रत्यारोप[405] घर परिवारबाट भड्किएकाहरु पैसा कमाउन र आफ्नो स्वार्थको लागि महिला अधिकारका लागि काम गर्ने गरेको[406] गैरसरकारी

[400] जस्तै *विष्णु अधिकारी वि. नेपाल सरकार,* नेकाप, २०६३, जेठ, निर्णय नं.७६५२ समेतका मुद्दाहरुमा भएको व्याख्या।

[401] मुलुकी अपराध संहिता, २०७४ को दफा २२१

[402] सोही, दफा २२२

[403] सोही, दफा २२३

[404] बेलायतमा पनि Sexual Offences Act, 2003 *Abuse of position of trust (*Section 16 to 24) मा यस्तै व्यवस्था गरिएको छ।

[405] Retrieved from https://www.youtube.com/watch?v=WiDIdPlWG1Q [Visited on June 27, 2020]

संस्थाहरुले बास्तबिक पीडितलाई सहयोग गर्ने नाममा बनावटी मुद्दा सिर्जना गर्ने र प्रचारबाजी गर्ने गरेको भन्ने आरोप लाग्ने गरेको देखिएकोले यसतर्फ अनुगमन गरी दण्ड पुरस्कारको कानूनी व्यवस्था गरिनु पर्ने ।

कठोर कानूनका बाबजुद पनि नेपालमा जवर्जस्ती करणीका घटनाहरु हरेक वर्ष तिब्ररुपमा बढ्दै गएको देखिनु कानून निर्माता, कानून कार्यान्वयनकर्ता र समग्र राष्ट्रको लागि चिन्ताको बिषय भएको छ । यस्ता कसूरको न्यूनिकरणका लागि अन्य देशको सफल अभ्यासको अनुकरण तथा माथि सुझाइए बमोजिम निवारण (prevention) का उपायहरुको अवलम्बनका लागि कानूनको संशोधन गर्ने एवं अनुसन्धान तथा अभियोजनको क्रममा थप निश्पक्षता र संवेदनशिलतामा अभिबृद्धि गर्ने कार्यलाई सम्बन्धित निकायले ध्यान पुऱ्याउनु आवश्यक छ ।

[406] Retrieved from https://www.youtube.com/watch?v=qS33vlnYmVo [Visited on June 27, 2020]

# जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव कानून र कसूरको अनुसन्धान र अभियोजनमा सरकारी वकिलको जिम्मेवारी

✍ संजीवराज रेग्मी (सहन्यायाधिवक्ता)

## १. विषय प्रवेशः

नेपाली समाजमा जातीय तथा सामाजिक भेदभाव तथा छुवाछूत प्राचीन समय देखि एउटा सांस्कृतिक परम्पराको रुपमा रहदै आएको थियो । मानिसलाई तीनको उत्पत्ति, वंश, जात वा पेशाका आधारमा वर्गीकरण गर्ने जाति व्यवस्था नेपाली समाजमा व्याप्त रहेको थियो भन्ने कुरा त्यस समयका ग्रन्थहरुमा उल्लेख भएको पाईन्छ । नेपालको पहिलो संहितावद्ध कानूनको रुपमा रहेको मुलुकी ऐन, १९१० ले पेशाका आधारमा मानिसलाई तागाधारी, मतवाली, पानी नचल्ने तथा छुन नहुने जातीको रुपमा बर्गीकरण गरेको थियो ।[407] उक्त ऐन धार्मिक र सांस्कृतिक परम्पराको रुपमा चल्दै आएको तत्काल विद्यमान असामाजिक र असमान जातीय भेदभावलाई कानूनी मान्यता दिने तथा सुदृढ बनाउने दिशामा उन्मुख रहेको देखिन्छ । समाजमा व्याप्त यस प्रकृतिको भेदभावका कारण मानिसहरु वीच एउटै पानीको स्रोत प्रयोग गर्न, मन्दिर वा सार्वजनिक स्थानभित्र प्रवेश गर्न तथा कथित उच्च जातीसँग वैवाहिक सम्बन्ध कायम गर्न नपाईने अवस्था रहेको थियो । यो भेदभावजन्य अवस्थालाई तत्काल प्रचलित कानूनले नै संरक्षण गरेको थियो । समाजमा कानूनी रुपमा विद्यमान रहेको सामाजिक तथा जातीय विभेदको अवस्थालाई हटाउने उद्धेश्यले वि.स. २०२० सालमा मुलुकी ऐन जारी भयो । उक्त ऐन शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न नसक्दा छोटा बडा सबैलाई कसूर अनुसार एकै सजाय होस् घटी बढी नपरोस् भन्ना निमित्त चिरकालसम्म शान्ति र व्यवस्था कायम राख्ने र विभिन्न वर्ग, जात, जाति र क्षेत्रका जनताको सुसम्बन्ध बनाई राख्ने समेतको उद्धेश्यले लागू भएको प्रस्तावनाबाट देखिन्छ । प्रस्तावनाको उल्लिखित व्यवस्थाले समाजमा व्याप्त जातीय विभेद र छुवाछुतलाई अन्त गर्ने उद्धेश्य अनुरुप मुलुकी ऐन, २०२० जारी भएको भन्न सकिन्छ । तथापी उक्त ऐनमा पनि छुवाछूतलाई मान्यता दिने खालका कतिपय कानूनी व्यवस्थाहरु विद्यमान थिए । लामो समयसम्म कानूनी र सामाजिक रुपमा कायम रहेको छुवाछूत र जातीय विभेदलाई हटाउने उद्धेश्यले छलफल र नीतिगत सुधारका प्रयासहरु हुदै आए पनि छुट्टै कानूनी व्यवस्था हुन नसकेकोले २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन निर्माण भै कार्यान्वयनमा आएको छ ।

---

[407] जुरी नेपाल, छुवाछुत तथा जातीय विभेद अपराध विरुद्ध कानूनी उपचार, प्रथम संस्करण, २०७०, पृष्ठ ११

उक्त कानूनमा भएको पछिल्लो संशोधनले यसको नाम लगायत कसूर र दण्ड सजाय सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरेको छ । यस कानूनले छुवाछूत र भेदभावको कार्यलाई कसूरको रुपमा स्वीकार गरेको छ र यस्तो कार्य गर्ने गराउनेलाई सजाय हुने व्यवस्था गरेको छ । तथापी समाजमा यस्तो भेदभाव र छुवाछूतको अबस्था अन्त्य हुन सकेको छैन । यसका पछाडी लामो समय देखि प्रचलनमा रहेको भेदभावपूर्ण व्यवहार, जातीय र सामाजिक संरचना, कुरीति तथा मानिसको सोच, अशिक्षा, जातीय सोच जस्ता कारण जिम्मेवार रहेका छन भने कानून कार्यान्वयनको कमजोर पक्ष पनि उत्तिकै जिम्मेवार रहेको छ । यसमा मानवीय व्यवहार र सोचमा परिवर्तन र कानूनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## २. जातीय भेदभाव तथा छुवाछुत

जातीय छुवाछूत तथा सामाजिक भेदभाव निश्चित समुदाय र पेशाका मानिसहरुलाई अर्को समुदाय का मानिसले छुन नहुने, निश्चित स्थान वा मन्दिरमा प्रवेश गर्न नदिने, सामाजिक रुपमा बहिष्करण र अपहेलित गर्ने लगायत अपमानजनक व्यवहार गर्ने असामाजिक कुरीति प्रथा हो । यो मानिस मानिस वीचको असमान व्यवहार पनि हो । धर्म, वर्ण, जात, जाती, सम्प्रदाय, पेशाका नाममा कथित तल्लो जात भनी भेदभाव र छुवाछूत गर्ने अमर्यादित र अमानवीय कार्य हो । नेपालको प्रचलित कानूनले जात जाति, धर्म वर्ण समेतका आधारमा गरिने भेदभावलाई जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूर मानेको छ । निश्चित समुदाय र पेशाका मानिसहरुलाई अर्को समुदायका मानिसले छुन नहुने, निश्चित स्थान वा मन्दिरमा प्रवेश गर्न नदिने, सामाजिक रुपमा बहिष्करण र अपहेलित गर्ने लगायत अपमानजनक व्यवहार गर्ने कार्य छुवाछूत र भेदभावजन्य कसूर हो ।

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा गरिने कुनै पनि प्रकारको छुवाछूत वा भेदभावजन्य कार्य जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूर हो । यस्ता कार्य गम्भीर सामाजिक अपराध हुने गरी कानूनद्धारा दण्डनीय हुने संवैधानिक व्यवस्था गरिएको छ ।[408] यसै गरी नेपालको संविधानले छुवाछुत र भेदभावलाई समानता विरुद्धको कार्य मानेको छ । यसले सामाजिक असमानता बढाउनुका साथै सामाजिक सद्भावलाई समेत कमजोर बनाउछ । यसले समुदायका वीचमा सामाजिक रुपमा दुरी बढाउनुका साथै स्वस्थ्य सामाजिक विकासमा पनि अबरोध सिर्जना गर्दछ । जातीय भेदभाव र छुवाछुतले मानव समूदाय र जातीका वीचमा असमानता उत्पन्न गर्ने र मानवीय मर्यादा र सम्मानमा पनि असर गर्ने हुँदा यसलाई सभ्य समाजमा अस्वीकार्य मानिन्छ ।

[408] नेपालको संविधानको धारा २४(५)

## ३. जातीय विभेद र छुवाछूत विरुद्धका अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरु

अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनले जातीय भेदभाव र छुवाछुतलाई पूर्णत निषेध गरेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको रुपमा रहेका निम्न अन्तराष्ट्रिय दस्तावेजहरुले गरेका व्यवस्थाहरु यहाँ उल्लेख गरिएको छ ।

### ३.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले सबै मानव जाति स्वतन्त्र रुपले जन्मन्छन र मानव प्रतिष्ठा एवं अधिकारमा समान छन् भन्ने भावनालाई समेटेको छ । प्रत्येक व्यक्ति कुनै पनि किसिमको खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव विना सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरुको हकदार छन् भन्ने यसले घोषणा गरेको छ । सबै मानव जाति कानूनको अगाडि समान हुने तथा कुनै पनि भेदभावको प्रोत्साहन विरुद्ध कानूनको समान संरक्षणको हकदार हुने कुरालाई यसले स्वीकार गरेको छ । यस घोषणापत्रले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव नगरिने सिद्धान्त यसले स्वीकार गरेको छ ।[409] सबै व्यक्तिहरूलाई यस घोषणापत्रको उल्लङ्घन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव विरुद्ध वा त्यस्तो भेदभावको दूरुत्साहन विरुद्ध समान संरक्षण पाउने अधिकार हुने कुरा यसमा समावेश गरिएको छ ।

### ३.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रले सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरूको सम्मान र उपभोग हुने सुनिश्चितता प्रदान गरेको छ । यस्ता अधिकारको उल्लङ्घन भएको खण्डमा प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्ने दायित्व पक्षराष्ट्रलाई हुने प्रतिज्ञापत्रले व्यवस्था गरेको छ ।

### ३.३ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

यस अनुबन्धको धारा २ मा पनि यस अनुबन्धका पक्षराष्ट्रहरूले अनुबन्धमा उल्लिखित अधिकार जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना उपभोग गर्न पाउने कुराको प्रत्याभूति गरेको छ ।

---

[409] मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ को धारा २

## ३.४ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९

यस महासन्धिको धारा २ अनुसार पक्ष राष्ट्रहरूले प्रत्येक बालबालिकाहरूलाई निजको वा निजका बाबु आमाको वा कानुनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूको सम्मान तथा सुनिश्चितता गर्नुपर्दछ ।

## ३.५ जातीय विभेदका सवै रुप उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

सन् १९६५ डिसेम्बर २१ मा पारित भएको यस महासन्धिलाई नेपालले सन् १९७१, जनवरी ३० मा अनुमोदन गरी पक्षराष्ट्र बनेको हो । यस महासन्धिले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य क्षेत्रमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरू समान आधारमा कुनै पनि व्यक्तिले पाउने, उपभोग गर्ने र अभ्यास गर्ने कुरालाई कमजोर र प्रभावहीन तुल्याउने उद्धेश्य राखी जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि प्रकारको भेदभाव, बहिष्कार, नियन्त्रण, वा प्राथमिकतालाई जातीय भेदभाव सम्झनुपर्छ भनी परिभाषा गरेको छ ।[410] न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार, कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार, राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारका आधारमा निर्वाचनहरूमा भाग लिने अधिकार/सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार, राष्ट्रको सिमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार, आफ्नो देश लगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्कन पाउने अधिकार, राष्ट्रियताको अधिकार, विवाह गर्ने तथा बरबधु छान्ने अधिकार, एकल वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार, पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने, विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने तथा संघ संगठन गर्ने स्वतन्त्रता, काम गर्ने, स्वेच्छाले रोजगारी खोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगार विरुद्ध संरक्षण पाउने, समान कामका लागि समान ज्याला पाउने र उचित पारिश्रमिक पाउने अधिकार, ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार, आवासको अधिकार, सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार, शिक्षा तथा तालिमको अधिकार, साँस्कृतिक कृयाकलापमा समान

[410] जातीय विभेदका सवै रुप उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को धारा १

सहभागिताको अधिकार र यातायात, होटल, रेष्टुरेन्ट, क्याफे, नाँचघर तथा उद्यान जस्ता सार्वजनिक स्थलहरूमा वा सेवामा पहुँचको अधिकार प्रमुख रहेका छन् ।[411] यसको धारा ६ ले भेदभाव विरुद्धका अधिकारको उल्लङ्घनमा प्रभावकारी कानूनी उपचार र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने पक्ष राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यस महासन्धिका अधिकाशं व्यवस्था अनुसार जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ निर्माण भएको छ ।

## ४. जातीय छुवाछूत र अन्य सामाजिक भेदभाव निषेध सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

### ४.१ छुवाछुत तथा भेदभाव विरुद्धको हक

नेपालको संविधानले छुवाछुत र भेदभावलाई कानून बमोजिम दण्डनीय कसूर हुने व्यवस्था गर्दै छुवाछूत र भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । सर्वप्रथम नेपालको अन्तरिम संविधान, २०६३ ले छुवाछूत विरुद्धको हकलाई मौलिक हक अन्तर्गत राखेको थियो । त्यस अघि नेपाल अधिराज्यको संविधान, २०४७ ले समानताको हक अन्तर्गत सबै नागरिक कानूनको अगाडि समान हुने, कानूनको प्रयोगमा जात, जाति तथा उत्पत्तिका आधारमा भेदभाव नगरिने र राज्यले नागरिकका बीच धर्म,वर्ण, लिङ्ग, जात, जाती, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने प्रत्याभूति गरेको थियो । यसैगरी उक्त संविधानले कुनैपनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव नगरिने, सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वन्चित नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था गरेको थियो ।[412]

यही संवैधानिक व्यवस्था अन्तर्गत मुलुकी ऐनको अदलको महलमा १०क नं. थप गरी कसैले कसैलाई जातिपातीका आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा वहिष्कार वा निषेध गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरु प्रयोग गर्नबाट वन्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने गरी छुवाछूत र जातिय भेदभावलाई कसूर मानिएको थियो । [413] तर सोही नं को स्पष्टीकरण खण्डमा “कुनै मन्दिर वा धार्मिक स्थलहरुमा परम्परादेखि चली आएको व्यवहारलाई भेदभावपूर्ण मानिने छैन भन्ने अपवादजनक व्यवस्था गरेकोमा उक्त स्पष्टीकरणको व्यवस्था संविधानको

[411] ऐ.धारा २, ३ र ४

[412] नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११

[413] नेपाल राजपत्र भाग २, मिति २०४९।९।१८, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना ।

समानताको हकको प्रतिकुल रहेको भनी सर्वोच्च अदालतले मन बहादुर वि.क. को मुद्दामा सो कानूनी व्यवस्था असंबैधानिक हुने आदेश गरेको थियो ।[414] उक्त कानूनी व्यवस्थाले जातिय भेदभाव र छुवाछूतलाई मान्यता दिन खोजेको र संविधानको जातिपातीका आधारमा छुवाछुतको भेदभाव नगरिने र सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वन्चित नगरिने व्यवस्था प्रतिकूल रहेको आधारमा बदर गरेको देखिन्छ ।

२०६३ सालमा मुलुकी ऐन लगायत केही नेपाल कानूनमा गरिएको संशोधनले उल्लेखित अदलको महलको कानूनी व्यवस्थामा परिवर्तन गरी जातीय छुवाछुत सम्बन्धी कसूरको क्षेत्र र सजायमा वृद्धि गरेको थियो । जस अनुसार कसैले कसैलाई जातीपाती, धर्म, वर्ण, वा अन्य कामको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गरेमा तीन महिना देखि तीनवर्षसम्म कैद वा एक हजार देखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था गरियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकको व्यवस्था गरेको थियो ।[415] यस अन्तर्गत कुनै पनि व्यक्तिलाई जात, वंश, जाति, समुदाय, पेशा, वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत वा जातिय भेदभाव नगरिने र यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने तथा पीडित व्यक्तिले कानूनद्धारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने प्रत्याभूति गरिएको थियो । यसैगरी कुनै पनि व्यक्तिलाई जात जातिका आधारमा सार्वजनिक प्रयोगका रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नवाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वन्चित नगरिने र कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने हक समेतको व्यवस्था गरिएको थियो । यही व्यवस्था अनुसार २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, जारी भै लागू रहेको छ ।

## ४.२ नेपालको संविधान र जातीय छुवाछूत सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक अन्तर्गत निम्न अधिकारको प्रत्याभूति गरेको छ ।

[414] ने.का.प.२०४९, अंक १२, नि.नं.४६७०, पृ. १०१०
[415] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४

१. कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने,

२. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने,

३. कुनै जात, जाति वा उत्पत्ति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने,

४. जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने,

५. उल्लिखित कुराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने,

संविधानको यो व्यवस्था कार्यान्वयन गर्न र जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावलाई नियन्त्रण गर्न २०६८ सालमा जारी ऐन पुनरावलोकन गरी यसको नाम र अन्य कानूनी व्यवस्थामा संशोधन सहित कार्यान्वयनमा ल्याईएको छ ।[416]

## ४.३ जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८

जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसूर र सजायको व्यवस्था गर्ने उद्धेश्यले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ नेपाल भर मिति २०६८/२/१८ देखि लागू भएको छ । प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आमत्साथ गर्दै कुनै पनि आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी यस्तो कार्यलाई दण्डनीउ बनाई पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने उद्धेश्य यस ऐनले राखेको छ । मूलत जातीय भेदभाव र छुवाछूतलाई अपराधिकरण गर्ने र पीडितलाई क्षतिपूर्ति प्रदान गरी समतामुलक समाजको सिर्जना गर्ने यस ऐनको उद्धेश्य रहेको छ । यस ऐनमा २०७२।११।१३ मा केही नेपाल संशोधन गर्ने ऐन

[416] २०७२।११।१३ मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२, मिति २०७५।६।२ मा जातीय भेदभाव तथा छुवाछूत(कसूर र सजाय) पहिलो संशोधन ऐन, २०७५ र २०७५।११।११ मा नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०७५ ले उक्त ऐनमा संशोधन गरेका छन । संशोधित व्यवस्था अनुसार ऐनको नाम जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ रहेको छ ।

मार्फत र मिति २०७५।६।२ मा पहिलो संशोधन ऐन, २०७५ र मिति २०७५।११।१९ मा नेपालको संविधान अनुकूल बनाउन जारी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले ऐनको नाम लगायत अन्य दफामा संशोधन गरेको छ । उक्त संशोधनले यस ऐनको नाममा संशोधन गरी जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ नामाकरण गरेको छ । यस ऐनका मुख्य मुख्य विशेषताहरु निम्न रहेका छन ।

### ४.२.१ वाह्य क्षेत्राधिकारमा समेत ऐन लागू हुने

यो ऐन नेपालभर मात्र नभै नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध कसूर गर्ने नेपाली नागरिकलाई समेत लागू हुने गरी ऐनको बर्हिक्षेत्रीय प्रयोग हुन सक्ने व्यवस्था समावेश गरिएको छ ।[417] तथापी यस्तो कार्य नेपाल बाहिर बसी गर्ने नेपाली नागरिकलाई मात्र लागू हुन सक्दछ ।

### ४.२.२ छुवाछूत तथा भेदभाव विरुद्धका अधिकारको व्यवस्था

यस ऐनको पहिलो संशोधनले[418] प्रत्येक व्यक्तिलाई छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार हुने भन्दै यस अन्तर्गत निम्न अधिकार प्राप्त हुने व्यवस्था गरेको छ ।[419]

(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,

(ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(च) विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,

(छ) शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

---

[417] ऐनको दफा २

[418] मिति २०७५।६।२ मा भएको पहिलो संशोधनले थप गरेको ।

[419] जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा २ क.

(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

(ट) छुवाछूत तथा भेदभाव विरुद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार

### ४.२.३ जातीय भेदभाव तथा छुवाछूत कसूर गरेको मानिने

कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारिरिक अवस्थाका आधारमा ऐन अन्तर्गतको कुनै काम गरे गराएमा छुवाछूत तथा भेदभाव गरेको मानिने व्यवस्था गरेको छ । यस अन्तर्गत छुवाछूत वा भेदभाव गरी सार्वजनिक वा निजी स्थानमा गरिने निम्न प्रकारको कार्य समावेश छन । [420]

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने कार्य,

(ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने कार्य,

(ग) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्ने कार्य,

(घ) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्ने कार्य,

(ङ) जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने वा त्यस्तो कुनै क्रियाकलापमा जानीजानी सहभागी हुने कार्य,

[420] ऐ. दफा ४

(च) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने कार्य,

(छ) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने वा गराउने कार्य,

(ज) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्ने वा रोक लगाउने कार्य,

(झ) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउने कार्य,

(ञ) जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउने कार्य,

(ट) प्रचलित कानून बमोजिम उमेर पुगेका वर–वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने कार्य,

(ठ) कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्ने वा गराउने कार्य,

(ङ) उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने वा गराउन कार्य,

### ४.२.४ कसूरमा हुने दण्ड सजाय

जातीय भेदभाव वा छुवाछूतको कसूरमा उक्त कसूरको प्रकृतिका आधारमा कसूरदारलाई न्युनतम एक महिनादेखि एकवर्षसम्म कैद र पाँचसय देखि पाँच हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय र अधिकतम तीन महिना देखि तीन वर्षसम्म कैद वा पचास हजार रुपैयादेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । यसैगरी जातीय तथा र अन्य सामाजिक छुवाछूत र भेदभावको कसूर गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ भने पटके कसूरदारलाई पटकै पिच्छे निर्धारित सजायको दोब्वर सजाय हुन्छ ।[421] यस्तो कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेमा पचास प्रतिशत थप सजाय हुने गरी सार्वजनिक पद धारण गरेको व्यक्तिका हकमा थप आपराधिक दायित्वको प्रावधान रहेको छ ।[422]

### ४.२.५ क्षतिपूर्ति र उपचार खर्च सम्बन्धी व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर गरेको ठहरेमा कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था रहेको छ । जस अनुसार अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति भराईदिनुपर्ने हुन्छ । ऐन जारी हुँदा क्षतिपूर्तिको बिगो पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म रहेकोमा पहिलो संशोधनबाट दुईलाखसम्म क्षतिपूर्ति भराउने व्यवस्था गरिएको छ । कसूरदारले पीडितलाई कुनै शारिरीक हानि नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले हानीको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिनुपर्ने हुन्छ । त्यस्तो रकम कसूरदारबाट तत्काल भराउन नसकिएमा पीडित राहत कोषबाट भराई दिनुपर्ने र पछि सम्बन्धित कसूरदारबाट असुल गरी कोषमा सोधभर्ना गराउनुपर्दछ ।[423]

421 ऐ. दफा ७ (१) र (१क.)
422 ऐ दफा ७ (२)
423 ऐ दफा ९

### ४.२.६ हदम्याद र मुद्दा सरकारवादी हुने व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी कसूर भएकोमा सो मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्ने गरी हदम्यादको सिमा तोकिएको छ ।[424] यस्तो मुद्दा सरकारवादी हुने र मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था छ ।[425] तसर्थ यस्तो कसूरको अनुसन्धान प्रहरीले गर्ने र सरकारी वकीलले अभियोजन गर्ने कार्य गर्दछ । अपराध पीडितले कसूरको सुचना दिने कार्य गर्नुपर्दछ भने अनुसन्धान र अभियोजनको कार्यमा सम्बनिधत अधिकारीलाई सहयोग र समन्वय गर्नुपर्ने हुन्छ । यो ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अबलम्बन गरिन्छ ।

### ४.२.७ उजूरी सम्बन्धी विशेष व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्छ । यस्तो कसूर नेपाल बाहिर नेपाली नागरिकले गरेमा उजूरकर्ता बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजूर गर्न सकिन्छ ।[426]यस्तो उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत गर्न सक्ने विशेष व्यवस्था गरिएको छ । प्राप्त उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहले सम्बन्धित प्रहरी कार्यालयमा कारवाहीका लागि लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजूरी उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्ने जिम्मेवारी हुन्छ ।

### ४.२.८ अनुसन्धानमा सहयोग लिन सक्ने

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी मुद्दाको अनुसन्धानमा अनुसन्धानकर्ताले कसुरबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज, संघ, संस्थाको प्रतिनिधिको सहयोग लिन सक्ने विशिष्ट व्यवस्था यस

[424] ऐ दफा १०

[425] ऐ दफा ११

[426] ऐ ऐनको दफा ५

ऐनमा रहेको छ ।[427]यस व्यवस्थाले अनुसन्धानकर्ता र अभियोजनकर्ताले आवश्यक सहयोग सम्बन्धित संघ संस्थाबाट लिन सक्ने देखिन्छ ।

### ४.२.९ अन्य कसूरमा मुद्दा चलाउन सकिने

यस ऐन बमोजिम कसूर मानिने कार्य अन्य प्रचलित कानुन कमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा पनि मुद्दा चलाई कारवाही गर्न सकिन्छ । [428]

## ५. जातीय भेदभाव तथा छुवाछूत कसूरको अभियोजनको अबस्था

जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ ले साविक सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा गरिए जस्तै नेपाल सरकार वादी हुने र प्रहरी अधिकृतबाट अनुसन्धान गरी अभियोजन कार्य सम्बन्धित सरकारी वकीलबाट गरिने व्यवस्थालाई निरन्तरता दिएको छ । यद्यपी यस्ता कसूरको अनुसन्धानमा प्रहरीलाई निर्देशन गर्ने, राय परामर्श दिने, शंकित व्यक्तिको बयान लिने, शंकित व्यक्तिलाई अनुसन्धानका लागि हिरासतमा राख्न अदालतमा प्रस्तुत गरी म्याद थप माग गर्ने, अनुसन्धान पश्चात प्राप्त मिसिल हेरी थप प्रमाण संकलन गर्न वा थप अनुसन्धान गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्ने जिम्मेवारी सरकारी वकीलको रहन्छ । अनुसन्धान सम्पन्न भै अनुसन्धानकर्तावाट प्रतिवेदन सहित प्राप्त प्रमाण तथा मिसिलका आधारमा सरकारी वकीलले उक्त ऐन अन्तर्गतको कसूरमा अभियुक्त उपर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने र मुद्दा चलाउने निर्णय गरेकोमा अभियुक्त उपर सजाय तथा क्षतिपूर्तिको मागदावी लिई अभियोगपत्र तयार गरी सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ । दायर भएको मुद्दाको सुनुवाई गरी अदालतले दावी अनुसार अभियुक्तले कसूर गरे वा नगरेको ठहर गरी कसूर गरेको ठहरेमा प्रचलित कानून अनुसार अभियुक्तलाई सजाय निर्धारण गर्दछ भने कसूर गरेको प्रमाणबाट नदेखिएमा आरोपित अभियोगबाट सफाई दिन्छ । सुनुवाईको प्रकृयामा अदालतमा उपस्थित हुने, वादी पक्षबाट साक्षी, प्रमाण प्रस्तुत गर्ने,साक्षी तथा पीडितको बकपत्र गराउने तथा वहस पैरवी गर्ने जिम्मेवारी सरकारी वकीलले सम्पादन गर्दछ भने कसूरको पीडितलाई अनुसन्धान, अभियोजन र न्यायिक कारवाहकिो जानकारी दिने र समन्वय गर्ने जिम्मेवारी पनि सरकारी वकीलमा रहेको छ । प्रमाणबाट कसूरमा संलग्न देखिएको अवस्थामा मात्र अभियोजन गर्ने र गरिएको अभियोजनलाई सफल बनाउने कायृमा सरकारी वकील जिम्म्वार रहनुपर्ने हुन्छ । यस्ता कसूर सम्बन्धी मुद्दामा विगत पाँच वर्षमा गरिएको अभियोजनको अवस्थालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

427 ऐ ऐनको दफा ६

428 ऐ ऐनको दफा १३

## ५.१ आ.ब.०७१।०७२ को अभियोजन अबस्था

अदालतमा दायर भएका मुद्दामा आ.व.०७१।०७२ मा जातीय छुवाछुत सम्बन्धी कसूर अपराधमा ईलाम, सुनसरी, पर्सा, चितवन, काठमाण्डौ, नुवाकोट, धादिङ, गोरखा, रुपन्देही र सल्यान गरी १० जिल्लामा १५ वटा मुद्दामा ४५ जना अभियुक्त उपर मुद्दा दायर भएको देखिन्छ ।[429] आ.व.०७०।०७१ मा जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी जिम्मेवारी सरेको मुद्दा संख्या १४ र प्रतिवादी संख्या ९५ गरी उक्त आ.व.०७१।०७२ मा जिल्ला अदालतमा बिचाराधिन कुल मुद्दाको लगत संख्या २९ र प्रतिवादीहरुको संख्या १४० रहेको देखिन्छ । यस मध्ये २४ मुद्दा फैसला भएकोमा १२ बटा मुद्दामा  कसूर कायम भएको देखिन्छ । जसमा प्रतिवादीको संख्या ३४ रहेको छ । सफाई पाएको मुद्दाको संख्या १२ रहेको छ भने प्रतिवादी संख्या ९० रहेको छ । कसूर ठहर भएको प्रतिशत ५० रहेको छ भने असफलता प्रतिशत ५० रहेको छ । आ.व.०७१।०७२ को मुद्दाको लगत र फर्स्यौटको अबस्था निम्न तालीकाबाट देखिन्छ ।

| आ.व.०७१।७२ | गत आ.व | जम्मा | प्रतिवादी | फैसला | कसूर ठहर | सफाई | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १५ | १४ | २९ | १४० | २४ | १२ (५०%) | १२ (५०%) | ५ |

## ५.२ आ.व.०७२।७३ को अभियोजनको अवस्था

यस आ.व.मा ताप्लेजुङ्ग, सुनसरी, उदयपूर, सिराहा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गोरखा, कास्की, बाग्लुङ, प्युठान, बाँके, बर्दिया, सुर्खेत, मुगु, अछाम र कन्चनपूर गरी २० जिल्लामा जातीय छुवाछुत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ ।[430] अभियोजन भएका कुल मुद्दा संख्या २० रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ४७ रहेको छ । गत आ.व. ०७१।०७२ को जिम्मेवारी सरेको मुद्दा संख्या आ.व. ०७२।०७३ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या २५ र प्रतिवादीहरुको संख्या ६३ रहेको छ । यस मध्ये १० वटा मुद्दा फैसला भएकोमा ६ बटा मुद्दामा कसूर कायम भएको छ । जसमा प्रतिवादीको संख्या १३ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ४ रहेको छ भने प्रतिवादी संख्या १५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ६० रहेको छ भने सफाई प्रतिशत ४० रहेको छ । सो अबस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

| आ.व.०७२।७३ को संख्या | गत आ.व को लगत | मुद्दा जम्मा | प्रतिवादी | फैसला | कसूर ठहर | सफाई | बाँकी |
|---|---|---|---|---|---|---|---|
| २० | ५ | २५ | ६३ | १० | ०६ (६०%) | ०४ (४०%) | १५ |

429 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०७१।०७२

430 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०७२।०७३

## ५.३ आ.व.०७३।७४ को अभियोजन अवस्था

यस आ.व.मा इलाम, मोरङ, सिराहा, सिन्धुली, रामेछाप, मकवानपुर, लालितपूर, काठमाडौं, नुवाकोट, तनँहु, पर्सा, कास्की, नवलपरासी, रुपन्देही, कपिलवस्तु, रुकुम, बाँके, सुर्खेत, डोल्पा र बझाङ गरी १९ जिल्लामा छुवाछुत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ ।[431] अभियोजन भएका कुल मुद्दा संख्या २५ रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ६२ रहेको छ । आ.व. ०७२।०७३ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७३।०७४ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ३८ र प्रतिवादीहरुको संख्या ८८ रहेको छ । यस मध्ये २० वटा मुद्दा फैसला भएकोमा ११ बटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या २३ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ९ रहेको छ भने प्रतिवादी संख्या १५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५५ रहेको छ भने सफाई प्रतिशत ४५ रहेको छ । सो अबस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

| आ.व.०७३।७४ को संख्या | गत आ.व को लगत | मुद्दा जम्मा | प्रतिवादी | फैसला | कसूर ठहर | सफाई | बाकी |
|---|---|---|---|---|---|---|---|
| २५ | १३ | ३८ | ८८ | २० | ११ (५५%) | ०९ (४५%) | १८ |

## ५.४ आ.व.०७४।७५ को अभियोजन अबस्था

यस आ.व.मा ताप्लेजङ, झापा, मोरङ, सुनसरी, सिराहा, महोत्तरी, सर्लाही, रौतहट, काभ्रेपलान्चोक, काठमाडौं, धादिङ, पर्वत, गूल्मी, नुवाकोट, रुपन्देही, प्यूठान, सुर्खेत, केलाली र कन्चनपुर गरी १८ जिल्लामा छुवाछुत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ ।[432] अभियोजन भएका कुल मुद्दा संख्या २२ रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ५३ रहेको छ । आ.व. ०७३।०७४ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७४।०७५ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ४५ र प्रतिवादीहरुको संख्या १०२ रहेको छ । यस मध्ये ३६ वटा मुद्दा फैसला भएकोमा २१ बटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या ३५ रहेको छ । सफाई पाएको मुद्दाको संख्या १५ रहेको छ भने प्रतिवादी संख्या ३८ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५८.३३ रहेको छ भने सफाई प्रतिशत ४१.६७ रहेको छ । सो अबस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

431 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०७३।०७४ पृष्ट २६०

432 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०७४।०७५, पृष्ट २५३

| आ.व.०७४।७५ को संख्या | गत आ.व को लगत | मुद्दा जम्मा | प्रतिवादी | फैसला | कसूर ठहर | सफाई | बाँकी |
|---|---|---|---|---|---|---|---|
| २२ | २३ | ४५ | १०२ | ३६ | २१<br>५८.३३% | १५<br>(४१.६७%) | ९ |

## ५.५ आ.व.०७५।७६ को अभियोजन अबस्था

यस आ.व.मा तेह्रथुम, भोजपूर, मोरङ, सुनसरी, खोटाङ, ओखलढुगां, सिराहा, महोत्तरी, सर्लाही, बारा, रामेछाप, सिन्धुपान्चोक, काठमाडौं, गोरखा, तनहुँ, स्याङजा, पर्वत, म्याग्दी, प्यूठान, बाँके, सल्यान, दैलेख, कालिकोट, कैलाली र कन्चनपुर गरी २५ जिल्लामा छुवाछुत सम्बन्धी कसूर अपराधको २५ वटा मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ ।[433] आ.व. ०७४।०७५ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७५।०७६ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ५२ र प्रतिवादीहरुको संख्या १३४ रहेको छ । यस मध्ये १६ वटा मुद्दा फैसला भएकोमा ९ वटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या १६ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ७ रहेको छ भने प्रतिवादी संख्या १५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५६.२५ रहेको छ भने सफाई प्रतिशत ४३.७५ रहेको छ । सो अबस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

| आ.व.०७५।७६ को संख्या | गत आ.व को लगत | मुद्दा जम्मा | प्रतिवादी | फैसला | कसूर ठहर | सफाई | बाँकी |
|---|---|---|---|---|---|---|---|
| ४५ | ७ | ५२ | १३४ | १६ | ९<br>५६.२५% | ७<br>(४३.७५%) | ३६ |

विगत पाँच आर्थिक वर्षको कसूरको अवस्थालाई हेर्दा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूरको संख्या अन्य कसूरको तुलनामा कम रहेको देखिएको छ । चार वर्षमा अभियोजन गरिएको कसूरको संख्या १४१ रहेकोमा फैसला भएको मुद्दा संख्या १०६ रहेको देखिन्छ । १०६ मुद्दामध्ये कसूर कायम भएको मुद्दा संख्या ५९ अर्थात ५५.६६ प्रतिशत देखिन्छ भने सफाई भएको मुद्दा

433 महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०७५।०७६, पृष्ठ ३५५

संख्या ४७ अर्थात ४४.३४ प्रतिशत रहेको छ । कसूर कायमको यो तथ्याकंले अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको स्थिति छ । अभियोजनको सफलता अन्य कसूर सम्बन्धी मुद्दाको तुलनामा कम रहेको देखिन्छ ।

## ६. अनुसन्धान र अभियोजनमा सरकारी वकिलको जिम्मेवारी र भूमिका

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयन तथा यस ऐन अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनमा सरकारी वकीलको महत्वपूर्ण जिम्मेवारी रहेको छ । ऐनको कार्यान्वयन र अभियोजनका सम्बन्धमा सरकारी वकीलको जिम्मेवारीलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

### ६.१ निर्देशन र परामर्श सम्बन्धी भूमिका

जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी कसूरको प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्रहरी अनुसन्धानकर्ताबाट प्राप्त भएपछि प्रतिवेदन अध्ययन गरी उक्त कसूरको अनुसन्धानको सम्वन्धमा कुनै निर्देशन दिनुपर्ने देखिएमा सरकारी वकीलले आवश्यक निर्देशन दिन सक्दछ ।[434] यो व्यवस्थाको उद्धेश्य सम्बन्धित कसूरको अनुसन्धानलाई प्रभावकारी बनाई कसूर भए वा नभएको सम्बन्धी आवश्यक प्रमाण संकलन गर्ने कुरामा अनुसन्धानकर्तालाई मार्गदर्शन गर्नु हो । सरकारी वकीलले दिने निर्देशनमा निम्न कुरा समावेश हुन सक्दछन् ।

- जातीय छुवाछूत तथा भेदभावजन्य कसूर अपराधका सम्बन्धमा कसूर भए वा नभएको पुष्टि गर्ने सबुद, प्रमाण र कागजात के हुन सक्दछन भन्ने विषय र कानूनी कार्यबिधि पालना गरी रीतपुर्वक प्रमाण संकलन गर्ने कुरा,
- कसूरसँग सम्बन्धित भौतिक प्रमाणको पहिचान, संकलन तथा विशेषज्ञबाट बैज्ञानिक परीक्षण गर्ने र समयमा नै प्राप्त गर्ने विषय,
- अपराधको प्रकृति अनुसार अपराध भएको घटनास्थलको स्पष्ट चित्रण र घटनास्थलमा फेला पर्नसक्ने र परेका भौतिक र वस्तुगत प्रमाणको संकलन, संरक्षण र ग्राह्यताका लागि विशेषज्ञबाट बैज्ञानिक परीक्षण गर्ने कुरा,
- अपराध पीडित तथा अपराध बारे थाहा पाएका साक्षीसँग अपराध र अपराधमा संलग्न रहेका व्यक्तिबारे सोधपुछ गरी सूचना प्राप्त गर्ने र त्यसको प्रमाणिकता स्थापित गर्ने विषय,

[434] मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १० (३)

- कसूरबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज, संघ, संस्थाको प्रतिनिधिको अनुसन्धानमा सहयोग लिन सक्ने कुरा,

## ६.२ उजूरी वा जाहेरी आवश्यक कारवाहीका लागि पठाउने

जातीय छुवाछूत तथा भेदभावजन्य कसूर अपराधको उजूरी दर्ता नगरेको वा दर्ता गर्न ईन्कार गरेकोमा सम्बन्धित उजूरवालाले सरकारी वकील कार्यालयमा निवेदन गरेमा उक्त उजूरीका सम्बन्धमा दर्ता गरी कानून बमोजिम अनुसन्धान गर्न सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्ने हुन्छ ।[435]

## ६.३ राय सल्लाह प्रदान गर्ने तथा समन्वय गर्ने भूमिका

जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत सम्बन्धी कसूरको अनुसन्धान गर्दा सम्वन्धित प्रहरी कर्मचारीलाई कुनै विषयमा अनुसन्धानकर्ता प्रहरीले राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकीलको कर्तव्य हुन्छ ।[436] यो मुद्दाको अनुसन्धानमा अनुसन्धानकर्ताले जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज संघ संस्थाको प्रतिनिधिको सहयोय लिन सक्ने व्यवस्था रहेको सर्न्दभमा सरकारी वकीलले यो विषयमा समेत समन्वय गर्ने भूमिका खेल्न सक्दछ ।

## ६.४ अभियुक्तको बयान लिने भूमिका

मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ ले यस्ता कसूरमा शंकित व्यक्तिको अनुसन्धान अधिकारीले सम्बन्धित सरकारी वकिल समक्ष बयान लिने व्यवस्था गरेको छ ।[437] तसर्थ जातीय छुवाछुत तथा भेदभाव सम्बन्धी कसूरमा पक्राउ परेका अभियुक्तसँग सूरका सम्बन्धमा सोधपुछ गरी बयानमा खुलाउनु पर्ने कुरामा सरकारी वकीलले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । अभियुक्तको बयान लिदा कुरा फोरी मुद्दा छुट्ाई छोटकरी सवाल गर्नुपर्ने हुन्छ भने बकपत्रको ढाँचामा बयान लेख्नुपर्ने हुन्छ । फौजदारी कसूरमा अभियुक्तले कसूर गरेको स्वेच्छाले स्वीकारेको र कुनै पनि किसिमको डर, धाक, धम्की नदिएको अवस्थामा मात्र प्रमाणयोग्य हुने हुँदा अभियुक्तको बयान लिंदा सरकारी वकीलले डर, धाक, धम्की नदिई अभियुक्तका अधिकारहरुको सम्मान हुने गरी बयान लिनुपर्ने कुरामा अनुसन्धान अधिकारीलाई सुझाउनु पर्दछ । अभियुक्तले गरेको बयान अन्य भौतिक र बैज्ञानिक प्रमाणले समर्थन गरेको भएमा मात्र प्रमाणमा लिन सकिने मान्यता

[435] ऐ संहिताको दफा ५

[436] ऐ संहिताको दफा २६

[437] ऐ संहिताको दफा १६

रहेको छ । तसर्थ बयान लिँदा संकलित प्रमाणसँगको सम्बद्धता र त्यसलाई समर्थन गर्न सक्ने भौतिक प्रमाण संकलन गर्ने कुरामा विचार गर्नु पर्दछ ।

अभियुक्तको कसूरमा संग्लनता, संलग्न रहेको बताएकोमा के कस्तो संलग्नता रहेको भन्ने कुरा र कसूरमा संलग्न रहेका अन्य शंकितको भूमिका तथा तिनीहरुको हुलिया, रहेको संभावित स्थान, ठेगाना, परिचयात्मक विवरण समेतका प्रश्न राखी बयानमा खुलाउनुपर्ने हुन्छ ।

### ६.५ हिरासतमा राख्न म्याद थप माग गर्ने

यस्ता कसुरमा पक्राउ परेका अभियुक्तलाई अनुसन्धानका क्रममा प्रहरी हिरासतामा राख्न म्याद लिनु पर्ने भएमा सरकारी वकीलले अनुसन्धान अधिकारीको माग तथा अनुसन्धानको प्रगतिका आधारमा हिरासतमा राख्न म्याद थप माग गरी अदालतमा मिसिल तथा मानिस पेश गर्नुपर्ने व्यवस्था छ । तसर्थ अभियुक्तलाई हिरासतमा राख्ने म्याद थपको लागि औचित्य पुष्टि गर्ने तथा अनुसन्धानको अवस्था अध्ययन गरी प्रभावकारी बनाउने कुरामा यसले सहयोग पुग्न सक्छ ।

### ६.६ थप प्रमाण संकलनका लागि निर्देशन दिने

जातीय छुवाछुत सम्बन्धी कसूरको अनुसन्धान पश्चात अनुसन्धान अधिकारीले अभियोजन कार्यका लागि प्रतिवेदन सहित कसूर सम्बन्धि मिसिल सरकारी वकील समक्ष प्राप्त हुन्छ । अभियोजन कार्यका लागि प्राप्त फाईल अध्ययन गरी सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नुपर्ने हुन्छ । यस्तो निर्णय गर्ने सिलसिलामा सरकारी वकीलले थप सबूद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबूद प्रमाण संकलन गर्न वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने अधिकार रहेको छ । सरकारी वकीलले थप प्रमाण संकलन गर्न दिएको निर्देशनको पालना गर्नु सम्वन्धित प्रहरी कर्मचारीको कर्तव्य हुन्छ ।[438]

### ६.७ अभियोजन सम्बन्धी कार्य र वहस पैरवी सम्बन्धी भूमिका

कसूरको अनुसन्धानवाट संकलित सवुत प्रमाणका आधारमा जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ वमोजिम कसूर भए वा नभएको आधारमा मुद्दा अभियोजन गर्ने वा नगर्ने निर्णय सरकारी वकीलले गर्नुपर्दछ । सबुद प्रमाणबाट कसूर भएको देखिने आधार नभएमा अभियोजन हुन सक्दैन भने सवुद प्रमाणबाट अभियोजन गर्ने आधार भएमा अभियोजनको निर्णय सरकारी वकीलले गर्दछ ।

[438] ऐ. दफा ३१

अभियोजन सम्बन्धी निर्णय गर्दा संकलित प्रमाणबाट अभियुक्तले गरेको जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी कसूर र सो कसूरमा हुने सजायको दावी लिई तथा कसूरबाट पीडितलाई क्षतिपूर्तिको समेत माग दावी गरी अभियोग पत्र तयार गर्ने जिम्मेवारी सरकारी वकीलमा रहेको छ । अभियोजनको उद्देश्य जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूर अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई अपराधिक दायित्व वहन गराउनु र यस्ता अपराधमा कमी ल्याउनु हो भने पीडितलाई न्याय दिलाउनु पनि हो । यस्ता कसूरको अभियोजन कार्यमा सरकारी वकीलको निम्नानुसारको भूमिका रहन्छ ।

- सबुद प्रमाणको मूल्याङ्कन गरी कसूर सम्बन्धी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने,
- मुद्दा चल्ने निर्णय गरेकोमा अभियुक्तले गरेको कसूरको पहिचान गरी सो कसूरमा कानून बमोजिम अभियुक्तलाई हुने सजाय र पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति उल्लेख गरी अभियोगपत्र तयार गर्ने र सम्बन्धित जिल्ला अदालतमा दायर गर्ने,
- अभियोगपत्रमा कसूर पुष्टि गर्ने सवुद प्रमाण तथा साक्षीको उल्लेखन स्पष्ट रुपमा गर्ने,
- पीडित र साक्षीलाई अदालतमा तोकिएको दिन उपस्थिति गराई बकपत्र गराउने,
- मुद्दाको कारवाही प्रकृया र अवस्थाका बारेमा पीडित तथा कसूरको सूचनाकर्तालाई नियमित रुपमा सूचना दिने,
- पीडित र साक्षी संरक्षणको सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,
- अभियोजन तथा अनुसन्धान सम्बन्धमा सरोकारवाला निकाय वा संस्थासँगको समन्वय गर्ने,
- अदालतमा कसूर सम्बन्धी मुद्दाको सुनुवाईमा उपस्थित भै वहस पैरवी, प्रतिरक्षा गर्ने,
- फैसला चित्त नबुझेमा सो उपर पुनरावेदन सम्बन्धी कार्यमा लागि प्रस्ताव गर्ने,

## ६.८ कसूरको अनुसन्धान र अभियोजनमा सरकारी वकीलले विचार गर्नुपर्ने कुराहरु

जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत सम्बन्धी कसूरको प्रकृति, यसमा पीडित हुने व्यक्तिलाई पर्ने मानवीय असरका कारण पीडितबाट पर्याप्त सहयोग प्राप्त हुन नसकेको अवस्था, यस्ता विषयको कसूर र पीडितलाई हेर्ने विद्यमान सोच तथा सामाजिक संरचना जस्ता कारणले यस्ता कसूरको अनुसन्धान र अभियोजन कार्य प्रभावकारी बन्न सकेको छैन । तसर्थ अन्य परम्पागत कसूर भन्दा यस्ता कसूरको अनुसन्धान र अभियोजनलाई अलग ढंगले हेर्नुपर्ने हुन्छ । सरकारी वकीलले यसका लागि निम्न विषयमा ध्यान दिन आवश्यक छ ।

- जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत सम्बन्धी कसूर गम्भीर सामाजिक अपराध भएकोले सोही रुपमा यस सम्बन्धी अपराधको संवेदनशिलतालाई विचार गर्ने,
- उजूरी दिने सम्बन्धी व्यवस्था र उजूरी दर्ता नगरेकोमा बहन गर्नुपर्ने जिम्मेवारीको विषय
- अनुसन्धान र प्रमाण संकलनमा पीडित, सम्बन्धित निकाय वा संस्था र अनुसन्धान गर्ने प्रहरी सँगको समन्वय,
- अनुसन्धानलाई प्रभावकारी बनाउन सबुद प्रमाण पहिचान र रितपुर्वक संकलन गर्ने विषय,
- अनुसन्धानको प्रतिवेदन अध्ययन र सो आधारमा भएको कसूर र सजायको पहिचान गर्ने कुरा र अभियोग पत्रमा पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति र हानि नोक्सानीको विगोको विषय,
- अभियोगपत्र तयारी तथा म्याद भित्र दायर गर्ने कुरा,
- अपराध पीडितसँग समन्वय र निजलाई अनुसन्धानको प्रगति र अभियोजन तथा न्यायिक कारवाहीको बारेमा समय समयमा सुचना तथा जानकारी दिने कुरा,
- मुद्दा दायर गर्ने हदम्याद र अन्य प्रचलित कानून बमोजिम पनि मुद्दा चलाउन सकिने व्यवस्था,
- यस्ता मुद्दाको वहस पैरवीलाई प्रभावकारी बनाउने विषय,
- यस्ता कसूरको अभियोजनको सफलता अन्य कसुरको तुलनामा कम रहेको अर्थात ५५ प्रतिशत मात्र देखिएको हुँदा यसमा सुधार गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने विषय ।

## ७. न्यायिक दृष्टिकोण

### ७.१ मन बहादुर विश्वकर्मा वि.कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत

२०४९ सालमा थप गरिएको अदलको महलको १० क. नं ले जातिय छुवाछुत कार्यलाई अपराधिकरण गरी त्यस्तो कार्य गरेकोमा सजायको व्यवस्था गरेको थियो । सोही नं. को स्पष्टीकरण खण्डमा “कुनै मन्दिर वा धार्मिक स्थलहरुमा परम्परादेखि चली आएको व्यवहारलाई भेदभावपूर्ण मानिने छैन“ भनी गरिएको व्यवस्था संविधान प्रदत्त समानताको हकको विपरित भेदभावजन्य रहेको हुँदा उक्त कानूनी व्यवस्था अमान्य र वदर घोषणा गरेको छ ।[439]

[439] ने.का.प.२०४९, अंक १२, नि.नं.४६७०, पृ. १०१०

### ७.२ दिल बहादुर विश्वकर्मा वि.नेपाल सरकार समेत ने.का.प. २०६२ अंक १० नि.न.७६०३

कुनै पनि प्रकारले छुट्टयाउन, प्रतिवन्ध लगाउने, बाहेक गर्ने तथा बन्देज लगाउने जस्ता कार्यहरु व्यक्तिहरु वीच भएको भेदभाव मानिने हुँदा संस्कृत छात्रावासको सुविधा पाउनवाट महिला तथा ब्रतवन्ध गर्न नपर्ने जाति जनजातिका व्यक्तिहरु प्रवेश गर्न नसक्ने गरी शर्त तोकेको विषय असमान र भेदभावजन्य हुने भन्ने आदेश सर्वोच्च अदालतले गरेको छ।

### ७.३ दुर्गा सोब वि.नेपाल सरकार (२०५७ सालको रिट नं ३६४३ फैसला मिति २०५८/६/१२

डोटीको शैलेश्वरी मन्दिरमा दलितलाई प्रवेश गर्न नदिई असमान ब्यवहार भनि परेकोमा बिना भेदभाव समानताको हक प्राप्त हुने कानूनी ब्यवस्था तथा संरचनाको निर्माण गर्नु भनि सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको छ।

### ७.४ रत्न बहादुर बागचन्द वि. मन्त्रिपरिषद कार्यालय समेत

जातिपाती छुवाछुत तथा भेदभावजन्य कार्यहरु नागरिक वीचको समानता विरुद्धको हुने र यसले सामाजिक विकृति निम्ताई राष्ट्रिय उत्थानमा वाधक हुने कुरामा कसैको दुईमत हुन नसक्ने भएकोले समाजमा व्याप्त रहेको कुरीति सिर्फ कानून बनाएर मात्र जान नसक्ने हुँदा अशिक्षाको कारणले समाजमा देखिरहेको कुरीति हटाउनलाई चेतना अभिवृद्धि हुने खालका उद्देश्यमूलक कार्यक्रमहरु गर्नेतर्फ सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको छ।[440] साथै जातीय छुवाछुत सम्बन्धमा विद्यमान कानूनको अपर्याप्तता रहेको र यस सम्बन्धमा जातीय छुवाछुत विरुद्धको अन्तर्राष्टिय महासन्धिको व्यवस्था अनुसार अध्ययन गरी सम्बद्ध सरोकारवालासँग परामर्श समेत गरी नयाँ कानून निर्माण गर्न समेत सरकारका नाममा आदेश दिएको थियो । यो आदेश समेतका आधारमा २०६८ सालमा छुट्टै जातीय भेदभाव छुवाछुत (कसूर र सजाय) ऐन निर्माण भै कार्यान्वयनमा आएको छ।

### ७.५ श्याम बहादुर वि.क.वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत

यस मुद्दामा सर्वोच्च अदालतले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ समाजमा व्याप्त जातीय भेदभाव र छुवाछूतको परम्परागत मान्यतालाई सम्पूर्ण रुपमा निर्मूल गर्न तर्जुमा भएको हुँदा यसको प्रभावकारी कार्यान्वयनका लागि नियमावली बनाउन सरकारको नाममा

[440] ने.का.प. २०६२ अंक २ नि.न. ७४१९

आदेश जारी गरेको छ ।[441] यस मुद्दामा अदालतले जातीय छुवाछूत सामाजिक कलकंको रुपमा रहेको भन्दै यस्तो कसूरको गम्भीरता र त्यसले ल्याएको विभाजन, वर्तमान र भावी पुस्तामा पर्ने असर समेतका बारेमा व्यापक रुपमा रहेको प्रचार प्रसार गरी सामाजिक रोगको रुपमा प्रस्तुत अपराधको मूल जरो उखेल्न प्रयत्नशील रहनुपर्ने कुरामा जोड दिएको छ ।

## ७.६ गोपाल सूचीकारको जाहेरीले वादी नेपाल सरकार वि.टेक बहादुर विष्ट

जातीय विभेदजन्य कार्यहरुले व्यक्तिको सम्मान र प्रतिष्ठामा आँच पुग्ने हुँदा यस्ता विकृति र विसंगतिका कार्य हुन दिनु हुदैन भन्दै यस मुद्दामा सर्वोच्च अदालतले जातीय विभेद र छुवाछूत जस्ता कसूरजन्य कार्य गरी अपमानजनक काम कारवाही गरेको भन्ने अभियोग ठोस प्रमाणबाट पुष्टि हुनुपर्दछ भन्दै प्रतिवादीलाई सफाई दिएको शुरु र पुनरावेदन अदालतको फैसला कानून सम्मत ठहर गरेको छ ।[442]

## ७.७ सत्येन्द्र झा समेत वि.नेपाल सरकार[443]

महोत्तरीमा दलीत समुदायको कृष्ण कुमार पासवान र प्र. सत्येन्द्र झा की छोरी सरोज कुमारी झा बीच प्रेम सम्बन्ध रहेको कारण निज कृष्ण कुमार पासवानको कर्तव्य गरी मारेको भन्ने प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले जातीय विभेद र छुवाछूतको कारण भएको अपराधमा कसूरको गम्भिरता विचारणीय हुने भन्दै जातीय विभेदको कुनै पनि रुप सामाजिक कलकं हुने व्याख्या गरेको छ । यस मुद्दामा मानव सभ्यताको इतिहासमा नै कालो धब्बाका रुपमा रहेको जातीय छुवाछूत जस्तो कुरालाई कुनै बहानामा सहन गरी त्यसको आवरणमा ज्यान मारेको अपराधमा हलुको दृष्टिकोण लिई सहन गर्ने प्रवृत्ति कायम गर्न नहुने भन्दै अरुको जीवनलाई तृण बराबर ठान्ने र त्यसलाई मासेर भए पनि आफ्नो वा आफ्नो परिवारको कृत्रिम उच्चता प्रदर्शित गर्ने सोच, संस्कार र व्यवहार रहेसम्म समाजमा समानता र न्यायको उद्‌बोधन हुन नसक्ने हुनाले भेलभाव र हसमानता रुपी विषम र विकृत परिस्थितिमा एक जना निहत्था र निर्दोष व्यक्तिलाई धेरै व्यक्तिहरु मिली षडयन्त्रपूर्वक गरेको हत्यामा पनि हलुको दृष्टिले सजाय कम गर्नु विवेकहिन हुने भन्दै शुरु अदालतले साविक अ.व. १८८ नं बमोजिम सजाय घटाउने गरी गरेको फैसला उचित नहुने भन्दै जन्म कैद सजाय हुने व्याख्या गरेको छ ।

[441] ने.का.प २०७३ अंक ७, नि.न. ९६३६

[442] ने.का.प.२०६९ अंक ७ नि.न ८८६३ मुद्दाः जातीय छुवाछूत

[443] ने.का.प.२०६८ अंक ९ नि.न ८६८५ मुद्दाः कर्तव्य ज्यान

## ट. जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछुत (कसूर र सजाय) ऐनको कार्यान्वयनका लागि गर्नुपर्ने सुधारका क्षेत्रहरु

- यस ऐनले कसूर मानेको कतिपय कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १६०, दफा १६१ र दफा १६६ ले समेत कसूर मानी सजायको व्यवस्था गरेको देखिन्छ । यसबाट एउटै कसूरमा २ अलग कानून लागू हुने अवस्था हुँदा कार्यान्वयन गर्ने अधिकारीमा जटिलता हुने अवस्था रहेको छ । तसर्थ यसमा पुनरावलोकन भै एकरुपता कायम हुन आवश्यक देखिन्छ ।

- यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि आम नागरिक, सम्बन्धित समूदाय र नागरिक समाज तथा कानून कार्यान्वयन गर्ने अधिकारीमा सचेतना अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

- यस ऐन अन्तर्गको कसूरको संवेदनशिलतालाई ध्यानमा राखी प्रमाण संकलन, प्रमाणको भार, पीडितको बकपत्र गराउने बिधि, मुद्दाको सुनुवाई, हदम्याद लगायतका कार्यबिधिगत व्यवस्थाहरुमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।

- यस्ता कसूरको अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीको प्रकृयामा  पीडित तथा यस सम्बन्धी संस्था र स्थानीय तहको सहयोग प्राप्त गर्ने तर्फ ध्यान जान आवश्यक रहेको छ । साथै पीडित पक्षको सहयोग लिने कुरामा र पीडितलाई न्याय दिलाउने कुरामा अनुसन्धानकर्ता र अभियोजनकर्ताले विश्वास दिलाउन सक्नुपर्ने देखिन्छ ।

- यस्ता अपराधका पीडित तथा साक्षीको संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव रहेको हुँदा त्यसतर्फ ध्यान जान आवश्यक छ ।

- उजूरीमा प्रभावकारी अनुसन्धान र प्रमाण संकलन हुन नसकेको अवस्था यस्ता कसूरको अभियोजनको सफलता पर्याप्त हुन नसकेको अवस्था देखिएको हुदाँ अभियोजनकर्ताको क्षमता विकास गर्न र अभियोजनकर्ता यस्ता कसुरको गम्भीरता प्रति सम्बेदनशिल हुन जरुरी देखिन्छ ।

- नेपालको संविधानले यो कसूरलाई गम्भिर सामाजिक अपराधका रुपमा दण्डनीय हुने व्यवस्था गरेकोमा सो अनुसार दण्ड सजायमा पुनरावलोकन हुन सकेको छैन ।

- पीडितलाई न्याय र पीडकलाई दण्ड दिलाउने कुरामा थप प्रभावकारिता ल्याउन फौजदारी न्याय प्रणालीमा संलग्न निकाय र अधिकारीहरुको भूमिका अझ सशक्त बनाउन आवश्यक छ र यसका लागि सम्बन्धित अधिकारहिरुको क्षमता विकास गर्न र प्रशिक्षित गर्न जरुरी देखिन्छ ।

- जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कसूर मानव मर्यादा विरुद्धको कसूर हो । यो कसुरको निवारणका लागि सरकारी निकाय र गैरसरकारी क्षेत्र, निजी क्षेत्र, संचार क्षेत्र, अधिकारकर्मी र नागरिक समाजको साझा सक्रियता आवश्यकता पर्दछ । सोही अनुसार ऐनको व्यवस्थाको बारेमा प्रदेश र स्थानीय तह समेतसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ । सरकारी वकील, प्रहरी र अदालतले सञ्चालन गर्ने सामुदायिक संवाद कार्यक्रममा यो विषयलाई समावेश गर्नु उपयुक्त देखिन्छ ।

## ९. निष्कर्ष

जातीय भेदभाव र छुवाछूत सम्बन्धी कार्यलाई निवारण गर्न यस्तो कार्यलाई नेपाल कानूनले गम्भिर सामाजिक अपराध मानी सजायको व्यवस्था गरेको छ भने राज्यले नै यो कसूरको अनुसन्धान र अभियोजन गर्ने गरी कानूनी व्यवस्था गरिएको छ । यो अपराध निवारण कसूरको अभियोजन र सजाय व्यवस्थाले मात्र हुन सक्ने होईन । यसका लागि सोही अनुसारको सोचमा परिवर्तन र मानवीय व्यवहार हुन र सचेतता बढाउन आवश्यक हुन्छ । तथापी कसूर हुन नदिने र भएमा त्यसको प्रभावकारी अनुसन्धान गरी कसूर गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याउने कुराले पनि नियन्त्रणमा सहयोग पुग्दछ । यो कसूरको अनुसन्धान गर्ने जिम्मेवारी अनुसन्धानकर्ता प्रहरीको हुन्छ भने अनुसन्धानलाई मार्गदर्शन गर्ने, प्रभावकारी रुपमा अनुसन्धान गर्न र अभियोजनका लागि आवश्यक प्रमाण संकलन गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्ने, कसूर अनुसार सजायको दावी लिई संलग्न अभियुक्त उपर अभियोजन गर्ने, पीडित र साक्षीको संरक्षण गरी प्रभावकारी वहस एवं प्रतिरक्षा गर्ने कुरामा सरकारी वकीलको महत्वपूर्ण भूमिका रहन्छ । यसै गरी पीडितलाई क्षतिपूर्ति दिलाउने र पीडितको सहयोग प्राप्त गर्ने कुरामा समन्वय गर्ने विषय सरकारी वकीलको जिम्मेवारीको भित्र पर्दछ । समग्रमा कसूरको अनुसन्धानलाई प्रभावकारी बनाई दोषीलाई कानून अनुसार सजाय र पीडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने कार्यमा सरकारी वकीलको भूमिका महत्वपूर्ण रहन्छ । गम्भीर सामाजिक र समानता विरुद्धको कसूरको रुपमा यो अपराधको अनुसन्धान र अभियोजन देखि न्यायिक प्रकृयामा सरकारी वकील विशेष रुपमा सजग र संवेदनशिल भै कार्य सम्पादन गर्न सकेमा कानूनको कार्यान्वयन प्रभावकारी हुन सक्ने देखिन्छ । साथै विद्यमान कानूनमा देखिएका कमजोरी र दोहोरोपना हटाउने तथा कार्यबिधिगत व्यवस्थामा पनि सुधार गर्न आवश्यक छ । कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउने कुरामा आम नागरिक, समूदाय, सरोकारवाला निकाय, संघ, संस्थाको सामूहिक प्रयास तथा सचेतना अभिबृद्धि पनि उत्तिकै महत्वपूर्ण हुने देखिन्छ ।

# मानव वेचविखन तथा ओसारपसार सम्वन्धी अपराध र नेपाल कानून

✍ लोकराज पराजुली (सहन्यायाधिवक्ता)

## १. पृष्ठभूमि

मानिसको बेचविखन तथा ओसारपसार मानिस विरुद्धकै एउटा परम्परागत गंभिर अपराध हो । यद्दपि यातायात र संचार लगायतका विज्ञान प्रविधिको विकसित नयाँ स्वरुपहरुले संसारलाई खुम्च्याएर विश्व गाउँ (Global village) वनाएसँगै यो अपराध हुने तौर तरिका र उद्देश्य लगायत यसबाट हुने पीडितका पनि नयाँ स्वरुप र आयाम देखिएका छन् । यो कुनै एउटा समाज अथवा राष्ट्रमा हुने अपराध मात्र नभएर विश्वव्यापी अपराधका रुपमा विकसित भएको छ । त्यसैले यो अपराध कुनै एउटा राष्ट्रको मात्र नभएर सम्पूर्ण विश्व समूदायकै सरोकारको विषय बन्न पुगेको छ ।

शुरुका अवस्थामा मानिसको व्यापार मुख्यतया दासत्वका लागि र महिलाको व्यापार बेश्यावृत्तीका लागि हुने गरेकोमा हालको विकसित स्वरुप हेर्दा अप्राकृतिक मैथुनका लागि हुने यौन शोषण, मानव अङ्ग व्यापार, मानव जिव कोष तथा वीर्य व्यापार, कोख भाडा, दासत्व लगायतका श्रम शोषण, अश्लिल फोटो तथा चलचित्र व्यापार, आतंकवाद लगायतका विभिन्न आपराधिक संजालमा जवर्जस्ती भर्ना गर्ने उद्देश्यका लागि मानिसको ओसारपसार र व्यापार हुने गरेको देखिन्छ । तसर्थ यो अपराधबाट विशेषतः दासत्वमा रही श्रम गर्न सक्ने वलिष्ठ मानिस र पुरुषलाई यौन सन्तुष्टि दिन सक्ने उमेर भएका महिला मात्र पीडित हुने पुरानो स्वरुप भन्दा फरक हाल माथि उल्लेख गरिएका विभिन्न उद्देश्यका लागि बालबालिका, महिला, पुरुष, वृद्धवृद्धा जो सुकै मानिस पीडित हुने गरेको देखिन्छ । फलस्वरुप यो अपराधको व्यापकता झन् बढ्न गई यो अपराध एक सीमा विहिन संगठित अपराधका रुपमा विकसित हुन पुगेको छ । अहिलेको विश्व समूदायले यो अपराधलाई आधुनिक दासत्व (Modern Slavery) का रुपमा लिएको छ ।  यो अपराध गर्ने व्यक्ति वा समूहले मुख्यतः आर्थिक फाइदाकै लागि नै यो अपराध गर्ने गरेको देखिन्छ ।

भनिन्छ विश्वमा हुने संगठित अपराध मध्ये लागू औषध र हात हतियार ओसारपसार तथा कारोवार पछिको तेस्रो स्थानमा मानव बेचविखन तथा ओसारपसार अपराध हुने गर्दछ । यस सम्बन्धी एक अध्ययन अनुसार प्रत्येक वर्ष विश्वमा ८ देखि ९ लाख मानिस मानव बेचविखन तथा ओसारपसार अपराध पीडित भई अन्तराष्ट्रिय सीमा पार गर्दछन् । विश्वका करिब २ करोड ७० लाख मानिस

दासत्वको यो आधुनिक रुपबाट पीडित छन् ।[444] त्यसैले विश्व समुदायका लागि यो अपराध टाउको दुखाईको ठूलै विषय हुन पुगेको छ ।

नेपाल पनि यो अपराधको समस्याबाट अछुतो छैन । पहिले कमारा कमारी (दासत्व) का लागि महिला पुरुष दुवैको र भारतीय बेश्यालयहरुमा बेश्यावृत्ति गराउनका लागि महिलाको बेचविखन तथा ओसारपसार बढी मात्रामा हुने गरेकोमा नेपालमा पनि हाल यो अपराधको उक्त स्वरुपमा परिवर्तन आएको छ । विदेशमा गएर चाँडै धेरै पैसा कमाउने र राम्रो उच्च शिक्षा हासिल गर्ने महत्वकांक्षा बोक्ने हाम्रा युवा पुस्तालाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठित समूहबाट यो अपराध हुने गरेको विषय नेपालका लागि पनि ठूलै समस्या बन्न पुगेको छ । नेपालमा त्यस्ता युवा युवतीहरुलाई आकर्षक वैदेशिक रोजगार र राम्रो उच्च शिक्षाको आकर्षण एवं प्रलोभन देखाएर भारत लगायत खाडी मुलुक, अफ्रिकन मुलुक र संसारका अरु विभिन्न मुलुकमा पुर्‍याई बँधुवा मजदुर (घरेलु कामदार लगायतका जवर्जस्ती श्रम), यौन दासी, रेष्टुरेण्ट नर्तक नर्तकी, बेश्यावृत्ति, मानव अंग व्यापार आदिमा लगाई घरको न घाटको बनाउने संगठित समूहको सक्रियताका घटना उजागर भईरहेको छन् । देश भित्रै पनि युवतीहरुलाई यौन व्यापारमा लगाउने समूहको सक्रियता बढ्दो छ । यस्ता क्रियाकलाप नियन्त्रण गर्न नेपालमा कानूनी व्यवस्था पनि छ । उजागर भएका त्यस्ता घटनामा संलग्नलाई कानूनको दायरामा ल्याउन कारवाही पनि भैरहेको छ । तर पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिदैन ।

यसै सेरोफेरोमा मानव बेचविखन तथा ओसारपसार अपराध नियन्त्रण सम्बन्धी भएका अन्तराष्ट्रिय तथा क्षेत्रीय प्रयास, अन्य केही देशका कानूनी व्यवस्था, नेपालको कानून र सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरका बारेमा प्रकाश पार्दै **"मानव बेचविखन तथा ओसार पसार अपराध र यस विरुद्धको नेपाल कानून"** शीर्षकमा एउटा सानो स्रोत सामग्रीका रुपमा यो आलेख तयार पार्ने जमर्को गरिएको छ ।

## २. मानव बेचविखन तथा ओसारपसारको परिभाषा

मानव बेचविखन तथा ओसारपसारलाई यसको आयाम, यसले पार्ने प्रभाव, यसबाट हुने पीडित र यसका पीडक आदिका आधारमा परिभाषित गर्ने गरेको पाइन्छ । विभिन्न अधिकारी, संस्था एवं अन्तराष्ट्रिय तथा क्षेत्रीय महासन्धिले यसको परिभाषा गरेको देखिन्छ । ती मध्ये केही परिभाषाहरु यहाँ उल्लेख गरिएको छ ।

- **The UN Slavery Convention, 1926 (दासत्व महासन्धि, १९२६)**: यस महासन्धिले दासत्वलाई निषेध गर्दै सो प्रयोजनका लागि मानिसको व्यापार गर्न निषेध गरेको छ । तसर्थ यस महासन्धीको मानव बेचविखन तथा ओसारपसारको परिभाषा सोही हदसम्म मात्र सिमित भएको देखिन्छ, जुन निम्नानूसार छः- "The slave trade includes all acts involved in

[444] राष्ट्रिय न्यायिक प्रतिष्ठान, "संगठित अपराधः एक परिचय" स्रोत सामग्री, (२०६८), पृ.५७

the capture, acquision or disposal of a person with intent to reduce him to slavery; all acts involved in the acquisition of a slave with a view to selling or exchanging him; all acts of disposal by sale or exchange of a slave acquired with a view to being sold or exchanged, and, in general, every act of trade or transport in slaves." (दास व्यापारले दासत्वको अवस्थामा पुर्‍याउने मनसायले कुनै व्यक्तिको कब्जा, प्राप्ति वा विक्रीसँग सम्बन्धित सम्पूर्ण कार्यहरु, दासलाई विक्री गर्ने वा विनिमय गर्ने उद्देश्यले सो दासको प्राप्ति सम्बन्धी सम्पूर्ण कार्यहरु, दासहरुको व्यापार वा ओसारपसारको सामान्यतः प्रत्येक कार्य तथा विक्री गर्ने वा आदान प्रदान गर्ने उद्देश्यले प्राप्त गरिएको दासको विक्री वा आदान प्रदानका सम्पूर्ण कार्यहरु समेतलाई जनाउनेछ)[445]

- **The UN Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of others, 1949 (मानव बेचविखन र ओसारपसार तथा अरुको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९)**: यस महासन्धिले बेश्यावृत्तिको उद्देश्यका लागि मानिसको बेचविखन तथा ओसारपसार गर्न निषेध गरेको छ । तसर्थ यस महासन्धिको मानव बेचविखन तथा ओसारपसारको परिभाषा महिला र बालिकालाई बेश्यावृत्तिमा लगाउने उद्देश्यले गरिने बेचविखन र ओसारपसारमा मात्र सिमित रहेको देखिन्छ, जुन निम्नानुसार छः- " (i) Procures, entice or leads away, for purpose of prostitution, another person, even with the consent of that person; (ii) exploits the prostitution on of another person, even with the consent of that person." ((१) बेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई, निजको सहमति लिएरै भएपनि, कुटुनी बनाउने वा फकाउने वा लैजाने, (२) अर्को व्यक्तिको सहमति लिएरै भएपनि, निजको बेश्यावृत्तिको शोषण गर्ने)[446]
- **The UN General Assembly, 1994 (संयुक्त राष्ट्रसंघको महासभाले १९९४ मा गरेको परिभाषा):-** "The illicit and clandestine movements of persons across national borders, largely from developing countries and some countries with economies in transition, with the end goal of forcing women and girls children into sexually or economically oppressive and exploitative situations for profit of recruiters, traffickers and crime syndicates, as well as other illegal activities related to trafficking, such as forced domestic labour, false marriages, clandestine employment and false adoption" [447]

---

[445]दासत्व महासन्धि, १९२६, धारा-१.१

[446]मानव बेचबिखन र ओसारपसार तथा अरुको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, धारा -१

[447]JIT Nepal, "Stock of Existing Research and Data on Trafficking in Girls and Women," 2002, page-7

- **संयुक्त राष्ट्रसंघद्वारा मानव ओसारपसार एवं बेचविखनका बारेमा अध्ययन गरी प्रतिवेदन तयार पार्न नियुक्त विशेष प्रतिवेदक राधिका कुमारास्वामीले सन् २००० मा दिनुभएको प्रतिवेदनमा गरिएको परिभाषाः-** "Trafficking in persons means the recruitment, transportation, purchase, sale, transfer, harboring, or receipt of persons: By threat or use of violence, abduction, force, fraud, deception or coercion (including the abuse of authority), or debt bondage, for the purpose of placing or holding such persons, whether for pay or not, in forced labour or slavery- like practices, in a community other than the one in which such person lived at the time of the original act decribed."[448]

**The UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, Supplementing the United Nations Convention Against Transitional Organized Crime, 2000 ले गरेको परिभाषाः-** "Trafficking means the recruitment, transportation, transfer, harboring or receipt of persons by means of the threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of the giving or receiving of payments or benefits to achieve the consent of a person having control over another person, for the purpose of exploitation.

Exploitation shall include, at a minimum, the exploitation of the prostitution of others or other forms of sexual exploitation, forced labour or services, slavery or practice similar to slavery, servitude or the removal of organs." (मानव वेचविखन भन्नाले कुनै पनि व्यक्तिलाई शोषण गर्ने उद्देश्यले बलपुर्वक वा अपहरण, ठगी, धोका, शक्तिको दुरुपयोग, व्यक्तिको कमजोरीको अवस्थाको फाइदा उठाई, लोभ लालसा देखाई वा आर्थिक लेनदेन गरी व्यक्ति माथिको नियन्त्रणका लागि सहमति प्राप्त गरी जस्ता अन्य तरिकाले प्रभावमा पारी भर्ती गर्ने ओसारपसार गर्ने, सञ्चिति गर्ने वा प्राप्त गर्ने कार्यलाई बुझाउँछ ।

शोषण भन्नाले यौनकर्मीको शोषण, अन्य प्रकारका यौन शोषण, बाध्यकारी श्रम र सेवा, दासत्व वा यस्तै प्रकारका अभ्यासहरु तथा अंग झिक्ने कार्य समेतलाई जनाउदछ ।[449])

---

[448]IIDS and UNIFFEM, "Status and Dimensions of Trafficking Within Nepalese Context," 2004, page-3

[449]The UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, Supplanting the UN Convention Against Transnational Organized Crime, 2000 (The TIP protocol/Palermo Protocol), Article 3(a)

उक्त प्रोटोकलको धारा ३ (b) (c) र (d) ले १८ वर्ष भन्दा मुनिका बालबालिकाका लागि सहमति आवश्यक नहुने र करकापमा पारी प्राप्त गरेको सहमतिलाई सहमतिको रुपमा नस्वीकार्ने व्यवस्था गरेको छ ।

- **The SAARC Convention of Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002 ले गरेको परिभाषाः-** "The moving, selling or buying of women and children for prostitution within and outside a country for monetary or other consideration with or without the consent of the person subjected to trafficking." (बेचविखन गरिने व्यक्तिको मन्जुरी लिई वा नलिई कुनै मुलुक भित्र र बाहिर बेश्यावृत्तिको लागि मौद्रिक वा अन्य प्रतिफल वापत भएको महिला तथा बालबालिकाको ओसारपसार, खरिद वा विक्री) ।[450]

## ३. मानव वेचविखन तथा ओसारपसार अपराधका तत्वहरु

मानव वेचविखन तथा ओसारपसारका सम्बन्धमा भएका माथि उल्लेखित विभिन्न प्रतिनिधिमूलक परिभाषाहरुलाई हेर्दा The UN Protocol to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children Supplementing the UN Convention Against Transnational Organized Crime, 2000 (मानव विशेषगरी महिला तथा बालबालिकाहरुको बेचविखनलाई रोक्न, दवाउन र सजाय गर्न अन्तरदेशिय रुपमा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको उपलेख, २००० अर्थात टीप कन्भेन्सन/पालेरमो कन्भेन्सन) ले गरेको परिभाषालाई नै विस्तृत र आधिकारीक परिभाषा मान्नु पर्दछ । यो परिभाषालाई दृष्टिगत गर्दा मानव बेचविखन तथा ओसारपसार अपराधका मुख्यतः निम्न लिखित ३ वटा तत्व हुने देखिन्छ :

- **मानव बेचविखन तथा ओसारपसारको कार्य (The Action of Trafficking):-** मानिसलाई भर्ति गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, वन्धक बनाएर राख्ने वा आश्रयमा लिने (The recruitment, transportation, transfer, harboring or receipt of persons)

- **मानव बेचविखन तथा ओसारपसारको तरिका (The means of Trafficking):-** धम्कि वा बल प्रयोग गरेर, जवर्जस्ती पूर्वक वन्धक बनाएर, जालसाजी गरेर, ढाँटेर, शक्ति वा ओहोदाको दुरुपयोग गरेर, लोभ देखाएर, पैसा दिएर, नाजुक स्थितिको फाइदा लिएर गर्ने (Threat of or use of force, deception, coercion, abuse of power or position of vulnerability)

[450] बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्धको संघर्ष गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा भएको सार्क महासन्धि, २००२ को धारा १.३

- **मानव बेचविखन ओसारपसारको उद्देश्य (The Purpose of Trafficking)**: शोषण गर्ने, जस अन्तर्गत अरुको बेश्यावृत्ति गराउने वा अन्य तरिकाले यौन शोषण गर्ने, जवरजस्ती सेवा वा श्रममा लगाउने, दासत्व वा त्यस्तै प्ररकारको अवस्थामा राख्ने, अङ्ग झिक्ने (Exploitation, in which shall include, at a minimum, the explotation of the prostitution of others or other forms of sexual exploitation, forced labour or services, slavery or practice similar to slavery, servitude or the removal of organs)


  तर १८ वर्षभन्दा कम उमेर पीडितका हकमा भने कार्य र उद्देश्य दुई वटा तत्वको उपस्थितिले मात्र पनि मानव वेचविखन तथा ओसारपसार अपराध हुने देखिन्छ ।

मानव बेचविखन तथा ओसारपसार अपराधको माथि उल्लेखित तत्वहरुलाई हेर्दा यो अपराध केवल महिला र बालिका उपर मात्र हुने होइन । यस अपराधबाट पुरुष र बालकहरु पनि पीडित हुन्छन् भन्ने स्पष्ट छ । तसर्थ यो अपराधलाई महिला तथा बालिका विरुद्धको अपराधका रुपमा मात्र हेरिने परम्परागत दृष्टिकोणमा परिवर्तन भई आधुनिक फौजदारी विधिशास्त्रले यसलाई लैङ्गिक रुपमा तटस्थ अपराध (Gender neutral crime) का रुपमा लिने अवधारणा विकास भएको छ । यद्दपि यो अपराधबाट पीडित हुनेको संख्या भने महिला र बालिकाको नै बढी भएको देखिन्छ । संयुक्त राष्ट्रिय संघको विश्वव्यापी प्रतिवेदन अनुसार संसारमा हुने मानव बेचविखन तथा ओसारपसार अपराधमध्ये ५९% यौन शोषणका लागि, ३४% बाध्यकारी श्रमका लागि र ४% अन्य उद्देश्यका लागि हुने गरेको छ । यौन शोषणबाट पीडित हुने मध्ये ९४% महिला मात्र छन् । यो अपराधको लैंगिक, उमेरगत र प्रकारगत तथ्यांक सो प्रतिवेदनका आधारमा निम्न अनुसार देखिन्छ ।[451]

| शोषणको प्रकार | बालिक | महिला | महिला जम्मा | बालक | पुरुष | पुरुष जम्मा |
|---|---|---|---|---|---|---|
| यौन शोषण | २६% | ६८% | ९४% | ३% | ३% | ६% |
| बाध्यकारी श्रम | १५% | २०% | ३५% | १०% | ५५% | ६५% |
| अन्य | २३% | ३४% | ५७% | २३% | २०% | ४३% |

यसरी यौन शोषणका लागि हुने मानव वेचविखन तथा ओसारपसार अपराध पीडित मध्ये ९४% महिला र ६% पुरुष, बाध्यकारी श्रमका लागि हुने मावन वेचविखन तथा ओसारपसार अपराधका पीडित मध्ये ३५% महिला र ६५% पुरुष तथा अन्य प्रकारका मानव वेचविखन तथा ओसारपसार अपराध पीडित मध्ये ५७% महिला र ४३% पुरुष रहेको देखिन्छ । समग्रमा यो अपराधबाट पुरुष भन्दा महिला नै बढी पीडित भएको देखिएको छ ।

[451] हेर्नुहोस: Global Report on Trafficing in Persons 2018, United Nations (December, 2018), New York, PP.27-33




## ४. मानव बेचविखन तथा ओसारपसार अपराधका प्रकार

मानव बेचविखन तथा ओसारपसार अपराधका बारेमा टीप कन्भेन्सन/पालेरमो कन्भेन्सन, २००० ले गरेको परिभाषा तथा विश्वमा हाल हुने गरेको यो अपराधको स्वरुपलाई आधार मान्दा यो अपराधलाई निम्नानुसार वर्गिकरण गर्न सकिन्छ :-

- **यौन व्यापार वा यौन शोषणका लागि हुने मानव बेचविखन तथा ओसारपसार (Trafficking for Sexual Explotation):-** जवरजस्ती विवाह गराईदिएर, जवरजस्ती बेश्यावृत्तिमा लगाएर अथवा अन्य तरिकाले यौन शोषण गरे गराएर आर्थिक फाइदा लिनका लागि देशभित्रै तथा देश बाहिर महिला तथा बालिकाहरुलाई ओसारपसार र बेचविखन गर्ने क्रियाकलाप यस अन्तर्गत पर्दछन् । पुरुष तथा बालकहरुलाई अप्राकृतिक मैथुन गर्ने क्रियाकलाप गरी गराई आर्थिक फाइदा लिनका लागि पनि यो अपराध गर्ने गरेको देखिन्छ ।

- **श्रम व्यापार वा श्रम शोषणका लागि हुने मानव बेचविखन तथा ओसारपसार (Trafficking for Labour Explotation):-** घरेलु नोकर, वधुँवा मजदुर, कृषि कार्य, निर्माण कार्य, कलकारखाना, मनोरञ्जनात्मक क्रियाकलाप आदिमा जवरजस्ती सेवा वा श्रम

गराएर आर्थिक फाइदा लिनका लागि देशभित्र वा बाहिर गरिने मानव बेचविखन र ओसारपसार गर्ने कार्य यस अन्तर्गत पर्दछ ।

- **जवरजस्ती कोख भाडा सहित मानव अङ्ग व्यापारका लागि गरिने मानव बेचविखन तथा ओसारपसार (Trafficking for Human Organ Trade Including Forced Surrogacy):-** पीडितले थाहा नपाउने गरी उसको कुनै अङ्ग वा मानव सेल झिक्ने, अरुको बच्चा जन्माउनको लागि जवरजस्ती रुपमा महिलाको कोख प्रयोग गर्ने वा पीडितलाई थाहा दिएरै पनि थोरै पैसा दिएर जवरजस्ती त्यस्ता कार्य गर्ने सन्दर्भमा हुने मानव ओसारपसार तथा बेचविखनका क्रियाकलाप यस अन्तर्गत पर्दछन् ।

| Kinds of Crime of Human Trafficking | | |
|---|---|---|
| 1 | 2 | 3 |
| Trafficking for Sexual Explotation | Trafficking for Labour Explotation | Trafficking for Human Organ Trade Including Forced Surrogacy |

## ५. मानव तस्करी र मानव वेचविखन तथा ओसारपसारसँग यसको अन्तरसम्बन्ध

मानव तस्करी (Smuggling of Migrants) संग सम्बन्धित मुख्य अन्तर्राष्ट्रिय दस्तावेज The Un Protocol Against the Smuggling of Migrants by Land, Sea and Air, Supplementing the UN Convention Against Transnational Organized Crime, 2000 (UN Smuggling Protocol) हो । उक्त Protocol को धारा 3(a) ले Smuggling of Migrants को परिभाषा गर्दै भनेको छः- "Smuggling of Migrants shall mean the Procurement in order to obtain, directly or indirectly, a financial or other material benefit, of the illegal entry of a person into a state party of which the person is not a national or permanent resident." मानव तस्करीको यो परिभाषाबाट मानव बेचविखन तथा ओसारपसार र मानव तस्करी अपराध एउटै नभई फरक हुन् भन्ने स्पष्ट छ । बरु मानव तस्करी अपराध पीडित सो अपराधको क्रममा मानव बेचविखन तथा ओसारपसार लगायतका अन्य अपराधबाट पीडित हुन सक्ने अवस्था भने रहन्छ ।

नेपालले मानव तस्करी सम्बन्धी अनुबन्धलाई अनुमोदन गरेको छैन । मानव तस्करी सम्बन्धी अपराधलाई संबोधन गर्ने विशेष कानून पनि नेपालमा छैन । यस सम्बन्धी अपराधलाई वैदेशिक रोजगार ऐन, २०६४ र अध्यागमन ऐन, २०४९ ले केहि मात्रामा संवोधन गरेपनि ती कानूनी व्यवसथा यो अपराधका लागि पूर्ण छैनन् । मानव तस्करी जन्य कतिपय अपराधमा मानव वेचविखन तथा

ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार मानव वेचविखन तथा ओसारपसार र मुलुकी ऐन/मुलुकी अपराध संहिता, २०७४ अनुसार ठगी समेतको कसूर कायम गरी मुद्दा चलाइएको र असफल भईरहेको अवस्थामा पनि छ । त्यसर्थ नेपालले मानव तस्करी सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धनलाई अनुमोदन गरी त्यसलाई आन्तरिकीकरण गर्दै राष्ट्रिय कानून बनाउनु पर्ने टडकारो आवश्यकता महसुस गरीएको छ ।

## ६. मानव बेचविखन तथा ओसारपसार अपराध नियन्त्रणसँग सम्बन्धित अन्तराष्ट्रिय तथा क्षेत्रीय महासन्धि

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ४ ले वाँधा वा दास बनाई कसैलाई पनि राखिने छैन, दासत्व र दास दासीको व्यापारका सबै स्वरुपलाई निषेध गरिनेछ भनी घोषण गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ को धारा ८.१ देखि ८.३ सम्म दासत्व, दास व्यापार, चाकरी एवं बलपूर्वक वा कानूनले अनमुति दिए बाहेकका अनिवार्य श्रमलाई निषेध गरिएको छ । मानव बेचविखन तथा ओसारपसार अपराध मुख्यतः यौन शोषण, श्रम शोषण र मानव अङ्ग व्यापारका लागि सीमा विहिन संगठित अपराधका रुपमा हुने गरेको एवं महिला र बालबालिका बढी पीडित हुने गरेकोले यो अपराध नियन्त्रण गर्नका लागि अन्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा विभिन्न घोषणा, महासन्धि तथा अभिसन्धिहरु भएका छन् । ती मध्य निम्न महासन्धि तथा अभिसन्धिलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

| क्र.सं. | घोषणा/महासन्धि/अभिसन्धि | नेपालले हस्ताक्षर/अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|
| १ | मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (धारा ४) | |
| २ | दासत्व महासन्धि, १९२६ | ७ जनवरी १९६३ मा सम्मेलन |
| ३ | दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, १९५३ | |
| ४ | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरुको उन्मुलन सम्बन्धी पूरक महासन्धि, १९५६ | |
| ५ | मानव वेचविखन र ओसारपसार तथा अरुको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ | २७ डिसेम्बर १९९५ मा सम्मिलन |
| ६ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (धारा ८) | १४ मे, १९९१ मा सम्मिलन |
| ७ | महिला विरुद्ध सवै प्रकारको भदभाव उन्मूलन गर्ने सम्बन्धी महसन्धि, १९७९ (धारा ६) | २२ अप्रिल १९९१ मा अनुमोदन |
| ८ | बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (धारा ३५) | १४ सेप्टेम्बर १९९० मा अनुमोदन |

| | | |
|---|---|---|
| ९ | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० | ३१ अक्टोबर २००५ मा अनुमोदन |
| १० | बालबालिकाको बेचविखन, बाल बेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० | २० जनवरी २००६ |
| ११ | मानव, विशेषगरी महिला तथा बालबालिकाहरुको बेचविखनलाई रोक्न, दवाउन र सजाय गर्न, अन्तरदेशिय रुपमा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको उपलेख, २००० (टीप कन्भेन्सन/पालेरमो प्रोटोकल) | १२ मार्च, २०२० मा आरक्षण सहित अनुमोदन[452] |
| १२ | बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचविखन विरुद्धको सार्क महासन्धि २००२ | ५ जनवरी २००२ मा हस्ताक्षर |

नेपाल सन्धि ऐन, २०४७ ले नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा नेपालको प्रचलित कानूनसँग बाझिएमा त्यस्तो सन्धिको प्रयोजनको लागि बाझिएको हद्सम्म त्यस्तो प्रचलित कानून अमान्य भई त्यस सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेको छ ।[453] तसर्थ माथि उल्लेख भए मध्येका नेपाल सरकार पक्ष भइसकेका महासन्धिहरुले नेपालको सन्दर्भमा पनि मानव बेचविखन तथा ओसारपसार अपराध नियन्त्रण गर्ने सन्दर्भमा विशेष महत्व राख्दछन् । यी दस्तावेजहरुले पक्ष राज्यहरुलाई मानव बेचविखन तथा ओसारपसार अपराध नियन्त्रणार्थ निम्न विशेष दायित्वहरु सिर्जना गरेका छन्:-

- मानव बेचविखन र ओसारपसारजन्य कार्यलाई अपराधिकरण गर्नुपर्ने,
- पीडकलाई कानूनको दायरामा ल्याउनुपर्ने,
- कसूरदारको सुपुर्दगी गर्नुपर्ने,
- पीडितहरुको अधिकार संरक्षण गर्नुपर्ने,
- न्यायिक कार्यविधिमा पीडितको गोपनियतामा ध्यान दिनुपर्ने,
- कानून कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धि गर्नुपर्ने,
- अन्तराष्ट्रिय समन्वय र सहयोगमा जोड दिनुपर्ने,
- प्रभावकारी कानूनी उपचारको व्यवस्था गर्नुपर्ने ।

452 आरक्षण राखिएको अंश:"In accordance with Article 15(3), the Government of Nepal declares that it does not consider itself bound by the obligation set forth in Article 15(2)."

453 नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१)

## ७. मानव बेचविखन तथा ओसारपसार अपराध नियन्त्रणार्थ संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले सिफारिस गरेका सिद्धान्त तथा मार्गनिर्देशन

उक्त कार्यालयले सन् २००२ मा यस सम्बन्धमा मुख्यतः ४ सिद्धान्तहरु सिफारिस गरी ११ वटा मार्गनिर्देशन समेत जारी गरेको छ ।[454] जुन संयुक्त राष्ट्र संघका पक्ष राज्यहरुले अवलम्बन गर्नुपर्ने हुन्छ । ति सिद्धान्त तथा मार्गनिर्देशनहरु निम्नानुसार छन्:

### ७.१ सिद्धान्तहरु

- पीडितको मानव अधिकारलाई महत्व दिनुपर्ने (The primary of human rights of trafficking person),
- मानव बेचविखन तथा ओसारपसार रोकथाम गर्नुपर्ने (Preventing trafficking),
- पीडितलाई थप पीडित हुनबाट बचाउन संरक्षण र सहायता गर्नुपर्ने (Protection and assistance to the trafficking person),
- अपराधिकरण, सजाय र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने (Criminalization, punishment and redress)

### ७.२ मार्ग निर्देशिनहरु

- पीडितको मानव अधिकारको सम्वर्द्धन र संरक्षण गर्ने बारेका मार्गनिर्देशन (Promotion and Protection of human Rights of trafficked victim),
- पीडित र पीडकको पहिचान गर्ने बारेका मार्गनिर्देशन (Identification of Trafficked Persons and Traffickers),
- अपराधका विविध पक्षमा अध्ययन अनुसन्धान, विश्लेषण, मूल्याङ्कन र प्रचार प्रसार गर्ने सम्बन्धी मार्गनिर्देशन (Research, analysis, evaluation and dissemination),
- पर्याप्त कानूनी अवधारणाको व्यवस्था निश्चित गर्ने सम्बन्धी मार्गनिर्देशन (Ensuring and adequate legal framework),
- कानून कार्यान्वयनको सुनिश्चितता गर्ने सम्बन्धी मार्गनिर्देशन (Ensuring an adequate law enforcement response),
- पीडितलाई संरक्षण र सहयोग गर्ने सम्बन्धी मार्गनिर्देशन (Protection and support for trafficked persons),

[454] The UN Recommended Principles and Guidelines on Human Rights and Human Trafficking, 2002

- मानव बेचविखन तथा ओसारपसार रोकथाम सम्बन्धी निर्देशन (Preventing trafficking),
- बेचविखन तथा ओसारपसार पीडित बालबालिकालाई संरक्षण र सहयोग गर्न विशेष उपाय अपनाउने सम्बन्धी मार्गनिर्देशन (Special measures for the protection and support of child victim of trafficking),
- पीडितलाई न्यायमा सहज पहुँच गराउने सम्बन्धी मार्गनिर्देशन (Access to remedies)
- शान्ति संरक्षणकारी, प्रहरी, मावनअधिकारवादी तथा कुटनीतिक कर्मचारीको कर्तव्य सम्बन्धी मार्ग निर्देशन (Obligations of peacekeepers, civilian, police and humanitarians and diplomatic personnel),
- राज्यहरु र क्षेत्रहरु बीच समझदारी र समन्वय सम्बन्धी मार्गनिर्देशन (Cooperation and coordination between states and regions)

## ८. मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी केही देशको कानूनी व्यवस्था

### ८.१ भारत

भारतमा भारको संविधानको धारा २३(१)ले मावन वेचविखनलाई निषेध गरेको छ । व्यवसायिक यौन शोषण जन्य मानव बेचविखन तथा ओसारपसार अपराध सम्बन्धमा The Immoral Trafficking (Prevention) Act, 1956 (ITPA) कार्यान्वयनमा रहेको छ । यस ऐनले ७ वर्षदेखि जन्मकैद सम्मको सजायको व्यवस्था गरेको छ । नाबालकलाई अपहरण गर्ने र बेश्यावृत्तिमा लगाउने अपराधका लागि The Indian Penal Code, 1860 को दफा ३६६ (A) देखि ३७२ सम्म भएको कानूनी व्यवस्था अनुसार १० वर्षसम्म कैद र जरिवाना हुने व्यवस्था छ । यसैगरी बँधुवा मजदुर र जवरजस्ती श्रममा लगाईएको विषयलाई The Bonded Labour Act ले एवं बालबालिकालाई त्यसरी श्रममा लगाईएको विषयलाई The Juvenile Act / The Child Labour (Prohibition and Regulation) Act, 1986 ले सम्बोधन गरी कारवाही तथा सजाय हुने व्यवस्था गरेको छ ।

भारतमा The Trafficking of persons (prevention, Protection and Rehabitation) Bill, 2018 लोकसभाबाट २६ जुलाई २०१८ मा पास भएको छ । तर ऐनका रुपमा अझै आउन सकेको छैन ।[455]

[455] https://www.google.com/ur/human trafficking legiblation in India (हेरेको मिति सन् २०२० मे २)

### ८.२ वेलायत

वेलायतमा मानव बेचविखन तथा ओसारपसार अपराधलाई आधुनिक दासत्वका रुपमा लिँदै सन् २०१५ मार्च २६ देखि The Modern Slavery Act, 2015 कार्यान्वयनमा आएको छ । यसले दासत्व र यौन शोषण लगायतका मानव बेचविखन तथा ओसापसार जन्य कसूरहरुलाई अपराधिकरण गरेको छ । यसले दासत्व विरुद्धको उच्चायुक्तको स्वतन्त्र निकायको व्यवस्था पनि गरेको छ । त्यसैगरी यसले पीडकको सम्पत्ति जफत गरी त्यस मध्येबाट केही रुपैंया पीडितलाई क्षतिपूर्ति दिने समेतका व्यवस्था गरेको छ ।[456]

### ८.३ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा पनि मानव बेचविखन तथा ओसारपसार अपराधलाई आधुनिक दासत्वको अपराधका रुपमा लिइन्छ । यसलाई संघीय र अन्तरराज्जीय कानूनले जघन्य अपराधका रुपमा लिएको छ । The Trafficking Victims Protection Act (TVPA), 2000 ले मानव बेचविखन तथा ओसारपसारका अपराधलाई संबोधन गरेको छ । यो ऐनले Sex Trafficking र Labour Trafficking दुवैलाई अपाराधिकरण गरेको छ । रोकथाम, संरक्षण र अभियोजन (Prevention, Protection and Prosecutions) तीनवटा मुख्य कुराका सम्बन्धमा यो कानूनले विशेष व्यवस्था गरेको छ । यो ऐनले मानव बेचविखन तथा ओसारपसारका सन्दर्भमा Involuntary Servitude, Debt Bandage, Coercion / Commercial Sex Act को परिभाषा समेत गरेको छ ।[457]

### ८.४ चीन

चीनको **फौजदारी कानूनको दफा २४० र २४१ मा** मानव बेचविखन तथा ओसारपसार अपराधका बारेमा व्यवस्था गरे अनुसार महिला र बालबालिकालाई जवरजस्ती यौन व्यापारमा लगाउन अपहरण गर्ने, वन्धक बनाउने, ओसारपसार गर्ने र बेच्ने कार्यलाई मानव बेचविखन तथा ओसारपसार अपराध मानिएको छ । जवरजस्ती श्रम लगायत यौन व्यवसायमा लगाउने बाहेकका अन्य उद्देश्यका लागि हुने मानव ओसारपसारलाई त्यहाँ छुट्टै कानूनले संबोधन गरेको देखिन्छ ।[458]

## ९. नेपालमा मानव बेचविखन तथा ओसारपसार अपराधको अवस्था

नेपालमा मुख्यतः जवरजस्ती श्रम र सेवा, बेश्यावृत्ति समेतका यौन शोषण र मानव अङ्ग व्यापारका लागि महिला, बालबालिका र पुरुषको समेत बेचविखन तथा ओसारपसार हुने गरेको पाइएको छ । मानव ओसारपसार र बेचविखन अपराध, यसका पीडित र यो अपराध गर्ने व्यक्तिका

[456] https://www.inbrief.co.uk/offences/human-trafficking-uk-law (हेरेको मिति सन् २०२० मे २)
[457] https://www.protectionproject.org/resources/law-libary/u-s-anti-trafficking (हेरेको मिति सन् २०२० मे २)
[458] https://www.loc.gov/law/help/human-trafficking/china.php (हेरेको मिति सन् २०२० मे २)

बारेमा यकिन आधिकारीक तथ्याङ्कको अझै पनि अभाव नै देखिन्छ । नेपालमा मानव वेचविखन तथा ओसारपसार अपराधका सम्बन्धमा समग्र अवस्थालाई अध्ययन तथा विश्लेषण गरी **राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको मानव वेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन-२०७६** अनुसार नेपालमा करिब ३५ हजार व्यक्तिहरु मानव वेचविखनमा परेका छन् भने १५ लाख मानिसहरु जोखिममा रहेका छन् । नेपालमा आन्तरिक तथा सीमापार मानव वेचविखन दुवै विद्यमान रहेको छ । नेपाल मानव वेचविखनको दृष्टिकोणबाट गन्तव्य, मार्ग र स्रोत तीनवटै अवस्थमा रहेको राष्ट्र हो । नेपालमा मानव वेचविखन हराएका व्यक्तिहरु, वैदेशिक रोजगारी, पर्यटन तथा रोजगारी, वयस्क मनोरञ्जन व्यवसाय, शैक्षिक परामर्श आदिका नामबाट ओझेलमा रहेकोले सन्तोष जनक रुपमा कानूनी कारवाही हुन सकेको छैन । मानव वेचविखन पीडित तथा तिनका परिवारको आधारभूत अधिकारहरु उलंघन र हनन् भएको पाइन्छ । सेवा प्रदायक संस्था तथा राज्यका निकायहरुले पीडित तथा जोखिम समूहलाई मानव अधिकार संवेदनशिल ढंगले संवोधन गर्न सकेको पाइदैन । मानव वेचविखनको नविन मार्गहरु प्रयोग भइरहेको सन्दर्भमा द्विपक्षीय तथा क्षेत्रीय सहकार्य मार्फत मात्र समस्यालाई समाधान गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेको छ ।[459] **संयुक्तराज्य अमेरिकाको Department of States द्वारा प्रकाशित सन २०१९ को Trafficking in Persons Report** मा नेपालले मानव वेचविखन तथा ओसापसार अपराधको अन्त्य तथा न्यूनिकरण गर्न कदमहरु सञ्चालन गरिरहेको भएतापनि मानव वेचविखनका सवै क्षेत्र र जोखिमलाई सम्बोधन गर्न नसकेको, कानूनी कारवाहीमा पर्याप्त सुधार गर्न नसकेको, पीडितहरुको उद्धार तथा संरक्षणमा कमजोर लागनी भएको जस्ता कारणबाट पूर्ण रुपमा न्यूनतम मापदण्ड पुरा गर्न नसकेको निष्कर्ष निकाल्दै दोस्रो तह (Tier-2) मा राखेको छ ।[460] महान्यायाधिवक्ताको कार्यालयको विगत ७ वर्षको वार्षिक प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्क हेर्दा प्रहरीमा सूचना पुगी अनुसन्धान तहकिकात भएर अदालतमा दर्ता भएका यो अपराध सम्बन्धी मुद्दाको संख्या र मुद्दा चलेका प्रतिवादीको संख्याको अवस्था तल तालिकामा उल्लेख भए अनुसार देखिन्छ ।

| आर्थिक वर्ष | जिल्ला अदालतमा दर्ता भएका मुद्दा संख्या | मुद्दा चलेका प्रतिवादीको संख्या |
|---|---|---|
| २०६९/०७० | १६५ | ३७६ |
| २०७०/०७१ | २१२ | ४५४ |
| २०७१/०७२ | २०८ | ४१३ |
| २०७२/०७३ | २१८ | ५६३ |
| २०७३/०७४ | ३०३ | ५६९ |
| २०७४/०७५ | २८५ | ५८६ |
| २०७५/०७६ | २३८ | ४८३ |

*(श्रोत: महान्यायाधिवक्ताको कार्यालय नेपालको सम्बन्धित आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरु)*

459 हेर्नुहोस: मानव वेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन-२०७६, राष्ट्रिय मानव अधिकार आयोग, पृ.९ र १०

460 Trafficking in Persons Reoprt- June, 2019, Department of States, United States of America, PP.35-36 and 341-345

उल्लेखित तथ्य तथा तथ्याङ्कबाट यो अपराधको संख्या र अपराध गर्ने व्यक्तिको संख्या प्रत्येक वर्ष बढ्दो क्रममा नै रहेको देखिन्छ, जसले नेपालका लागि यो अपराधको समस्या भयावह नै भएको सङ्केत गर्दछ ।

## १०. मानव बेचविखन तथा ओसारपसार अपराध विरुद्धको नेपाल कानून

नेपालमा मानव बेचविखन तथा ओसारपसार अपराध बेश्यावृत्ति लगायतका यौन शोषण, श्रम शोषण र मानव अङ्ग व्यापारका लागि हुने गरेको तथ्य हालसम्म प्रकाशित यस सम्बन्धी घटनाक्रमले देखाएको छ । यस प्रसङ्गबाट हेर्दा वैदेशिक श्रम/रोजगारमा पठाउने नामबाट यो अपराध हुन पुगेमा **वैदेशिक रोजगार ऐन, २०६४** र **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** का वीचमा, मानव अङ्ग व्यापारका नामबाट यो अपराध हुन पुगेमा **मानव शरीरको अङ्ग प्रत्यारोपण(नियमित तथा निषेध) ऐन, २०५५** र **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** का वीचमा, स्वदेश भित्रै श्रम शोष णका नामबाट यो अपराध हुन पुगेमा **श्रम ऐन, २०७४, बाल श्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६** र **कमैया श्रम (निषेध) ऐन, २०५८** एवं **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** का बीचमा, बालबालिका पीडित भएका अवस्थामा **बालबालिका सम्बन्धी ऐन, २०७५** र **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** का बीचमा तथा महिलाहरु उपर यौन शोषण गर्न गराउनका लागि यो अपराध भएको अवस्थामा पनि यौन अपराधलाई सम्बोधन गर्ने अन्य कानून र **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** का वीचमा कुन कानून लागू गर्न उचित र उपयुक्त हुने भन्ने द्विविधा अपराध अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्याय निरुपणकर्ता सबैमा उत्पन्न हुने गरेको देखिएको छ । यस अवस्थालाई निपटारा गर्न नेपालमा पनि वलयुक्त सेवा वा श्रमका लागि हुने मानव बेचविखन तथा ओसारपसार अर्थात Labour Trafficking, व्यवसायीक यौन शोषण वा यौन व्यवसायका लागि हुने मानव बेचविखन तथा ओसारपसार अर्थात Sex Trafficking र जवरजस्ती कोख भाडा सहितको मानव अङ्ग व्यापारका लागि हुने मानव बेचविखन तथा ओसारपसार अर्थात Trafficking for Trading of Human Organs Including forced Surrogacy का सम्बन्धमा सबै पक्ष स्पष्ट हुनु पर्ने आवश्यकता देखिन्छ । उपरोक्त प्रसङ्गमा हेर्दा नेपालमा मानव बेचविखन तथा ओसारपसारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कानूनी व्यवस्थाका बारेमा मात्र यहाँ चर्चा गर्नु उपयुक्त हुने ठानी ति कानूनका बारेमा संक्षिप्त रुपमा यहाँ उल्लेखन गरिएको छ ।

### १०.१ नेपालको संविधान

यो संविधानले शोषण विरुद्धको हकलाई मौलिक हकका रुपमा राखी प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने, धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई शोषण गर्न नपाइने, कसैलाई पनि बेचविखन गर्न र दास वा बाँधा बनाउन नपाईने, राज्यले नागरिकलाई अनिवार्य सेवामा लगाउन सक्ने अवस्थामा बाहेक कसैलाई पनि निजको ईच्छा विरुद्ध काममा लगाउन नपाइने, यदि त्यस्ता कार्य कसैले गरेमा ती कार्य कानून बमोजिम

दण्डनिय हुने व्यवस्था गरेको छ ।[461] महिलाको हकलाई पनि मौलिक हककै रुपमा राखी प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध यौनजन्य लगायत कुनै पनि प्रकारका हिंसा र शोषण नगरिने, गरिएमा त्यो कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।[462] मौलिक हककै रुपमा रहेको बालबालिकाको हक अन्तर्गत बालबालिकालाई जोखिमयुक्त श्रममा नलगाइने, गैरकानूनी ओसारपसार नगरिने, सैन्य भर्ना गर्न नपाइने, कुनैपनि प्रकारले शोषण गर्न नपाइने, गरिएमा त्यस्तो कार्य कानून बमोजिम दण्डनिय हुने व्यवस्था गरिएको छ ।[463]

संविधानमा भएका उपरोक्त व्यवस्थाबाट महिला र बालबालिका उपर हुने कुनै पनि उद्देश्यका ओसारपसार जन्य कार्यका विरुद्ध उनीहरुका हकमा छुट्टाछुट्टै मौलिक हकको व्यवस्था गरेर तथा जोसुकै व्यक्तिलाई जुनसुकै उद्देश्यका ओसारपसार र बेचविखनजन्य कार्यका विरुद्ध शोषण विरुद्धको मौलिक हकको व्यवस्था गरेर संवैधानिक संरक्षण प्रदान गरेको पाइन्छ ।

## १०.२ मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव, विशेषगरी महिला तथा बालबालिकाहरुको बेचविखनलाई रोक्न, दबाउन र सजाय गर्न अन्तरदेशीय रुपमा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको उपलेख, २००२ ( UN Protocol to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the UN Convetion Against Transnational Organizatied Crime, 2000) अर्थात टीप कन्भेन्सन्/पालेरमो कन्भेन्सनले अन्तराष्ट्रिय स्तरमा आत्मसात् गरेको मानव बेचविखन तथा ओसारपसार अपराधको परिभाषा र तत् सम्बन्धी अन्य मूल्य मान्यता एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयबाट सन् २००२ मा जारी गरिएको Recommended Principles and Guidelines on Human Rights and Human Trafficking लाई समेत आत्मसात् गर्दै जारी गरिएको मानव बेचविखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ ले मानव बेचविखन तथा ओसारपसार अपराधको परिभाषालाई व्यापक बनाउनुका साथै यो अपराधको रोकथाम (Prevention) तथा नियन्त्रण (Control), यो अपराधबाट पीडितको न्यायका लागि संरक्षण र सहयोग (Protection and assistance) र अपराध गर्नेलाई अभियोजन (Prosecution) का तीन पक्षलाई विशेष रुपमा व्यवस्थित गरेको छ ।

माथि उल्लेखित तीनवटै पक्षमा भएका व्यवस्था बारेमा यहाँ छुट्टाछुट्टै चर्चा गरिएको छ ।

[461] नेपालको संविधानको धारा २९(शोषंण विरुद्धको हक)

[462]ऐ. धारा ३८(महिलाको हक)

[463] ऐ. धारा ३९(बालबालिकाको हक)

### १०.२.१ रोकथाम र नियन्त्रण (Prevention and Control) सम्बन्धी व्यवस्था

यो ऐनले मानव बेचविखन तथा ओसारपसार अपराध हुने भनी अपराधिकरण गरेका कार्यहरु र ती अपराधका लागि गरेको सजाय यो अपराधको रोकथाम र नियन्त्रण (Prevention and control) सँग सम्बन्धीत व्यवस्था हुन् । यसैगरी यो अपराध नियन्त्रण गर्न समन्वयात्मक ढंगले काम गर्न समितिहरु गठन गर्ने व्यवस्था पनि गरिएको छ । ती व्यवस्थाहरु मुख्यतः निम्नानुसार छन्:-

- **मानव बेचविखन तथा ओसारपसार अपराधको अपराधिकरणः-** मानव बेचविखन र ओसारपसार गर्न गराउन निषेध गर्दै त्यसो गरेमा यो ऐन अनुसार कसूर हुने व्यवस्था गरिएको छ ।[464]

- **मानव बेचविखनको परिभाषाः-** निम्न कार्यहरु गरेमा मानव बेचविखन गरेको मानिने छः-[465]

  - कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
  - कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने,
  - प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
  - बेश्या गमन गर्ने ।

- **मानव ओसारपसारको परिभाषाः-**निम्न कार्यहरु गरेमा मानव ओसार पसार गरेको मानिने छः[466]

  - किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने (दफा ४ (२) (क))
  - बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुट्याई लाने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल

[464]मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३

[465]ऐ., दफा ४(१)

[466]ऐ., दफा ४ (२)

भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने (दफा ४ (२) (ख))

यस दफामा प्रयोग भएको शोषण गर्ने उद्देश्यले भन्ने शब्दहरुका लागि ऐनको दफा २ (ङ) ले गरेको 'शोषण' शब्दको परिभाषालई हेर्नु पर्दछ । जस अनुसार 'शोषण' भन्नाले दास तुल्याउने, वाँधा बनाउने र प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्यलाई सम्झनु पर्ने अवस्था छ । ऐनको दफा ४(१) (ग) ले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य मानव बेचविखनकै अपराध हुने व्यवस्था गरेको र दफा २ (ङ) मा शोषण अन्तर्गत पनि सो कार्यलाई राखिएकोले यो कार्य मानव बेचविखनको अपराध हुने की मानव ओसारपसारको मात्र अपराध हुने भन्ने द्विविधा हुने देखिन्छ । यस सन्दर्भमा यदी प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य भईसकेको भए त्यसलाई दफा ४ (१) (ग) को मानव बेचविखनको कसूर मान्न र यदी त्यसरी अङ्ग झिकिनसकेको तर सो कार्य गर्नका लागि दफा ४ (२) (ख) का तरिका अपनाई कुनै मानिसलाई लैजाने वा राख्ने कार्य गरिएको भए त्यसलाई शोषण गर्ने उद्देश्यले ओसारपसार गरिएको अर्थात दफा ४ (२) (ख) को कसूर मान्न उचित हुने देखिन्छ ।

The UN Protocol to prevent, Suppresses and Punish Trafficking in Persons Especially Women and Children, Supplementing the United Nations Conventions Against Transnational Organized Crime, 2000(TIP Protocol/Palermo Protocol) को धारा ३(a) र मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण), २०६४ को दफा ४(१) र (२) ले परिभाषित गरेको मानव वेचविखन तथा ओसारपसार अपराध ठहरिन निम्न अभ्यासको उपस्थिति अनिवार्य हुनुपर्ने देखिन्छ :

- कुनै व्यक्तिले कुनै पनि व्यक्तिगत माध्यमबाट कुनै पनि व्यक्तिलाई नियन्त्रणमा राख्नु र निजको स्वतन्त्रतालाई निषेध गर्नु,
- नियन्त्रणमा रहेको व्यक्तिको स्थानान्तरण, ओसापसार, भर्ती वा प्राप्त गर्नु वा किनवेच गर्नु ,
- नियन्त्रणमा रहेको व्यक्तिको यौन वा श्रम शोषण गुर्न वा अंग झिक्ने कार्य गर्नु,
- जवरजस्ती वा लोभ लालसा देखाई सहमति प्राप्त गर्नु वा व्यक्तिको सहमति विना यौन वा श्रम शोषण गर्नु वा अंग झिक्ने कार्य गर्नु,
- यौन व्यवसायको सञ्चालन तथा व्यवसायिक यौन सेवाको उपयोग गर्नु ।

अतः ऐनले अपराधिकरण र परिभाषा समेत गरेका उपरोक्त व्यवस्थाबाट यो ऐनले पनि मानव बेचविखन तथा ओसारपसार अपराध अन्तर्गत अहिलेसम्म विश्वमा लिइने गरेका तीनवटा आयामहरु Sex Trafficking, Labour Trafficking र Trafficking for Trading of Human Organs Including forced Surrogacy लाई समेटेको नै देखिन्छ । तसर्थ यो ऐनको प्रभावकारी

कार्यान्वयनका लागि ति तीनवटै आयामका बारेमा प्रष्ट भई अपराध अनुसन्धान, अभियोजन र न्याय निरुपण हुनुपर्ने देखिन्छ ।

**१०.२.२ सजायको व्यवस्था:-**[467]

- जुनसुकै उद्देश्यले मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र रु. २ लाख जरिवाना हुन्छ । (दफा १५ (१) (क)),
- बेश्यावृत्तिमा लगाउनेलाई १५ वर्षसम्म कैद र रु. १ लाखसम्म जरिवाना हुन्छ । (दफा १५ (१) (ख)),
- किनबेच र बेश्यावृत्तिमा लगाउन ओसारपसार गर्नेलाई १५ वर्षसम्म कैद र रु.१ लाखसम्म जरिवाना हुन्छ । (दफा १५ (१) (ङ) (१)),
- बालबालिकाको ओसारपसार, किनबेच र बेश्यावृत्तिमा लगाउनको लागि गरेको भए २० वर्षसम्म कैद र रु. २ लाख सम्म जरिवाना हुन्छ । (दफा १५ (१) (ङ) (१)), ऐनको दफा २ (घ) ले पीडितका हकमा यो ऐनका लागि १८ वर्ष उमेर पुरा नभएको व्यक्तिलाई बालबालिका मानिने छ ।
- श्रम शोषण गर्ने अर्थात दास तुल्याउन, बाँधा बनाउन र कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने उद्देश्यले ओसारपसार गर्नेलाई ५ वर्षसम्म कैद हुन्छ । (दफा १५ (१) (च)),
- प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्नेलाई १० वर्ष कैद र रु.५ लाखसम्म जरिवाना हुन्छ । (दफा १५ (१) (ग)),
- बेश्या गमन गर्नेलाई ३ महिनासम्म कैद र रु.५ हजारसम्म जरिवाना हुन्छ । (दफा १५(१) (घ)),
- बेश्यावृत्ति गराउने बाहेकका अन्य प्रकारका यौन शोषण जस्तै:- अप्राकृतिक मैथुन, जवरजस्ती विवाह गरी यौन अथवा श्रम शोषण, जवरजस्ती कोख भाडामा लिई गरिने शोषण (Surrogacy), मानव शेल जवरजस्ती झिकेर गरिने शोषण आदि उद्देश्यका लागि ओसारपसार गर्नेलाई १० वर्ष सम्म कैद हुन्छ । (दफा १५ (१) (छ)),
- माथि उल्लेखित सजाय हुने छुट्टाछुट्टै कसूर एउटै व्यक्तिबाट भएमा प्रत्येक कसूर बापत छुट्टाछुट्टै सजाय हुन्छ । (दफा १५ (२) (क) (ख) र (ग)),
- सार्वजनिक पद धारण गरेको व्यक्तिले माथि उल्लेखित सजाय हुने कसूर गरेमा २५% थपेर सजाय हुन्छ । (दफा १५ (३)),

[467]२२. ऐ., दफा १५, १८, २४ र २५

- आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको वा हाडनाता भित्र पर्ने व्यक्ति उपर माथि उल्लेखित सजाय हुने कसूर गरेमा १०% थपेर सजाय हुन्छ। (दफा १५ (४)),
- पटके कसूरदारलाई एक चौंथाई थपेर सजाय हुन्छ। (दफा १५ (५)),
- माथि उल्लेखित सजाय हुने कसूर गरेर प्राप्त गरेको चल अचल सम्पत्ति जफत हुन्छ। ( दफा १८ (१)) साथै त्यस्तो कसूर गर्न गराउन जानी जानी आफ्नो घर जग्गा वा सवारी साधन प्रयोग गरे वा गर्न दिएमा त्यस्तो घर जग्गा वा सवारी साधन जफत हुन्छ। (दफा १८ (२)),
- यो ऐन अन्तर्गतको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई र सो कसूरको मतियारलाई सो कसूर गर्ने कसूरदातालाई हुने सजायको आधा सजाय हुन्छ। (दफा १५ ( १) (ज)),
- यो ऐन अन्तर्गतको कसूरको अनुसन्धान तहकिकातको काम कारवाहीमा वाधा विरोध गर्नेलाई रु.१० हजारसम्म जरिवाना हुन्छ। (दफा २४),
- यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिको स्वीकृति विना त्यस्ता पीडितको नाम, तस्विर र निजको चरित्रमा प्रतिकूल प्रभाव पार्ने कुनै विवरण पत्रपत्रिकामा छाप्ने वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नेलाई रु.२५ हजारसम्म जरिवाना हुन्छ। (दफा २५),
- यस ऐन अन्तर्गतको कसूर सम्बन्धमा उजूर गर्ने व्यक्तिले आफूले एक पटक दिएको बयान विपरित हुनेगरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा १ वर्षसम्म कैद हुन्छ। (दफा १५ (६))

- **राष्ट्रिय तथा जिल्ला समितिः-** यो ऐनमा मानव बेचविखन तथा ओसारपसारको कसूर नियन्त्रण गर्नका लागि सरकारी निकाय र गैर सरकारी संस्थाविच समन्वय गरी यो अपराधका कारण बारेमा अध्ययन, अनुसन्धान, विश्लेषण गरी निराकरणका लागि यर्थाथपरक र प्रभावकारी रणनीति बनाई प्रचारप्रसार गरी कार्यान्वयन गर्न राष्ट्रिय तथा जिल्ला समिति गठन गर्ने व्यवस्था रहेको छ।[468]

### १०.२.३ अनुसन्धान र अभियोजन (Invesgigatiion and Prosecution) सम्बन्धी व्यवस्थाः

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश

[468] ऐ., दफा २३

भएको मानिने व्यवस्था गरेको छ ।[469] तसर्थ यो ऐन अन्तर्गतका कसूरको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्रममा यो ऐन लगायत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५को कार्यविधि अपनाउनु पर्ने हुन्छ । जस अनुसार नेपाल प्रहरीले अनुसन्धान तहकिकात गर्दछ भने सरकारी वकीलबाट सम्बन्धित जिल्ला अदालतमा अभियोजन गर्ने कार्य हुन्छ । यस सम्बन्धमा निम्न व्यवस्थाहरु महत्वपूर्ण छन्:

- कसूरको अनुसन्धानका क्रममा मानव बेचविखन र ओसारपसार अपराधका बारेमा नजिकको प्रहरी कार्यालयमा जोसुकैले उजूर गर्न सक्दछ । उजूरकर्ताले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा प्रहरीले निजको नाम गोप्य राखिदिनु पर्दछ ।[470]

- पीडित व्यक्ति आफैंले उजूर दिएमा प्रहरी कार्यालयले तत्काल पीडितको बयान गराई सो बयान नजिकको जिल्ला अदालतबाट प्रमाणित गराई राख्नु पर्दछ । त्यसरी प्रमाणित बयानलाई मुद्दाको पुर्पक्षका क्रममा पीडित अदालतमा उपस्थित नभए पनि अदालतले प्रमाणमा लिन सक्छ ।[471]

- यो कसूरको अनुसन्धान तहकिकातका क्रममा अभियुक्तलाई पक्राउ गर्न र खानतलासी लिन प्रहरीलाई केही विशेष अधिकार समेत प्रदान गरिएको छ ।[472]

- मुद्दाको अभियोजन गर्दा अथवा अभियोग पत्र दायर गर्दा सरकारी वकीलले अपराध गर्ने व्यक्तिलाई हुने दण्ड सजाय हुन, त्यस्तो व्यक्तिले अपराध गरी आर्जन गरेको चल अचल सम्पत्ति र अपराध गर्न प्रयोग भएको घर, जग्गा, सवारी जफत हुन तथा पीडितलाई क्षतिपूर्ति भराई दिन दावी लिनु पर्दछ । साथै सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दावी लिन पनि सक्दछ ।[473]

- अभियोजन गर्दा सरकारी वकीलले सजायको माग दावीमा छुट दिन सकिने अवस्थाका बारेमा पनि विचार गर्नु पर्दछ ।[474] त्यसैगरी ऐनको वर्हिक्षेत्रीय अधिकार क्षेत्र प्रयोग हुन सक्ने व्यवस्थालाई पनि ख्याल गर्नु पर्दछ ।[475] अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्न यहि ऐनको

[469] ऐ., दफा २८
[470] ऐ., दफा ५
[471] ऐ., दफा ६
[472] ऐ., दफा ७
[473] ऐ., दफा १५, १७, १८ र २२
[474] ऐ., दफा २१
[475] ऐ., दफा १(२)

दफा ८ को व्यवस्था लागू हुने कुरा पनि सरकारी वकीलले हेक्का राख्नु पर्दछ ।[476] पीडित र उजूर गर्ने व्यक्तिको गोपनियताका कुरामा पनि ध्यान दिनु पर्दछ । [477]

## १०.२.४ पीडितको संरक्षण र सहयोग (Protection and assistance) सम्बन्धी व्यवस्था :

यो ऐनको मुख्य उद्देश्य मध्ये एक उद्देश्य मानव बेचविखन र ओसारपसार अपराधबाट पीडित भएका व्यक्तिको संरक्षण तथा पुर्नस्थापना गर्नु रहेको छ ।[478] जसका लागि ऐनमा मुख्यतः निम्न व्यवस्था रहेका छन् :-

- **पीडितको परिभाषाः-** बेचिएको, ओसारपसार गरिएको वा बेश्यावृत्तिमा लगाईएको व्यक्ति (दफा २ (ग))
- **वर्हिक्षेत्रीय अधिकार क्षेत्रः-** नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यो ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्ति विरुद्ध पनि यो ऐन लागू हुने वर्हिक्षेत्रीय अधिकार क्षेत्रको व्यवस्था गरी पीडितको न्यायका लागि पीडक कानूनी दायरामा आउन सक्ने फराकिलो व्यवस्था गरिएको छ । (दफा १ (२))
- **पीडितको बयान प्रमाणित गराउनेः-** पीडितको वयान प्रहरीले तत्काल लिई नजिकको अदालतबाट प्रमाणित गराई राख्ने र त्यस्तो बयान पीडित मुद्दाको कारवाहीका क्रममा अदालतमा उपस्थित नभए पनि अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गरिएको छ । (दफा-६)
- **प्रतिवादीले प्रमाण पुर्‍याउनु पर्ने :-** यो ऐन अन्तर्गतको कसूरको अभियोग लागेको व्यक्तिले यो कसूर आफूले गरेको होइन भनेमा त्यसको प्रमाण पुर्‍याउने भार त्यसो भन्ने अभियुक्तमा नै रहन्छ (Reversed burden of Proof) (दफा -९)
- **पीडितले कानून व्यवसायी राख्न पाउनेः-** पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्ने (दफा -१०)
- **पीडितले दोभाषे राख्न पाउनेः-** पीडितले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने र त्यसको खर्च नेपाल सरकारले व्यहोर्ने व्यवस्था छ । (दफा-११)

---

[476] ऐ., दफा ८
[477] ऐ., दफा ५ (२) र २५
[478] ऐ.प्रस्तावना

- **पुर्नस्थापना केन्द्र र कोषः-** पीडितको उद्धार, पुर्नस्थापना र पुर्नमिलन सम्बन्धी पुर्नस्थापना केन्द्र र पुर्नस्थापना कोष सहितको व्यवस्था गरिएको छ । (दफा १२,१३ र १४)
- **पीडितलाई क्षतिपूर्तिः-** पीडित वा पीडितको हकवालालाई क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था छ । (दफा-१७)
- **पीडितलाई आत्मरक्षाको अधिकारः-** अपराध हुँदाका समय आफू पीडित हुनबाट बच्न अन्तिम उपायका रुपमा पीडितले केही गर्दा पीडकको ज्यान गए वा घाइते भए पीडितलाई सजाय नहुने व्यवस्था छ । (Self Defence) (दफा -१६)
- **पीडितको गोपनियता र सुरक्षाः-** मुद्दाको कारवाहीका क्रममा पीडितको गोपनियता र सुरक्षा सम्बन्धी व्यवस्था गरिएको छ । (दफा २५, २६ र २७)

### १०.३ मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

यो नियमावलीमा मानव बेचविन तथा ओसारपसार अपराध नियन्त्रण गर्ने एवम पीडितको पुर्नस्थापना लगायतका संरक्षणात्मक व्यवस्था सम्बन्धमा कार्य गर्न राष्ट्रिय तथा जिल्ला समितिको गठन, तिनको काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था, पुर्नस्थापना केन्द्र तथा कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था, उजूर गर्ने व्यक्तिको गोप्यता कायम गर्ने सम्बन्धी व्यवस्था तथा दोभाषे वा अनुवादक सम्बन्धी व्यवस्थाहरु समावेश गरिएको छ । राष्ट्रिय समितिमा महान्यायाधिवक्तको कार्यालयबाट सहन्यायाधिवक्ता तथा जिल्ला समितिमा जिल्ला सरकारी वकील कार्यालयबाट जिल्ला न्यायाधिवक्ता सदस्य रहने व्यवस्था भएकोले ती समितिहरुमा सरकारी वकीलको उक्त प्रतिनिधित्वलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

## ११. मानव बेचविखन तथा ओसारपसार अपराध सम्बन्धमा न्यायिक दृष्टिकोण

नेपालको कानूनी इतिहासलाई हेर्दा मावन बेचविखन तथा ओसारपसार अपराधलाई वि.सं. १९८२ देखि कानून बनाएर रोकथाम र नियन्त्रण गर्ने प्रयास भएको देखिन्छ । मुलुकी ऐन, २०२० मा जीउ मास्ने बेच्नेको महलमा यो अपराध नियन्त्रण सम्बन्धी व्यवस्था गरियो । वि.सं. २०४३ सालमा विशेष ऐनका रुपमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ल्याइयो । वि.सं. २०६४ देखि मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू भएको छ । उल्लेखित कानूनी व्यवस्था अनुसार यो अपराधका सम्बन्धमा अदालतमा दायर भई कारवाही भएका धेरै मुद्दाहरुमा सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भई न्यायिक दृष्टिकोण आएको छ । जसमध्ये केही नजिर सिद्धान्त यहाँ उल्लेख गरिएको छ ।

## ११.१ सुरेश लामा समेत विरुद्ध श्री ५ को सरकार भएको जीउ मास्ने बेच्ने मुद्दा[479]

जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ का कतिपय व्यवस्थाहरु "UN Convention on the Suppression of the Trafficking in Presons and of the Exploitation of the Prostitution of others" अनुकुल देखिन्छन् । जस्तै बेश्यावृत्तिलाई अपराधिक कार्य मानी त्यस्तो अपराधमा प्रमाणको भार प्रतिवादीमा सारिएको, मुद्दा टुङ्गिन लामो समय लाग्ने र पीडित महिला मुद्दा कुरेर बस्न सम्भव नहुने आदी कारणले पीडितको तत्काल अदालतमा वयान प्रमाणित गर्ने आदि व्यवस्थाबाट अज्ञान, पीडित र शोषित महिलाको हक संरक्षणका लागि उक्त महासन्धि अनुकूल बनेको हो । तसर्थ महिलाहरुको हक संरक्षण गर्ने त्यस्तो कानूनी व्यवस्थाको असर र भावना (Letter and sprit) लाई मनन गरेर ऐनको व्याख्या गर्नु पर्दछ भन्ने दृष्टिकोण यस नजिरमा रहेको छ ।

## ११.२ माइला भन्ने विवेक दोङ विरुद्ध नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मुद्दा[480]

जीउ मास्ने बेच्ने मुद्दा खास प्रकृतिको मुद्दा भई अदालतले खोजेका समयमा पीडित फेला पर्न नसक्ने अवस्थालाई महसुस गरी पीडित उपलब्ध भएमा मौकामा नै पीडितको वयान अदालतबाट प्रमाणित गराउनु पर्ने विधायिकी मनसाय पनि हो । भए गरेका घटनाक्रमको यथार्थता खुलाई अदालतमा गरेको वयान प्रमाणित भएपछि पीडित वकपत्र गर्न अदालतमा उपस्थित नहुनुले खास असर पार्न सक्ने अवस्था पनि देखिन आउँदैन भन्दै मानव बेचविखन ओसारपसार मुद्दामा पीडित अदालतमा वकपत्र गर्न नआएमा पनि पीडितले मौकामा गरेको अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिनुपर्ने दृष्टिकोण आएको छ ।

## ११.३ नेपाल सरकार विरुद्ध रबिन्द्र सिलवाल भएको जीउ मास्ने बेच्ने मुद्दा[481]

अदालतद्वारा प्रमाणित पीडित भनिएको व्यक्तिको कथन पुष्टि हुने अन्य सर्मथित प्रमाण ( Corroborative Evidence) मिसिलमा मौजुद रहेको अवस्थामा पीडित व्यक्ति अदालतमा वकपत्रको प्रयोजनार्थ उपस्थित नभए पनि सो भनाईलाई आधार मान्नुपर्ने र अदालतबाट प्रमाणित पीडितको वयान झुट्टा हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार अभियुक्तको हुने भन्दै यस नजिरमा मानव बेचविखन तथा ओसारपसार मुद्दामा पीडित अदालतमा बकपत्र गर्न नआएपनि यदि अदालतबाट प्रमाणित भएको पीडितको मौकाको बयान मिसिलमा भएका अन्य प्रमाणबाट सर्मथित (Corroborat) हुन्छ भने त्यस्तो प्रमाणित बयानलाई प्रमाणमा लिनुपर्ने र त्यस्तो प्रमाणित

479 ऐ., दफा ५(२) र २५ने.का.प. २०६२, कार्तिक, नि.नं.७५७१, पृ. ८७७

480 स.अ.बुलेटिन २०६६, ज्येष्ठ-१, पृ.२

481 स.अ. बुलेटिन २०६६, ज्येष्ठ- २, पृ. ३

बयान झुट्टो हो भनी प्रतिवादीले जिकिर लिएमा त्यसलाई प्रमाणित गर्ने भार प्रतिवादीमा नै रहने (Reverse Burden of Proof) दृष्टिकोण यस नजिरमा आएको छ ।

## ११.४ नेपाल सरकार विरुद्ध खेमराज पाण्डे समेत भएको जीउ मास्ने बेच्ने मुद्दा[482]

मौकामा जिल्ला न्यायाधीश समक्ष पीडितले गरेको प्रमाणित बयानमा उल्लेख गरेका कुरालाई मिसिलबाट देखिएको परिस्थिति र प्रमाणबाट सर्मथित भएको खण्डमा महत्वहीन र निष्प्रभावी रुपमा लिन नमिल्ने, अदालतमा पीडितको भनाई प्रमाणित भएपछि निजले अदालतमा वकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुँदैन । मौकामा प्रमाणित भएको त्यस्तो भनाईलाई मिसिलबाट देखिएको परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने, मिसिल संलग्न प्रमाण एवम् तथ्यले देखाएको परिस्थितिले प्रतिवादी उपरको अभियोग पुष्टि हुने अवस्था निसन्देहात्मक रुपमा देखा पर्दछ भने अदालतमा प्रमाणको रुपमा पेश गरिएको व्यक्तिले प्रतिकूल भनाई राखे पनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गरी निर्णय गरिन नहुने भन्दै यस नजिरमा मानव बेचविखन तथा ओसारपसार मुद्दाका पीडितले मौकामा अदालतबाट प्रमाणित पीडितको बयानको विपरित पछि अदालतमा प्रतिकूल वकपत्र (Hostile Testimony) गरेपनि मिसिल संलग्न परिस्थिति र तथ्यले पीडितको मौकाको प्रमाणित बयानलाई नै सर्मथित गर्दछ भने पीडितले अदालतमा गरेको प्रतिकूल वकपत्रका आधारमा निर्णय गर्न नहुने, पीडितको मौकामा अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिएर निर्णय गर्नुपर्ने दृष्टिकोण आएको छ ।

उक्त नजिर प्रतिपादन गर्दा मानव बेचविखन तथा ओसारपसार मुद्दामा मौकामा नै अदालतबाट पीडितको बयान प्रमाणित गराउने कानूनी व्यवस्थाको विधायिकी मनसाय बारे व्याख्या गर्दै भनिएको छः "जीउ मास्ने बेच्ने मुद्दामा अक्सर निम्न परिवारका अशिक्षित महिला तथा बालबालिकाहरु बढी पीडित हुने गरेको देखिएको छ । निम्न आर्थिक अवस्थाका व्यक्तिहरु सजिलै प्रलोभनमा परी प्रतिवादीलाई मद्दत पुग्ने अभिप्रायले अदालतमा वकपत्र गर्ने, कतिपय अवस्थामा पीडितहरु फेला पर्न नसक्ने वा विवाह गरी अन्यत्रै जाने, गम्भीर यौनजन्य रोग लागि पीडितको मृत्युसम्म हुने जस्ता खास अवस्थाहरुले गर्दा फेला परेका पीडितहरुको मौकामा नै वयान गराई अदालतमा लगि उक्त बयान जिल्ला न्यायाधीसशले नै पढी वाची सुनाई प्रमाणित गराउने विधायिकी मनसाय हो । अदालतमा बयान प्रमाणित गराउनुको मतलव पीडितको आफ्नो भनाइको अदालतमा पुष्ट्याइ हो । अदालतमा पीडितको भनाई प्रमाणित भएपछि निजले अदालतमा वकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुँदैन ।"

[482] ने.का.प. २०६६, असोज, नि.नं. ८१६६, पृ. ९२६

## ११.५ श्याम भन्ने रुप बहादुर क्षेत्री विरुद्ध नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मद्दा[483]

मुद्दा हेर्ने न्यायाधीश समक्ष गरेको प्रमाणित बयानलाई दवाव र प्रभावमा भए गरेको मान्ने हो भने न्याय प्रणाली नै निष्फल हुने अवस्था रहने भएकाले मुद्दाको न्याय निरोपण गर्ने न्यायाधीश समक्ष भएको त्यस्तो प्रमाणित बयान नै स्वतन्त्र पूर्वक नभएको भन्ने अविश्वसनीय कथनलाई स्वीकार गर्न नसकिने भन्दै मानव बेचविखन तथा ओसारपसार मुद्दामा पीडितको मौकाको बयान अदालतबाट प्रमाणित गराउनु पर्ने विशेष कानूनी व्यवस्थाको विधायिकी मनसायको व्याख्या गर्दै पीडितले अदालतमा प्रतिकूल (Hostile) वकपत्र गरेपनि तथ्यगत सवूद र घटनावलीले अपराध प्रमाणित भएमा पीडितको मौकाको अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिई निर्णय गर्नुपर्ने समेतको दृष्टिकोण यस नजिरबाट आएको छ ।

## ११.६ तेज बहादुर राना मगर विरुद्ध नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मुद्दा[484]

जीउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको कसूर सामान्यतः कुनै एउटा व्यक्तिले मात्र चाहेर वा एउटा व्यक्तिको मात्र संलग्नताले पुरा हुने नभई यस्तो कसूरमा एक भन्दा बढी व्यक्तिको संलग्नता रहने हुँदा यो एउटा संगठित अपराध अन्तर्गत पर्ने कसूर हो । यस्ता कसूरबाट पीडित जहिलेसुकै पनि सो कसूरमा संलग्न प्रतिवादीहरुको सामूहिक संजालमा संलग्न कुनैपनि व्यक्तिको वा कसूरदारहरुको सामूहिक निशाना वा डर, त्रास, धम्की वा प्रलोभनमा पर्ने संभावना रहिरहन्छ । फलस्वरुप यस्तो प्रकृतिका कसूरमा संलग्न कसूरदारहरुले पीडित वा निजका घर परिवारका सदस्य समेतलाई अनावश्यक प्रलोभन, दवाव वा डर, त्रास, धाक, धम्की दिई पीडितलाई अदालतमा वकपत्र गर्न जान नसक्ने अवस्था सिर्जना गर्ने वा प्रतिकूल साक्षी (Hostile Witness) को रुपमा वकपत्र गर्न वाध्य पार्ने संभावना हुने, प्रचलित मानव बेचविखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ को दफा ६ (२) मा पीडितको मौकाको वयान मुद्दा हेर्ने अधिकारीबाट प्रमाणित गराई राख्नेगरी छुट्टै विशेष व्यवस्था गरिएको देखिन्छ । तदनुरुप अदालतबाट एकपटक कानून बमोजिम प्रमाणित भइरहेको पीडितको बयान अन्य प्रमाणहरुबाट खण्डन नभएसम्म सो कसूर स्थापित गर्ने एउटा आधारभूत एवं अकाट्य प्रमाणको रुपमा ग्राह्य हुन आउँछ । तसर्थ पीडितको वकपत्र नभएको भन्ने जिकिरबाट मात्रै पीडितको अदालतबाट प्रमाणित मौकाको बयानलाई प्रमाणमा लिन नमिल्ने भनी प्रतिवादीको निर्दोषिता पुष्टि हुन नसक्ने भन्दै यस नजिरमा पनि मानव बेचविखन तथा ओसारपसार अपराधमा पीडितको मौकाको अदालतबाट प्रमाणित बयान मिसिलमा भएका अन्य तथ्य र प्रमाणले सिलसिलावद्ध रुपमा समर्थन गरेको अवस्थामा केवल पीडित अदालतमा वकपत्र गर्न नआएको वा प्रतिकूल वकपत्र गरेको भन्ने आधारमा मात्रै

[483] ने.का.प. २०६८, चैत्र, नि.नं. ८७३२, पृ.२०२४
[484] स.अ.बुलेटिन २०६९, ज्येष्ठ-२, पृ.१

पीडितको मौकाको प्रमाणित बयान प्रमाण शुन्य नभई त्यसलाई प्रमाणमा लिनुपर्ने दृष्टिकोण रहेको छ ।

## ११.७ गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[485]

यस नजिरमा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले गरेको प्रतिवादीमा प्रमाणको भार रहने (Resevse burden of Proof) व्यवस्थाको औचित्य बारेमा व्याख्या भएको पाइन्छ । कतिपय सङ्गीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नु पर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरुत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of Proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको, अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने एवं अपराध संगठित तरिकाले हुन सक्ने र कतिपय संगठित अपराधिक समूहको संलग्नतामासमेत अपराध हुन सक्ने भएकोले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आंकलन गरेर विधायिकाले कानूनको निर्माण गरेको, प्रमाण संकलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नपुगोस भन्ने विधायिकी मनसाय हुने भन्दै पीडितहरु अदालतमा वकपत्र गर्न नआएको अवस्थामा पनि मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ (२) अनुसार अदालतबाट प्रमाणित भएको पीडितहरुको बयानलाई सोही ऐनको दफा ६(३) अनुसार प्रमाणमा लिइएको छ ।

एउटी १७ वर्षकी र अर्की १८ वर्ष पुरा भइसकेकी २ जना पीडितलाई तेह्रथुम जिल्लाको उनीहरुको घरगाउँबाट अभिभावकलाई जानकारी नगराई नागरिकता र राहदानी आफै बनाईदिई विदेश जाँदा लाग्ने खर्च समेत आफैं लगाईदिन्छु र राम्रो पैसा कमाई हुने काममा मेन पावर मार्फत कुवेत पठाईदिन्छु भनी प्रलोभन देखाई प्रतिवादी गोमा पाँचकोटीले म्याङ्लुङ्ग बसपार्क ल्याईपुर्‍याई बस चढाई लैजान लाग्दा पक्राउ परी पीडितहरुको उद्धार भएको यस मुद्दामा प्रतिवादी गोमा पाँचकोटीले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २ (घ) अनुसार बालबालिका मानिने नाबालिका समेत २ जना पीडितलाई त्यसरी फकाइ फुलाई प्रलोभनमा पारी संरक्षकबाट छुटाई शोषण गर्ने उद्देश्यबाट देश भित्रकै एक ठाउँबाट अर्को ठाउँसम्म पुर्‍याई गरिएको मानव ओसारपसारको कसूर (Internal Trafficking) गरी उक्त ऐनको दफा ४(२) (ख) को कसूरमा सोही ऐनको दफा १५ (१) (छ) बमोजिम हुने सजायको अपराधमा सोही ऐनको दफा १५ (१) (ज) बमोजिम तजविजी ४ वर्ष कैद हुने पुनरावेदन अदालत धनकुटाको फैसला सर्वोच्च अदालतबाट सदर भएको देखिएको छ । प्रतिवादी गोमा पाँचकोटीले भनेको मेन पावरको व्यक्ति प्रतिवादी मोतिमान थापाका हकमा मुद्दा मुलतवीमा रहेको छ । प्रतिवादी गोमा पाँचकोटीले पीडितहरुलाई फकाएर अभिभावकबाट छुटाई घर गाउँबाट अर्को ठाउँमा लगिसकेको

[485] ने.का.प, २०७२, वैशाख, नि.नं. ९३३३, पृ.१३३

अवस्थामा उनी मानव ओसारपसारको कसूरको मतियार मात्र ठहर भएको पुनरावेदन अदालत धनकुटाको फैसला उपर वादी नेपाल सरकारको सर्वोच्च अदालतमा पुनरावेदन नपरेको कारण सर्वोच्च अदालतबाट यस मुद्दामा गोमा पाँचकोटीको कसूर मानव ओसारपसारको पूर्ण अपराध नै हो वा मतियारको मात्र हो भन्ने व्याख्या हुन नसकेको अवस्था देखिएको छ ।

## ११.८ लोक बहादुर कार्की विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन, बालविवाह र जवरजस्ती करणी मुद्दा[486]

अर्काको घरमा घरेलु कामदारका रुपमा बसेकी एउटी १४ वर्षिया नाबालिकालाई फकाई फुलाई विवाह गर्छु भनी झापा शनिश्चरेबाट धरान लगि सिन्दुर पोते लगाईदिई विवाह गरी करणी समेत गरी भारत सिक्किम जाउँ भनी लैजाँदै गर्दा झापामा पक्राउ परी पीडितको उद्धार भई सो कार्यमा संलग्नहरु उपर अभियोजन भएको यस मुद्दामा मुख्यत निम्न न्यायिक दृष्टिकोण सहित नजिर सिद्धान्त प्रतिपादन भएको देखिन्छ :-

- **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) बमोजिमको कसूर अथार्त मानव ओसारपसारको कसूर हुन कुनै पनि व्यक्तिको बेचविखन एवं ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने वा नपर्ने ?:-** उक्त कसूर हुनका लागि कुनै पनि व्यक्तिको बेचविखन एवं ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन । सो उद्देश्यका लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर स्थान तथा व्यक्तिबाट छुटाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुर्‍याउन बाँकी रहेको अवस्थामा पनि सो कसूर भएको मानिने (प्रकरण नं. ५)

- **नाबालिकासँग विवाह गरी करणी समेत गरेकोमा निजको मञ्जुरी भएपनि बालविवाह तथा जवरजस्ती करणीको अपराध हुने वा नहुने ?:-** मुलुकी ऐनको विहावरीको महलको २ नं. मा भएको संरक्षकको मञ्जुरी भएमा महिला र पुरुष दुवैको उमेर १८ वर्ष र संरक्षकको मञ्जुरी नभए दुवैको उमेर २० वर्ष नपुगी विवाह गर्न गराउन नहुने व्यवस्था अनुसार वारदातको समयमा पीडितको उमेर १४ वर्ष मात्र रही वैध विवाहका लागि चाहिने उमेर पुरा भएको नदेखिँदा पीडित र प्रतिवादीका बिच भएको विवाह वैध विवाह नभई बालविवाह भएको तथ्य पुष्टि हुन आउने (प्रकरण नं. ७ र १०), मुलुकी ऐनको जवरजस्ती करणीको महलको १ नं. मा कसैले १६ वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ भन्ने व्यवस्था हुँदा पीडितको उमेर वारदात हुँदाका बखत १६ वर्ष भन्दा कम रहेको अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको वा पीडितले करणीका लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानूनी मान्यता प्राप्त गर्न नसक्ने, त्यो जवरजस्ती करणी भएको मानिने (प्रकरण नं. ९ र १०)

[486] ने.का.प. २०७२, ज्येष्ठ, नि.नं. ९३४६, पृ.२६३

- **मानव बेचविखन तथा ओसारपसार मुद्दामा पीडितले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारवाहीको सिलसिलामा वकपत्र गर्न पीडित अदालतमा उपस्थित नभएमा त्यस्तो प्रमाणित वयान अदालतले प्रमाणमा लिन मिल्ने नमिल्ने ?:-** पीडित स्वयम्ले अनुसन्धान अधिकारी समक्ष उपस्थित भएर अपराधका सम्बन्धमा वयान गरेकी छन् र त्यस्तो वयान तुरुन्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो वयानको व्यहोरा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ (३) बमोजिम प्रमाणमा लिन मिल्ने (प्रकरण नं. १४)
- **मानव बेचविखन तथा ओसारपसार अपराधको उजुरी (जाहेरी) दिने व्यक्ति पीडित बाहेकको अरु नै कोही भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले पीडितको वयान गराई अदालतबाट प्रमाणित भएको रहेछ भने त्यस्तो वयान मानव बेचविखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ को दफा ६ (३) अनुसार प्रमाणमा लिन मिल्ने नमिल्ने ?:-** पीडित स्वयम्को उजुरी नभई अरु कसैले उजुरी वा जाहेरी दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित वयानको प्रमाणिकता शून्य हुने वा त्यस्तो वयान प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने भनी न्यायको रोहवरमा साँघुरो अर्थ गर्न नमिल्ने, पीडित आफैंले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको वयान व्यहोरालाई पीडितले अदालतमा पुनः उपस्थित भई वकपत्र नगरेको भनी मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ (३) को कानूनी प्रावधान प्रतिकूल हुनेगरी अस्विकार गर्न नमिल्ने (प्रकरण नं. १४ र १७)
- **मानव बेचविखन एवं जवरजस्ती करणी मुद्दामा अदालतबाट कसूर ठहर भएको अवस्थामा पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति कसरी भराउँदा उपयुक्त हुन्छ ? :-** पीडितले प्रतिवादीहरुबाट भराई पाउने ठहर भएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरुबाट सरकारी बाँकी सरह असुल उपर गर्नु गराउनु एवं अब उप्रान्त यस्ता प्रकृतिका अपराधका पीडितहरुलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति रकम एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्काल उपलब्ध गराउन र सो रकम पीडकबाट असुल उपर गर्ने गराउने व्यवस्था मिलाउन यथाशिघ्र आवश्यक र उपयुक्त पूर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखि पठाउने । (प्रकरण नं. ४४)

## ११.९ लाक्पा तामाङ विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[487]

यस मुद्दामा प्रतिपादित नजिर सिद्धान्तमा मानिसलाई विक्री गर्ने समेत उद्देश्यले नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याएको कार्यलाई कानूनले कसूर मानेको भन्दै प्रतिवादीले

[487] ने.का.प. २०७२, फागुन, नि.नं. ९४९६, पृ.१९७३

पीडितलाई भारतमा विक्री गर्ने उद्देश्यले काठमाडौंबाट काँकडभिट्टसम्म पुर्‍याएको कार्य बापत मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) को कसूरमा सोही ऐनको दफा १५ (१) (ङ) (२) अनुसार १० वर्ष कैद र रु.१ लाख जरिवाना गरी सोही ऐनको दफा १७ अनुसार पीडितलाई रु. ५०,०००/- क्षतिपूर्ति भराउने फैसला गरेको देखिन्छ।

## ११.१० योगबहादुर लामा समेत विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[488]

तीनजना पीडित केटीहरुलाई भारतको रक्सौलबाट सामान ल्याए बापत पैसा दिने भनी प्रलोभनमा पारी भारतमा लगेर विक्री गर्ने उद्देश्यले काठमाडौंबाट रक्सौल तर्फ लादैं गर्दा हेटौंडामा पक्राउ परी पीडितहरुको उद्धार भएको घटनामा अभियोजन भई सर्वोच्च अदालतसम्म पुगेको यस मुद्दामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादी उपर रहने गरी विशेष व्यवस्था गरेको भन्दै उक्त ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेको प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन सक्नुपर्नेमा सो गराउन नसकेको र पीडितहरुले अदातलमा गरेको वकपत्र समेतबाट प्रतिवादीहरुले पीडितहरुलाई बेच्ने उद्देश्यले भारततर्फ लैजान लागेको देखिएको भनी उक्त ऐनको दफा ३ (१) र ४ (२) (ख) को कसूरमा दफा १५ (१) (ङ) (२) अनुसार जनही १० वर्ष कैद र रु.५० हजार जरिवाना गरी पीडितहरुलाई सोही ऐनको दफा १७ अनुसार क्षतिपूर्ति भराईदिने फैसला गरेको देखिन्छ।

## ११.११ शोभा चन्द विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[489]

पीडितलाई विवाह गराउने वहानामा नेपालको महेन्द्रनगर कञ्चनपुरबाट भारतको मुरादावाद पुऱ्याई गुमराहपूर्ण तरिकाले बुढाबुढी भएको घरमा वैयक्तिक स्वतन्त्रता समेत हरण गरी चाकरी (Servitude) को रुपमा राखिएको वारदात भएको यस मुद्दामा सर्वोच्च अदालतबाट पीडितको हित गर्ने वहानामा भारत पुऱ्याएतापनि परिणाम (Consequence) हेर्दा पीडितलाई अलपत्र पारी उनको स्वतन्त्रता विरुद्ध कामको जानकारी वा मञ्जुरी नै नगराई गुमराहमा पारेर बुढाबुढी रहेको घरमा राखेर घरायसी काममा लगाउने जस्तो जवरजस्ती पीडितलाई रोकिराख्ने वा राख्न लगाउने, व्यक्तिको जीवनलाई जवरजस्ती परनिर्भर बनाउने वा बनाउन लगाउने, जीवन जोखिमपूर्ण बनाउने वा जीवन जिउन कष्टपूर्ण बनाउने वा बनाउन लगाउने कार्य वा यसप्रकारका जुनसुकै व्यवहारहरु व्यक्त वा अव्यक्त रुपमा गरिएको भएपनि शोषण गर्ने उद्देश्यले भएको मान्नुपर्ने भन्दै मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) अनुसार शोषण

488 ने.का.प. २०७३, वैशाख, नि.नं. ९५२५, पृ.५९

489 स.अ.बुलेटिन २०७३, मंसिर-१, पृ.३३

गर्ने उद्देश्यले विदेशमा लगिएको मानव ओसारपसारको कसूर भएको भनी ऐ. ऐनको दफा १५ (१) (च) बमोजिम प्रतिवादीलाई ५ वर्ष कैद सजाय भएको देखिन्छ ।

## ११.१२ नेपाल सरकार विरुद्ध सोम बहादुर तामाङ भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[490]

बेचविखन गर्ने उद्देश्यले पीडितलाई भारत लगेकोमा बेच्न नपाई पीडितलाई त्यहि अलपत्र छोडेकोमा पीडित यौन शोषणको शिकार हुन पुगेको यस मुद्दामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचविखन तथा ओसारपसार गर्नु गराउनु हुँदैन भनी मानव बेचविखन र ओसारपसार गर्ने कार्यलाई अपराधिकरण (Criminlaization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४ (१) मा मानव बेचविखन गरेको मानिने कार्य तोकिएको र दफा (४) २ मा मानव ओसारपसार गरेको मानिने कार्य समेत अलग अलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ । यसरी के कस्तो कार्यबाट मानव ओसारपासर र के कस्तो कार्यबाट मानव बेचविखन हुने भनी अलग अलग गरी तोकिदिएबाट मानव बेचविखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रुपमा राखिएको प्रष्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ । प्राय सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपूरक भने होइनन् । ओसारपसारको उद्देश्यका रुपमा किन्ने वा बेच्ने वा बेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पुरा भई किन्ने बेच्ने र बेश्यावृत्तिमा लगाएको नै भन्न सकिदैन तापनि सो उद्देश्यले लगेमा ओसारपसार गरेको नै मानिने भन्दै प्रतिवादीलाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) बमोजिमको कसूरमा ऐ. ऐनको दफा १५ (१) (ङ) (१) बमोजिम १० वर्ष कैद र रु. १ लाख रुपैंया जरिवाना भई पीडितले ऐ. ऐनको दफा १७ (१) बमोजिम क्षतिपूर्ति बापत रु.१ लाख भराई पाउने फैसला भएको पाइन्छ ।

यस मुद्दामा मानव बेचविखन र मानव ओसारपसार दुईटा छुट्टाछुट्टै कसूर हुन भन्ने न्यायीक दृष्टिकोण आएको छ । बेचविखन गर्ने उद्देश्यले पीडितलाई विदेशमा पुऱ्याई विक्रि नगरी अलपत्र छोडेर पीडितले यौनजन्य लगायतका शोषण भोग्न पुगेमा त्यसलाई बाह्य अर्थात देश बाहिरको ओसारपसार (External Trafficking) मान्दै सो बापतको सजाय गर्नुपर्ने दृष्टिकोण पनि यस नजिरमा आएको छ । तसर्थ मानव ओसारपसार बापतको मात्र सजायको दावी गरिएको वा मानव बेचविखनको मात्र सजायको दावी गरिएको वा बेचविखन र ओसारपसार दुवैको सजायको दावी गरिएको जुनसुकै अभियोग पत्रमा पनि गोश्वारा रुपमा मुद्दा शीर्षक मानव बेचविखन तथा ओसारपसार नामाकरण गरिने प्रचलनलाई कायम गरिएकोले कसूर र सजायको दावीका आधारमा बेचविखनको कसूर भए मुद्दा शीर्षक मानव बेचविखन मात्र, ओसारपसारको कसूर भए मुद्दा

490 ने.का.प. २०७३, पुष, नि.नं. ९६७७, पृ. १७१९

शीर्षक मानव ओसारपसार मात्र, उक्त दुवै कसूर भए मुद्दा शीर्षक मानव बेचविखन तथा ओसारपसार एवं तिनको उद्योग, दुरुत्साहन वा मतियार भए मुद्दा शीर्षक सोही अनुसार कायम गरी अभियोग पत्रमा सुधार गर्नुपर्ने देखिन्छ ।

## ११.१३ नेपाल सरकार विरुद्ध प्रकाश ओभा भएको जीउ मास्ने वेच्ने मुद्दा[491]

यस मुद्दामा बाल अश्लिल चित्र बनाई त्यसको माध्यमबाट पीडितहरुलाई शोषण गर्ने कार्य मानव बेचविखन सम्बन्धी अपराध हुने न्यायिक दृष्टिकोण आएको आएको छ । प्रतिवादीले अश्लिल गतिशिल दृश्य र चित्र खिचिएकी एउटीमात्र पीडित नभई नाबालक समेतका तीन चार जना पीडित रहेका छन । ती नग्न तस्वीर र गतिशिल दृश्यहरु पीडितहरुको कब्जामा नभई प्रतिवादीको कब्जामा रहेको यसलाई प्रतिवादीले जहिले पनि सार्वजनिक गर्न सक्ने अवस्था हुन्छ । उक्त दृश्य र तस्वीरहरुको माध्यबाट प्रतिवादीले पीडितहरु उपर नियन्त्रण राख्ने र निजहरुलाई आफ्नो ईच्छा अनुसार काम गर्न जहिले पनि बाध्य गर्न सक्ने देखिन्छ भने पीडितहरु पनि आफ्नो वेइज्जत हुने डरले प्रतिवादीको दासत्वदेखि यौनशोषण समेतका अनुचित कुराहरु स्वीकार गर्न वाध्य हुने देखिन्छ । अशलिल फोटो बिक्रीबाट अनुचित आर्थिक लाभ लिने समेतको उद्देश्य प्रतिवादीको भएकोले त्यसलाई पीडितहरुलाई वेश्यावृत्तिमा लगाएको मान्नुपर्ने दृष्टिकोण यस नजिरमा आएको देखिन्छ ।

## ११.१४ निर्मला राई दाहाल विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[492]

पीडितलाई वैदेशिक रोजगारीमा गैर कानूनी रुपमा लगेको हो वा पीडित विरुद्ध मानव वेचविखन तथा ओसारपसारको कसूर हो भन्ने प्रश्न उठेको यस मुद्दामा निम्न अनुसार नजिर प्रतिपादन भएको देखिन्छ :

- पीडितलाई भएको शोषण, प्रतिवादीले स्वदेशबाटै वैधानिक निकायबाट पठाएको नदेखिएको तथा निज वैदेशिक रोजगारसम्बन्धी आधिकारिक व्यक्ति नभई निजको कार्य जीउ मास्ने बेच्ने ऐनले स्पष्ट परिभाषित कसुर भएको हुँदा प्रतिवादीको जिकिरमा उल्लिखित वैदेशिक रोजगार ऐन आकर्षित हुने नदेखिने ।

- मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन । परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिने ।

[491] ने.का.प २०७३, असोज, नि.नं. ९६२१, पृष्ठ ११४९
[492] ने.का.प. २०७४, असोज, नि.नं. ९८२४, पृ. १०२२

- देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिएपनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सँधै सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन जाने ।

- मानवीय जीवनको sanctity लाई बचाउन तथा यसलाई अझ मूल्यवान बनाउन राज्यको ठूलो भूमिका रहन्छ । व्यक्तिको अस्तित्व अझ ओजपूर्ण बनाउन र पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अंगहरू र समाजसमेत समझ सचेत र सक्षम हुनुपर्छ । पीडितको राहतको निमित्त कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता तथा न्यायका उपभोक्ताहरू समेत पीडितमुखी हुन जरूरी देखिने ।

- पीडितलाई एकातिर छाडेर अपराधीको पछाडि मात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन । पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिन्छ । जुन पीडित राहतशास्त्रको अवधारणाबाट अगाडि बढन जरूरी देखिन आउने ।

- विधायिकी कानूनले मात्र सँधै समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुन सक्छ । अदालतको काम मूल्यको खोजी एवं पहिचानसमेत गर्नु हो । जुन मूल्यले मानवको आदर्श एवं सम्मानलाई कम हुन नदिई उचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ । विधायिकी कानून नैतिकताकै पक्षमा प्रकट हुने भएपनि अदालत सदासर्वदा त्यस्को पक्षमा प्रयत्नशील र अभ्यस्त रहन्छ । न्याय गतिशिल प्रक्रिया हो । न्यायको सटिक परिभाषा गर्न सजिलो छैन । यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्याय सापेक्ष (relative) मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्दछ र मानव मूल्यलाई संरक्षण गर्दछ । यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानु पर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी हुने ।

- अभियोग पत्र दायर गर्दा प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्था नभएकोले अभियोग माग दाबी नभए पनि पीडितलाई केही हदसम्म भए पनि न्याय दिन अदालत अगाडि सर्नु पर्ने नै हुन्छ । अदालतले न्यायिक प्रक्रियामा मुद्दा पिच्छे मूल्यको (value) पहिचान गर्नुपर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्वको value judgement भइराखेको हुन्छ । अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भ अनुसार कानूनको व्याख्या एवं प्रयोग गर्नुपर्ने ।

- जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने । संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नु पर्ने ।

## ११.१५ नेपाल सरकार विरुद्ध शान्ति वि.क. भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[493]

मानव वेचविखन तथा ओसारपसार अपराध पीडितलाई क्षतिपूर्ति भराउने तथा पुर्नस्थापना गर्ने सन्भर्दमा यस मुद्दामा निम्न अनुसार व्याख्या भई निर्देशनात्मक आदेश पनि जारी भएको छः-

- पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनु पर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्ने ।

- विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ । सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्ने ।

- न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ । जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो । जरिवाना राज्यको कोषमा जान्छ । अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुर्नस्थापना र परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो । क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने ।

- अनुसन्धान र अभियोजनको दौरानमा क्षतिपूर्तिको सुनिश्चितता गर्ने सन्दर्भमा खुलाउनु पर्ने कुराबारे स्पष्ट कानूनी व्यवस्था भएको नदेखिएकाले त्यस सम्बन्धमा आवश्यक कानून

493 ने.का.प. २०७४, मंसिर, नि.नं. ९८६८, पृ. १४७७

बनाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको एंव संसद्‌बाट कानून नबनाएसम्म निम्न निर्देशिकालाई आधार मानी मुद्दाको अनुसन्धान तथा अभियोजन गर्नसमेत आदेश जारी गरी सोको जानकारी सबै मुद्दा अनुसन्धान गर्ने प्रहरी कार्यालयहरू र सरकारी वकील कार्यालयहरूलाई गराउन महान्यायाधिवक्ताको कार्यालय तथा सबै अदालतहरूलाई जानकारी गराउनु भनी सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा आदेश भएको छः-

- अनुसन्धान र अभियोजनको प्रक्रियामा नै पीडितलाई सामाजिक, मानसिक र शारीरिक रूपमा परेको हिंसा वा क्षतिको उल्लेख गर्नुका साथै पुर्नस्थापनाका आवश्कताबारे समेत उल्लेख गरिनु पर्ने ।
- अनुसन्धान र अभियोजनको क्रममा नै पीडक वा अभियुक्तको आर्थिक हैसियत खुल्ने विवरणहरू खुलाई अभियोगपत्रमा स्पष्ट गरिनु पर्ने ।
- कसुरदारको आर्थिक हैसियत कमजोर रही क्षतिपूर्ति भराउन नसक्ने अवस्थामा के कति क्षतिपूर्ति कसुरदारबाट र के कति क्षतिपूर्ति दफा १४ बमोजिमको पुर्नस्थापना कोषबाट भराउने हो ? फैसलामा उल्लेख गर्नुपर्ने ।

## ११.१६ नेपाल सरकार विरुद्ध सानुमाया राई (डंगोल) भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[494]

मानव वेचविखन तथा ओसारपसार मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था निरपेक्ष होइन भन्ने सन्दर्भमा यस मुद्दमा निम्न अनुसार व्याख्या भएको छः-

- कतिपय विशेष अवस्थामा फौजदारी मुद्दामा पनि प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने (Shifting the burden of proof to the accused person) गरी विधायिकी कानून बन्नसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइन्छ । खासगरी आफूसँग कब्जा (Possession) मा रहेको वस्तुको वैधता यौनजन्यलगायतका अन्य अपराधमा प्रमाणको भार प्रतिवादीमा रहने गरी कानून निर्माण हुनसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइने ।
- के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले नै शंकारहित तवरले (Beyond the doubt) पुष्टि गरेको हुनुपर्छ । विधायिकी कानूनले आफ्नो

[494] ने.का.प. २०७५, वैशाख, नि.नं. ९९३५, पृ. १४१

निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित वा समाप्त नहुने ।

- आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्यरूपमा उल्लेख गरेको हुनुपर्ने ।
- अभियोग पत्रमा अपराधका तत्त्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित हुने ।
- अभियोजन पक्षले प्रतिवादी नै प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको वा सरेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीले पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने ।

## ११.१७ करवीर शाही विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[495]

वेश्यावृत्तिमा लगाएको तथा वेश्या गमन गरेको कार्य मानव वेचविखन तथा ओसारपसारको अपराध हुने भन्दै यस मुद्दामा निम्न अनुसार व्याख्या भएको छः-

- गरिबी र बेरोजगारीमा रहेकाले आफैँले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापि होइन र यो कानूनको मनसाय पनि होइन । कानूनले स्पष्टरूपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको अवस्था देखिने ।
- मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर मानवता विरूद्धको अपराधमा पीडितहरू त्रसित, कमजोर र हतोत्साही अवस्थामा रहने र एकजना पीडित बालिका नै रहेको अवस्थामा घटनाको परिस्थिति र घटनाको असरहरूमा फरक बयान नरहेको अवस्थामा पीडितहरूको बयानमा कतै घटनाको क्रमबद्धरूपमा वर्णन नभएकोले केही विरोधाभास देखिन्छ भन्ने आधारमा मात्र पीडितहरूको बयानलाई अन्यथा भन्न नमिल्ने ।

[495] ने.का.प. २०७५, जेठ, नि.नं. ९९५८, पृ. ३४०

## ११.१८ ताराबहादुर वस्नेत विरुद्ध नेपाल सरकार भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[496]

मानव वेचविखन तथा ओसारपसारको अपराध पीडितलाई क्षतिपूर्ति भराउने सन्दर्भमा यस मुद्दामा निम्न अनुसार व्याख्या भएको छ:-

- वारदात हुँदाका बखत प्रचलनमा रहेको ऐनले जिउ मास्ने बेच्ने कसुरमा निर्धारण गरेको सजायभन्दा पछिल्लो ऐनले निर्धारण गरेको सजाय बढी रहेकोले वारदातका कसुरदारलाई पछि बनेको ऐन (मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सजाय गर्दा बढी सजाय हुन जाने र त्यसो गर्नु अतित प्रभावी सिद्धान्त (Principle of Ex-Post Facto law) अनुसार नमिल्ने भएकाले कसुरदारलाई जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ अनुसार सजाय गर्नुपर्ने ।
- जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा “मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ “भन्ने उल्लेख भएको देखिँदा मानिस बेचबिखनको कसुरमा संलग्न हुने कसुरदारलाई संलग्नताको स्तर हेरेर विवेकशील निर्णय गर्न विधि निर्माणकर्ताले न्यायकर्तालाई पर्याप्त स्वविवेकीय अधिकार दिएको देखिन्छ । यसरी मानिस बेचबिखनको कार्यमा संलग्न कसुरदारलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने फैसला गर्न न्यायकर्ता सक्षम रहे पनि निर्णय गर्दा विवेकशील, न्यायोचित र औचित्यता हेरी निर्णय गर्नुपर्दछ, भने कसुरदारलाई गरिएको सजाय र कसुरको स्तरबीचमा औचित्यपूर्ण सम्बन्ध पनि देखिनुपर्ने ।
- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ पहिलाको ऐनभन्दा उदार व्यवस्थासहित आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लागू नहुने भन्न मिल्ने देखिँदैन, साथै जाहेरी पर्दा र अभियोग दर्ता हुँदाका बखत लागू रहेको ऐनले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गरेकोमा कसुर हुँदाका बखत लागू रहेको कानूनले क्षतिपूर्तिको व्यवस्था नगरेको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति नभराउने गरी व्याख्या गर्नु पीडित मैत्री विधि शास्त्रीय मान्यताअनुकूल नहुनुका साथै त्यसरी गरिएको व्याख्याले कानूनको उदार व्याख्यासम्बन्धी सिद्धान्तसँग समेत समाञ्जस्यता नराख्ने हुँदा पीडितलाई क्षतिपूर्ति भराउनु सिद्धान्ततः मनासिब र औचित्यपूर्ण हुने ।

[496] ने.का.प. २०७५, असोज, नि.नं. १००२५, पृ. १०७४

## ११.१९ नेपाल सरकार विरुद्ध भीम बहादुर तामाङ भएको मानव बेचविखन तथा ओसारपसार मुद्दा[497]

वैदेशिक रोजगारको प्रलोभन देखाई मानव वेचविखन तथा ओसारपसारको अपराध भएको यस मुद्दामा निम्न अनुसार व्याख्या भएको छ:-

- सुरु जाहेरी पीडितको प्रमाणित वयान, पीडितको अदालत समक्षको वकपत्र समेतबाट वैदेशिक रोजगारको प्रलोभन देखाई जाहेरवाली पीडितलाई विदेश पुऱ्याएको भन्ने देखिन्छ। प्रतिवादी भीम बहादुर तामाङ मार्फत जाहेरवालीलाई आशा तामाङको जिम्मा लगाएको कुरा प्रतिवादी भीम बहादुर तामाङलाई अनुसन्धानको क्रममा पीडित राजकुमारी राई विदेश जाने क्रममा एजेण्ट आशा तामाङ भन्ने महिला एक रात मेरो घरमा वसेको भन्ने वयान समेतबाट पुष्टि हुन जान्छ । स्वयं प्रतिवादीको अदालत समक्षको वयानबाट पनि रु. ७०००।- पीडितलाई सापटी दिएको कुरा खुल्न आएको छ। जसबाट आशा तामाङको जिम्मा लगाई विदेश पठाउने कार्यमा भीम बहादुर तामाङको मिलेमतो (मतियार) को भूमिका रहेको भन्ने देखिने ।

## ११.२० ठुली दिदी भन्ने फूलमती श्रेष्ठ (महर्जन) बिरुद्ध नेपाल सरकार[498]

कलिला बालबालिकालाई विदेशमा पुऱ्याई सर्कस जस्तो जोखिमी काममा लगाएको कार्यका सन्भर्दमा Optional Protocol to the Convention on the Rights of the Child on the sale of Children, Child Prostitution and Child Pornography, 2000 को धारा २(१) ले गरेको बालबालिकाको बेचविखनको परिभाषा (Sale of children means act or transaction whereby a child is transferred by any person or group of persons to another for remuneration or any other consideration) समेतको व्याख्या गरी यस मुद्दमा निम्न अनुसार महत्वपूर्ण नजीर प्रतिपादन भएको छ:-

- कलिला नाबालक केटाकेटीहरूलाई सर्कस जस्तो जोखिमी काममा लगाउन विदेश पुऱ्याएर बिक्री गरी रकम लेनदेन गरी जोखिमी काममा लगाई छाडी आउने कार्यलाई निर्दोष मान्न नमिल्ने ।
- अपराधबाट पीडित बालबालिकाको संरक्षण र उनीहरूको हितको लागि नेपाल सरकार र नेपालको न्यायपालिका दुवै नेपाल कानून र अन्तर्राष्ट्रिय महासन्धि एवं अन्य Declaration हरूलाई लागू गर्न कटिबद्ध हुनुपर्ने ।

---

497 स.अ.बु. २०७६, जेठ-२, पृ. ३६, (०६९-CR-०५४७)

498 ने.का.प. २०६६, मंसिर, निर्णय नं.८२०८, पृ.१३६१

## ११.२१ नुर्वु भन्ने याङ्चेन तामाङ विरूद्ध नेपाल सरकार भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दा[499]

मानव वेचविखन तथा ओसारपसार मुद्दामा प्रतिवादीमा प्रमाणको भार रहने कानूनी व्यवस्था निरपेक्ष नभएको भन्ने सन्दर्भमा यस मुद्दामा निम्न अनुसार व्याख्या भएको छः-

- सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गरी सो आधारमा अभियुक्तको अभियोग निर्धारण गरी अदालतमा मुद्दा दायर गर्ने वादी पक्षको दायित्व विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले सिमित वा समाप्त नहुने ।
- आपराधिक कार्य (Conduct element), आवश्यक मनसाय (Fault element) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को स्पष्ट उल्लेख गरी कसुर स्थापित गर्न र कानूनबमोजिम सजाय गर्न मागदाबी लिइएको अभियोगपत्र रहेको अवस्थामा विधायिकी कानूनले निर्दोषिताको प्रमाणित गर्ने भार प्रतिवादीमा राखेको भएमा प्रतिवादीले आफूले सफाइको जिकिर लिन्छ भने उसले आफ्नो निर्दोषिता आफैँले प्रमाणित गर्नु पर्ने ।
- वादीले लिएको दाबीमा नै कानूनले अपराध हुनको लागि अनिवार्य रूपमा चाहिने आवश्यक तत्व (Mandatory constituent elements of crime) भनी उल्लेख गरेका तत्वहरूको आधार प्रमाणसहित उल्लेख नगरी ती तत्वहरूलाई स्थापित नगरी केवल कसुर गरिएकाले सजाय गरिपाउँ भन्नेसम्म दाबी लिएको र अपराधका सम्पूर्ण आवश्यक तत्वहरूको संयोजनात्मक उपस्थिति (Concurrent presence) नभएको अवस्थामा प्रतिवादीमा प्रमाणको भार रहेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीको पूरा नगरेको दायित्व प्रतिवादीले पूरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने ।

## ११.२२ वेदबहादुर मगर विरूद्ध नेपाल सरकार भएको मावन वेचविखन तथा ओसारपसार मुद्दा[500]

मावन वेचविखन तथा ओसारपसार मुद्दामा पीडितको प्रमाणित बयानका सन्दर्भमा यस मुद्दामा निम्न अनुसार नजिर प्रतिपादन भएको छ :-

- प्रमाणित बयान आफैँमा एक महत्वपूर्ण प्रमाणको रूपमा रहेतापनि सो बयान अन्य प्रमाणबाट समर्थित हुनु पर्ने अनिवार्यता देखिन्छ । तसर्थ पीडितको बयान अदालतबाट प्रमाणित भएको अवस्थामा मुद्दाको कारबाहीको सिलसिलामा पीडित अदालतमा उपस्थित नभएमा सो प्रमाणित बयानलाई कसुरदार कायम गर्ने प्रयोजनार्थ महत्वपूर्ण प्रमाण भए

[499] ने का प २०७५, माघ, नि.नं.१०११८, पृ. १९०८
[500] ने.का.प २०७६, जेठ, नि.नं. १०१९०, पृ.२५१

तापनि त्यसलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने नदेखिने ।

## ११.२३ राजकुमार सोनार विरूद्ध नेपाल सरकार भएको मावन वेचविखन तथा ओसारपसार मुद्दा[501]

मावन वेचविखन तथा ओसारपसार मुद्दामा छुट्टा छुट्टै कसूर कायम गरी सजाय हुनुपर्ने जिकिर भएको यस मुद्दामा तत् सम्बन्धमा निम्न अनुसार नजिर प्रतिपादन भएको छः-

- सुरूवातदेखि अन्तसम्म एक जना व्यक्ति मात्र संलग्न रही पीडितलाई विदेश लैजाने र बिक्री गर्ने कार्य गरेकोले प्रत्येक चरणबापत छुट्टाछुट्टै कसुर कायम गर्ने अवस्था हुँदैन । कसुरको पूर्णता विदेशमा लगी बिक्री गरेपछि हुने भएको र सो कार्य गर्ने व्यक्ति एउटै भएको अवस्थामा कसुर गर्दाको चरण चरणको आधारमा छुट्टाछुट्टै सजाय गर्ने कार्य तर्क र न्यायसङ्गत नदेखिने ।

## ११.२४ नेपाल सरकार विरूद्ध राजेन्द्र मण्डलसमेत भएको जीउ मास्ने बेच्ने मुद्दा[502]

यस मुद्दामा पीडितको प्रमाणित बयानका सन्दर्भमा निम्न अनुसार नजिर प्रतिपादन भएको छ :-

- वारदातको अन्तरालपछि पीडितले अदालतमा आएर पहिलेको भनाइ बेहोराविपरीत हुने गरी बकपत्र गरेपनि सोभन्दा अगाडि अपहरणबाट निजको उद्धार गरेको कागज, किटानी जाहेरी, पीडितको मौकाको प्रमाणित बयान, प्रतिवेदकको बकपत्र तथा मौकामा बुझिएका व्यक्तिहरूको कागजको बेहोरालाई नै निष्प्रभावी हुने गरी मुद्दाको सबल तथ्यको समग्रतामा विचार नगरी पीडितले अदालतसमक्ष गरेको बकपत्रलाई न्याय निरूपणको एक मात्र आधारको रूपमा ग्रहण गर्नु तर्कसङ्गत नहुने ।

सर्वोच्च अदालतबाट मानव वेचविखन तथा ओसारपसार मुद्दामा भएको उपरोक्त न्यायिक व्याख्यालाई हेर्दा मानव वेचविखन र ओसारपसार एउटै कसूर नभई छुट्टाछुट्टै कसूर भएकोले अभियोजन गर्दा ति अपराध मध्ये दुवै वा कुनै एउटा के कुन अपराध हो एंव उक्त अपराध के कस्तो तरिकाबाट के कुन उद्देश्यले गरिएको हो भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गरेर दावी लिनु पर्ने तर्फ सजग हुनुपर्ने देखिन्छ । यो अपराधका पीडितलाई पुर्नस्थापना सहित क्षतिपूर्ति दिलाउने विषयमा अपराध अनुसन्धान, अभियोजन र न्याय निरुपणका क्रममा विशेष ध्यान दिनु पर्ने तर्फ पनि सजग हुनुपर्ने देखिन्छ । यो अपराधका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय कानून समेतलाई आत्मसात गर्दै न्यायिक व्याख्या भएको देखिएको छ । यो अपराधका पीडितले अपराध

---

501 ने.का.प २०७६, जेठ, नि.नं. १०१९३, पृ.२७२

502 ने.का.प २०७६, असार, नि.नं. १०२२९, पृ.६४६

अनुसन्धानका क्रममा गरेको आदलतबाट प्रमाणित बयानमा उल्लिखित कुरा त्यस्ता पीडित अदालतमा वकपत्र गर्न उपस्थित नभएमा वा उपस्थित भएर प्रतिकूल वकपत्र गरेमा पनि प्रमाणमा लाग्ने भन्ने कानूनी व्यवस्था एंव यो अपराध गरेको अभियोग लागेको व्यक्तिले सो अपराध आफूले गरेको छैन् भन्ने कुराको प्रमाण पुऱ्याउने भार निजमा नै रहने भन्ने कानूनी व्यवस्था पूर्ण रुपमा निरपेक्ष नभई अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा मात्र सो कानूनी व्यवस्था अनुसार हुने व्याख्या सर्वोच्च अदालतका फैसालहरुबाट देखिएकोले ति कानुनी व्यवस्थाका आडमा अनुसन्धानका क्रममा केवल पीडितको प्रमाणित बयानलाई मात्र महत्व दिएर सो बयानलाई समर्थित गर्ने अन्य सम्बद्ध प्रमाण जुटाउने तर्फ वेवास्ता गर्न नहुने तर्फ पनि सचेत हुनपर्ने देखिन्छ ।

## १२. मानब वेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धान तथा अभियोजनकर्ताले ध्यान पुऱ्याउनुपर्ने मुख्य कुराहरु

माथि चर्चा गरिएका अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय मान्यताहरु, प्रचलित नेपाल कानून, नेपालमा मानव वेचविखन तथा ओसारपसार अपराधको अवस्थाका बारेमा अध्ययन गरी राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाले दिएको प्रतिवेदमा सुझाइएका कुराहरु तथा सर्वोच्च अदालतबाट आएको न्यायिक दृष्टिकोण समेतका आधारमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधको अनुसन्धान तथा अभियोजनमा मुख्यतः निम्न कुराहरुमा विषेश ध्यान दिनु आवश्यक देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४ ले पनि यो कुरा औल्याएको छ ।[503]

- यो अपराध संगठित रुपमा हुने तथा बिभिन्न बाहाना र प्रलोभनका आधारमा बिभिन्न माध्यमबाट व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँ हुदै देश भित्र र बाहिर लगी बेचबिखन गरिने भएकोले यस सम्वन्धी अपराधका मुद्दा अनुसन्धान र अभियोजन गर्दा क्षेत्राधिकारको प्रश्नमा सदैव सतर्क र सजग हुनुपर्ने,
- यो मुद्दाको बारदात कंहा भएको हो एंव पीडितलाई लगेको ठाउँको ईलाकाको अदालत, उद्दार गरिएको ठाउँको ईलाकाको अदालत वा पक्राउ परेको ठाउँ वा ईलाकाको अदालत मध्ये कुन ठाउँमा अभियोजन गर्ने भन्ने बिषयमा प्रष्ट हुनुपर्ने,
- मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले कसूर कायम गरेका अपराध मध्ये कुन अपराध भएको हो भन्ने स्पष्ट खुलाई अनुसन्धान तथा अभियोजन गर्नुपर्ने,

503 महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४, पृष्ठ ३१-३३

- कानूनले उल्लेख गरेको कसूर कंहा, कहिले, कसरी र को को भई गरेका हुन भन्ने प्रश्नको जवाफ अनुसन्धान र अभियोजनमा खुलेको हुनुपर्ने,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले कसूर कायम गरेका अपराधमा अपराध पिच्छे थप सजाय हुने कानूनी ब्यबस्था रहेको परिप्रेक्ष्यमा एउटै अभियुक्तले एक भन्दा बढी अपराध गरेको भनी उजुरी परेको छ वा छैन वा अनुसन्धान तहकिकातबाट त्यस्तो अवस्था देखिन्छ देखिदैन भन्ने कुरा बिचार गर्नुपर्ने,
- मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले कसूर कायम गरेका अपराधहरु कसरी भएका छन, (जस्तो प्रलोभनमा पारेर, झुक्काएर, डर धाक धम्की वा आश्वासन दिएर, अपहरण वा शरीरबन्धक लिएर, पद वा शक्तिको दुरुपयोग वा अन्य कुन माध्यमबाट भएको छ) सो कुरा पनि अनुसन्धान तथा अभियोजनमा खुलाउनुपर्ने,
- कसूर गर्ने व्यक्ति सार्वजनीक पद धारण गरेको हो होईन वा अभियुक्तले आफ्नो संरक्षकत्वमा वा अभिभावकत्वमा रहेका पीडित उपर कसूर गरेको हो वा होईन भन्ने कुरा खुलाई यदी कसूर गर्ने व्यक्ति उल्लेखित अवस्थाका रहेको खण्डमा कानून वमोजिम थप सजायको मागदावी लिनुपर्ने,
- जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसारपसार मुद्दाको अनुसन्धान र अभियोजनका सन्दर्भमा एउटै अभियोगमा मागदावी लिंदा वारदात र हदम्यादका बिषयमा बिशेष ध्यान दिनुपर्ने,
- अभियोगपत्रमा प्रतिवादीहरुको स्पष्ट वतन नभएको अवस्थामा अभियुक्तको पहिचान, पक्राउ र उनीहरुको कसूर ठहर हुने कुरामा प्रभाव पर्ने हुनाले अभियोगपत्रमा सबै प्रतिबादीहरुको नामथर वतन स्पष्ट खुलाउनुपर्ने,
- यौन शोषणको सन्दर्भ रहेको बिषयमा पीडितको उमेर र शारीरिक परिक्षणको व्यहोरा स्पष्ट उल्लेख गरी सोको पुष्ट्याई हुने प्रमाण मिसिलमा सामेल गर्नुपर्ने,
- यो अपराधमा १८ वर्ष भन्दा कम उमेरका पीडित उपर भएको अपराधमा बढी सजायँ हुने व्यवस्था भएकोले पीडितको उमेर स्पष्ट खुलाई सो उमेरका आधारमा अभियुक्तलाई हुने सजायँको मागदावी गर्ने, पुनरावेदन सम्बन्धी कारवाही गर्दा पनि यो कुरालाई विशेष ध्यान दिनुपर्ने,
- बारदातमा संलग्न अभियुक्त मध्ये कुन अभियुक्तले के कस्तो भूमिका निर्वाह गरेको हो भन्ने स्पष्ट खुलाई प्रति व्यक्ति कसूर र प्रमाणको यथोचित मूल्यांकन र विश्लेषण गर्नुपर्ने,

- कानूनले कर्ताको मानसिक अवस्था (Guilty state of Mind) र कार्यका आधारमा मुख्य अभियुक्त, सहयोगी वा मतियारका रुपमा सजायको व्यबस्था गरेको हुंदा कर्ताको मानसिक दोष र कार्यको स्पष्ट उल्लेखन गरी सजायको मागदावी लिनुपर्ने,
- मानव ओसारपसार र बेचविखन मध्ये कुन उद्देश्यले लगेको भन्ने कुराको उचित विश्लेषण र मुल्यांकन नहुदा धेरै जसो कसूरमा ओसारपसारको सानो सजाय गरिएको अवस्था हुदा प्राप्त तथ्यका आधारमा राम्रोसंग अध्ययन र विश्लेषण गरी अपराध यकिन गरेर अभियोजन गर्नुपर्ने,
- पीडितले पाउने क्षतिपुर्तिको स्पष्ट मागदावी लिनुपर्ने, सो प्रयोजनार्थ मुद्दाको अनुसन्धानका क्रममा नै प्रतिवादीको सम्पतिको विवरण खुलाई अभियोजन गर्दा सो सम्पति रोक्का राख्न समेत मागदावी लिनुपर्ने,
- यो अपराधमा संलग्न अभियुक्तले यो कसूर गरी कमाएको वा कसूरसंग सम्वन्धित सम्पति जफत तर्फ पनि मागदावी लिने, यस प्रयोजनका लागि त्यसतर्फ पनि अनुसन्धान केन्द्रित गर्नुपर्ने,
- पीडित वा जाहेरवालाको विवरण गोप्य राख्नुपर्ने अवस्था भए गोपनीयता कायम गर्नु पर्ने निर्देशिका बमोजिमको प्रकृया अनुशरण गर्नुपर्ने,
- अपराध अनुसन्धान र अभियोजनलाई सहयोग पुऱ्याएको कारण कुनै अभियुक्तलाई सजाय छुटको मागदावी लिनु पर्ने अवस्था भए सो कुराको स्पष्ट आधार र अवस्था दर्शाई सो को मागदावी लिनुपर्ने,
- अपराध अनुसन्धानको क्रममा अनुसन्धानलाई सहायक हुने गरी कुनै सुराकी प्राप्त भई सो सुराकीको विवरण गोप्य राख्नु पर्ने अवस्था भएमा सो कुराको एकिन गरी सो विवरण गोप्य राख्ने तर्फ ध्यान दिनुपर्ने,
- यो अपराध मानवता विरुद्धको घृणित र नैतिकता बिरुद्धको अपराध भएकोले कानूनले यो अपराधलाई नैतिक पतन देखिने अपराधको रुपमा मागदावी लिन सकिने व्यवस्था गरेकोले सो तर्फ  समेत मागदावी लिनुपर्ने,
- यो मुद्दाको कार्वाही र किनारा बन्द ईजलासमा गरिने कानूनी व्यबस्था रहेकोले मुद्दाको कार्वाही र किनारा बन्द ईजलासबाट हुन मागदावी लिनुपर्ने,
- यो अपराधबाट पीडित भएका व्यक्तिहरुको उद्दार तथा पुर्नस्थापन सम्बन्धी कार्य गर्न समेत ध्यान दिनुपर्ने,

- यो अपराधको पीडितको प्रमाणित वयान र कसूरदारको साविति वयान गराई तिनै कुरालाई मात्र महत्वपूर्ण प्रमाण हो भन्ने भर नगरी ति कुरालाई समर्थन गर्ने अन्य सम्बद्ध प्रमाण जुटाउने तर्फ विशेष सजगता अपनाउनु पर्ने ।

## १३. निष्कर्ष

मानव बेचविखन तथा ओसारपसार अपराध सम्बन्धी विकसित पछिल्लो अवधारणा अनुसार यसलाई आधुनिक दासत्व (Modern Slavery) का रुपमा लिने गरिएको छ । यस अन्तर्गत श्रमको जवरजस्ती व्यापार (Forced Labour Trafficking), जवरजस्ती यौन व्यापार (Sex Trafficking) र जवरजस्ती कोख भाडा सहितको मानव अङ्गको जवरजस्ती व्यापार (Trafficking for trading of Human Organs Including forced Surrogacy) र ती कुराहरु अन्तर्गतका विभिन्न प्रकारका शोषणहरु पर्ने मान्यतालाई स्वीकारिएको छ । बेलायतमा त Modern Slavery Act, 2015 ले यस मान्यतालाई कानूनको नामबाट नै र त्यस अन्तर्गतका व्यवस्थाबाट पनि स्पष्टतः आत्मसात् गरिसकेको छ । मानव विशेष गरी महिला तथा बालबालिकाको बेचविखनलाई रोक्न, दवाउन र सजाय गर्न अन्तरदेशीय रुपमा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको उपलेख, २००० (टीप/पालेरमो कन्भेन्सन) ले पनि मानव बेचविखन तथा ओसारपसारको परिभाषा समेतका अन्य व्यवस्थामा यो मान्यतालाई नै अपनाएको छ । नेपालमा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ मा भएको मानव बेचविखन र ओसारपसारको परिभाषाले माथि उल्लेखित ३ प्रकारकै मानव बेचविखन र ओसारपसार अपराधका स्वरुपलाई समेटेको छ । सर्वोच्च अदालतबाट नजिर मार्फत आएका न्यायीक दृष्टिकोणबाट पनि उक्त मान्यतालाई आत्मसात् गर्न खोजेको नै देखिन्छ । यो मान्यतालाई आत्मसात् गर्दै आधुनिक दासत्वको स्वरुपमा विकसित यो अपराधका माथि उल्लेखित सबै स्वरुपलाई नियन्त्रण गर्न, दवाउन, अपराध गर्नेलाई सजाय गर्न तथा पीडितलाई क्षतिपूर्ति र पुर्नस्थापना सहितको न्याय दिलाउन यस सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्न जरुरी देखिन्छ ।

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण: कानुनी व्यवस्था र कार्यान्वयन

✍ रमादेवी पराजुली (सहन्यायाधिवक्ता)
सदस्य, वैदेशिक रोजगार न्यायधिकरण

## १. विषय प्रवेश

स्वच्छ, मर्यादित र सुरक्षित वातावरणमा काम गर्न पाउनु प्रत्येक व्यक्तिको अधिकार हो । कार्यालय, प्रतिष्ठान लगायतका कानुन बमोजिम स्थापित कुनै पनि निकाय, संघ संस्थामा विभिन्न भूमिका र तहमा कार्यरत व्यक्तिहरु तथा सेवाग्राही समेतले एक आपसमा मर्यादित र सम्मानपूर्वक व्यवहार गर्नु पर्दछ । यस्तो व्यवहारले कार्यस्थलको कार्यमा सकरात्मक प्रभाव पर्दछ र संस्थाको उद्देश्य पूरा गर्न योगदान पुग्दछ । यसको विपरित कार्यस्थलमा हुने अमर्यादित व्यवहार र असुरक्षित कार्य वातावरणले व्यक्तिलाई हतोत्साही गर्दछ । मर्यादित र सम्मानपूर्वक व्यवहार सभ्य मानव समाजको मानक हो ।

राज्यले संविधान तथा कानुन मार्फत आफ्ना नागरिकको आधारभूत मानव अधिकार र मौलिक हकको उद्घोष गरी उपभोगको सुनिश्चता गरेको हुन्छ । व्यक्ति विरुद्द हुने हिंसाले व्यक्तिलाई संविधान तथा कानुनद्वारा प्रत्याभूत गरिएका हक र अधिकारको उपयोग गर्नबाट बन्चित गर्दछ । व्यक्ति विरुद्द हुने कुनै पनि किसिमको हिंसा मानव विकास र शान्ति प्राप्तिको मार्गमा वाधक हुन्छन् । तसर्थ राज्यले व्यक्ति विरुद्द हुने कुनै पनि किसिमको हिंसालाई कानुन बनाइ नियमन गर्ने गरेको हुन्छ । प्रस्तुत आलेखमा व्यक्तिको श्रम र रोजगारीको हकको प्रवर्धन र संरक्षण गर्ने समेत अभिप्रायका साथ जारी भएका सान्दर्भिक अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी संरचना र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐनको प्रभावकारी कार्यान्वयनका लागि चाल्नु पर्ने कदमका बारेमा चर्चा गरिएको छ ।

## २. यौनजन्य दुर्व्यवहार

यौनजन्य दुर्ब्यवहारको सर्वमान्य परिभाषा पाइदैन । परिभाषामा केही विविधता भए पनि केही आधारभूत कुराहरुमा भने समानता नै पाइन्छ । यौनजन्य दुर्ब्यवहारका सम्बन्धमा रहेका केही महत्वपूर्ण परिभाषाहरु निम्न अनुसार रहेका छन् ।

यौनजन्य दुर्व्यवहारको बारेमा Michael Rubenstein ले गरेको परिभाषालाई व्यापक रुपमा स्वीकार गरिएको परिभाषाको रुपमा लिने गरेको पाइन्छ। उनले यौनजन्य दुर्व्यवहारलाई निम्न अनुसार परिभाषा गरेका छन्:

Sexual harassment is unwanted sexual conduct which is offensive to the recipient.[504]

संयुक्त राज्य अमेरिकाको Civil Act, 1964 मा Sexual Harassment लाई निम्न अनुसार परिभाषा गरेको पाइन्छ:

Sexual Harassment is considered as to be a type of employment discrimination and is thus prohibited by Federal Law. It includes sexual advances, requests for sexual favours and other verbal or physical conduct of a sexual nature.[505]

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ (CEDAW) अनुसार गठित CEDAW Committee ले गरेको General Recommendation को 19 नम्वरमा यौनजन्य दुर्व्यवहार भन्नाले कसैलाई निजको इच्छा विपरित यौनजन्य आशयबाट गरिने अवान्छित व्यवहार वा आचरण हो जुन शारीरिक, मौखिक, लिखित र आचरणद्वारा हुने गर्दछ। यौनजन्य दुर्व्यवहार यौनजन्य प्रकृतिको त्यस्तो अनिच्छित कार्य हो, जुन पीडायुक्त, लज्जाजनक, भययुक्त र अप्रिय हुन्छ। कहिलेकाही स्वास्थ्य र जीविकापार्जनमा समेत प्रतिकुल असर पार्ने खालको हुन्छ। यौनजन्य दुर्ब्यवहार महिला बिरुद्धको हिंसा हो र यो लैंगिक भेदभावको एउटा महत्वपूर्ण आधार हो भनी उल्लेख भएको पाइन्छ। यौनजन्य दुर्व्यवहारलाई शारीरिक यौनजन्य दुर्ब्यवहार, मौखिक यौनजन्य दुर्ब्यवहार, लिखित यौनजन्य दुर्ब्यवहार र आचरणजन्य यौनदुर्ब्यवहार भनी विभाजन गर्ने गरेको पाईन्छ।

शारीरिक यौनजन्य दुर्ब्यवहारमा अनावश्यक रुपमा कसैलाई छुने, अंगालो हाल्ने, बाटो छेक्ने, चिमोट्ने, धाप मार्ने जस्ता विषयहरु पर्दछन्। त्यस्तै मौखिक यौनजन्य दुर्ब्यवहारमा अश्लील वा अपमानित टिप्पणीहरु गर्ने, अपशब्द बोलेर सुनाउने, जिस्क्याउने, यौनजन्य चुटकिलाहरु भन्ने, अप्रिय रुपमा यौनजन्य प्रस्ताव राख्ने, यौनजन्य कार्यका लागि आमन्त्रण गर्ने वा सो को लागि दवाब दिने जस्ता कुराहरु पर्दछन्। लिखित यौनजन्य ब्यवहार अर्न्तगत फोहोर र उत्तेजक चित्रहरु देखाउने, यौनजन्य सामग्रीहरु बितरण गर्ने लगायतका विषयहरु तथा आचरणजन्य यौनदुर्ब्यवहारमा घुरेर हेर्ने, आँखा जुधाउने, यौनजन्य अश्लील ईशारा गर्ने जस्ता कुराहरु पर्दछन्।[506]

---

[504] Michael Rubenstein:Cited in Sexual Harassment at work place in Nepal, International Labour Organisation, Kathmanu Nepal, 2004

[505] Title VII, Civil Act, 1964: Cited in Sexual Harassment at work place in Nepal, International Labour Organisation, Kathmanu Nepal, 2004

[506] संवत् २०६० को रिट नं.३४३४, राजुप्रसाद चापागाई समेत बि. नपाल सरकार

उपरोक्त परिभाषाहरुबाट व्यक्ति विरुद्धको हिंसाको रुपमा रहेको यौनजन्य दुर्ब्यवहार/यौन दुराचारका विविध स्वरुपका बारेमा स्पष्ट हुन्छ । यौनजन्य दुर्व्यवहार यौनजन्य मनसायले गरिने अनिच्छित आचारण र व्यवहार हो । यो व्यक्तिको आत्मासम्मानमा आघात पर्ने यौनमा आधारित व्यवहार हो जुन त्यस्तो व्यवहारमा पर्ने व्यक्तिको इच्छा विरुद्द भएको हुन्छ । यौनजन्य दुर्व्यवहार एक व्यक्तिबाट अर्को व्यक्ति उपर हुने गर्दछ । यो विपरित लिंगका व्यक्तिहरु बीच नै हुनु पर्दछ भन्ने छैन । समान लिंगका व्यक्तिका बीचमा पनि यस्ता दुर्व्यवहार हुने गर्दछन् ।[507] यद्यापी यौनजन्य दुर्व्यवहारबाट महिला नै बढी प्रभावित हुने गरेको पाइन्छ । यसलाई शक्ति संवन्ध, विभेद, शोषण र दवावको स्वरुपको रुपमा पनि  लिइने गरेको पाइन्छ ।

## ३. कार्यस्थल

कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यवहार नियन्त्रण सम्बन्धी कानुनमा कार्यस्थलको परिभाषा गरेको पाइन्छ । तर कार्यस्थलको परिभाषामा पनि एकरुपकता पाइदैन । तथापी कार्यस्थल भन्नाले सरकारी निकाय, संगठित संस्था र दर्ता भएको फर्म तथा ती निकायको कार्य संपादनको क्रममा प्रयोग हुने स्थान भनी उल्लेख भएको पाइन्छ । यसभित्र सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको  संगठित संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएको, कुनै व्यवसाय, कारोवार वा सेवा प्रदान गर्ने उद्देश्यले कानुन बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्थाहरु पर्दछन् । नेपालको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा कार्यस्थल शब्दले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था, प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको निजि फर्म, निकाय, संगठित संस्था लगायतका औपचारिक संगठित क्षेत्र तथा ती निकायको कार्य संपादनको क्रममा प्रयोग हुने स्थान समेतलाई समेटेको पाइन्छ ।[508] तर यसले अनौपचारिक क्षेत्रलाई समेटेको पाइदैन । कतिपय देशको कानुनी व्यवस्थामा निश्चित वा तोकिएको संख्या भन्दा बढी कर्मचारी तथा कामदार कार्यरत रहेको औपचारिक संगठित क्षेत्र भनि परिभाषित गरेको पाइन्छ ।[509] भारतमा भने असंगठित क्षेत्र र कर्मचारी र कामदारलाई कार्यालय र कार्यस्थलमा आउन जान कार्यालयले उपलब्ध गराएको सवारी साधनलाई समेत कार्यस्थलमा समेटेको पाईन्छ ।[510]

[507]http://www.workplacefairness.org/sexual-harassment-legal-rights visited on 22 May, 2017
[508] कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ दफा २(ग)
[509] http://www.workplacefairness.org/sexual-harassment-legal-rights visited on 22 May, 2017
[510] The Sexual Harassment of women at Workplace (prevention Prohibition and Redressal) Act, 2013 Article 2(O)(v)

## ४. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका स्वरुप

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई QUID PRO QUO (सट्टामा) र Hostile work environment (प्रतिकुल कार्य वातावरण) गरी दुई भागमा विभाजन गरी हेर्ने गरेको पाइन्छ ।[511]

- QUID PRO QUO: यसको अर्थ **यसको लागि त्यो** भन्ने हुन्छ । यसमा आकर्षक तलव, सेवा सुविधा, पदोन्नति, जागिरको निरन्तरता आदिको सट्टामा यौनजन्य सहयोग वा लाभ खोज्ने जस्ता कायहरु पर्दछन् । अझ बिस्तृत रुपमा भन्दा कार्यालय, प्रतिष्ठान वा संस्थामा माथिल्लो अधिकृत वा अख्तियार प्राप्त व्यक्तिबाट हुने कुनै यौनजन्य व्यवहार जसको अस्वीकार वा स्वीकारोक्तिले उक्त व्यक्तिको रोजगारीसंग संवन्धित विभिन्न पक्षको निर्णयमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सकरात्मक वा नकरात्मक प्रभाव गर्दछ । यसमा जागिरको समयावधि बढाउने, बढुवा दिने, पुरस्कार दिने, आकर्षक ठाउमा सरुवा गरिदिने, विदेश भ्रमणमा पठाउने जस्ता जागिरसंग संवन्धित विभिन्न पक्षहरु पर्दछन् ।

- Hostile work environment: प्रतिकुल कार्य वातावरणले कार्यस्थलमा बस्न असह्य बनाउँदछ । कार्यालय, प्रतिष्ठान वा संस्थामा आफू भन्दा माथिल्लो अधिकृत, सहकर्मी र सेवाग्राहीबाट र सेवाग्राहीलाइ हुने वा हुन सक्ने यौनजन्य दुर्व्यवहारले सिर्जना गर्ने हतोत्साहबाट पीडितको काममा हतोत्साहीपन आउने र पीडितले काम छाड्न वाध्य हुनु पर्ने सम्मको अवस्था आउने गर्दछ ।

## ५. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका कारक तत्वहरु[512]

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका कारक तत्वहरु निम्नानुसार हुन सक्छन् ।

- असन्तुलित शक्ति संवन्ध
- लैंगिक विभेद
- यौनजन्य दुर्व्यवहार निवारणका लागि औपचारिक वा अनौपचारिक संयन्त्रको अभाव
- यौनजन्य दुर्व्यवहार हिंसा हो भन्ने मान्यताको कमी
- अस्वस्थ्य कार्य वातावरण

[511] http://www.workplacefairness.org/sexual-harassment-legal-rights visited on 22 May, 2017
[512] The Sexual Harassment of women at Workplace in Nepal, International Labour Organisation, Kathmandu Nepal, 2004

- महिला सशक्तिकरणको अभाव, महिलाको कमजोर आर्थिक स्थिति
- चेतनाको कमी
- सामाजिक, सांस्कृतिक मूल्य मान्यता
- यौनजन्य दुर्व्यवहारलाई नाई भन्न नसक्नु वा रोक्न नसक्नु

## ६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको कारण पीडितलाई पर्ने असरहरु[513]

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको कारण पीडितलाई पर्ने असरहरु निम्नानुसार हुन सक्छन् ।

- शारिरीक र मानसिक स्वास्थ्य समस्या, तनाब हुने ।
- विभेद
- सेवा सुविधाबाट बंचित
- व्यक्तित्व विकासमा असर
- कार्य संवन्धमा असर
- कतिपय अवस्थामा स्वास्थ्यमा समस्या आउन सक्ने
- जगिरबाट हात धुनु पर्ने अवस्था आउन सक्ने
- सामाजिक लान्छना
- परिवारिक संवन्धमा व्यवधान
- आर्थिक परनिर्भरता
- रोजगारीका अवसरबाट बन्चित

## ७. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट संस्थामा पर्ने असर[514]

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट संस्थामा पर्ने असर निम्न हुन सक्छन् ।

- उत्पादनशीलतामा कमी आइ उत्पादकत्व घट्ने

513 ऐजन

514 ऐजन

- औद्योगिक संवन्धमा असर
- दक्ष, शीपयुक्त जनशक्तिबाट बंन्चित
- कर्मचारी, कामदारको बीचमा प्रतिस्पर्धात्मक भावनाको कमी
- खर्चमा वृद्धि,

समग्रमा भन्दा कार्यस्थलमा हुने यौन दुर्व्यवहारबाट पीडितको मानसिक तथा शारिरीक स्वास्थ्यमा असर पर्नुको साथै निजको व्यक्तित्व विकासमा समेत असर पर्दछ । कतिपय अवस्थामा पीडितले जागिरबाट अलग हुनु पर्ने सम्मको अवस्था सिर्जना हुन सक्दछ । जसबाट कार्यालय, प्रतिष्ठान वा संस्थाको कार्य वातावरण अस्वस्थ हुन गै संस्थाको छवि, उत्पादन, सेवा, औद्योगिक संवन्ध समेतमा नकरात्मक असर पर्ने अवस्था आउँदछ ।

## ८. अन्तर्राष्ट्रिय कानुनी संयन्त्र

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियमन र नियन्त्रण गर्ने संवन्धी छुट्टै विशेष अर्न्तराष्ट्रिय कानूनी संयन्त्र नभए ता पनि मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, मानव अधिकार सम्बन्धी संन्धी र महासंन्धी समेतले हरेक व्यक्तिलाई जीवन, स्वतन्त्रता, समानता र सुरक्षाको अधिकार तथा भेदभावरहित व्यवहार पाउने अधिकार सुनिश्चित गरेका छन् । यस संवन्धमा उल्लेखनीय अन्तर्राष्ट्रिय कानूनी संयन्त्र निम्न अनुसार रहेका छन् ।

### ८.१ संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948)

संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले हरेक व्यक्तिलाई जीवन, स्वतन्त्रता, समानता र सुरक्षाको अधिकार हुने, भेदभावरहित व्यवहार पाउने, अमानवीय व्यवहार नगरिने समेतका हक अधिकार ब्यवस्था गरेको र ती हक अधिकार को उल्लङ्घन भएमा सक्षम निकायबाट निष्पक्ष सुनुवाइ र प्रभावकारी उपचार पाउने अधिकार हुने जस्ता मान्यता राखेको छ ।[515] यस घोषणापत्रले प्रत्येक व्यक्तिलाई कामको अधिकार, उपयुक्त कार्य वातावरणको अधिकार एवं बेरोजगारीबाट मुक्त हुन पाउने अधिकारको ग्यारेण्टी गरेको छ ।[516] यस्ता अधिकार हरेक मानवलाई प्राप्त हुन्छन् । कसै उपर पनि अमानवीय, अपमानजनक किसिमको व्यवहार गर्न नहुने व्यवस्थाले व्यक्तिको सम्मानित व्यवहार पाउने हकलाई उद्घोष गरेको देखिन्छ ।

[515] संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, ४, ५, ७,

[516] ऐजन धारा २३(१)

यो घोषणपत्र जारी भए पछि निर्माण भएका मानव अधिकार संवन्धि अन्तर्राष्ट्रिय सन्धि तथा महासंन्धीहरुले व्यक्तिले मर्यादित र सम्मानजनक रुपमा बाँच्न पाउने हकको सुनिश्चितता गरेका छन् ।

## ८.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966)

यस **अनुबन्धले** प्रत्येक व्यक्तिलाई जीवनको अधिकार हुने र कानूनद्धारा यसको संरक्षण गरिने, प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ ।[517] यसै गरी प्रत्येक व्यक्तिलाई कानूनको अगाडि समानता पाउने अधिकार रहने [518] र प्रत्येक व्यक्तिलाई आफ्नो अधिकारको उल्लङ्घन भएमा कानून प्रणालीबाट व्यवस्थित न्यायिक उपचार पाउने हक रहने[519] उल्लेख छ । यस **अनुबन्धले** व्यक्तिलाई आत्मासम्मान सहित बाच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ ।

## ८.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Economic, Social and Cultural Rights, 1966)

यस **अनुबन्धले** राज्यलाई कामको अधिकारको संरक्षणको लागि हरसंभव उपायहरु अवलम्बन गर्नुपर्ने दायित्व निर्धारण गर्दै प्रत्येक व्यक्तिलाई सुरक्षित एवं स्वस्थ वातावरणमा काम गर्न पाउने हक हुने कुराको सुनिश्चितता गरेको छ ।[520]

## ८.४ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ (Convention on the Elimination of all forms of Discrimination Against Women, 1979)

महिला विरुद्ध हुने सबै प्रकारका भेदभावलाई उन्मूलन गरी समानताको सिद्धान्त र मानव प्रतिष्ठाप्रति सम्मान गर्ने उद्देश्यका साथ यो महासन्धि लागू भएको छ । समाज, परिवार, देश र मानवताको सेवाको लागि महिलाको सामर्थ्यताको पूर्ण विकासलाई अझ बढी जोड दिँदै महिला

517 नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीअन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ र ९

518 ऐजन धारा १६

519 ऐजन धारा २ र ३ (ख)

520 नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966) धारा ७

अधिकारको उपभोगका लागि भेदभाव र विभेदको अन्त्य गर्नु यस महासन्धिको उद्देश्य रहेको छ ।[521]

यस महासंधीले “महिला विरुद्धको भेदभाव” लाई परिभाषित गर्दै लिङ्गका आधारमा गरिने कुनै पनि भेदभाव वा बहिस्कारणलाई प्रतिवन्ध लगाई महिलालाई पुरुष सरह समानता प्रदान गर्नुपर्नेमा जोड दिएको छ । यस महासन्धिले राज्य पक्षलाई कार्यस्थलमा हुने लगायत सबै खाले विभेद र असमानताको उन्मुलन गर्न उपयुक्त उपाय अवलम्बन गर्नुपर्ने[522] दायित्व तोकेको छ । नेपालले यस महासंधीलाई २२ अप्रिल १९९१ मा विना शर्त अनुमोदन गरेको छ । नेपाल पक्ष भएका संन्धी महासंधी नेपाल कानुन सरह हुने व्यवस्था संन्धि ऐन, २०४७ ले गरेको[523] हुदा उक्त महासंधीमा रहेका प्रावधानहरु नेपालको हकमा नेपाल कानुन सरह लागू हुने अवस्था रहेको छ । साथै CEDAW Committee ले राज्यलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट महिलालाई संरक्षण प्रदान गर्न कडा दण्ड व्यवस्था, देवानी उपचार र क्षतिपूर्तिको व्यवस्था सहितका प्रभावकारी उपायाहरु अवलम्वन गर्नु पर्ने दायित्व तोकेको छ ।

## ८.५ महिला बिरुद्ध हुने हिंसा उन्मूलन गर्ने संवन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र, १९९३

यस घोषणा पत्रको धारा २ ले यौनजन्य दुर्ब्यवहारलाई महिला बिरुद्ध हुने हिंसाको रुपमा लिएको छ । जुन कार्यस्थल, शैक्षिक संस्था तथा अन्य स्थानमा गर्न[524] प्रतिबन्ध लगाएको छ ।

## ८.६ अन्तर्राष्ट्रिय श्रम संगठनको Discrimination (Employment and Occupation) Convention, १९५८

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गतका महासंन्धिहरु तथा शिफारिस संवन्धी विशेषज्ञ समितिले यौन दुर्व्यवहारलाई यौन विभेदको रुपमा लिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको Discrimination (Employment and Occupation) Convention, १९५८ को धारा १ मा लिंग, जाति, राजनीतिक विचार धारा समेतको आधारमा फरक व्यवहार, बहिष्करण वा प्राथमिकता जसको अर्थ समान काम गर्ने अवसर तथा व्यवहारमा शुन्य पार्ने वा क्षति पार्ने कार्यलाई भेदभावले समेट्छ[525] भनी उल्लेख भएको छ । यस्तै आदिवासी तथा जनजाति संवन्धी महासंन्धि (नं.१६९) ले पनि कार्यक्षेत्रमा हुने यौन दुर्ब्यवहारलाई प्रतिबन्ध लगाएको छ ।

---

[521] महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को प्रस्तावना

[522] ऐजन धारा, ११(३)

[523] संन्धि ऐन, २०४७, दफा ९

[524] महिला बिरुद्ध हुने हिंसा उन्मूलन गर्ने संवन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र, १९९३, धारा २

[525] अन्तर्राष्ट्रिय श्रम संगठनको Discrimination (Employment and Occupation) Convention, १९५८, धारा २

## ८.७ बेइजिङ. कार्ययोजना

बेइजिङ. कार्ययोजनाको कार्यनीति (पंक्ति १७८) ले यौन दुर्व्यवहारलाई महिला विरुद्द हुने हिंसा तथा विभेदको स्वरुपको रुपमा पहिचान गरेको तथा सरकारद्दारा यौन दुर्व्यवहारलाई निवारण गर्न नीति, कानुन तथा रणनीति बनाउनु पर्ने कुरामा जोड दिएको छ ।

## ८.८ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकाको राज्य विभागको यौनजन्य दुर्व्यवहार नीतिमा पीडितले अनिच्छा देखाउँदा देखाउँदै पनि यौन अभिप्रायले अगाडि बढ्नु, यौनजन्य उद्देश्यले अनुरोध गर्नु, मौखिक वा शारिरीक रुपमा यौनजन्य कार्यलाई बढाउने कार्य यौनजन्य दुर्व्यवहार हो । कार्यस्थलमा निम्न कार्य गरेमा यौनजन्य दुर्व्यवहार हुने उल्लेख छ ।

- अपराध भएमा वा इन्कार भएपछि त्यस्तो अनुरोध गरिएको व्यक्तिको हकमा असर पर्ने गरी रोजगारी सम्बन्धी निर्णय गर्नु
- त्यस्तो अनिच्छापूर्ण व्यवहारको कारणले त्यस्तो अनिच्छा देखाउने व्यक्तिको व्यक्तिगत कार्य क्षमतामा हस्तक्षेप भएमा अथवा तर्साउने, डर देखाउने, गाली गर्ने, निन्दा गर्ने, झपार्ने, हप्काउने कार्य वातावरण पैदा गर्ने । कुनै त्यस्ता व्यवहार बढुवाका लागि शर्तहरु, पुरस्कार, तालिम अथवा कार्य लगायत फाइदाका कुराहरुलाई अनिच्छापूर्वक यौन व्यवहारलाई स्वीकार गरेमा प्राप्ति हुने शर्तहरु राख्ने कुरा समेतलाई समेटेको छ ।

यस नीतिमा यौन दुर्व्यवहारको परिभाषा गर्दै पीडित महिला र पुरुष जोसुकै हुन सक्ने, पीडित र पीडक एकै लिङ्गमा पनि हुन सक्दछ । पीडक सुपरिवेक्षक, सहकर्मी अन्य विभागका कर्मचारी, कार्यालयसँग व्यवसायिक र व्यापारिक सम्बन्ध भएको बाह्य शक्ति पनि हुन सक्ने भनी उल्लेख भएको छ ।

संयुक्त राज्य अमेरिकामा नागरिक अधिकार ऐन, १९६४ ले जाति, लिंग, वर्ण, धर्म, तथा राष्ट्रिय उत्पतिको आधारमा रोजगारीमा भेदभाव गर्न प्रतिवन्ध लगाएको छ । सन् १९८० मा स्थापित समान रोजगारी तथा अवसर आयोग (EEOC) ले यौनजन्य दुर्व्यवहारलाई नियमन गर्ने नियम जारी गर्यो । जसमा यौनजन्य दुर्व्यवहारलाई नागरिक अधिकार ऐन, १९६४ ले प्रतिवन्धित गरेको एक प्रकारको यौन भेदभावजन्य कार्य हो भनी उल्लेख गरेको छ । सन् १९८६ मा Meritor Savings Bank Vs. Vinson को मुद्दामा संघीय सर्वोच्च अदालतले यौनजन्य दुर्व्यवहारलाई सर्वप्रथम नागरिक अधिकार ऐन, १९६४ को शीर्षक ७ को उल्लंघन हो भनी मान्यता प्रदान गरेको थियो । तत् पश्चात् नागरिक अधिकार ऐन, १९९१ को शीर्षक ७ मा महिलालाई यौन भेदभाव तथा दुर्व्यवहारमा क्षतिपूर्ति तथा सजायका लागि मुद्दा दायर गर्न सक्ने प्रावधान थप गरियो ।

एकै लिंगका व्यक्तिका बीच पनि यौन दुर्व्यवहार हुने, यौनमा आधारित भएर गरिएका कुनै पनि कार्य जो भेदभावजन्य हुन्छ भने सो यौनजन्य दुर्व्यवहार हुने भनी Oncale vs. Sundowner Offshore Services को मुद्दामा सिद्दान्त कायम भएको छ ।[526] त्यहा रहेको संघीय कानुन तथा राज्यको कानुनमा कार्यस्थल लगायत जुनसुकै स्थानमा भएका यस्ता अपराधमा कारवाही तथा पीडितलाई संरक्षण गर्ने व्यवस्था रहेको छ ।

समान रोजगारी तथा अवसर आयोग (Equal Employment Opportunity Comission, EEOC) एक संघीय आयोग हो जसले पन्ध्र जना भन्दा बढी व्यक्ति कार्यरत कार्यस्थलमा हुने लैंगिक भेदभाव विरुद्दका मुद्दाको अनुसन्धान गर्दछ । साथै संयुक्त राज्य अमेरिकामा धेरै राज्यहरुमा यस संवन्धि विषयलाई संवोधन गर्न छुट्टै कानुन र निकाय रहेका छन् ।

### ८.९ भारत

सन् २०१३ को अप्रिलमा The Sexual Harassment of Women at Workplace (Prevention, Prohibition and Redressal) Act, 2013 जारी भएको छ । यस पूर्व कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण सम्बन्धमा छुट्टै कानूनी व्यवस्था नभएको हुँदा सो को माग गरी दायर भएको मुद्दामा भारतीय सर्वोच्च अदालतबाट कार्यस्थलमा हुने यौन दुराचरलाई नियन्त्रण गर्न कानून बनाउनको लागि सरकारलाई परमादेश जारी गर्नुको साथै अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको प्रावधानको आधारमा कानूनको रिक्तताको स्थितिमा पनि महिला कामदारहरु न्यायबाट बञ्चित हुन नपरोस् भनी संसद्बाट कानून नबन्दासम्म कानून सरह लागू हुने गरी न्यायिक निर्देशनहरु जारी गरेको थियो ।[527] सन् १९९७ मा विशाखाको मुद्दामा जारी भएको विशाखा मार्ग दर्शनका महत्वपूर्ण प्रावधानहरुलाई समेत यसले समेटेको छ ।

## ९. राष्ट्रिय कानूनी व्यवस्था

यौनजन्य अपराध व्यक्तिको आत्मसम्मानमा आघात पुर्याउने गंभिर अपराध भएको हुदा सवै मुलुकले यसलाई कानुनी दायरामा ल्याई सजायको व्यवस्था गरेको पाइन्छ । नेपाल कानुनले पनि प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाच्न पाउने हकको सुनिश्चितताको लागि व्यक्तिको आत्मसम्मानमा आघात पुऱ्याउने यौनजन्य अपराधलाइ गंभिर अपराध मानी सजायको व्यवस्था समेत गरेको छ । यसै सन्दर्भमा नेपालमा यस संवन्धमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा  रहेका केही महत्वपूर्ण कानुनहरु निम्न अनुसार छन् ।

---

[526] यौनजन्य दुर्व्यवहार, कृष्णजीवि घिमिरे, महिला तथा बालबालिका विरुद्द हुने अपराध नियन्त्रण, स्रोत सामाग्री, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं, २०७१

[527] Vishaka and others Vs. State of Rajasthan and others, 1997, 6 sec, 242

## ९.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका विभेद अन्त्य गरी समतामुलक समाजको निर्माण गर्ने प्रतिवद्दता व्यक्त भएको छ । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाच्न पाउने हक,[528] को साथै स्वतन्त्रताको हक[529] अन्तरगत प्रत्येक व्यक्तिलाई कानुन बमोजिम बाहेक वैयाक्तिक स्वतन्त्रताबाट बंचित नगरिने र प्रत्येक नागरिकलाई  पेशा, रोजगार गर्ने, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रता हुने व्यवस्था छ । कानूनको दृष्टिमा सवै नागरिक समान हुने र कसैलाइ पनि कानुनको प्रयोगमा भेदभाव नगरिने गरी  समानताको हक[530] तथा प्रत्येक नागरिकलाई सम्पति आर्जन, भोग वेचविखन र कारोवार गर्ने हक हुने गरी सम्पतिको हक[531] को व्यवस्था छ । त्यस्तै गोपनियताको हक,[532] शोषण विरुद्दको हक,[533] रोजगारीको हक,[534] श्रमको हक[535] तथा बालबालिकाको हक [536] एवं महिलाको हक[537] अपराध पीडित[538] को हकको समेत व्यवस्था गरीएको छ ।

महिलाको हकमा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा भेदभाव नगरिने तथा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यस्था रहेको छ । साथै राज्य संयन्त्रका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने व्यस्था रहेको छ । संविधानद्वारा प्रदत्त मौलिकहकको हनन भएमा उपचारको मार्ग पनि संविधानमा नै तय गरिएको छ ।[539] संविधानमा उल्लेखित यी हकहरु व्यक्तिको आत्मासम्मान कायम गरी अर्थ पूर्ण जीवन यापनका लागि

[528] नेपालको संविधानको धारा १६
[529] ऐजन धारा १७
[530] ऐजन धारा १८
[531] ऐजन धारा १९
[532] ऐजज धारा २८
[533] ऐजन धारा २९
[534] ऐजन धारा ३३
[535] ऐजन धारा ३४
[536] ऐजन धारा ३९
[537] ऐजन धारा ३८
[538] ऐजन धारा २१
[539] नेपालको संविधानको धारा ४६

अपरिहार्य छन् । यी अधिकारहरुको व्यवहारिक प्रत्याभुति विना व्यक्तिले मर्यादित र सम्मानपूर्वक जीवन जीउन संभव हुदैन ।

## ९.२ नीतिगत व्यवस्था:

**चौधौ योजना (आ.व.२०७३/७४-२०७५/७६)** ले मानव अधिकारको संरक्षण, लैङ्गिक समानता तथा महिला सशक्तिकरण र श्रम तथा रोजगार नीतिमा निम्न विषयलाई प्राथमिकता दिइएको थियो :

> मानव अधिकारको संरक्षणको लागि सवै प्रकारका विभेदहरु अन्त्य गरी समावेशी, मर्यादित र समतामुलक समाजको विकास गर्ने तथा उद्देश्यमा मानव अधिकार प्रतिको प्रतिवद्दतालाई व्यवहारिकरुपमा सुनिश्चित गर्नु रहेको` थियो ।[540] त्यस्तै लैङ्गिक समानता तथा महिला सशक्तिकरण सोचमा लैंगिक समानता मार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास तथा उद्देश्यमा सबै वर्ग र क्षेत्रका महिलाको आर्थिक, सामाजिक र राजनैतिक सशक्तिकरणका गर्दे महिलाको मूलभूत अधिकारको सुनिश्चित गर्नु, लैङ्गिकतामा आधारित हिंसा एवम् विभेद र बहिष्करणको अन्त्य गर्ने समेत रहेको थियो ।[541] श्रम तथा रोजगार नीतिमा मर्यादित रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा श्रमिकको हक अधिकारको संरक्षणा तथा असल श्रम संवन्ध स्थापना गर्ने लगायतका विषयहरु समावेश गरिएका छन् ।[542] यी नीतिको कार्यान्वयनका लागि रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समेत तय गरिएको थियो ।

दीर्घकालीन सोच २१०० सहित आएको पन्ध्रौ योजना (२०७६/०७७–२०८०/०८१)[543] मा सामाजिक क्षेत्र अन्तर्गतको क्षेत्रगत विकास नीतिमा सामाजिक विकास नीतिको अन्तरसंवन्धित विकास नीतिहरुमा लैङ्गिक समानता तथा सशक्तिकरण संवन्धी नीति रहेको भएता पनि अन्य क्षेत्रगत विकास नीतिहरु र अन्तरसंवन्धीत नीतिहरु पनि यस संवन्धमा उत्तिकै महत्वपूर्ण रहेका छन् ।

लैङ्गिक समानतामूलक राष्ट्रको रुपमा नेपाललाई स्थापित गर्ने सोचका साथ तय भएको यस नीतिको लक्ष्य राज्यका सबै निकायमा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने रहेको छ । लैङ्गिक समानता तथा सशक्तिकरण संवन्धी नीतिका उद्देश्यमा

---

540 चौधौ योजना (आ.व.२०७३/७४-२०७५/७६), राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौं, २०७३, पेज न. २७७,२७८

541 ऐजन, २१६, २१७, २१८

542 ऐजन, २३३, २३४

543 पन्धौं योजना (आ.व.२०७३/७४-२०७५/७६), राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौं ।

लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिँसा र शोषणको अन्त्य गर्नु तथा आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधान, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु रहेको छ । साथै यस लैङ्गिक समानता तथा सशक्तिकरण संवन्धी नीतिका रणनीति र कायनीति समेत तय गरिएको छ । श्रम तथा रोजगार नीतिमा मर्यादित रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा श्रमिकको हक अधिकारको संरक्षणा तथा असल श्रम संवन्ध स्थापना गर्ने लगायतका विषयहरु समावेश गरिएका छन् ।

## ९.३ निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०

निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार र घरेलु हिंसा संवन्धि कार्य गर्नु गराउनु नहुने,[544] निजामति कर्मचारीको अन्य आचारणमा आफ्नो कार्यालयमा काम गर्दा सबै प्रति शिष्ट व्यवहार गर्नु पर्ने[545] तथा कामसंग संवन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्ने[546] प्रावधानहरु रहेका छन् । निजामती कर्मचारीले उक्त ऐन तथा सो अन्तर्गतमा बनेको नियममावलीमा उल्लेखित आचारण संवन्धित नियमहरु पालना नगरेमा विभागीय सजाय हुन सक्ने व्यवस्था रहेको छ ।

## ९.४ विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३

विद्युतीय स्वरुप जस्तै कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने रोक लगाएको छ। यस कानुनी व्यवस्थाको उल्लंघन भएमा उल्लंघन कर्तालाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने गरी सजायको व्यवस्था रहेको छ ।[547]

[544] निजामती सेवा ऐन, २०५०, दफा ५४क

[545] ऐजन दफा ५४ख

[546] ऐजन दफा ५४ग

[547] विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ दफा ४७

## ९.५ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

"यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।[548] यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसुर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूचि १ भित्र समावेश गरिएको छ ।[549]

यौनजन्य दुर्व्यवहार हुने स्थानको आधारमा यौनजन्य दुर्व्यवहारलाई कार्यस्थलमा हुने र सो भन्दा बाहेक अन्य सार्वजनिक तथा अन्य स्थानमा हुने गरी छुट्याएर हेर्न सकिन्छ । सार्वजनिक स्थान खास गरी सार्वजनिक बाटोघाटो, सवारी साधन, मठ मन्दिर जस्ता तथा अन्य अनौपचारिक क्षेत्रमा हुने यौनजन्य दुर्व्यवहारलाई मुलुकी अपराध संहिता, २०७४ ले समेटेको पाइन्छ भने कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई नियमन गरी निवारण गर्ने बाटो यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ले प्रशस्त गरेको पाइन्छ ।

## ९.६ श्रम ऐन, २०७४

विभिन्न क्षेत्रका प्रतिष्ठानहरुमा कार्यरत कामदार र कर्मचारीहरुको हक, हित, सुविधा र सुरक्षाको व्यवस्था गरी श्रम संवन्धमा समयोचित व्यवस्था गर्न ल्याइएको यस ऐनमा कामदार र कर्मचारीहरुको हक, हित, सुविधा र सुरक्षाको व्यवस्था छन् । यस ऐनमा कसैले कार्यस्थलमा वा कामको सिलसिलामा अनुचित प्रभावमा पारी कानून बमोजिम यौनजन्य दुर्व्यवहार मानिने कुनै कार्य गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको छ । रोजगारदाताले यौनजन्य दुव्यर्वहार गर्ने श्रमिकलाई दुर्व्यवहारको अवस्था र गाम्भीर्य हेरी सेवाबाट हटाउनेसम्मको सजाय गर्न सक्नेछ । साथै रोजगारदाता वा प्रतिष्ठानको कार्यकारी प्रमुखले यौनजन्य दुर्व्यवहार गरेमा युनियन, पीडित व्यक्ति वा निजको परिवारको कुनै सदस्यले कानून बमोजिम उजुरी गर्न सक्ने[550] व्यवस्था रहेको छ ।

## ९.७ मुलुकी अपराध संहिता, २०७४

परम्परागत अपराधको रुपका रहेको करणी संवन्धी कसूर यौनजन्य अपराध अर्न्तगतको एक गंभीर अपराध हो । मुलुकी अपराध संहितामा जबरजस्ती करणी, थुनामा रहेको व्यक्तिसंग सरकारी कर्मचारीले गरेको करणी, आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग गरेको करणी, कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग गरेको करणी, बालयौन दुरुपयोग र बालबालिका विरुद्द

[548] घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६, दफा २(ङ)
[549] ऐजन दफा ५क
[550] श्रम ऐन २०७४ दफा १३२

भएको अप्राकृतिक मैथुनलाइ कसूर मानी सजायको व्यवस्था गरिएको छ । यी कसूरहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूचि १ मा संलग्न गरिएको हुदा सरकारवादी फौजदारी मुद्दाका रुपमा यी मुद्दाको अनुसन्धान प्रहरीबाट र अभियोजन सरकारी वकीलबाट हुन्छ ।

साथै यस संहितामा यौन दुर्व्यवहारको परिभाषा गरी सो लाइ कसूर कायम गरी सजायको व्यवस्था गरिएको छ । कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिने भनी यौन दुर्व्यवहारको परिभाषा गरी त्यस्तो कसुर गर्ने व्यक्तिलाइ तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने[551] र यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिव क्षतिपूर्ति समेत भराई दिनुपर्ने व्यवस्था समेत रहेको छ ।[552] यो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूचि ४ मा संलग्न रहेको हुदा व्यक्तिवादी फौजदारी मुद्दाको रुपमा कानुनी कारवाही अगाडि बढाउनु पर्दछ ।

## ९.८ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

सुरक्षित, स्वच्छ र मर्यादित वातावरणमा काम गर्न पाउने व्यक्तिको अधिकार सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण गर्ने उद्देश्यका विशेष कानुनको रुपमा **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन,** २०७१ लागू भएको छ । यस ऐनले समेटेका महत्वपूर्ण विषयहरु निम्नानुसार रहेका छन् ।

### ९.८.१ ऐनको प्रयोग, क्षेत्र र शब्दको परिभाषा

यस ऐनले सुरक्षित, स्वच्छ र मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकार सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण गर्ने उद्देश्य राखेको छ । **कार्यस्थल** भन्नाले सरकारी निकाय, संगठित संस्था र दर्ता भएको फर्म तथा ती निकायको कार्य संपादनको क्रममा प्रयोग हुने स्थान समेतलाई जनाउछ । यसभित्र सरकारी निकाय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएको निकाय वा

[551] मुलुकी फौजदारी अपराध संहिता, २०७४, दफा २२४
[552] ऐजन, दफा २२८

संगठित संस्था, कुनै व्यवसाय, कारोवार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था[553] भनि कार्यस्थललाई परिभाषित गरेको छ । यस ऐनले प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको निजि फर्म, निकाय, संगठित संस्था समेत औपचारिक संगठित क्षेत्रलाई समेटेको छ भने यसले अनौपचारिक क्षेत्रलाई समेटेको पाइदैन ।

यस ऐनमा प्रयोग भएको **कर्मचारी** शब्दले  कार्यस्थलमा कार्यरत कर्मचारी, कामदार, कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित हुने व्यक्ति (सेवाग्रही) तथा निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई समेटेको छ । त्यसैले यो ऐन संवन्धित निकायमा कार्यरत कर्मचारी, कामदार र सेवाग्रही समेतलाइ लागू हुन्छ । यसले महिला पुरुष दुबै पीडित हुन सक्ने अवधारणा अंगालेको हुंदा लैंगिक दृष्टिमा तटस्थ  छ । यो ऐनमा विपरित लिंगका वीचमा मात्र यौनजन्य दुर्व्यवहार हुन्छ भन्ने परम्परागत सोच भन्दा बाहिर रहेर कानुन निर्माण भएको देखिन्छ ।

### ९.८.२ यौनजन्य दुर्व्यवहार मानिने कार्यहरु

यस ऐनमा के कस्ता कार्य र कार्य व्यवहार यौनजन्य दुर्व्यवहार हुन् भनी उल्लेख गरिएको छ । कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दवाव प्रलोभनमा परी हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई निम्न बमोजिम कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ.। यस अन्तर्गत देहायका विषयहरु पर्दछन् ।[554]

- यौनजन्य आशयले शरिरको कुनै अंगमा  छोएमा वा छुने प्रयास गरेमा,
- अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्वन्धित शब्द, चित्र, पत्रपत्रिका, स्रब्य दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्रीको प्रयोग वा प्रद्धर्शन गरेमा,
- लेखेर, बोलेर वा इशाराले अश्लील वा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,
- यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,
- यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा ।

तर  शैक्षिक, सूचना मूलक, अनुसन्धानमूलक, उपचार वा बचाउने सिलसिलामा गरिएको कुनै पनि काम कारवाहीलाई यो ऐनको प्रयोजनको लागि यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन ।

[553] कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, दफा २(ग)

[554] ऐजन दफा ४

### ९.८.३ व्यवस्थापकको दायित्व

व्यवस्थापक भन्नाले कुनै कार्यस्थलको प्रशासनिक वा व्यवसायिक काम कारवाहीको संवन्धमा अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी तथा त्यस्तो कार्यस्थलको अन्यत्र शाखा वा इकाइ रहेको भए त्यस्तो शाखा वा इकाइको प्रमुखलाइ समेत जनाउदछ । कार्य स्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिने र निवारण गर्ने कर्तव्य व्यवस्थापकको हुन्छ । निजले सो जिम्मेवारी निर्वाह गर्दा देहायका कार्य गर्नु गर्दछ.।[555]

- कर्मचारीको सेवा शर्त संवन्धि कानुनमा यौनजन्य दुर्व्यवहार निवारण संवन्धि आवश्यक व्यवस्था गर्ने ।
- यौनजन्य दुर्व्यवहार हुन नदिन कर्मचारी तथा सेवाग्राहीलाई सजग गराउने, यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरु अबलम्बन गर्ने ।
- पीडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलव्ध गराउने ।
- कार्यस्थलमा गुनासो पेटिका राख्ने, उजूरी गर्ने अवधि, उजूरी सुन्ने अधिकारी र कार्यविधिका बारेमा पीडितलाइ स्पष्टरुपमा जानकारी दिने ।

### ९.८.४ गुनासोको सुनुवाइ संवन्धी व्यवस्था

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सो बाट पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले पनि त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार गरेको १५ दिन भित्र व्यवस्थापक समक्ष लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्ने व्यवस्था रहेको छ ।[556]

- छानविन गर्दा पीडितलाइ सो व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सवै कार्य गर्न वा गराउन सक्नेछ:
- दुवै पक्ष मन्जुर भएमा मेलमिलाप गराइ दिन,

[555] ऐजन दफा ५

[556] ऐजन दफा ६

- आरोपित व्यक्तिलाई पीडितसंग माफी मगाउन,
- आरोपित व्यक्तिलाइ त्यस्तो काम पुन: नगर्न सचेत गराउन,
- आरोपित व्यक्तिबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराइ दिन,
- आरोपित व्यक्तिलाई सेवा सर्त संवन्धी कानुन बमोजिम  विभागीय कारवाही गर्न
- व्यवस्थापकले गुनासो गरेको १५ दिन भित्र कारवाही टुंगो  लगाउनु पर्दछ ।

### ९.८.५ उजुरी सुन्ने अधिकारी

**उजुरी सुन्ने अधिकारी सम्वन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ ।** कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सो बाट पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले पनि त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नब्बे दिन भित्र प्रमाण सहित उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिनु पर्दछ ।[557] **प्रमुख जिल्ला अधिकारी विरुद्दको उजूरीको कारवाही र किनारा गर्ने अधिकार संवन्धित प्रदेशको प्रमुख सचिवलाई हुने छ ।**

व्यवस्थापकले निर्धारित समय भित्र गुनासाको टुंगो नलगाएमा सो अवधि समाप्त भएको मितिले र व्यवस्थापकको निर्णय उपर कुनै पक्षले चित नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिन भित्र पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकै वा  आरोपित व्यक्तिले  उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्ने व्यवस्था छ । त्यस्तै व्यवस्थापकले ऐन बमोजिमको दायित्व पुरा नगरेमा दफा ९ बमोजिम उजूरीकर्ताको संरक्षण वा दफा ११ बमोजिम उजुरी सुन्ने अधिकारी वा निरिक्षण वा अनुगमन गराउने निकायले दिएको निर्देशन पालन नगरेमा सरोकारवाला निकायले उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्ने व्यवस्था रहेको छ ।

पीडित र आरोपित दुवै पक्षले चाहेमा मिलापत्रको लागि उजुरी सुन्ने अधिकारी समक्ष संयुक्त निवेदन दिन सक्ने र उजुरी सुन्ने अधिकारीले सो संवन्धमा पक्षहरुसंग आवश्यक परामर्श गरी मिलापत्र गराइ दिनु पर्ने व्यवस्था रहेको छ । मिलापत्र गर्दा कुनै किसिमको दस्तुर लाग्ने छैन ।

### ९.८.६ पीडितको संरक्षण संम्वन्धी व्यवस्था:

यस ऐनमा पीडितको संरक्षण संवन्धि व्यवस्था रहेको छ ।[558]  जस अनुसार उजुरी गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, अन्य विभागीय कारवाही गर्न वा निजको

[557] ऐजन दफा ७

[558] ऐजन दफा ९

सरुवा वा वढुवा लगायतका वृति विकासमा असर पर्ने गरी कुनै किसिमको कारवाही गर्न पाउने छैन । त्यस्तो कार्य व्यवस्थापकबाट भएको अवस्थामा संवन्धित कर्मचारीले उजुरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्दछ । छानविनबाट त्यसो गरेको देखिएमा उजुरी सुन्ने अधिकारीले व्यवस्थापकको सो निर्णय वदर गर्न वा सच्याउन आदेश दिन सक्ने छ । व्यवस्थापकले उक्त आदेशको पालना गर्नु पर्दछ । यस ऐन बमोजिम उजुरी गरेको कारणले कार्यस्थलमा कर्मचारीले कुनै किसिमको असुरक्षाको महसुस भए सुरक्षाको लागि व्यवस्थापक समक्ष निवेदन दिन सक्नेछ । यसरी निवेदन प्राप्त भएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई कार्यस्थलमा सुरक्षाको उचित व्यवस्था गर्नु पर्दछ । यस प्रयोजनका लागि आवश्यकता अनुसार स्थानीय सुरक्षा निकायको समेत सहयोग लिन सकिने छ ।

पीडितले लिखित रुपमा अनुरोध गरेमा उजुरी सुन्ने अधिकारीले उजुरीको सुनुवाई वन्द इजलासमा गर्ने व्यवस्था छ । आरोपित व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको ठहरिएमा पीडितलाई शारिरीक वा मानसिकरुपमा क्षति पुग्न गएको भए सो वापत मनासिव माफिकको क्षतिपूर्ति र उजुरी गर्दा वा प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च उजुरी सुन्ने अधिकारीले पीडितलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएको कर्मचारीलाइ सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा त्यस्तो कर्मचारीलाई अन्यत्र सरुवा गर्न सकिने व्यवस्था समेत रहेको छ ।

### ९.८.७ निरिक्षण तथा अनुगमन सम्वन्धी व्यवस्थाः

व्यवस्थापकले यो ऐन तथा यस अन्तर्गत बनेको नियम तथा आचार संहिता बमोजिमको दायित्व तथा अन्य व्यवस्थाको पालना गरे नगरेको संवन्धमा राष्ट्रिय महिला आयोग वा व्यवस्थापक कार्यरत रहेको निकाय भन्दा माथिल्लो निकायले कार्यस्थलको निरिक्षण तथा अनुगमन गर्न वा गराउन सक्ने छ ।[559] निरिक्षण तथा अनुगमन गर्न खटिएका कर्मचारीले निरिक्षण तथा अनुगमन पश्चात् व्यवस्थापकले दायित्व पुरा गरे नगरेको तथा अन्य नीतिगत विषय भए सो समेत उल्लेख गरी सुझाव सहितको प्रतिवेदन सम्वन्धित निकायमा दिनुपर्दछ । [560]

### ९.८.८ सजाय सम्बन्धी व्यवस्था :

कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउन हुंदैन । कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाइ कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा रु ५०,०००।- सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । व्यवस्थापकले ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पूरा नगरेको ठहरेमा वा निरिक्षण तथा अनुगमन गर्दा दिएको निर्देशन

[559] ऐजन दफा १०

[560] ऐजन दफा ११

पालना नगरेमा निजलाई रु २५,०००।- सम्म जरिवाना हुन्छ । जानी जानी झुट्टा उजुरी दिएको ठहरेमा त्यस्तो व्यक्तिलाई रु. १०,०००।- सम्म जरिवानाको व्यवस्था छ । त्यस्तो सजाय भएको व्यक्तिले पुन सो कसूर गरेमा पटकैपिछे दोब्बर सजाय हुन्छ ।[561]

## ९.८.९ फैसला वा मिलापत्रको कार्यान्वयन

फैसला वा मिलापत्रको कार्यान्वयन गर्ने दायित्व संवन्धित व्यवस्थापकको हुने तर व्यवस्थापकले फैसला वा मिलापत्रको कार्यान्वयन नगरेको भनी निवेदन परेमा वा आरोपित व्यक्ति व्यवस्थापक भएमा उजुरी सुन्ने अधिकारी आफैंले साठी दिन भित्र फैसला वा मिलापत्रको कार्यान्वयन गर्नु पर्दछ ।[562]

## ९.८.१० उजुरी सुनुवाई र पुनरावेदन संवन्धि व्यवस्थाः

उजुरी सुन्ने अधिकारीले उजुरीको कारवाही र किनारा गर्दा संक्षिप्त कार्य विधि ऐन, २०२८ बमोजिमको कार्य विधि अपनाउनु पर्दछ । **उजुरी सुन्ने अधिकारीले गरेको निर्णयमा चित नबुझ्ने पक्षले सो निर्णय उपर निर्णय भएको मितिले ३५ दिन भित्र संवधित जिल्ला अदालतमा पुनरावेदन गर्नु पर्दछ** ।[563] यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारवाहीमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन तथा कारवाही गर्न यस ऐनले बाधा गर्दैन भन्ने व्यवस्था रहेको छ ।[564]

## ९.८.११ तालीमको पाठ्यक्रममा समावेश गर्नु पर्ने

कर्मचारी तथा कामदारहरुलाई तालीम दिने प्रत्येक निकायले यौनजन्य दुर्व्यवहार र सो को निवारण संवन्धि विषयलाई तालीमको पाठ्यक्रममा समावेश गर्नु पर्नेछ ।

## ९.८.१२ आचार संहिता बनाई लागु गर्नु पर्ने

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको निवारण गर्ने संवन्धमा नेपाल सरकारले आवश्यक आचार संहिता बनाई लागु गर्नु पर्ने सो आचार संहिताको अधिनमा रही प्रत्येक व्यवस्थापकले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागु गर्नु पर्ने, र सो आचार

561 ऐजन दफा १२
562 ऐजन दफा १७
563 ऐजन दफा १६
564 ऐजन दफा २०

संहिताको पालना गर्नु संवन्धित सवैको कर्तव्य हुनेछ ।[565] नेपाल सरकारले यौनजन्य दुर्व्यवहार आचार संहिता, २०७४ बनाई लागु गरेको छ ।

## १०. न्यायिक दृष्टिकोण

सर्वोच्च अदालतबाट कानुनको व्याख्या गर्ने क्रममा लैंगिक भेदभाव अन्त्य गरी समानता कायम गर्न, यौनजन्य अपराधबाट पीडितको संरक्षणका लागि तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण संवन्धी कानुन ल्याउनका लागि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । यस संवन्धमा सर्वोच्च अदालतबाट भएका केही महत्वपूर्ण आदेशहरु निम्नानुसार रहेका छन्:

### १०.१ अधिवक्ता शर्मिला पराजुली समेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय [566]

- समस्त महिला वर्गहरु यौनदूराचार जस्तो गम्भीर हिंसावाट मुक्त भई ससंम्मान वाँच्न पाउने हकको व्यवहारिक प्रत्याभूति गराउने जस्तो गहनतम सार्वजनिक हित समाविष्ट भएको प्रस्तुत विवादसंग निवेदकहरुको सार्थक सम्वन्ध वा तात्विक सरोकार नरहेको भन्न नमिल्ने ।
- सामान्यतया यौनजन्य दुर्व्यवहारलाई सामान्यतया संवन्धित महिलाको इच्छा विरुद्ध हुने कार्य मानिन्छ । यस कार्यले वलत्कारदेखि यौनजन्य शोषण, जिस्क्याउने, शरीर छुने, अपशव्द वोलेर सुनाउने, छाडा चित्रहरु देखाउने वा कोर्ने, इशारा गर्ने, आँखा झिम्काउने आदिलाई जनाउंछ जसले पीडितको कार्य संपादन, स्वास्थ्य र पेशागत जीवनमा समेत असर पार्दछ भन्ने कुरामा दुईमत हुन नसक्ने ।
- यौनजन्य दुर्व्यवहार भनेको व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण र व्यवहार हो भने यौनजन्य दुर्व्यवहार शारीरिक, मौखिक, लिखित र आचरणद्वारा हुने गर्दछ । अनावश्यक रुपमा छुने, अंगालो हाल्ने, वाटो छेक्ने, चिमोट्ने, धाप मार्ने आदि कार्यलाई शारीरिक यौनजन्य दुर्व्यवहार मानिन्छ भने अश्लिल वा अपमानित टिप्पणीहरु गर्ने, फोहोर शव्द वोल्ने, जिस्काउने, यौनजन्य चुट्किलाहरु भन्ने, अप्रीय रुपमा यौनजन्य प्रस्ताव राख्ने, आमन्त्रण दिने वा सोको लागि दवाव दिने आदि कार्यलाई मौखिक यौनजन्य दुर्व्यवहार मानिने ।

---

[565] ऐजन दफा २१

[566] ने.का.प.२०६१ अङ्क १०, निर्णय नं.७४४९

- फोहर र उत्तेजक चित्रहरु देखाउने, यौनजन्य सामग्रीहरु वितरण गर्ने कार्य लिखित यौनजन्य दुर्व्यवहार हो भने घुरेर हेर्ने, आँखा जुधाउने, यौनजन्य अश्लिल ईशाराहरु गर्ने कार्यलाई आचरण जन्य यौनजन्य दुर्व्यवहारको कोटि भित्र राखिएको पाइने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भन्नाले आफ्नो काम गर्ने कार्यालय वा प्रतिष्ठानमा आफू भन्दा माथिल्लो अधिकृत वा आफ्नो सहकर्मी साथी वा प्रतिष्ठानमा आएका ग्राहकवाट हुन सक्ने यौनजन्य दुर्व्यवहार भन्ने वुझिन्छ । कार्यालयको हाकिम वा माथिल्लो कर्मचारीले महिला कामदार कर्मचारीवाट यौनजन्य लाभ नदिएमा जागीर जोखिममा पार्ने धम्की दिने वा पुरस्कार वा कार्यक्षमताको उच्च मूल्याकन वा पदोन्नति आदिको अनुचित प्रलोभन देखाई कार्यस्थलमानै यौनजन्य दुर्व्यवहार हुन सक्ने अवस्था र स्थिति रहेको पाइने .
- यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सवै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

## १०.२ प्रकाशमणि शर्मा समेत विरुद्ध नेपाल सरकार समेत [567]

संविधानले नागरिकलाई समानताको आधारमा सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको, रोजगारी र सामाजिक सुरक्षा प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रदान गरेको अवस्थामा डान्स तथा क्याविन रेष्टुरेण्टहरु र डान्सबारमा काम गरेको भन्दैमा त्यस ठाउँमा काम गर्ने महिलाहरु शोषित हुन नहुने

- सरकारले डान्स तथा क्याविन रेष्टुरेण्ट तथा मसाज पार्लरलाई नियमन गर्न छुट्टै र विशेष कानून बनाई लागू गर्नु पर्ने ।
- कानून बनाई कार्यान्वयन हुनका लागि समय लाग्ने भएको हुँदा त्यस्तो स्थानमा काम गर्ने महिला कामदारहरु उपर हुने यौन शोषण र दुर्व्यवहार निषेध एवं नियन्त्रण गर्न कानून नबनुञ्जेलसम्मको लागि निवेदकको माग बमोजिम निर्देशिका जारी गरेको । यस निर्देशिकामा श्रमजीवी, कार्यस्थल र यौन शोषण समेतको परिभाषा रहेको छ ।

[567] ने.का.प. २०६५, निर्णय नं. ७९९५, अंक ८, पृष्ठ १०००

### १०.३ राजेन्द्र थपलिया वि. टि. आर. भट्ट रहेको मुद्दामा श्रम अदालत[568]

- श्रम ऐन, २०४८ को परिच्छेद ८ को खराव आचरणहरुमा सहकर्मीहरु द्धारा हुन सक्ने यौनजन्य दुर्व्यवहारलाई नराखिएको हुंदा यसलाई उक्त परिच्छेद र प्रतिष्ठानको विनियममा समेटिएमा मात्र हालको अवस्थामा सुधार हुन सक्ने भएकाले श्रम ऐनको संशोधनमा यस विषयलाई ऐन मै राख्ने र यसको गंभिरतालाई मध्यनजर राखी सजायको मात्रा बढाउन आवश्यक विचार गर्नु भनी संवन्धित निकायलाई लेखी पठाउने ।

## ११. निष्कर्ष र सुझाव

कार्यस्थल सुरक्षित, स्वच्छ र स्वस्थ हुनु पर्दछ । कार्यस्थलमा कर्मचारी कर्मचारी, कामदार कामदार तथा कामदार र कर्मचारी बीच एक आपसमा सम्मानपूर्वक, मर्यादित व्यवहार हुनु पर्दछ । यौनजन्य अपराध व्यक्तिको आत्मसम्मानमा आघात पुर्याउने गंभिर अपराध भएको हुदा सवै मुलुकले यसलाई कानुनी दायरामा ल्याई सजायको व्यवस्था गरेको पाइन्छ । अन्तर्राष्ट्रिय दस्तावेजहरुमा यौनजन्य दुर्व्यवहारलाई व्यक्तिको मानव अधिकार अन्तर्गत  विभेदपूर्ण व्यवहारको रुपमा समेटेको पाइन्छ । नेपालले मानव अधिकारको संरक्षण, सम्वर्धन तथा परिपूरण सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता व्यक्त गरेको छ ।  नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय संन्धी महासंधीका प्रावधान नेपालको सन्धि ऐन, २०४७ अनुसार राष्ट्रिय कानून सरह लागु हुन्छन । व्यक्तिको सम्मानपूर्वक बांच्न पाउने मौलिक हकको निर्वाध उपयोग गर्ने वातावरण सिर्जना गर्न पेशा र रोजगार गर्ने हकको प्रत्याभूतिलाई व्यवहारिक रुपमा उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्न कार्यस्थल सुरक्षित, स्वच्छ र स्वस्थ हुनु पर्दछ । कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको निवारण विना संविधानले प्रत्याभुति गरेका मौलिक हकको प्रचलन सार्थक रुपमा हुन सक्दैन ।

सुरक्षित, स्वच्छ र  मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकार सुनिश्चित गर्न तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्न कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ भएपनि यस ऐनको बारेमा संवन्धित निकाय तथा सरोकारवाला व्यक्तिहरुलाई यथेष्ट मात्रामा जानकारी नभएको हुंदा प्रभावकारी रुपमा यस ऐनको  कार्यान्वयन हुन सकेको छैन । तसर्थ, ऐनको प्रभावकारी कार्यान्वयनका लागि निम्न कार्यहरु यथाशीघ्र गर्नु आवश्यक देखिन्छ ।

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ र नेपाल सरकारले जारी गरेको यौनजन्य दुर्व्यवहार आचार संहिता, २०७४ मा भएका व्यवस्थाको जानकारी संवन्धित सबैलाई गराउन विभिन्न माध्यमबाट व्यापकरुपमा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

[568] सम्वत् २०५८ सालको पु.वे.नं.९३।१२५, मिति २०५९।८।१६)

- कर्मचारी तथा कामदारहरुलाई तालीम दिने संवन्धित निकायहरुले आफूले संचालन गर्ने तालिम कार्यक्रममा यौनजन्य दुर्व्यवहार निवारण गर्ने सम्बन्धी विषय समावेश गर्नु पर्ने ।

- ऐनमा व्यवस्था गरिएका निरिक्षण तथा अनुगमन गर्ने जिम्मेवारी तोकिएका निकायबाट नियमित रुपमा निरिक्षण तथा अनुगमन गर्नु पर्ने ।

- सवै सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएको निकाय, कुनै व्यवसाय, कारोवार वा सेवा प्रदान गर्ने उद्देश्यले कानुन बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्थाहरुले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारणका विषय समेत समावेश गरी Staff Hand Book तयार गरी आआफ्नो निकायमा काम गर्ने सवै कर्मचारी र कामदारलाई उपलब्ध गराउनु पर्दछ । जसमा कार्य स्थलमा गर्नु पर्ने व्यवहारका नियमहरु, यौनजन्य दुर्व्यवहार निवारण गर्ने संवन्धी कानुनी व्यवस्था र कारवाही प्रकृयाका साथै य दुर्व्यवहार भएको जानकारी प्राप्त भएको अवस्थामा व्यवस्थापकले कानुन बमोजिम शीघ्र र प्रभावकारी रुपमा कारवाही गरिने सुनिश्चितता समेत उल्लेख हुनु पर्दछ ।

यौनजन्य दुर्व्यवहार व्यक्तिको आत्मसम्मानमा आघात पुर्याउने गंभिर विषय समेत भएको हुदा यौनजन्य दुर्व्यवहार प्रति शून्य सहिष्णुताको नीति अवलम्वन गरि कार्यस्थललाई सुरक्षित, स्वच्छ र मर्यादित स्थान बनाउनु पर्दछ । यो जिम्मेवारी, दायित्व र कर्तव्य कार्यस्थलमा काम गर्ने हामी सवैको हो । हामी सवैले आआफ्नो जिम्मेवारी, दायित्व र कर्तव्य पुरा गरेमा मात्र Decent work and work place for all को अवस्था सिर्जना गर्न सकिनेछ ।

## सन्दर्भ सामाग्रीहरू

### अन्तर्राष्ट्रिय प्रावधान

- संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
- संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights, 1948)
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966)
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights, 1966)

- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ (Convention on the Elimination of all forms of Discrimination Against Women, 1979)
- महिला बिरुद्ध हुने हिंसा उन्मूलन गर्ने संवन्धि संयुक्त राष्ट्र संघीय घोषणा पत्र, १९९३
- अर्न्तराष्ट्रिय श्रम संगठनको Discrimination (Employment and Occupation) Convention, १९५८
- The Sexual Harassment of women at Workplace (prevention Prohibition and Redressal) Act, 2013
- Sexual Harrashment at work place in Nepal, International Labour Organisation, Kathmanu Nepal, 2004
- बेइजिड. कार्ययोजना


## कानून र अन्य श्रोत सामाग्रीहरु


- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०
- संन्धि ऐन, २०४७
- श्रम ऐन, २०७४
- महिला तथा बालबालिका विरुद्ध हुने अपराध नियन्त्रण, स्रोत सामाग्री, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं, २०७१
- चौंधौं योजना (आ.व.२०७३/७४-२०७५/७६), राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौं ।
- पन्ध्रौ योजना (२०७६/०७७–२०८०/०८१), राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौं ।
- http://www.workplacefairness.org/sexual-harassment-legal-rights visited on 22 August, 2019
- http://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-islamabad/documents/policy/wcms_143046.pdf visited on 22 August, 2019

- https://www.theguardian.com/lifeandstyle/2016/aug/10/half-of-women-uk-have-been-sexually-harassed-at-work-tuc-study-everyday-sexism visited on 22 August, 2019

## कानुन पत्रिका र नजीर

- अधिवक्ता शर्मिला पराजुली समेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय, ने.का.प.२०६१ अङ्क १०, निर्णय नं.७४४९
- प्रकाशमणि शर्मा समेत विरुद्ध नेपाल सरकार समेत ने.का.प. २०६५, अंक ८, निर्णय नं. ७९९५
- संवत् २०६० सालको रिट नं.३४३४, राजुप्रसाद चापागाई समेत बि. नपाल सरकार
- संवत् २०५८ सालको पु.वे.नं.९३।१२५, पुनरावेदक राजेन्द्र थपलिया वि. टि. आर. भट्ट श्रम अदालत (निर्णय मिति २०५९।८।१६)
- Vishaka and others Vs. State of Rajasthan and others, 1997, 6 sec, 242

# घरेलु हिंसा : अवधारणा र कानूनी व्यवस्थाहरू

✍ श्यामकुमार भट्टराई (सहन्यायाधिवक्ता)
राजेशकुमार कटुवाल (जिल्ला न्यायाधीश)

## १. अवधारणा :

जीवन, स्वतन्त्रता र सम्पत्ति व्यक्तिका आधारभूत आवश्यकता भएकोले यसलाई प्राकृतिक एवं मौलिक मानव अधिकारको रुपमा स्वीकार गरिएको छ । यस्ता आधारभूत अधिकारहरुको अतिक्रमण गर्ने अधिकार कसैलाई पनि हुँदैन । त्यस्तो अधिकार राज्यलाई पनि छैन । मानवीय मूल्यसँग गासिएिको अधिकारहरुको अतिक्रमण तथा उल्लंघन कसैबाट हुन्छ भने त्यस्ता अधिकारहरुको पुनर्स्थापना गर्न र उल्लंघनकर्तालाई न्यायको कठघरामा ल्याउन त्यस्ता कार्य दण्डनीय बनाइएको हुन्छ । मानिस भएका नाताले प्राप्त आधारभूत अधिकारहरु महिला र पुरुष दुबैलाई समान रुपमा प्राप्त हुन्छ । महिला विरुद्ध हुने हिंसाले महिलाका आधारभूत अधिकारप्रति कुठाराघात गर्ने भएकोले प्रत्येक सभ्य राष्ट्रले महिला विरुद्धको हिंसालाई अपराध घोषित गरी दण्ड सजायको व्यवस्था गरेको पाइन्छ ।

ऐतिहासिक रुपमा महिलाहरु विभिन्न किसिमका हिंसा र दुर्व्यवहारबाट प्रताडित भएको देखिन्छ । महिलाहरु हिंसा एवं दुर्व्यवहारबाट पीडित हुनु पर्ने मौलिक कारण महिलालाई समाजले दिएको स्थान नै हो । धर्म, संस्कृति एवं सामााजिक संरचना नै यस्ता पर्यावरण हुन् जसले महिला विरुद्ध हुने हिंसा एवं दुर्व्यवहारका घटनाहरुलाई वातानुकुलित बनाएको देखिन्छ । समाजमा यस्ता धेरै उदाहरणहरु भेटिन्छन् जहाँ परिवारका सदस्यहरु एवं आफन्तहरुबाट महिलाहरु मृत्यूको मुखमा पुगिराखेका हुन्छन् । चाहे समाज विकसित होस वा प्राचीनतम्, महिला विरुद्ध हुने हिंसा एवं दुर्व्यवहारका घटनाहरु रोकिएको देखिदैन बरु यसका स्वरुप परिवर्तन भैराखेको छ भने यसको असर गम्भीर रुपमा वृद्धि भैराखेको देखिन्छ । यस्तो घृणित अपराधको रोकथामको लागि अन्तर्राष्ट्रिय एवं राष्ट्रिय तहमा विभिन्न प्रयासहरु भइरहे पनि यस्ता अपराधले निरन्तरता प्राप्त गरिरहेको देखिएको छ ।

सन् १८७० को दशकभन्दा पहिला संयुक्त राज्य अमेरिकामा समेत दुर्छे स्वास्नीलाई पतिले शारीरिक दण्ड दिने अधिकार राख्दछ ("physically chastises an errant wife") भन्ने सामान्य कानून प्रणालीमा विकसित सिद्धान्तलाई मान्यता दिएकोमा सन् १८७० पछि अदालतले यो सिद्धान्तलाई खारेज गरेको थियो । बेलायतमा समेत स्वास्नीलाई निजको कर्तव्यको सिमा भित्र कायम राख्न सामान्य शारीरिक दण्ड दिने अधिकार पतिलाई हुने परम्परागत अवधारणा सन् १८९१ पश्चात मात्र हटेको

देखिन्छ । त्यस्तै विभिन्न धार्मिक ग्रन्थहरुले महिलालाई पुरुषभन्दा तल्लो श्रेणीमा राखी पुरुष अधिनस्थ राखेको कारणले पनि महिला विरुद्ध हुने हिंसाका घटनाहरु समाजमा व्याप्त रहेको सहजै अनुमान गर्न सकिन्छ ।

दोश्रो विश्व युद्धको समाप्तिपछि अन्तर्राष्ट्रिय जगतमा महिलाका अधिकारप्रति सम्वेदनशीलता बढ्दै जाने क्रममा विभिन्न अन्तर्राष्ट्रिय संयन्त्रहरुको निर्माण भएको पाइन्छ । संयुक्त राष्ट्रसंघीय बडापत्रले सर्वप्रथम महिला र पुरुष समान रहेको सिद्धान्तलाई स्वीकार गरी लैंगिक भेदभावलाई अन्त्य गर्ने घोषणा समेत गऱ्यो । त्यसपछि निर्माण भएका अन्तर्राष्ट्रिय दस्तावेजहरुमा महिलाका अधिकारहरुको संरक्षण गर्नेदेखि महिला विरुद्ध हुने हिंसालाई अपराधको रुपमा घोषणा गरी दण्ड सजायको व्यवस्था गर्नु पर्ने गरी पक्ष राष्ट्रहरुलाई दायित्व सुम्पियो । समयको परिवर्तनसँगै आज सबै सभ्य राष्ट्रहरुले महिला विरुद्ध हुने दुर्व्यवहार र हिंसात्मक कार्यलाई अपराधको रुपमा स्वीकार गरी सकेको पाइन्छ । प्रस्तुत लेखमा महिला विरुद्ध हुने हिंसाहरु मध्येको घरेलु हिंसाको सम्बन्धमा अवधारणागत पक्षदेखि प्रचलित कानूनी व्यवस्था एवं न्यायिक अभ्यासका विषयमा चर्चा गरिएको छ ।

## २. अर्थ र परिभाषाः

महिला विरुद्धको हिंसा, घरेलु हिंसा, घरेलु दुर्व्यवहार, नजिकको साथीबाट हुने दुर्व्यवहार र पारिवारिक दुर्व्यवहार जस्ता शब्दावलीलाई सामान्यतया एउटै अर्थबोध हुने शब्दावलीको रुपमा लिने गरिन्छ । अवधारणागतरुपमा महिला विरुद्धको हिंसा र घरेलु हिंसा भिन्न छन् । तथापि घरेलु हिंसाबाट अधिकरुपमा महिला पीडित हुने गरेको यथार्थ हो । महिला विरुद्ध हुने हिंसाको समाप्ति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९३ ले महिला विरुद्धको हिंसाको सर्वसम्मत परिभाषा गरेको छ जस अनुसारः

> "*any act of gender-based violence that results in, or is likely to result in, physical, sexual, or psychological harm or suffering to women, including threats of such acts, coercion or arbitrary deprivation of liberty, whether occurring in public or private life*"

उक्त घोषणापत्रले लिङ्गको आधारमा गरिने कुनैपनि हिंसात्मक कार्य जसले महिलालाई शारीरिक, यौनिक वा मनोवैज्ञानिक असर वा पीडा पुऱ्याउदछ र त्यस्तो कुनै हिंसात्मक कार्य गर्ने धम्की, दबाब वा बालत् स्वतन्त्रताको अपहरण जस्ता कार्य जुन सार्वजनिक वा व्यक्तिगत जीवनमा नै किन नगरियोस् ती सबै कार्यलाई महिला विरुद्धको हिंसाको रुपमा परिभाषा गरेको छ । महिला विरुद्ध हुने हिंसात्मक कार्यले महिलाका समानता, स्वतन्त्रता, सुरक्षा, मर्यादा, आत्मसम्मान एवं मौलिक स्वतन्त्रताहरुको उपयोग गर्न पाउने अधिकारलाई कुण्ठित गर्ने भएकोले यसलाई व्यापक रुपमा महिला अधिकारको उल्लंघनको रुपमा सर्वत्र स्वीकार गरिएको छ ।

UNICEF का अनुसार महिला विरुद्धको हिंसाले महिलालाई शारीरिक, मानसिक, मनोवैज्ञानिक तथा आर्थिक रुपमा नै पीडा पुऱ्याउने कार्य व्यापक रुपमा विश्वमा निरन्तर चलिरहेको तथ्य औल्याएको देखिन्छ । यसैगरी European Union को प्रतिवेदन अनुसार १६ देखि ४४ उमेर समूहभित्रका महिलाहरुको मृत्यु र प्रतिकूल स्वास्थ्य स्थितिको सृजनाको मूल कारणमा घरेलु हिंसा नै रहेको भन्ने देखिएको छ । यसैगरी WHO को प्रतिबेदन अनुसार ७० प्रतिशतभन्दा बढी महिलाहरुको हत्या (femicides) र एक तिहाइभन्दा बढी बालिकाहरुलाई जवरजस्ती वा बाध्य पारी गरिने यौनिक समागमको कार्य आफ्नै पुरुष साथीबाट हुने गरेको तथ्य देखिएको छ ।[569]

Black's Law Dictionary ले ***Violence*** लाई "*unjust or unwanted use of force, as accompanied by fury, act of rage, physical force, unlawful exercised with the intention to harm"*. भनी परिभाषा गर्दै घरेलु हिंसालाई *"Violence between members household use spouses, an assault or other violent act committed by one member of a household against another".*[570]

डा. शंकर कुमार श्रेष्ठद्वारा लिखित कानूनी शब्दकोषको अनुसार घरेलु हिंसालाई "*violence between members of household against another.*"[571] भनी अर्थ गरेको देखिन्छ ।

मानव अधिकार रिपोर्टर Ms. Radhika Coomaraswamy ले मानव अधिकार आयोगको प्रतिबेदनमा घरेलु हिंसालाई यसप्रकार उल्लेख गर्नु भएको छ : "*all acts of gender-based physical, psychological and sexual abuse by a family member against women in the family, ranging from simple assaults to aggravated physical battery, kidnapping, threats, intimidation, coercion, stalking, humiliating verbal abuse, forcible or unlawful entry, arson, destruction of property, sexual violence, marital rape, dowry or bride-price related violence, female genital mutilation, violence related to exploitation through prostitution, violence against household workers and attempts to commit such acts shall be termed Domestic Violence*.[572]

[569] Ahmad, A., & Jaleel, A. (2015). Prevalence and Correlates of Violence against Women in Nepal: Findings from Nepal Demographic Health Survey, 2011. Advances in Applied Sociology, 5,118.http://dx.doi.org/10.4236/aasoci.2015.54011 Accessed on 2074-1-17

[570] **Black's Law Dictionary**,8th ed. (2004)

[571] Dr. Shankar Kumar Shrestha, **Dictionary of Law & Justice**, Pairavi Prakashan, Kathmandu. (2004)

[572] Report of the Special Rapporteur on violence against women, its causes and consequences, Ms. Radhika Coomaraswamy, submitted in accordance with Commission on Human Rights resolution 1995, A Framework for model legislation on domestic violence, E/CN.4/1996/53/Add.2,feb.1996

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले घरेलु हिंसा,घरेलु सम्बन्ध, शारीरिक यातना, मानसिक यातना, यौनजन्य यातना र आर्थिक यातना जस्ता शब्दावलीहरुको समेत परिभाषा गरेको छ जस अनुसारः

***"घरेलु हिंसा"*** *भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।*[573]

***"घरेलु सम्बन्ध"*** *भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँग बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउदछ ।* [574]

समग्रतामा घरेलु हिंसा भन्नाले घरेलु सम्बन्ध भएको कुने व्यक्तिले अर्को कुनै व्यक्तिलाई कुनै कार्य गरी वा नगरी (act or ommission) वा व्यवहारबाट शारीरिक, मानसिक, मनोवैज्ञानिक, भावनात्मक वा आर्थिक र सामाजिक यातना दिने कार्यलाई बुझ्नु पर्ने हुन्छ भने घरेलु सम्बन्ध भन्नाले कुनै पनि रुपबाट एउटै परिवारको सदस्य भई सँगै बसेको वा अलग बसेको जुनसुकै अवस्थाको भएपनि सम्बन्ध स्थापित भएको अवस्थालाई बुझ्नु पर्ने हुन्छ ।

## ३. घरेलु हिंसाको प्रकृति र विशेषताहरुः

मुलतः घरेलु हिंसा घरभित्रका सदस्यहरुले आफ्नै सदस्य विरुद्ध गरिने जुनसुकै किसिमको हिंसात्मक कार्यलाई जनाउने भएको हुँदा यसका आफनै किसिमको स्वभाव वा विशेषताहरु रहेको देखिन्छ । घरेलु हिंसाको स्वभाव, प्रकृति वा विशेषताहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ[575] :

१. यो आफ्नै नाता सम्बन्धका व्यक्तिहरुबाट गरिन्छ ।
२. समाजमा माया र सहयोग पाउनु पर्ने नजिकका नाता सम्बन्धका व्यक्तिहरुबाट यस्तो घटना घटाइन्छ ।
३. यस्तो प्रकृतिको दुर्व्यवहार निरन्तर दोहरिरहने भएकोले एकपछि अर्को किसिमको हिंसाको घटनाबाट पीडित हुने अवस्था सिर्जना भएको हुन्छ ।
४. घरेलु हिंसा पीडितलाई नियन्त्रण र दबाबमा राख्न प्रयोग गरिन्छ ।

[573] घरेलु हिंसा (कसुर र सजाय ) ऐन, २०६६, दफा २(क)

[574] ऐ ऐ , दफा २(ख)

[575] Prof. Dr. Rajit Bhakta Pradhanaga & Advocate Purna Shrestha, ***Domestic Violence Against Women: Concept, History & Existing Laws, annual survey of Nepalese Law***, Ktm. Nepal Bar Council, p. 54 (2004)

५. यस्तो हिंसाको भावनात्मक एवं मनोवैज्ञानिक प्रभाव पीडितलाई गहिरो परेको हुन्छ ।

## ४. घरेलु हिंसाका प्रकारहरुः

घरेलु हिंसाका प्रकारहरुको बारेमा चर्चा गर्दा शारीरिक, मानसिक, मनोबैज्ञानिक, भावनात्मक, आर्थिक र यौनिक यातना भनी वर्गीकरण गरेको देखिन्छ भने कतिपय अवस्थामा मानसिक, भावनात्मक र मनोवैज्ञानिक यातनालाई एउटै श्रेणीमा राखी सामाजिक र आर्थिक यातनालाई पनि एउटै श्रेणीमा राखेको पाइन्छ । यसर्थ अध्ययनको सहजताको लागि यस शीर्षकमा शारीरिक, मानसिक,मनोवैज्ञानिक र भावनात्मक यातना, सामाजिक र आर्थिक यातना र यौनिक यातना गरी वर्गीकरण गरी चर्चा गरिएको छ ।

**४.१ शारीरिक यातना** : घरको एक सदस्यले अर्को सदस्यलाई घरभित्र दिइने शारीरिक यातनालाई घरेलु हिंसाको बढी गम्भीर प्रकृतिको हिंसाको रुपमा लिइन्छ । शारीरिक हिंसा अन्तर्गत सामान्य कुटपिटको घटनादेखि लिएर ज्यान मार्ने धम्की लगायत ज्यानै लिनेसम्मका कार्यहरु पर्दछ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले ***"शारीरिक यातना"*** *भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा त्यस्तै प्रकारको अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ*[576] भनी शारीरिक यातनाको परिभाषा गरेको देखिन्छ भने घरेलु हिंसा सम्बन्धी भारतीय कानूनले शारीरिक हिंसालाई यस प्रकार परिभाषित गरेको छ :

> *"**Physical abuse**" means any act or conduct which is of such a nature as to cause bodily pain, harm or danger to life, limb or health or impaire the health or development of the aggrieved person including assault, criminal intimidation and criminal force.*[577]

अध्ययनले देखाए अनुसार १५ वर्ष देखि ४९ वर्ष उमेर समूहका महिलाहरुले आफ्नो जीवन अवधिमा कम्तीमा पनि एक पटक शारीरिक यातना पाउने गरेको र यस्ता यातनाको शिकार हुने महिलाहरु २२ प्रतिशत रहेको पाइन्छ । वैवाहिक सम्बन्धमा रहेको महिलाहरुमा शारीरिक यातनाको रुपमा कुटपिटबाट पीडित हुने गरेको देखिन्छ । महिलाको उमेर, जात, जाती, आर्थिक अवस्था, भौगोलिक अवस्था र सन्तानको संख्याको आधारमा पारिवारिक यातनामा विविधता देखिन्छ । बेरोजगार महिलाको तुलनामा रोजगार महिलाहरु यातनाबाट कम पीडित भएको देखिन्छ

[576] घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६, दफा २(ग)

[577] The Protection of Women from Domestic Violence Act, 2005, sect. 3 explantion 1

भने विवाहित महिलाहरु आफ्नै लोग्नेबाट र अविवाहित महिलाहरु बुबा, आमा र दाजुभाइबाट पीडित हुने गरेको अध्ययनले देखाएको छ ।[578]

## ४.२ मानसिक, भावनात्मक र मनोवैज्ञानिक यातनाः

मानसिक, मनोवैज्ञानिक एवं भावनात्मक रुपमा दिइने यातना बोलेर वा नबोली व्यवहारबाट ( verbal or non-verbal ) पनि गर्न सकिन्छ । यस्तो प्रकृतिको यातनाको प्रभाव अप्रत्यक्ष रुपमा शारीरिक यातनाको भन्दा बढी पर्ने गरेको हुन्छ । अध्ययनले देखाए अनुसार बोलेर वा व्यवहारबाट गरिने शब्दजन्य वा व्यवहारजन्य यातननाले भावनात्मक चोट पार्ने हुँदा यसको प्रभाव र असर बढी गम्भीर हुने गर्दछ ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले ***"मानसिक यातना"*** *भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानीत गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्ने दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउछ* [579]भनी परिभाषित गरेको छ ।

भारतिय घरेलु हिंसा सम्बन्धी कानूनले मानसिक यातनालाई verbal and emotional abuse[580] को रुपमा देहाय बमोजिम अर्थाएको पाईन्छ :

*(a) insults, ridicule, humiliation, name calling, and insults, ridicule specially with regardd to not having a child or a male child; and*

*(b) repeated threats to cause physical pain to any person to whom the aggrieved person is interested.*

अध्ययनले देखाए अनुसार १६ प्रतिशत महिलाहरु उपर वेइज्जती, धम्कीपूर्ण व्यवहार एवं अपमानीत हुने गरेको र २१ प्रतिशत कामकाजी महिलाहरु भावनात्मक यातनाबाट पीडित हुने गरेको देखिएको छ ।[581]

---

[578] http:// www.vawhack.org/data accessed on 2074-115
[579] घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६, दफा २(घ)
[580] The Protection of Women from Domestic Violence Act, 2005, sect. 3 explantion 3
[581] http:// www.vawhack.org/data accessed on 2074-115

## ४.३ यौनजन्य यातनाः

यौनजन्य यातना अन्तर्गत कसैलाई उसको इच्छा विपरीत, असुरक्षित एवं तल्लोस्तरको यौनिक कार्यमा संलग्न हुन बाध्य पारिने जस्ता कार्यहरुलाई समावेश गर्न सकिन्छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले ***"यौनजन्य यातना"*** *भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।* [582]

भारतिय घरेलु हिंसा सम्बन्धी कानूनले यौनजन्य यातनालाई यसरी अर्थाएको देखिन्छः *Sexual abuse includes any conduct of sexual nature that abuses, humiliates, degrades or otherdwise violates the dignity of women.*[583]

अध्ययनले देखाएअनुसार १२ प्रतिशत महिलाहरु १५ वर्षको उमेर समूह देखिनै आफनो जीवनमा कम्तीमा एक पटक यौनजन्य यातनाबाट पीडित हुने गरेको र ४३ प्रतिशत महिलाहरु कार्यस्थलमा यौन दुर्व्यवहारबाट पीडित हुने गरेको देखिएको छ ।[584]

## ४.४ सामाजिक तथा आर्थिक यातनाः

समाजमा रहेको प्रथा, परम्परा, धार्मिक रीतिरिवाज, संस्कार लगायत आर्थिक उत्पादनमा संलग्न नभएको कारण पनि महिलाहरु अपहेलित एवं यातनाबाट पीडित हुनु परेको अवस्था देखिन्छ । परम्परागत एवं रुढीबादी सोचको कारण समाजमा महिलाहरु दोश्रो दर्जाका सदस्यको रुपमा रहेको कारण पनि घरेलु हिंसाको पीडित हुनु परेको देखिन्छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले ***"आर्थिक यातना"*** *भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।* [585] भनी अर्थ गरेको छ ।

यसै गरी भारतिय घरेलु हिंसा समबन्धी कानूनले economical abuse[586] लाई यस प्रकार अर्थाएको छ :

[582] घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६, दफा २(ङ)
[583] The Protection of Women from Domestic Violence Act, 2005, sect. 3 explantion 2
[584] http:// www.vawhack.org/data accessed on 2074-115
[585] घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६, दफा २(च)
[586] The Protection of Women from Domestic Violence Act, 2005, sect. 3 explantion 4

*(a) deprivation of all or any economic or financial resources to which the aggrieved person is entitled under any law or custom whether payable under an order of a court or otherwise or which the aggrieved person rrequires out of nececssity including, but not limited to, household necessity for the aggrieved person and her children, if any, stridhan, porperty, jointly or seperately when by aggrieved person, payment of rental related to the shared household and maintenance;*

*(b) disposal of household effects, any alienation of assest whether movable or immovable, valuables, shares, securities, bonds and the like or other property in which the aggrieved person has an interest or is entitled to use by virtue of domestic relationship or which may be reasonably required by the aggrieved person or her children or stridhan or any other property jointly or sedperately held by aggrieved person; and*

*(c) prohibition or ristriction to countued access to resourcces or facilities which the aggrieved person is entitled to use or enjoy by virtue of the domestic relationship including access to shared household.*

## ५. घरेलु हिंसाका स्वरुपहरुः

हालसम्मका अध्ययन अनुसन्धानबाट घरेलु हिंसाका स्वरुपहरु देहाय बमोजिमका देखिएका छन् ।

- कुटपिट गर्ने,
- हात बटार्ने
- थप्पड हिर्काउने
- हतियारबाट घोच्ने
- घाँटी न्याक्ने
- आगोले पोल्ने
- केही बस्तु कोच्याउने
- ज्यान मार्ने
- जबरजस्ती रुपमा करणी गर्ने
- यौन दुर्व्यवहार गर्ने
- गाली गलौज गर्ने

- एकल महिला भनेर हेप्ने वा दुर्व्यवहार गर्ने
- हातहतियार देखाएर धम्क्याउने, तर्साउने
- बोक्सा बोक्सीको आरोप लगाउने
- एसिड छ्याप्ने वा पोल्ने
- जवरजस्ती वेश्यावृतिमा लगाउने
- जवरजस्ती गर्भपात गराउन लगाउने, इत्यादि ।

## ६. घरेलु हिंसा हुने कारणहरुः

- पितृसतात्मक समाज
- सामाजिक परम्परा
- धर्म, रीतिरिवाज र प्रथाजनित अभ्यास
- आर्थिक परनिर्भरता
- सचेतनाको अभाव
- कानूनी संरक्षणको अभाव
- अशिक्षा
- बेरोजगार
- मादक पदार्थको सेवन आदि

## ७. घरेलु हिंसासँग सम्बन्धित अन्तर्राष्ट्रिय संयन्त्रहरुः

मानव अधिकार महिला र पुरुष दुबैले मानव भएको नाताले समान रुपमा उपयोग गर्न पाउनु पर्ने कुरा निर्विवाद छ । संयुक्त राष्ट्र संघको स्थापनापछि संघको वडापत्रमा मौलिक मानव अधिकार, मानवीय मर्यादा र मूल्य एवं नर नारीको समान हक सुनिश्चित एवं सुदृढ बनाउने संकल्प प्रस्तावनामा उल्लेख गरिनुबाट पनि महिला र पुरुष वीच समानतामा आधारित विश्व समुदाय निर्माण गर्ने तर्फ संघको क्रियाशिलता झल्किन्छ । सदस्य राष्ट्रको हैसियतले महिला र पुरुष वीच अधिकारको प्रयोगमा समानता कायम गरिनु पर्ने दायित्वलाई उक्त वडापत्रले समेत स्वीकार गरेको देखिन्छ । यस विश्व संस्थाको स्थापनापछि विभिन्न समयमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको निर्माणमा उल्लेखनीय योगदान रहेको छ । संयुक्त राष्ट्र संघको अग्रसरतामा निर्माण भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुले प्रत्यक्ष एवं परोक्ष रुपबाट महिला विरुद्ध हुने हिंसात्मक क्रियाकलापलाई निरुत्साहित गर्दै महिला अधिकारको संरक्षणमा जोड दिएको पाइन्छ ।

## ७.१ मानव अधिकार सम्बन्धी विश्वव्यपी घोषणापत्र १९४८:

यस घोषणापत्रको प्रस्तावनाले मानव परिवारका सबै सदस्यहरुमा अन्तर्निहित मर्यादा र सम्मान तथा अहरणीय अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधारको रुपमा स्वीकार गर्दै मानव अधिकारको संरक्षणमा विशेष जोड दिएको छ । मानव अधिकारको म्याग्नाकार्टाको रुपमा रहेको यस घोषणापत्रले सबै मानिस जन्मजात स्वतन्त्रता र मर्यादा एवं अधिकारमा समान रहने,[587] जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अरु विचार, राष्ट्रिय वा सामाजिक उत्पति वा अरु कुनै हैसियतमा भेदभावविना अधिकार र स्वतन्त्रका हकदार हुने,[588] हरेक व्यक्तिलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार हुने,[589] बाँधा वा दास विरुद्धको अधिकार,[590] कसैलाई पनि यातना, क्रुर, अमानवीय वा अपमानजनक व्यवहार नगरिने,[591] कानूनको दृष्टिमा सबै समान र विनाभेदभाव कानूनको समान संरक्षणको हकदार हुने,[592] प्रत्येक मानिसलाई संविधान वा कानूनद्धारा प्रद्धत मौलिक अधिकारको उल्लंघन विरुद्ध प्रभावकारी उपचार पाउने अधिकार हुने,[593] गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावी हस्तक्षेप नगरिने,[594] वयस्क नर नारीलाई आपसमा विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार हुने एवं नर नारी दुबैको स्वतन्त्र र पूर्ण सहमतिबाट मात्र विवाह हुने,[595] प्रत्येक मानिसलाई एक्लै वा अरुसँग मिलेर सम्पतिको स्वामित्व लिने अधिकार हुने र त्यस्तो सम्पतिबाट जथाभावी वञ्चित नगरिने,[596] मुलुकको शासनमा प्रत्यक्ष वा स्वतन्त्र रुपले चुनिएको जनप्रतिनिधि मार्फत सहभागी हुने अधिकार र सार्वजनिक सेवामा समान पहुँच र सुलभताको अधिकार,[597] सामाजिक सुरक्षाको अधिकार,[598] बेरोजगारी विरुद्धको अधिकार,[599] आवास, स्वास्थ्य उपचार एवं सामाजिक सेवाको अधिकार,[600]

[587]मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४९, धारा १
[588]ऐजन, धारा २
[589]ऐजन, धारा ३
[590]ऐजन, धारा ४
[591]ऐजन, धारा ५
[592]ऐजन, धारा ६
[593]ऐजन, धारा ८
[594]ऐजन, धारा १२
[595]ऐजन, धारा १६
[596]ऐजन, धारा १७
[597]ऐजन, धारा २१
[598]ऐजन, धारा २२
[599]ऐजन, धारा २३
[600]ऐजन, धारा २५

प्रारम्भिक र आधारभूत शिक्षा निःशुल्क पाउने अधिकार[601] जस्ता नैसर्गिक अधिकारहरुको व्यवस्था गरिएको छ ।

## ७.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६:

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको प्रभावकारी कार्यान्वयन गर्ने र नागरिक तथा राजनीतिक अधिकारहरुको संरक्षण एवं सम्बर्द्धन गर्ने उद्देश्यले जारी भएको यस अनुबन्धले समिति प्रणालीलाई समेत स्वीकार गरेको हुँदा यो अनुबन्ध अन्तर्राष्ट्रिय सारभूत कानूनको रुपमा रहेको छ । पक्षराष्ट्रहरुको क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना अनुबन्धमा स्वीकृत अधिकारहरुको सम्मान र सुनिश्चितता प्रदान गर्ने दायित्व राज्यलाई सुम्पिएको छ ।[602] यसै गरी हरेक व्यक्तिको बाँच्न पाउने अन्तर्निहित अधिकार हुने, उक्त अधिकारको रक्षा कानूनद्वारा गरिने र यो अधिकारबाट जथाभावी वञ्चित नगरिने[603] व्यवस्था गरी बाँच्न पाउने अधिकारलाई सर्वोपरि अधिकारको रुपमा स्थापित गरेको छ ।

यो अनुबन्धले यातनालाई पूर्णतः निषेध गरेको छ । कसैलाई पनि यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार र सजाय नगरिने,[604] सबै किसिमका दासत्व तथा दास व्यापारलाई निषेध गरिने,[605] हरेक व्यक्तिलाई स्वतन्त्रता र व्यक्तिगत जीवनको सुरक्षाको अधिकार हुने र कानूनले स्थापना गरेको आधार र कार्यविधि बमोजिम बाहेक कसैलाई पनि स्वतन्त्रताबाट बञ्चित नगरिने,[606] हरेक व्यक्तिलाई कानूनसमक्ष व्यक्तिका रुपमा मान्यता पाउने अधिकार हुने,[607] कसैलाई पनि निजी गोपनियता, परिवार, घर वा पत्राचार उपर जथाभावी वा गैरकानूनी हस्तषेप नगरिने, प्रतिष्ठा र ख्यातिमा गैरकानूनी आघात नपुर्‍याइने र यस्तो हस्तक्षेप वा आघात विरुद्ध कानूनी संरक्षणको अधिकार हुने,[608] विवाहयोग्य उमेरका महिला र पुरुष वीच विवाह गर्ने तथा परिवार खडा गर्ने अधिकार हुने,[609] सबै व्यक्ति कानून समक्ष समान हुने र विना भेदभाव

[601]ऐजन, धारा २६
[602]नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा २
[603]ऐजन, धारा ६
[604]ऐजन, धारा ७
[605]ऐजन, धारा ८
[606]ऐजन, धारा ९
[607]ऐजन, धारा १६
[608]ऐजन, धारा १७
[609]ऐजन, धारा २३

कानूनको समान संरक्षणको हकदार हुने तथा जुनसुकै आधार वा हैसियतमा गरिने भेदभाव विरुद्ध सबै व्यक्तिलाई समान एवं प्रभावकारी संरक्षण प्रत्याभूत गरिने जस्ता महत्वपूर्ण अधिकारहरको व्यवस्था गरिएको छ ।

## ७.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६:

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण विना नागरिक तथा राजनीतिक अधिकार पूर्ण नहुने र समग्रतामा मानव अधिकारको संरक्षणमा टेवा नपुग्ने वास्तविकतालाई ध्यानमा राख्दै मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेखित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको प्रभावकारी कार्यान्वयनको लागि यो अनुबन्ध जारी गरियो ।

पक्ष राष्ट्रहरुले यो अनुबन्धमा उल्लेखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपयोग गर्ने पुरुष र महिलाको समान अधिकार सुनिश्चित गर्न प्रतिज्ञा गर्छन् भन्ने व्यवस्था रहेको छ[610] । इच्छुक बरबधुको स्वतन्त्र सहमतिबाट विवाह गर्ने अधिकार, शिशु जन्मिनु अघि वा पछिको उचित अवधिभर आमालाई विशेष संरक्षण गर्नु पर्ने, पितृत्व वा अन्य अवस्थाका आधारमा भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा वयस्कहरुको संरक्षण थर्नु पर्ने दायित्व तोकिएको छ । राष्ट्रहरुले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्ने,[611] प्रत्येक व्यक्तिको शारीरिक, मानसिक स्वास्थ्यको उच्चतम् उपभोग गर्ने अधिकार स्वकिार गर्ने,[612] प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्ने,[613] प्रत्येक व्यक्तिले साँस्कृतिक जीवनमा सहभागी हुने हकलाई राज्यले स्वीकार गर्ने[614] लगायतका अधिकारहरुको व्यवस्था गरिएको छ ।

## ७.४ यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४:

संयुक्त राष्ट्र संघको वडापत्रमा घोषित सिद्धान्त अनुसार मानव परिवारका सबै सदस्यहरुको समान र अहरणिय अधिकारको मान्यतालाई नै विश्वको स्वतन्त्रता, न्याय र शान्किो आधारशीला ठान्दै कसैलाई पनि यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने उल्लेख भएका मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ र नागरिक तथा

[610] आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा ३

[611] ऐजन, धारा ११

[612] ऐजन, धारा १२

[613] ऐजन, धारा १३

[614] ऐजन, धारा १४

राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ प्रति पूर्ण निष्ठा राख्दै सबै मानिसलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट संरक्षण गर्ने उद्देश्यले निर्माण भएको यो सन्धिले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई पूर्णतः निषेध गरेको छ भने पक्ष राष्ट्रहरुलाई यस्ता व्यवहारलाई फौजदारी कसूरको रुपमा स्वीकार गरी सजाय समेतको व्यवस्था हुने गरी घरेलु कानून निर्माण गर्ने दायित्व सुम्पेको छ । यस महासन्धिमा राज्यहरुले आफ्ना क्षेत्राधिकार भित्रका भूभागमा यातनाको कार्यलाई रोक्न प्रभावकारी कानूनी, प्रशासकीय, न्यायिक वा अन्य उपायहरु अपनाउनु पर्ने,[615] पक्ष राष्ट्रले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानून अन्तर्गत कसूर सुनिश्चित गर्नु पर्ने, यातनाको उद्योग, मतियार वा सहयोगीको हकमा पनि सोही कुरा लागू हुने, र यी कसूरहरुलाई तिनको गम्भीर प्रकृति समेतलाई ध्यानमा राखी उपयुक्त दण्ड सजायद्वारा दण्डनीय बनाउनु पर्ने,[616] जस्ता यातना विरुद्धका अधिकारहरुको व्यवस्था गरिएको छ ।

## ७.५ महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९:

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रले भेदभाव सम्बन्धी मान्यतालाई अस्वीकार गरेको तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका पक्ष राष्ट्रहरुले पुरुष र महिलालाई सबै आर्थिक, समाजिक, साँस्कृतिक, नागरिक एवं राजनीतिक अधिकारहरु समान रुपले उपयोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व स्वीकार गरिसकेको परिप्रेक्षमा लिङ्गको आधारमा हुने भेदभाव लगायत अन्य कुनै पनि भेदभाव विना आफ्ना हक अधिकारहरु उपयोग गर्न पाउनु पर्नेमा महिला विरुद्ध हुने भेदभाव कायमै रहेको र यस्ता भेदभावले समानता सम्बन्धी सिद्धान्त, मानव मर्यादाप्रतिको आदरभावलाई खलल पार्ने, महिलाले पुरुषसँग समानताको आधारमा राजनीतिक, आर्थिक र सांस्कृतिक जीवनमा सहभागी हुने स्थितिमा व्यवधान उत्पन्न हुने, समाज र परिवार कै उन्नति र विकासमा बाधा पुऱ्याउने, महिलाको क्षमताको पूर्ण विकासलाई अवरुद्ध पार्ने हुँदा महिला विरुद्ध हुने सबै प्रकारका भेदभावलाई उन्मूलन गर्ने उद्देश्यले यो महासन्धि जारी भएको देखिन्छ । यस महासन्धिले पहिलो पटक महिला अधिकारलाई मानव अधिकारको रुपमा अन्तर्राष्ट्रिय जगतमा मान्यता दिएको छ । यस महासन्धिमा भएका केही मूलभूत अधिकारहरुको मात्र यहाँ चर्चा गरिएको छ ।

- यस महासन्धिले “महिला विरुद्ध भेदभाव” भन्नाले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सँस्कृतिक, नागरिक वा अन्य कुने विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएपनि, पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यस्तो मान्यतालाईनै क्षति वा शून्यकरण

[615] यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी महनसन्धी,१९८४ धारा २(१)
[616] ऐजन, धारा ४

पार्ने उद्देश्यले भएको लिङ्गको आधारमा हुने कुनैपनि भेदभाव वा वहिष्कार वा प्रतिबन्ध सम्झनु पर्छ ।[617]

- महिला विरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन पर्ने उपयुक्त नीति अविलम्ब अपनाउन मञ्जुर गर्दै महिला र पुरुषमा समानताको सिद्धान्तलाई आफ्नो देशको संविधान वा कानूनमा समावेश गरी व्यवहारिक रुपमा साकार पार्ने, महिला विरुद्धका सम्पूर्ण भेदभावलाई प्रतिबन्ध लगाउन व्यवस्थापकीय तथा अन्य उपायहरु अपनाउने तथा आवश्यक भएमा दण्ड सजायको समेत व्यवस्था गर्ने, पुरुष सरह समान आधारमा महिला अधिकारको कानूनी संरक्षण गर्ने, महिला विरुद्ध भेदभाव गराउने प्रचलित कुनै पनि नियम, कानुन, परम्परा तथा प्रचलनलाई सुधार गर्ने वा हटाउने, महिला विरुद्ध भेदभाव गराउने समपूर्ण दण्ड व्यवस्थाहरु खारेज गर्ने[618],
- पुरुष तथा महिला सम्बन्धी पुरातन भूमिकामा आधारित वा कुनै खास लिङ्गको महत्ताभाष वा लघुत्ताभाषमा आधारित दुराग्रहको तथा परम्परागत एवं अन्य प्रकारको प्रचलनहरुलाई उन्मूलन गर्ने उद्देश्य प्राप्तिका लागि पुरुष तथा महिलामा रहेको स्वभाविक प्रकृतिका सामाजिक तथा सांस्कृतिक आचरण पद्धतिलाई बदल्ने[619],
- महिलाको किनबेच तथा महिलाको वेश्यावृतिको शोषण लगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानून बनाउने,[620]
- राजनीतिक तथा सार्वजनिक जीवनमा खासगरी बराबरीको आधारमा पुरुष सरह सहभागी हुन पाउने कुरा सुनिश्चित गर्ने[621] र अन्तर्राष्ट्रिय तथा सरकारको प्रतिनिधित्व गर्न पाउने अवसर तथा अन्तर्राष्ट्रिय संगठनहरुको कार्यमा भाग लिन पाउने अवसर सुनिश्चित गर्ने,[622]
- महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरह समान अधिकार प्राप्तीको व्यवस्था सुनिश्चित गर्ने[623], रोजगारीको क्षेत्रमा महिलालाई पुरुष सरह समानताको आधारमा समान हक सुनिश्चित गर्ने र विवाह वा मातृत्वको आधारमा महिला विरुद्ध हुने भेदभाव रोक्ने,[624]
- कानूनको दृष्टिमा महिलालाई पुरुष सरहको समानता प्रदान गर्ने,[625]

[617]महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन समबन्धी महासन्धी १९७९, धारा १
[618]ऐजन, धारा २
[619]ऐजन, धारा ५
[620]एजन, धारा ६
[621]ऐजन, धारा ७
[622]ऐजन, धारा ८
[623]ऐजन, धारा १०
[624]ऐजन, धारा १

- विवाह गर्ने समान अधिकार हुने, आफ्नो जीवन साथी स्वतन्त्र रुपले छान्न पाउने तथा उनीहरुको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने, विवाह पर्यन्त तथा सम्बन्ध विच्छेद पश्चातको अवस्थामा समान अधिकार र दायित्व दिलाउने, विवाहको स्थिति जे जस्तो रहेपनि बालबच्चा सम्बन्धी कुराहरुमा बुबाआमा दुबैलाई समान अधिकार र दायित्व दिलाउने र सम्पतिको सम्बन्धमा निःशुल्क वा सशुल्क रुपमा स्वामित्व प्राप्ती, बन्दोबस्त, प्रशासन, उपयोग तथा वेचविखन गर्न पाउने गरी पति पत्नि दुबैलाई समान अधिकार दिलाउने[626] आदि ।

## ७.६ महिला विरुद्धका भेदभाव उन्मूलन समितिका सिफारिसहरुः[627]

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को धारा १७ अन्तर्गत गठित समितिमा पक्षराष्ट्रहरुले महासन्धि कार्यान्वयनको अवस्था बारे आवधिक प्रतिवेदन पेश गर्नु पर्ने र सो उपर गरिएको जाँचबुँझको आधारमा विभिन्न सिफारिसहरु गरिने हुँदा समितिले गरेको सिफारिस मध्ये सामान्य सिफारिस नं.१२, १४ र १९ महिला विरुद्ध हुने हिंसाको एक हिस्साको रुपमा रहेको घरेलु हिंसासँग बढी सम्बन्धित रहेको हुँदा यहाँ उक्त सिफारिसहरुको मात्र संक्षिप्त चर्चा गरिएको छ ।

### ७.६.१ सामान्य सिफारिश नं. १२ (आठौं सत्र १९८९)

महासन्धिको धारा २, ५, ११, १२ र १६ का प्रावधानहरुका सर्न्दभमा परिवारभित्र हुने, कार्यस्थलमा वा अन्य सामाजिक जीवनमा हुने महिला विरुद्धको हिंसालाई मध्यनजर गर्दै पक्ष राष्ट्रहरुले तिनका आवधिक प्रतिवेदनमा देहायका कुराहरु समावेश गरी समितिमा सूचित गर्नुपर्ने गरी सिफारिश गरेको छ :-

- महिला विरुद्ध दैनिक जीवनमा हुने सबै प्रकारका हिंसाबाट संरक्षण गर्न लागू गरिएको कानून (यौनजन्य हिंसा, परिवारभित्र हुने हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार समेत)
- हिंसा निर्मूल गर्न अपनाइएका अन्य उपायहरु
- हिंसाबाट पीडित महिलाहरुका सम्बन्धमा सहयोग वा सेवाको विद्यमानता,
- महिला विरुद्धका सबै प्रकारका हिंसाका घटनाहरु र हिंसाबाट पीडित महिलाहरुको तथ्याङ्कीय सूचना (Statistical Data)

---

[625] ऐजन, धारा १५

[626] ऐजन, धारा १६

[627] नृपध्वज निरौला समेत, घरेलु हिंसा, न्याय प्रशासनमा मानव अधिकार श्रोत सामाग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान(२०७१), पृ. ३५५-५८

### ७.६.२ सामान्य सिफारिस नं. १४ (नवौं सत्र, १९९०)

भगाङकुर छेदन (Female Circumcision) र यस्तै प्रकारका अन्य परम्परागत व्यवहार र प्रचलन महिलाको स्वाथ्यको लागि हानीकारक छ भन्ने चासो व्यक्त गर्दै र सम्बद्ध विभिन्न निकायहरुको सहयोग, समर्थन र दबाबको अपेक्षा गर्दै राज्य पक्षले देहायका उपायहरु अपनाउन समितिले सिफारिस गरेको छ :-

- भगाङ्कुर छेदन परम्परागत व्यवहार प्रचलनको बारेमा आधारभूत तथ्याङ विश्वविद्यालय, मेडिकल र नर्सिङ संगठन तथा राष्ट्रिय महिला संगठनहरु मार्फत संकलन गरी प्रसारण (Dissemination) गर्ने,
- राष्ट्रिय तथा स्थानीय तहमा काम गरिरहेका महिला संगठनहरुको सहयोगमा भगाङ्कुर छेदन तथा महिलालाई हानी पुऱ्याउने यस्ता अन्य प्रचलनहरुको उन्मूलन गर्ने,
- भगाङ्कुर छेदनलाई उन्मूलन गर्न सबै तहका राजनीतिज्ञ, व्यावसायिक व्यक्तिहरु (Profesionals) धार्मिक तथा सामुदायिक नेता, सञ्चार जगतसँग समन्वय गरी अवधारणामा परिवर्तन ल्याउने,
- भगाङ्कुर छेदनबाट उत्पन्न हुने समस्याबारे अनुसन्धान गरी त्यस आधारमा शिक्षा, तालिम, सेमिनार जस्ता कार्यक्रम सञ्चालन गर्ने,
- पक्ष राष्ट्रहरुले भगाङ्कुर छेदन निर्मूल गर्न राष्ट्रिय स्वास्थ नीति ल्याउने,
- यस्ता हानीकारक परम्परागत प्रचलनको अन्त्य गर्न पक्ष राज्यले संयुक्त राष्ट्रसंघ प्रणालीलाई सहयोग र समर्थनको लागि आमन्त्रण गर्ने ।
- भगाङ्कुर छेदनको उन्मूलनबारे पक्ष राष्ट्रले अपनाएका उपायहरुबारे उल्लेख गरी प्रतिवेदनमार्फत समितिलाई जानकारी उपलब्ध गराउने ।

### ७.६.३ सामान्य सिफारिस नं. १९ (एघारौ सत्र, १९९२)

समितिको एघारौ सत्रले महिला विरुद्धको हिंसालाई मानव अधिकारको उल्लङ्घनको रुपमा लिदै लिंगमा आधारित हिंसा भनेको महिला विरुद्ध लक्षित हिंसा नै हो । लिंगमा आधारित हिंसा भेदभावको एउटा स्वरुप हो, जसले महिलालाई पुरुषसरह समानताको आधारमा अधिकार र स्वतन्त्रताको उपभोग गर्नबाट अवरोध पुऱ्याँउछ  भन्ने कुरा पुष्ठभूमिमा उल्लेख गरेको छ । समितिले सामान्य सिफारिश गर्नु अघि महिला विरुद्धको हिंसा सम्बन्धमा महासन्धिको व्यवस्थाको व्याख्या गर्दै केही सामान्य टिप्पणीहरु (General Comments) पनि गरेको छ । जसअनुसार-

- महासन्धिले गरेको महिला विरुद्धको भेदभावअन्तर्गत शारीरिक, मानसिक वा यौनजन्य पीडा वा हानी, धम्की, धोका वा स्वतन्त्रताका अरु वञ्चितीकरणहरु पनि पर्दछन् ।
- लिंगमा आधारित हिंसाले महिलाको मानव अधिकारले जीवनको हक, यातना विरुद्धको हक, व्यक्तिको स्वतन्त्रता र सुरक्षाको हक, कानूनको समान संरक्षणको हक, परिवारमा कानूनको अगाडि समानताको हक, शारीरिक र मानसिक स्वास्थ्यको हक, उचित/उपयुक्त र सुहाउँदो वातावरणमा काम गर्ने हकको प्रयोग गर्नबाट वञ्चित गर्छ, जो महिलाउपर हुने भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको धारा १ अन्तर्गत भेदभाव मानिन्छ ।
- महिलालाई पुरुषको सहकर्मी नभई सहयोगीको रुपमा मान्ने परम्परागत प्रचलनहरुले पारिवारिक हिंसा वलपूर्वक विवाह, दाइजोको कारण मृत्यु, एसिड खन्याउने जस्ता हिंसालाई वढावा दिएको छ । महिलाको संरक्षण वा नियन्त्रणका नाममा हुने यस्ता प्रकारका परम्परागत प्रचलनहरुले अन्तत : लैगिक हिंसालाई नै परिपुष्टि गरिरहेका छन् ।
- केही राज्यहरुका परम्परागत व्यवहारको रुपमा रहेका प्रथा र प्रचलनहरु महिला र बालबालिकाको स्वास्थ्यमा हानी पुर्‍याउने खालका छन् । त्यस अन्तर्गत गर्भवती अवस्थामा पौष्टिक आहार खान नमिल्ने भन्ने भनाइ, छोराको महत्व र भगाङ्कुर छेदन लगायत छन् ।
- पारिवारिक हिंसा महिला विरुद्धको हिंसाको एक भित्री रुप हो यो सबै समाजमा रहेको छ । पारिवारिक सम्बन्धभित्र परम्परागत अवधारणाका नाम लगायतबाट सवै उमेर समूहका महिलाहरु विभिन्न प्रकारका हिंसाका पात्र भइरहेका हुन्छन् । जस्तै : कुटाइ, बलात्कार, अरु प्रकारका यौनजन्य दुराचार, मानसिक वा अन्य प्रकारका हिंसा । आर्थिक आत्मनिर्भरताको अभावले अधिकांश महिलाहरु त्यो हिंसाजन्य सम्बन्धमा पनि रहिरहन वाध्य छन् । यस्ता प्रकारका हिंसाका रुपले महिलाको स्वास्थ्य जोखिममा पर्छ नै, समानताको आधारमा पारिवारिक जीवन तथा सामाजिक जीवनमा सहभागी हुने क्षमता नै नष्ट गरिदिन्छ ।
- उपरोक्त सामान्य टिप्पणीको आधारमा समितिले गरेका सिफारिसमध्ये घरेलु हिंसा सम्बन्धित सिफारिसहरु देहाय वमोजिम उल्लेख गरिएको छ :
- सबै प्रकारका लैंगिक हिंसा - सार्वजनिक वा व्यक्तिगत कार्यद्वारा हुने हिंसालाई निर्मूल गर्नको लागि पक्ष राज्यहरुले उपयुक्त र प्रभावकारी उपायहरु अपनाउनु पर्दछ ।
- पारिवारिक हिंसा वा दुरुपयोग, बलात्कर, यौनजन्य दुराचार (Assault) र लिंगमा आधारित अन्य हिंसाबाट महिलालाई पर्याप्त संरक्षण दिन, महिलाको इज्जत, स्वाभिमान र प्रतिष्ठाको सम्मान गर्ने कुरा कानूनद्धारा सुनिश्चित गर्नुपर्दछ । पीडितलाई उपयुक्त सहयोग सेवा उपलब्ध गराउनुपर्दछ । न्यायिक वा कानून कार्यान्वयन अधिकारी तथा अन्य सार्वजनिक

पदाधिकारीहरुलाई महासन्धिको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि लैगिंक सचेतना तालिम दिनु आवश्यक छ ।

- पक्ष राज्यहरुले महिला हिंसा सम्बन्धमा तथ्यांक लिने यसका कारण र प्रभाव तथा रोकथामका उपायहरुको प्रभावकारिताबारे अनुसन्धान गर्ने कार्यलाई प्रबर्द्धन गर्नुपर्छ ।
- सञ्चार माध्यमबाट महिलालाई सम्मान गर्ने प्रभावकारी उपाय अवलम्वन गर्नुपर्छ ।
- पक्ष राज्यहरुले महिला विरुद्ध हिंसा गर्ने वा निम्त्याउने प्रथा प्रचलन अवधारणा, व्यवहार र प्रकृतिबारे आफनो प्रतिवेदनमा पहिचान गर्नुपर्दछ । त्यस्ता प्रथा प्रचलन र व्यवहारलाई हटाउन प्रभावकारी उपायहरु अवलम्वन गर्नुपर्दछ । राज्य पक्षले शिक्षा र सार्वजनिक सूचना कार्यक्रमहरु मार्फत महिलाको समानतामा अवरोध ल्याउने त्यस्ता पूर्वधारणाहरुलाई हटाउन प्रयत्न गर्नुपर्दछ ।
- महिला वेचविखन र यौनजन्य शोषणको अन्त्यको लागि राज्यले विशेष निरोधात्मक र दण्डात्मक उपायहरु आवश्यक हुन्छन् ।
- महिलाउपरको हिंसाबाट पीडितलाई प्रभावकारी उजुरी कार्यविधि र उपचार उपलब्ध गराउनुपर्दछ, त्यस अन्तर्गत क्षतिपूर्तिको व्यवस्था पनि हुनुपर्दछ ।
- पारिवारिक हिंसा, जबरजस्ती करणी, यौनजन्य आक्रमण र अन्य प्रकारका लैगिक हिंसाबाट पीडित व्यक्तिहरुको लागि पक्ष राज्यहरुले स्वास्थ्य परीक्षण र उपचार, पुनस्थापना तथा आवश्यक सल्लाहको लागि सहयोग सेवाहरुको स्थापना गर्नुपर्दछ ।
- घरेलु हिंसाबाट पीडित घरेलु कामदारलाई संरक्षणको लागि तालिम र रोजगारीको अवसर उपलब्ध गराउनु पर्ने र रोजगारको स्थितिबारे अनुगमन गरिरहनु पर्दछ ।

पारिवारिक हिंसालाई परास्त गर्न देहायका उपायहरु अपनाउन आवश्यक छ :-

- ❖ घरेलु हिंसाका मुद्दामा आवश्यकता अनुसार फौजदारी सजाय र देवानी उपचारको व्यवस्था गर्ने,
- ❖ परिवारको सम्मानमा आँच पुयाएको आधारमा हिंसापूर्ण आक्रमण बन्न नसक्ने कानूनी व्यवस्था गर्ने,
- ❖ घरेलु हिंसाबाट पीडितलाई सुरक्षा सेवाहरु प्रदान गर्ने,
- ❖ घरेलु हिंसाका पीडकलाई पुनर्स्थापना गर्ने,

❖ हाडनाता करणी वा यौनजन्य दुरुपयोगबाट पीडित परिवारलाई सहयोगी सेवाहरु (support services) उपलब्ध गराउने

- पक्ष राज्यले घरेलु हिंसा तथा यौनजन्य दुरुपयोगका सम्बन्धमा अपनाएको निरोधात्मक, दण्डात्मक र उपचारात्मक (Preventive, Punitive and Remedial Measures) उपायहरु अपनाएको सम्बन्धमा प्रतिवेदन गर्नुपर्दछ । यस अन्तर्गत दण्डसजाय, देवानी उपचार र क्षतिपूर्तिको व्यवस्था, सार्वजनिक सूचना, शिक्षामूलक कार्यक्रमहरु सञ्चालन गर्ने जसबाट महिला र पुरुषको भूमिका हैसियत र अवधारणमा परिवर्तन आओस् । त्यस्तै नियन्त्रण संरक्षणात्मक व्यवसाथहरु राय सल्लाह दिने, पुनर्स्थापना गर्ने, सहयोग गर्ने सेवाहरु (support services) उपलब्ध गराउने ।

## ७.७ महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३:

सबै मानव जातीको समानता, सुरक्षा, स्वतन्त्रता, स्वाभिमान र प्रतिष्ठासँग सम्बन्धित सिद्धान्तहरु महिला अधिकारको रुपमा विश्वव्यापी कार्यान्वयनको अनिवार्य आवश्यकतालाई महससुस गर्दै महिला विरुद्धको हिंसा समानता, विकास र शान्तिका बाधक भएको हुँदा अन्तर्राष्ट्रिय संयन्त्रहरुमा उल्लेख भएको महिलाको अधिकारको प्रयोग र पालनामा प्रभावकारिता ल्याउने उद्देश्यले संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९९३ मा महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र जारी गरियो । यस घोषणापत्रले सर्वप्रथम "महिला विरुद्धको हिंसा"[628] अन्तर्गत परिवारभित्र हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा, जस अन्तर्गत कुटपिट, घर परिवारको बालिका उपर हुने यौनजन्य दुर्व्यवहार, दाइजोसँग सम्बन्धित हिंसा, वैवाहिक बलात्कार, भङ्गाकुर छेदन, महिलालाई हानि पुग्ने अन्य परम्परागत व्यवहारलाई समावेश गरेको छ । यसको अतिरिक्त पति बाहेक परिवारका अन्य सदस्यहरुबाट हुने हिंसा र शोषणसँग सम्बन्धित हिंसा समेत समावेश गरेको छ ।

यसैगरी राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रमा महिलाहरुले समान रुपमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरु उपभोग र संरक्षण गर्न पाउने कुरा उल्लेख गर्दै ती अधिकारहरुमा जीवनको अधिकार, समानता, स्वतन्त्रता र सुरक्षाको अधिकार, कानूनको अगाडि समान संरक्षणको अधिकार, सबै प्रकारका भेदभाव विरुद्धको अधिकार, शारीरिक र मानसिक स्वास्थ्यको अधिकार, अनुकूल वातावरणमा रोजगारको अधिकार र यातना, क्रुर

[628] महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३, धारा २

अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकारहरु समान रुपमा पाउनु पर्ने व्यवस्था गरेको छ ।[629]

यसै गरी यस घोषणापत्रले पारिवारिक हिंसाको अतिरिक्त समुदायमा हुने महिला हिंसा र राज्यद्धारा गरिने महिला हिंसा भनी तीन कोटीमा वर्गीकरण गरी समुदायमा हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा जसमा बलात्कार, यौनजन्य दुर्व्यवहार, महिला बेचविखन, जवरजस्ती वेश्यावृतिमा लगाउने कुरा समावेश गरेको छ । महिला विरुद्धको हिंसालाई राज्यले नैतिक एवं कानूनी दुबै रुपबाट आलोचना गर्नु पर्ने, कुनै प्रथा, प्रचलन, वा धार्मिक हिसावले प्रचलनमा रहेको हिंसाको कुनै स्वरुपलाई प्रश्रय नदिई तत्कालै निर्मूल पार्नु पर्ने दायित्व राज्यलाई तोकेको छ । राज्यद्वारा गरिएको वा व्यक्तिद्धारा गरिएको महिला विरुद्धको हिंसा रोक्ने र हिंसामा संलग्नलाई कानूनको आधारमा अनुसन्धानको दायरामा ल्याई सजाय गर्ने दायित्व राज्यलाई तोकेको छ । यस घोषणापत्रमा महिला विरुद्धको कुनैपनि प्रकारको हिंसा निर्मूल पार्ने राष्ट्रिय नीति अबलम्वन गर्नु पर्ने, त्यसको कार्यान्वयनको लागि सम्बद्ध गैर सरकारी निकायहरुको सहयोग प्राप्त गर्ने, हिंसा पीडित महिलालाई पुनः पीडित हुनबाट जोगाउन कानूनी, राजनीतिक, प्रशासनिक उपायहरु अबलम्वन गर्नु पर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ ।[630]

यसरी समग्रतामा हेर्दा यस घोषणापत्रले महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको प्रावधानलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न एवं महिला अधिकारको संरक्षण तथा घरेलु हिंसाबाट पीडितलाई न्याय दिलाउने तर्फ विश्वव्यापी रुपमा सबै सदस्य राष्ट्रहरुको सामूहिक प्रयास हुनु पर्ने र महिला हिंसामुक्त विश्वको कल्पना साकार पार्न राज्य बढी जिम्मेवार हुनु पर्ने अपेक्षा राखेको देखिन्छ ।

## ८. घरेलु हिंसा सम्बन्धी विद्यमान कानूनी व्यवस्थाहरुः

नेपालको संविधान, २०७२ को धारा १६ ले सम्मनपूर्वक बाँच्न पाउने हकलाई छुट्टै स्वतन्त्र धारामा राखी संबैधानिक अधिकारको रुपमा स्थापित गरेको छ भने धारा ३८ ले प्रत्येक महिलालाई लौङ्गिक भेदभाव विरुद्धको हक प्रदान गर्दै महिला विरुद्ध धार्मिक, सामाजिक, सँस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने र त्यस्तो कार्य कानूनद्धारा दण्डनीय हुनुको साथै कानून बमोजिम पीडितले क्षतिपूर्ति पाउने हकलाई सुनिश्चित गरी विगतका संविधानहरु भन्दा फराकिलो व्यवस्था गरी हिंसाजन्य र शोषणजन्य कार्य विरुद्ध संबैधानिक संरक्षण प्रदान गरैको छ । उपरोक्त संबैधानिक व्यवस्थाहरुको परिणमस्वरुप २०६६ सालमा घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लागू भई कार्यान्वयनको

[629]ऐजन, धारा ३

[630]ऐजन, धारा ४ र ५

अवस्थामा छ । यो ऐन आउनु पूर्व महिला विरुद्धको हिंसा सम्बन्धमा मुलुकी ऐन वा अन्य केही ऐनहरुमा छिटफुट कानूनी व्यवस्था गरिएको भएपनि मुलतः घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले गरेको कानूनी व्यवस्थाहरुलाई मात्र यहाँ चर्चा गरिएको छ ।

## ८.१ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६:

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घरपरिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले यो ऐन जारी भएको यसको प्रस्तावनाबाट देखिन्छ ।

### घरेलु हिंसा कसूरको रुपमा कायम गरिएको:[631]

कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न नहुने र यस्तो कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर मानिनेछ भन्ने व्यवस्था हुँदा यस ऐनले घरेलु हिंसालाई अपराधीकरण गरेको छ ।

### उजुरी सम्बन्धी व्यवस्था[632]:

- ❖ घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने ।
- ❖ यसरी उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्ने ।
- ❖ राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुने ।
- ❖ प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्ने ।
- ❖ स्थानीय निकायमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्ने ।

[631] घरेलु हिंसा ( कसुर र सजाय ) ऐन, २०६६, दफा ३

[632] ऐजन, दफा ४

- ❖ घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्नेछ । स्थानीय निकायले गराएको घा जाँच प्रतिवेदनको एकप्रति प्रहरी कार्यालयमा पठाउनु पर्ने ।
- ❖ घरेलु हिंसा भएको उजुरी प्राप्त भएपछि उक्त उजुरी उपर प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्ने ।
- ❖ उजुरीको छानविनको क्रममा पीडकलाई बयान गराउँदा उक्त बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्ने ।
- ❖ यसरी मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्ने ।
- ❖ उजुरीको छानवीनको क्रममा पीडकलाई झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा मेलमिलाप गराउन पाउने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्ने ।
- ❖ कसैले घरेलु हिंसा सम्बन्धमा अदालत र अन्य उजुरी सुन्ने निकायमा समेत उजुरी दिएमा अदालतमा दिएको उजुरी उपर मात्र कारबाही हुने ।[633]
- ❖ कसैले घरेलु हिसा सम्बन्धमा अदालत बाहेक एकभन्दा बढी उजुरी सुन्ने निकायमा उजुरी दिएमा पीडितले रोजेको कुनै एक निकायको उजुरी उपर मात्र कारबाही हुने ।[634]
- ❖ घरेलु हिसा सम्बन्धमा पीडित र अन्य व्यक्ति दुवैको उजुरी परेमा पीडितले दिएको उजुरी उपर मात्र कारबाही हुने ।[635]

[633]घरेलु हिंसा ( कसुर र सजाय ) नियमावली,२०६७ , नियम ३(४)

[634]घरेलु हिंसा ( कसुर र सजाय ) नियमावली,२०६७ , नियम ३(५)

[635]घरेलु हिंसा ( कसुर र सजाय ) नियमावली,२०६७ , नियम ३(६)

- कुनै उजुरी पीडित बाहेक अन्य व्यक्तिले दिएको भए उजुरी सुन्ने निकायले आवश्यकतानुसार सम्बन्धित पीडितलाई आफू समक्ष झिकाई सोधपुछ गर्न सक्ने र सोधपुछ सम्बन्धी कारबाही सम्बन्धित उजुरी सुन्ने निकायले गोप्य राख्न सक्ने ।[636]
- उजुरी दिँदा वा उजुरीको कारबाहीको सिलसिलामा पीडकबाट पीडित वा निजसँग आश्रित अन्य कुनै व्यक्तिलाई थप शारीरिक चोटपटक वा मानसिक यातना हुन सक्ने सम्भावना भएमा उजुरीकर्ताले त्यसको पर्याप्त र विश्वसनीय आधार खुलाई सुरक्षाको लागि उजुरी सुन्ने निकाय समक्ष अनुरोध गर्न सक्ने, सुरक्षा माग भएमा र उजुरीकर्ताको माग बमोजिम पीडित वा निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्नु पर्ने देखिएमा उजुरी सुन्ने निकायले त्यस्तो व्यक्तिको सुरक्षाको लागि नजिकको प्रहरी कार्यालय समक्ष लेखी पठाउनु पर्ने र यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई तत्काल देहाय बमोजिमको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ :-[637]
  - पीडित वा निजसँग आश्रित व्यक्तिलाई अस्थायीरुपमा सुरक्षित स्थान वा सेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउने,
  - पीडकबाट थप शारीरिक चोटपटक वा मानसिक यातना हुन नपाउने व्यवस्था गर्ने ।

**जाहेरी दिन सक्ने व्यवस्थाः**[638]

यस ऐनमा उजुरी दिने सम्बन्धमा जुनसुकै कुरा लेखिएको भएतापनि अङ्गभङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्ने र सो जाहेरी दरखास्त उपर प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने व्यवस्था यो ऐनमा भएको २०७२ सालको संशोधनबाट समावेश गरिएको र उक्त संशोधनले प्रस्तुत प्रकृतिको कसूरलाई सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश गरी नेपाल सरकारबादी भै चल्ने फौजदारी अपराधको कोटीमा राखेको थियो । उक्त अपराध २०७५ साल भदौमा लागू भएको मुलुकी अपराध संहिता २०७४ अनुसार अनुसूची १ मा राखी नेपाल सरकार वादी भै चल्ने फौजदारी अपराधको कोटीमा राखेको छ ।

[636]ऐजन, नियम ५

[637]ऐजन, नियम ७

[638]घरेलु हिंसा ( कसुर र सजाय ) ऐन, २०६६, दफा ५क

**अदालतले कारबाही गर्ने** :[639]

प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा स्थानीय तहमा उजुरी परी सो निकायहरुबाट कुनै कारणले मेलमिलाप हुन नसकी कारवाहीको लागि अदालतमा उजुरी पठाएमा अदालतले सोही उजुरीको आधारमा कारबाही र किनारा गरिने तर पीडितले सोभै अदालतमा उजुरी दिएमा सोभै कारवाही र किनारा गर्न बाधा नपर्ने व्यवस्था रहेको छ ।

**अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने** :[640]

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई वा पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउनवा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,

(घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वानगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटो घाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

**कानून व्यवसायी राख्न सक्ने व्यवस्था**[641] **:**

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारवाहीको सिसलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्ने व्यवस्था २०७२ सालको संशोधनले समावेश गरेको छ ।

[639]घरेलु हिंसा ( कसुर र सजाय ) ऐन, २०६६, दफा ५

[640]ऐजन, दफा ६

[641]घरेलु हिंसा ( कसुर र सजाय ) ऐन, २०६६, दफा ६क

**बन्द इजलासमा सुनुवाइ गर्ने**[642] :

पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । यसरी बन्द इजलासबाट कारवाही र सुनवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र इजलासमा प्रवेश गर्न पाउने व्यवस्था रहेको छ ।

**उपचारको रकम पीडकले व्यहोर्ने** :[643]

घरेलु हिंसाबाट पीडित व्यक्तिलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको कारणले अस्पतालमा तत्काल उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्ने व्यवस्था हुनुको साथै कुनै कारणले पीडकले त्यस्तो उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असुल गर्नु वा गराउनु पर्ने तथा घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले तत्काल उपचार गराउनु परेमा त्यस्तो उपचार खर्च पीडिकले व्यहोर्नु पर्ने तर कुनै कारणले पीडकले त्यस्तो खर्च दिन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्याललय वा सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्ने र त्यसरी उपलब्ध गराइएको रकम सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**क्षतिपूर्ति सम्बन्धी व्यवस्था**[644] :

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्ने व्यवस्था पनि गरिएको छ ।

**सेवा केन्द्र र सेवा कोष सम्बन्धी व्यवस्था**[645] :

(१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्नसक्ने र कुनै संस्थाले नेपाल सरकारको स्वीकृति लिई सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

[642] ऐजन, दफा ७

[643] ऐजन, दफा ९

[644] ऐजन, दफा १०

[645] ऐजन, दफा ११ र १२

उक्त सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्ने व्यवस्था पनि ऐनमा रहेको छ।

**संरक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने**[646] **:**

घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्त गर्न सक्ने र नियुक्त नभएसम्म यो दफा प्रारम्भ भएको दुई महिनाभित्र मन्त्रालयले कुनै महिला अधिकृतलाई संरक्षण अधिकृतको रुपमा काम गर्ने गरी तोक्न सक्ने व्यवस्था गरिएको छ।

**निःशूल्क कानूनी सहायता उपलब्ध गराउने**[647] **:**

नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ।

**सजायसम्बन्धी व्यवस्था**[648]:

- कसैले अङ्गभङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुने।
- कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने।
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुने।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुने।

---

[646] घरेलु हिंसा - कसुर र सजाय ) ऐन, २०६६, दफा १२क

[647] ऐजन, दफा १२ख

[648] ऐजन, दफा १३

- कसैले अदालतबाट दिएको अन्तरिम संरक्षणात्मक आदेशपालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुने ।

**हदम्याद सम्बन्धी व्यवस्था**[649] :

यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्ने ।

**प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**[650] :

यस ऐन बमोजिम कसूर मानिने कुनै कामकारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

## ९. घरेलु हिंसा सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण :

घरेलु हिंसाका कारण घटेका कतिपय सरकारबादी फौजदारी अपराधको सम्बन्धमा र महिला अधिकारको संरक्षणका लागि परिवारिक हिंसा वा यातनाका घटनाहरु सम्बन्धमा आवश्यक कानून निर्माण गरी नियमन गर्नु पर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट समय समयमा आफ्नो साधारण एवं असाधारण अधिकारक्षेत्रको प्रयोग न्यायिक मार्गदर्शन दिदै आएको पाइन्छ । सर्वोच्च अदालतबाट भएका केही प्रतिनिधि फैसला वा आदेशहरुको मात्र यहा चर्चा गरिएको छ ।

**अधिवक्ता रेश्मा थापा विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत**[651] भएको मुद्दामा समाजमा महिलाहरुलाई बोक्सीको नाममा गरिने हिंसात्मक कार्यलाई अपराधको रुपमा लिई त्यस्तो कार्य रोकथाम, नियन्त्रण र सजाय गर्ने प्रभावकारी ऐन तर्जुमा लगायत आवश्यक आदेश जारी गरी पाउन माग दावी लिई परेको निवेदनमा सर्वोच्च अदालतले महिला वर्ग माथि हुने गरेको अमानुषिक व्यवहार रोकथाम र नियन्त्रण गर्न समूचित कानूनको व्यवस्था नभएको भन्दै बोक्सीको आरोप लागाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐन तर्जुमा गर्न तथा सामाजिक चेतना अभिवृद्धि गरी रुढीवादी अन्धविश्वासलाई हटाउन सचेतना कार्यक्रम समेत गर्न सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।

---

[649] ऐजन, दफा १४

[650] ऐजन, दफा १५

[651] ने.का.प.,२०६२, जेष्ठ, नि.नं.७४९८, पृ.२०५

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध कानून तथा न्याय मन्त्रालय समेत**[652] भएको मुद्दामा वैवाहिक बलात्कारलाई अपराधको दायरामा ल्याई महिला वर्गको आत्मसम्मान, आत्मनिर्णय र स्वतन्त्र अस्तित्वलाई संरक्षण गर्न माग गरी परेको रिट निवेदनमा सर्वोच्च अदालतले मुलुकी ऐन जवरजस्ती करणीको १ नं. मा कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा १६ वर्ष मुनिकालाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरेमा र १६ वर्ष नाँघेकीको राजीखुशी विना बेमन्जुरीले जुनसुकै तरहसँग भएपनि जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको समेत जवरजस्ती करणी ठर्हछ भन्ने व्यवस्था भएपनि अर्काकी भन्ने शब्दावलीले आफ्नी स्वास्नीलाई बाहेक गरेको नमानिने निश्कर्षमा पुगी आफ्नी पत्नीलाई बलात्कार गर्न अनुमति दिएको होइन भन्दै कानूनले बलात्कार एक गम्भीर फौजदारी अपराध घोषित भएको हुँदा कुनै कार्य स्वभावतः कसूरजन्य छ भने कर्ताको भिन्नताले कसूर नहुने भन्न युक्तिसंगत हुदैन । त्यही कार्य अन्य महिला उपर गरे अपराध हुने तर आफ्नी पत्नी उपर गर्दा कसूर नमानिने अर्थले भेदभावपूर्ण परिणाम निस्कन सक्छ र त्यस्तो कार्य महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि लगायत संविधानको मर्म अनुकूल समेत नहुने भन्दै आवश्यक कानून बनाउन सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको थियो । सोपछि २०६३ सालमा मुलुकी ऐन जवरजस्ती करणीको महलमा संशोधन भई वैवाहिक बलात्कारलाई अपराधको रुपमा स्वीकार गरियो र सजायको पनि व्यवस्वथा गरियो ।

**अधिवक्ता शर्मिला पराजुली विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत**[653] भएको रिट निवेदनमा सर्वोच्च अदालतबाट कार्यस्थलमा हुने यौन दुर्व्यवहारलाई नियन्त्रण गर्न उपयुक्त कानून निर्माण गर्न निर्देशनात्मक आदेश जारी भएको परिणामस्वरुप कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्न कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ ।

**जीत कुमारी पँगेनी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**[654] भएको रिट निवेदनमा सर्वोच्च अदालतले बलात्कारलाई एक जघन्य अपराध घोषित गरेपछि सजायमा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कार वीच विभेद गरी नाताको आधारमा त्यस्तो फौजदारी अपराधको सजायमा वैवाहिक बलात्कारमा कम सजाय गरी वर्गीकरण गर्नुको कुनै औचित्यपूर्ण आधार नदेखिएको, कर्ताको हैसियतको भिन्नताले सजायमा कमी गर्ने हो भने संविधानले अंगिकार गरेको समानताको सिद्धान्त वर्खिलाप हुन जाने भन्दै समानताको सिद्धान्तको अनुकूल हुने गरी थप सजायभन्दा मूल सजाय कमी हुने गरी भएको तथा वैवाहिक बलात्कार गैरवैवाहिक बलात्कारको

[652] सं २०५८ सालको रिट नं. ५५, आदेश मितिः२०५९।१।१९।५

[653] ने.का.प. २०६१, माघ, नि.नं.७४४९, पृ. १३१२

[654] ने.का.प., २०६५, असोज, नि.नं.७९७३, पृ. ६६४

अपराधका वीचमा भएको विभेदपूर्ण सजायको व्यवस्थामा सामान्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित व्यवस्था गर्ने तर्फ आवश्यक पहल गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको थियो । सो बमोजिम २०७२ सालमा जवरजस्ती करणीको महलको ३ नं. को देहाय ६ मा भएको सजायमा संशोधन गरी सजाय बढाएको थियो । त्यसलाई मुलुकी अपराध संहिताले समेत निरन्तरता दिएको छ ॥

**डिलबहादुर विश्वकर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**[655] भएको रिट निवेदनमा सर्वोच्च अदालतले सुदुरपश्चिमका सबै जिल्लाहरु र मध्यपश्चिमका अधिकांश जिल्लाहरुमा अन्धविश्वास तथा रुढिमा आधारित कुसंस्कारयुक्त सामाजिक परम्पराका आधारमा महिलाहरुमा नियमित रुपमा हुने मासिक श्राब हुँदा घरभन्दा बाहिरको छाउपडी गोठमा राख्ने, सामाजिक तथा पारिवारिक रुपमा तिरस्कार गर्ने, स्वास्थ्यको लागि आवश्यक खाने कुराबाट बञ्चित गर्ने, अस्वस्थ्य वातावरणमा बस्न बाध्य गर्ने लगायत कष्ट तथा यातना दिने विषयलाई प्रथाजनित हिंसा भनी नियन्त्रण गर्नको लागि सरकारका नाउमा निर्देशनात्मक आदेश जारी भएको थियो र अदालतले सम्बन्धित मन्त्रालय समेतलाई नियन्त्रण गर्न तथा सचेतनामूलक कार्यक्रम समेत चलाउन जिम्मेबारी तोकेको थियो ।

अधिवक्ता **ज्याति पौडेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**[656] भएको रिट निवेदनमा सर्वोच्च अदालतले घरेलु हिंसाको अपराधको परिभाषा व्यापक गरी प्रभावकारी सजायको व्यवस्था गरी घरेलु हिंसा सम्बन्धी अपराधलाई सरकार वादी बनाई उपलब्ध भएसम्म महिला प्रहरीद्वारा अपराधको अनुसन्धान गराउने कानूनी व्यवस्था गर्ने, घरेलु हिंसाबाट पीडित व्यक्ति महिला हुने हुँदा उपलब्ध भएसम्म महिला कानून व्यवसायीबाट निःशुल्क कानूनी सेवा राज्यले निरन्तर उपलब्ध गराउने व्यवस्था गर्ने, महिला पीडित भएको फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडितको मुद्दा हेर्ने एउटा छुट्टै fast track court गठन गर्ने जस्ता निर्देशनात्मक आदेश जारी भएको थियो ।

**लक्षीमा बादी विरुद्ध नेपाल सरकार**[657] भएको कर्तव्य ज्यान मुद्दामा घरेलु हिंसाबाट प्रताडित महिलाको विक्षिप्तताको परिणामस्वरुप घटन गएको अपराध सम्बन्धमा व्याख्या गर्दै सर्वोच्च अदालतले प्रतिवादीहरु मागी खाने आर्थिक दुरावस्थाका भएका र ८, ८ जना छोराछोरी हुँदा पनि त्यस्तो मगन्ते परिवारको जीविकाको कुनै फिक्री नगरी विवाह भएको समयदेखि नै सधै रक्सी खाई झै झगडा कुटपिट गरी रहने, कुनै कमाइ धमाइ नगरी आफ्नो परिवारप्रतिको कुनै जिम्मेवारीवोध नगर्ने, छोराछोरीलाई समेत विना कारण कुटपिट गरी घरवाट लखेटिदिने एक

[655] ने.का.प.,२०६२,श्रावण, नि.नं.७५३१, पृ.४९२
[656] ने.का.प., २०६६, चैत्र, नि.नं.८२८२, पृ. २००१
[657] ने.का.प., २०६०,कार्तिक, नि.नं.७२४६, पृ. ५८७

प्रकारले मानिसको अनुहारमा दानव र पशुतुल्य व्यवहार रहेको लोग्ने सुकु वादीको सधैको उपरोक्त वमोजिमको व्यवहारवाट ८,८ वटा छोरा छोरीकी आमा एक अवला महिला प्रतिवादी लक्षीमा वादीमा मृतक लोग्नेप्रति असाध्यै घृणा उत्पन्न हुनु स्वभाविक देखिन आएको र त्यस्तो दुःखदाई जीवनवाट बिरक्तिई असन्तुलित मनस्थिति रहेको अवस्थामा प्रस्तुत अपराध हुन गएको देखिन आउँदा निज प्रतिवादीले कुनै नियोजित तरिकाले प्रस्तुत अपराध गरेको नदेखिने भन्दै न्यायिक स्वविवेक प्रयोग गरी कम सजाय गरेको देखिन्छ ।

**नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ**[658] भएको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले घरेलु हिंसाबाट पीडित महिलाबाट हुन गएको कसूर सम्बन्धमा परिस्थितिको न्यायिक व्याख्या गर्दै धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडीत, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएको हुन्छ, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन् । निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एकमात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने । सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडीत भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नु पर्ने अवस्थामा प्रतिवादी पुगेको, निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं.बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने भनी कम सजाय गरेको छ ।

यसै गरी **नेपाल सरकार विरुद्ध नुमा बजगाइ**[659] भएको कर्तव्य ज्यान मुद्दामा पारिवारिक यातनाको कारण आजित भई आफू तथा आफ्ना बालबच्चा सहित आत्महत्याको प्रयास गर्दा आफू बची छोरा गुमाउन पुगी ज्यान मुद्दाको कसूर कायम भई चलेको मुद्दामा सर्वोच्च अदालतले परिस्थितिको व्याख्या गर्दै यी प्रतिवादीले पति एवम् सासु लगायतका घर परिवारका अभिभावकबाट समेत हेलापूर्ण व्यवहार भएको कारण आत्महत्या गर्न प्रयास गरेको कार्य नै दुःखद् छ । आफू मरेपछि नाबालक छोराछोरीको विचल्ली होला भनी बालबच्चाले दुःख पाउने कल्पना गरी विष सेवन गरी छोराछोरीलाई समेत विष खुवाएको घटना झन् दुःखद् छ । आफ्नो नाबालक छोरा आफ्नै कारणले गुम्न गएको पीडा प्रतिवादीले सदैब सहनु पर्ने स्थिति छ । प्रतिवादीलाई

[658]ने.का.प.२०७१, पौष, नि.नं.९२४२, पृ.६१६

[659]ने.का.प.,२०७२, पौष, नि.नं.९४६७, पृ.१०९

कानूनले सजाय गरेकोभन्दा पनि बढी सजायबोध परिमाणतः आजीवन भई रहने स्थितिलाई मनन् गर्दा प्रतिवादीलाई पाँच वर्ष सजाय हुने राय व्यक्त भएकोमा सोसमेत चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम प्रतिवादीलाई चार वर्षसम्ममात्र कैद सजाय गर्नु न्यायोचित हुने भनी न्यायिक स्वविवेक प्रयोग गरी कम सजाय हुने गरी फैसला गरेको छ ।

## १०. घरेलु हिंसा सम्बन्धी कसूरको अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भूमिका :

घरेलु हिंसासँग सम्बन्धित अपराध र अन्य फौजदारी अपराधको प्रकृति भिन्न हुन्छ । अन्य अपराधमा अन्य नचिनेका व्यक्तिहरु पनि पीडकको रुपमा संलग्नता हुन्छ भने अपराध गर्नु पर्ने कारण समेत फरक रहेको हुन्छ । घरेलु हिंसा सम्बन्धी अपराध आफ्नै नाता इष्टमित्र तथा घरको परिवारबाट परिवारकै सदस्य विरुद्ध हुने अपराध भएकोले अन्य अपराध जस्तो यसमा पीडितको सहयोग एवं भूमिका समेत फरक हुन सक्छ । पीडितको पीडकसँगको पारिवारिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक, यौनजन्य लगायतका सम्बन्ध भएको कारण एकातिर पीडितले कानून कार्यान्वयन अधिकारी समक्ष आफ्नो पीडा खुलेर भन्न नरुचाउने स्वभाव देखाउछन् भने अर्को तिर पीडितको मूल उद्देश्य हिंसात्मक वा यातनाजन्य कार्य अब उप्रान्त रोकियोस् भन्ने चाहना त हुन्छ तर सधै कारागारको बास हुने गरी अनुसन्धान र अभियोजन नहोस् भन्ने इच्छा समेत राखेको हुन्छन् । यसले गर्दा पीडित फौजदारी कारवाही अघि बढाउन समेत अनुच्छुक देखिन सक्छन् । यी यस्ता कारणहरु हुन् जस्ले गर्दा घरेलु हिंसा सम्बन्धी अपराधको अनुसन्धान र अभियोजन गर्दा अनुसन्धानकर्ता एवं अभियोजनकर्ता अति संवेदनशील हुनु पर्ने देखिन्छ ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा मिति २०७२।६।१४ मा भएको संशोधन अघिसम्म घरेलु हिंसा दुनियाबादी भई चल्ने फौजदारी कसूर अन्तर्गत राखिएकोले यसको अनुसन्धान र अभियोजनमा सरकारी वकीलको प्रत्यक्ष रुपमा संलग्नता आवश्यक थिएन । त्यतिबेलासम्म सरकारी वकीलले केबल प्रहरीबाट माग भएका बखत सल्लाहकारी भूमिका मात्र निर्वाह गरे पुग्थ्यो । उक्त ऐनमा आएको उक्त संशोधनले दफा ५क थप गरी अङ्गभङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली,डामी,दली,घसी जीउमा पीडा पुर्‍याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्ने र यस्तो प्रकृतिको कसूर सरकारबादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची १ भित्र समावेश गरेको थियो । उक्त अपराध मुलुकी अपराध संहिता २०७४अनुसार अनुसूची १ मा राखी नेपाल सरकारबादी भै चल्ने फौजदारी अपराधको कोटीमा राखेको कारण सरकारी वकील अभियोजनको सँगसँगै अनुसन्धानको कार्यमा समेत प्रत्यक्ष रुपमा संलग्न हुनु पर्ने कानूनी दायित्व सिर्जना भएको छ । यस परिस्थितिमा अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भूमिका महत्वपूर्ण

देखिएको छ । तसर्थ सरकारी वकीलको भूमिकाको सम्बन्धमा यहाँ बुंदागत रुपमा सर्तकता अपनाउनु पर्ने विषय यसप्रकार रहेको देखिन्छ :

- घरेलु हिंसासँग सम्बन्धित कसूर अन्य परम्परागत अपराधभन्दा भिन्न हुने कुरामा सचेत रहने,
- पीडितको पीडकसँगको पारिवारिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक, यौनजन्य लगायतका सम्बन्ध भएका कारण अनुसन्धानको क्रममा वा अभियोजनको क्रममा आफ्ना पीडा वा घटनाको विवरण सबै खुलाउन हिचकिचाउने हुँदा पीडितलाई न्याय पर्ने कुराको विश्वासयुक्त वातावरण निर्माण गर्ने गराउने,
- पीडितको चाहना हिंसा वा यातनाको घटना रोकियोस् भन्ने मात्र हुने हुदा अनुसन्धान, अभियोजन र सुनवाईको चरणसम्म पीडितबाट पाउनु पर्ने सहयोगलाई निरन्तर राख्ने तर्फ अनुसन्धानकर्ता र अभियोजनकर्ता सदैब सचेत रहने,
- अन्य हिंसा वा अपराधको तुलनामा घरेलु हिंसाको कसुरलाई कम महत्व ( inferior ) नदिने नदिलाउने,
- घरेलु हिंसाको कसूरको अनुसन्धान र अभियोजनमा पारिवारिक मेलमिलाप र पारिवारिक हस्तक्षेपलाई बाधकको रुपमा स्वीकार नगर्ने नगराउने,
- घरेलु हिंसाको लिखित वा मौखिक जाहेरी प्राप्त हुनासाथ पीडितसँग तत्कालै घटनाको सम्पूर्ण तथ्यगत व्यहोरा जानकारी लिने, पीडितका अधिकारहरुको बारेमा जानकारी गराउने र पीडितलाई आवश्यक कानूनी, स्वस्थ्यसँग सम्बन्धित लगायतका सम्पूर्ण सेवाहरु उपलब्ध गराउने,
- अनुसन्धानकर्ता र अभियोजनकर्ताले जुनसुकै चरणमा पीडितको साथ र सहयोग पाउने अवस्था सिर्जना गर्ने र विश्वास दिलाउने ।
- प्रस्तुत कसूरको अनुसन्धानको क्रममा अनुसन्धानकर्ता र स्वयं अभियोजनकर्ताले प्रमाण संकलनको क्रममा पीडित hostile हुन सक्ने वा आवश्यक सहयोग पाउन नसक्ने कुरालाई ध्यानमा राख्दै कम्तीमा निम्नानुसारको स्वतन्त्र प्रमाणहरुको संकलन गर्नुपर्ने हुन्छ :–
    - पीडितको मौकाको कागज जसमा घटनाका सम्पूर्ण विवरण एवं अघि भएका यातनाजन्य कार्यका बारेमा पनि खुलाउने,
    - पीडितको शारीरिक एवं मानसिक जाँच प्रतिवेदन अनिवार्य रुपमा गराउने,
    - घटना देख्ने वा घटनाका बारेमा जानकारी राख्ने व्यक्तिहरुको कागज गराउने, यसरी कागज गराउदा पीडकसँग पनि नाता पर्ने व्यक्तिहरुको कागजमा मात्र भर नपर्ने,

- भौतिक प्रमाण संकलन अर्थात घटना बारदातमा प्रयोग भएका हतियार, पीडितका च्यातिएका कपडा जस्ता भौतिक प्रमाण संकलन गर्ने,
- वारदात स्थलको फोटो समावेश गर्ने,
- पीडकको बयानको क्रममा कसूर वा घटनाको कुनै तथ्यको स्वीकारोक्तिलाई विशेष ध्यान दिने,
- पीडितको अनुमति लिई घा चोटको अवस्था देखिने गरी फोटो खिची खामबन्दी गर्ने,
- अनुसन्धानको क्रममा नै पीडितको गोपनियता कायम गर्ने आदि ।

➢ घरेलु हिंसाको कसुरको अनुसन्धान गर्न अनुसन्धान गर्ने निकायमा विशिष्टीकृत इकाईको निर्माण गरी अनुसन्धान गर्नु पर्ने र मुद्दाको चापको आधारमा vertical case handling अर्थात शुरुदेखि अन्तिमसम्म एउटै अनुसन्धानकर्ता एवं सरकारी वकीलबाट हेरिनु पर्ने पद्धतिलाई अपनाउनु पर्ने,

➢ घरेलु हिंसा सम्बन्धी कसुरको अभियोजन पद्धतिमा NO DROP CASE APPROACH / EVIDENTIAL BASED PROSECUTION APPROACH जस्ता पद्धति प्रचलनमा रहेको परिप्रेक्षमा हाम्रो सन्दर्भमा No drop case approach लाई अपनाउने,

➢ घरेलु हिंसाको कसुरमा अभियोजन गर्दा सरकारी वकीलले कम्तीमा पनि देहायको कुरामा ध्यान दिनु पर्ने देखिन्छ :–

- पीडितको शरीरमा लागेको घा चोटको मात्रा र गम्भीर्यता,
- हतियारको प्रयोग,
- पीडकको पूर्व यातनाजन्य कार्य,
- यस भन्दा अघि भएको यातनाजन्य कार्य जुन अभियोजन भएको वा नभएको जे भएपनि सो समेतलाई विचार गर्ने,
- पीडितको दृष्टिकोण,
- अभियोजन स्थापित हुने प्रमाणका कुरा,
- घा चोट वा धम्कीको पीडितलाई परेको प्रभाव, इत्यादि ।

➢ घरेलु हिंसा सम्बन्धी कसूरको अभियोजनको पछाडि मुलतः पीडितको सुरक्षा र पीडकलाई जिम्मेबार बननाउनु नै हो तर हाम्रो जस्तो मुलुकमा निम्न विषयलाई अभियोजनको उद्देश्य बनाउनु पर्ने देखिन्छ :–

- घरेलु हिंसाका घटनालाई प्रभावकारी रुपमा घटाउने,
- पीडितलाई अतिरिक्त हिंसाजनित घटनाबाट जोगाउने,
- सर्वसाधारणको सुरक्षा अभिबृद्धि गर्ने,
- पीडकलाई उसले गरेको हिंसात्मक कार्य प्रति जिम्मेबार बनाउने,
- समाजमा घरेलु हिंसाको घटना नहोस भन्न समाजमा हतोत्साह सिर्जना गर्ने,
- पीडितलाई क्षतिको परिपुरण र दीर्घकालीन सुरक्षा प्रदान गर्ने, इत्यादि ।

## ११. कार्यान्वयन देखिने जटिलता र समाधानका उपायहरु :

- हालको मुलुकी अपराध संहिता २०७४ ले अङ्गभङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुर्याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातनालाई सरकार बादी फौजदारी कसूरको रुपमा स्वीकार गरेपनि सजायको व्यवस्थाको हकमा यसै ऐनमा व्यवस्था नगरी प्रचलित कानून बमोजिम हुने गरी व्यवस्था गरिनुले घरेलु हिंसा र अन्य प्रकृतिको हिंसा वीच फरक नभई अनुसन्धान र अभियोजन हुदा प्रचलित कानूनमा उल्लेख भएको नामाकरणबाट मुद्दा जाने र सजायको दावी लिने व्यवहारतः गरिन्छ । उदारणार्थ अङ्गभङ्ग भएमा कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेद-१४ बमोजिम कसूरको माग दावी लिई अभियोजन हुने र कसूर प्रमाणित भए सोही बमोजिम हुने हुदा घरेलु हिंसा (कसूर र सजाय ) ऐन, २०६६ को दफा १३ को दावी निरर्थक हुन पुग्दछ । यसै ऐनमा सजायको व्यवस्था नगरिनु लाई ऐनको कमजोरीको रुपमा लिनु पर्दछ । तसर्थ ऐनमा संशोधन गरी सजायको व्यवस्था समेत मुल ऐनमा नै गर्नु फौजदारी विधिशास्त्रीय दृष्टिकोणबाट उपयुक्त देखिन्छ ।
- यसै गरी घरेलु हिंसाबाट कुटपिट अङ्गभङ्गको सिकार भएको अवस्थामा पीडकलाई थप सजाय हुने व्यवस्था ऐनले गर्न सकेको छैन । यस ऐनको अर्को कमजोरी भनेको घरेलु हिंसालाई सजाय निर्धारणमा aggravated factor को रुपमा व्यवस्था गर्न सकेको छैन । अन्य प्रचलित कानूनमा भएको सजायमा घरेलु हिंसा देखिए थप सजाय हुने गरी कानूनमा संशोधन आवश्यक देखिएको छ ।
- यस ऐनले तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुर्याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना दिएमा सरकारबादी फौजदारी कसूर भई अनुसन्धान हुने देखिन्छ । यही व्यवस्था मुलुकी अपराध संहिता २०७४ कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेद-१४ले समेत

व्यवस्था गरेको छ तर उक्त व्यवस्था दुनियाबादी फौजदारी कसूरको रुपमा रहेको छ । यसअघिको अभियोजन सम्बन्धी अभ्यास हेर्ने हो भने तेजाव खन्याउने कार्यलाई अवस्थानुसार साविक मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १५ नं. बमोजिम अभियोजन गर्ने गरिएकोमा अब आएर कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेदमा भएको व्यवस्थाको कारण ज्यान सम्बन्धी महलको दावी लिन पनि नसकिने र कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेदका दफा १९३ को विधि व्यवस्था आकर्षित भै रहने हुदा ऐनको प्रभावकारिता न्यून हुदै जाने भएकोले मूल ऐनमा नै सजाय सम्बन्धी व्यवस्था हुन आवश्यक छ ।

- यसै गरी यस ऐनले यौनजन्य यातनालाई पनि सरकारबादी फौजदारी कसूर कायम गरेको र यौनजन्य यातना भन्नाले ***यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य***भनी परिभाषित गरिएको र यस ऐनमा सजायको पनि व्यवस्था नगरिदा अन्य प्रचलित कानूनको सहारा लिंदा पीडितले वास्तवमा न्यायको अनुभूति पनि नहुने र यही क्रम चलिरहेमा यस ऐनको प्रभावकारितामा नै प्रश्न उठ्ने भएको हुदा मूल ऐनमा नै सजायको व्यवस्था हुनु सैद्धान्तिक र व्यवहारिक दुबै आधारबाट उपयूक्त देखिन्छ ।
- अन्य प्रकृतिको हिंसाजन्य अपराधभन्दा पृथक विशेषता बोकेको घरेलु हिंसा सम्बन्धी कसूरको अनुसन्धान सम्बन्धी व्यवस्था, प्रमाणका नियम सम्बन्धी व्यवस्था मूल ऐनमा गरिनु आवश्यक छ । महिला विरुद्ध हुने हिंसा सँग सम्बन्धित अन्य कानूनमा भएका व्यवस्थालाई अनुसरण गर्नु उपयुक्त देखिन्छ ।

**उपसंहार :**

सामाजिक मूल्य मान्यता, प्रथा, परम्परा, रीतिरिवाज, धर्म, संस्कृति, आर्थिक परनिर्भरता यस्ता कारक तत्वहरु हुन जसले घरेलु हिंसालाई बढबा दिइरहेको हुन्छ । धनी वा गरिब होस् वा विकसित वा अविकसित जुनसुकै मुलुकमा कुनै न कुनै रुपमा महिलाहरु घरेलु हिंसाका घटनाहरुबाट प्रताडित हुने गरेको अध्ययनले देखाएको छ । हिंसाका घटनाका स्वरुप परिवर्तन भएपनि घटना अपेक्षित रुपमा कमी आउन सकेको देखिदैन ।

घरेलु हिंसालाई निजी मामलाको रुपमा लिने र पारिवारिक रुपमा नै समाधान खोज्ने सामाजिक मान्यताले सम्पूर्ण घरेलु हिंसाका घटनाहरु सार्वजनिक हुने र कानून कार्यान्वयन गर्ने निकाय समक्ष आइपुग्ने गर्दैनन् । यसको अतिरिक्त पीडित र पीडक वीच रहने पारिवारिक सम्बन्ध, पीडकसँगको पीडितको आर्थिक आत्मनिर्भता,मनोवैज्ञानिक कमीकमजोरी, फौजदारी न्याय प्रशासन प्रतिको विश्वासनियतामा आएको ह्रास, पीडकसँग नै जीवन यापन गर्नु पर्ने पारिवारिक, सांस्कृतिक एवं धार्मिक दबाब, बहिस्कृत हुनु पर्ने डर, घटनाको पीडित स्वयं पनि जिम्मेवार रहेको भन्ने पीडित कै मनोविज्ञान जस्ता कुराहरुले पनि पीडित सम्बन्धित निकाय समक्ष नआइपुग्ने र

कसैगरी आइपुगेपनि कानूनी कारवाहीमा उदासिनता देखाउने वा वीचैमा कानूनी कारवाही छाड्ने प्रवृतिगतअवस्था पनि देखिएको छ । कतिपय अवस्थामा त कानून प्रणाली समेत घरेलु हिंसाको घटनाको जिम्मेवार रहेको देखिन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले भेदभाव सम्बन्धी अमान्यताको सिद्धान्तलाई स्वीकार गरेको र समय विकासको क्रममा लिंगको आधारमा हुने सबै प्रकारको भेदभावलाई उन्मूलन गर्न अन्तर्राष्ट्रिय समुदायले देखाएको संवेदनशीलताको परिणामस्वरुप महिलालाई पुरुष सरह समान रुपमा आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक एवं राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने दायित्व स्वीकार गरियो । यसै क्रममा महिला विरुद्ध हुने हिंसालाई कसूरजन्य कार्यको रुपमा सर्वव्यापी रुपमा स्वीकार गरिसकिएको छ ।

नेपालको सन्दर्भमा प्रजातन्त्रको पुनर्वहाली पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले समानताको अधिकारलाई प्रत्याभूत गर्दै महिलाको विकास र संरक्षणमा विशेष व्यवस्था गर्न सकिने प्रावधानको साथै यातनाजन्य कार्यलाई दण्डनीय बनायो । त्यसपछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी महिला सम्बन्धी हकलाई समेत संबैधानिक संरक्षण प्रदान गर्‍यो । नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रको संविधानको रुपमा रहेको नेपालको संविधान, २०७२ ले अन्तरिम संविधानले गरेको व्यवस्थालाई कायमै राखी पीडितको अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरिसकेको छ ।
संविधानतः महिला विरुद्ध हुने सबै प्रकारका भेदभावजन्य कार्य कानूनद्वारा दण्डनीय हुने व्यवस्थाको परिणामस्वरुप घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को निर्माण भई उक्त ऐनमा भएको संशोधनले घोलु हिंसालाई सरकार बादी फौजदारी कसूरको रुपमा समेत स्वीकार गरिसकेको छ । यद्यपि प्रस्तुत ऐनले महिला विरुद्धको हिंसा सम्बन्धमा अन्तर्राष्ट्रिय संयन्त्रले विकास गरेको सबै मापदण्डलाई आफूमा समावेश गर्न नसकेको भएतापनि महिला विरुद्ध हुने हिंसाजनित वा यातनाजन्य कार्यलार्य उन्मूलन गर्ने तर्फ नेपालको प्रतिबद्धता देखाएको छ । आवश्यकता केवल विद्यमान कानूनको सफल कार्यान्वयनको छ ।

**सन्दर्भसामाग्रीहरु :**


- नेपालको संविधान, २०७२
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी महनसन्धी, १९८४
- महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९
- महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३
- The Protection of Women from Domestic Violence Act, 2005
- Black's Law Dictionary,8th ed. (2004)
- Dr. Shankar Kumar Shrestha, **Dictionary of Law & Justice**,Pairavi Prakashan, Kathmandu. (2004)
- Handbook for Legislation on Violence against Women, Department of Economic and Social Affirs, Division for the Advancement of Women, United Nations, 2010, Newyork
- National Domestic Violence Prosecution Best Practices Guide,National District Attorneys Association, Women Prosecution Section, 2017
- Report of the Special Rapporteur on violence against women, its causes and consequences, Ms. Radhika Coomaraswamy, submitted in accordance with Commission on Human Rights resolution 1995, A Framework for model legislation on domestic violence, E/CN.4/1996/53/Add.2,feb.1996
- Ahmad, A., & Jaleel, A. (2015). Prevalence and Correlates of Violence against Women in Nepal: Findings from Nepal Demographic Health Survey, 2011. Advances in Applied Sociology, 5,118.http://dx.doi.org/10.4236/aasoci.2015.54011 Accessed on 2074-1-17
- Prof. Dr. Rajit Bhakta Pradhanaga & Advocate Purna Shrestha, ***Domestic Violence Against Women: Concept, History & Existing Laws, annual survey of Nepalese Law***, Ktm. Nepal Bar Council, (2004)
- नृपध्वज निरौला समेत, घरेलु हिंसा, न्याय प्रशासनमा मानव अधिकार श्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०७१)
- हिंसाबाट पीडित महिलाहरुको न्यायमा पहुँच : एक संक्षिप्त अध्ययन, राष्टिय न्यायिक प्रतिष्ठान, २०७०, ललितपुर
- महिला तथा बालवालिका विरुद्ध हुने अपराध नियन्त्रण, श्रोत सामग्री, महन्यायाधिवक्ताको कार्यालय,२०७१, काठमाण्डौ
- नेपाल कानून पत्रिका
- www.vawhack.org/data

# बोक्सीसम्बन्धी कसूर र नेपाल कानून

✍ दुर्गा खड्का (जिल्ला न्यायाधीश)
ओमप्रकाश बराल (उपसचिव)

## १. विषय प्रवेश

महिला विरूद्ध हुने विभिन्न प्रकारका हिंसा मध्ये बोक्सी प्रथा एक हो । यो मानव मर्यादा (Human dignity) विरुद्धको गम्भीर अपराध हो । अन्धविश्वासी परम्पराको उपज हो । यो प्रथा खास गरी अल्पविकसित मुलुकहरूमा कुप्रथाको रूपमा रहेको छ ।[660] नेपाली समाजमा पनि बोक्सी प्रथाले जरा गाडेको प्राचीनकाल देखि नै हो । झारफुक तथा तन्त्र-मन्त्रप्रति मानिसको विश्वासका कारणले बोक्सी प्रथाको जन्म हुन गएको हो । यदाकदा पुरुषलाई “बोक्सो” आरोप लगाउने तथा हत्या गर्नेसम्मका घटना भएका छन् तर बोक्सी आरोप अधिकांश महिला माथि लाग्ने गरेको छ । समाजले यस्तै आरोप लगाउँदै थुप्रै महिलाको हत्या समेत गरेका घटनाहरू विभिन्न समाचार, पत्रपत्रिकामा प्रकाशित हुने गरेका छन् ।[661] आर्थिक वर्ष २०६८/०६९ मा १३ वटा, आर्थिक वर्ष २०६९/०७० मा १८ वटा, आर्थिक वर्ष २०७०/०७१ मा ३९ वटा, आर्थिक वर्ष २०७१/०७२ मा ४३ वटा, आर्थिक वर्ष २०७२/०७३ मा २८ वटा र आर्थिक वर्ष २०७३ साल श्रावण देखि चैत्रसम्ममा मात्रै २० वटा बोक्सी आरोप सम्वन्धी उजुरीहरू नेपाल प्रहरी कार्यालयमा दर्ता भएको देखिन्छ ।[662] बोक्सी आरोप (कसूर तथा सजाय) ऐन, २०७२ जारी भई हाल कार्यान्वनको अवस्थामा रहेकोछ । नेपालको संविधान र मानव अधिकारको संरक्षणका लागि बनेका नेपाल पक्ष भएका विभिन्न महासन्धिले पनि यस्ता खाले बोक्सी सम्बन्धी हिंसाजन्य कार्यलाई रोक लगाउन सहयोग गरेको पाईन्छ । यस लेखमा बोक्सी सम्बन्धी कसूरमा नेपालको विद्यमान कानूनी व्यवस्था लगायतसर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा भएका प्रतिपादित नजिरलाई समावेश गरिएको छ ।

## २. अर्थ र परिभाषा

नेपाली समाजमा बोक्सा बोक्सी भनेका पिर्ने शक्ति भनी बुझ्ने चलन छ । बोक्सी भन्ना साथ टोक्ने, माटो मार्ने, गाई-भैसीको दूध सुकाउने र घाँस नखाने बनाउने, बाँझो बनाउने, नछुने बिगार्ने, छौंडा पठाउने, पति-पत्नीबीच सम्बन्ध बिगार्ने, बिसन्चो बनाइरहने, व्यापार व्यवसायमा आँखा लगाउने

---

[660] बोक्सी प्रचलन र तत्सम्वन्धी कानूनी व्यवस्थाहरुको पुनरावलोकन, राष्ट्रिय मानव अधिकार आयोग, २०६२, पृष्ठ ३
[661] http://www.cinnetwork.org/news/1556, visited 4/16/2017
[662] www.nepalpolice.gov.np. Visited date 5/17/2017

इत्यादीको रुपमा बुझ्ने प्रवृत्ति छ ।[663] 'बोक्सी' भन्नाले बोक्सेरो जान्ने वा टुनामुना गर्ने स्त्रीलाई जनाउछ[664] भनी परिभाषा गरेको छ । Meaning of "Withchcraft" the activity of performing magic to help or harm other people.[665]

Similarly,"Witchcraft",the use of sorcery or magic, communication with the devil or with a familiar an irresistible influence or fascination.[666] त्यसैगरी 'बोक्सीको आरोप' भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको आरोपमा बसोबास गरेको ठाऊँबाट निकाला गर्ने, धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपीट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा अंगभंग गर्ने, बोक्सीका आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने, कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने जुनसुकै कार्य समेतलाई जनाउँछ[667] भनी परिभाषा गरेको छ ।

## ३. नेपालमा बोक्सी सम्बन्धी कसूर रोकथामका लागि भएका प्रयासहरू

पहिले देखि नै नेपालको कानूनले बोक्सी प्रथालाई मान्यता दिएको छैन । सम्वत् १९१० मा जारी भएको मुलुकी ऐनले 'बोक्स्यारोको' महलको व्यवस्था गरी बोक्सी दोष लगाउने कार्यलाई दण्डनीय बनाएको थियो । कसैलाई बोक्सीको अपराध लगाई घरबाट निकालेमा, कसैका कन्या, सधवा, विधवा स्त्रीलाई मन्त्र-टुना गरी झारफुक गर्ने धामीलाई वा त्यस्तो कार्य गर्न सहयोग गर्ने मतियार समेतलाई दण्ड हुने व्यवस्था यसले गरेको थियो । तर मुलुकी ऐन, २०२० मा भने बोक्सीको दोष लगाई दुर्व्यवहार गर्ने व्यक्ति माथि सजाय हुने प्रष्ट कानूनी व्यवस्था थिएन । तर कसैले कसै माथि कुटपिट गरेमा भने कुटपीट महल बमोजिम सजाय हुने कानूनी व्यवस्था थियो । त्यसका साथै राज्यले समाजमा हुने सार्वजनिक अपराधको नियन्त्रण गर्न तथा सर्वसाधारणको इज्जत र मान मर्यादा कायम राख्न केही सार्वजनिक (अपराध सजाय) ऐन, २०२७, गाली र वेज्जती ऐन, २०१६ जस्ता कानूनहरू निर्माण गरी

---

[663]सरिता परियार, **प्रश्नको संहारः बोक्सीको पुनरुत्पादन**, कोसेली-कान्तिपुर समाचार दैनिक, २०७४, बैशाख, ९ ।

[664] नेपाली वृहत शव्दकोष, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, सातौं संस्करण, पेज नं. ९२९

[665]Cambridge Advanced Learner's Dictionary & Thesaurus © Cambridge University Press, http://dictionary.cambridge.org

[666] https://www.merriam-webster.com/dictionary/witchcraft, visited 4/16/2017

[667] बोक्सी आरोप (कसूर तथा सजाय) ऐन, २०७२, दफा २

कार्यान्वयनमा ल्याएको छ । यिनै कानूनहरू अन्तर्गत बोक्सीको आरोपितलाई कारवाही गर्ने गरिएको थियो । यी कानूनहरू बोक्सीको आरोपमा हुने हिंसालाई रोक्न पर्याप्त छैनन् । बोक्सीको नामबाट हुने गरेका कुनै पनि अमानवीय एवम् क्रुर यातनाजन्य कार्यलाई अपराधको रूपमा परिभाषित गरी दण्डको पर्याप्त व्यवस्था गर्न छुट्टै कानूनको आवश्कता छ भन्ने आवाज चर्को रूपमा उठे । राष्ट्रिय मानव अधिकार आयोगले बोक्सीको नाममा मानव अधिकार उल्लंघन गरिएको भन्ने विभिन्न उजुरीहरूको छानवीन गरी यस्ता प्रकारको घटनालाई रोकथाम गर्न, दोषी उपर कानूनी कारवाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नका लागि आवश्यक कानून तर्जुमा गर्न र आवश्यक संयन्त्र समेत व्यवस्था गर्न, पीडितलाई जनही रू.३०,०००।- तथा मृतकका हकमा आश्रितलाई रू. ५०,०००।- क्षतिपूर्ति स्वरुप उपलव्ध गराउन, मानव अधिकार सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्न भनी मिति २०६०।१।२३ को बैठकबाट निर्णय गरी नेपाल सरकारलाई सिफारिस गरेको देखिन्छ ।[668]

त्यसैगरी सम्मानित सर्वोच्च अदालतले अधिवक्ता रेस्मा थापा समेत विरुद्ध नेपाल सरकार (२०५८ साल रिट नं. २८९१, २०६१।४।२६) भएको मुद्दामा महिला वर्ग माथि बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकाले त्यस्तो प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक सचेतना अभिवृद्धि गरी रुढीवादी, अन्धविश्वासी अज्ञानता हटाउने उद्देश्यले कार्यक्रम संचालन गर्न गराउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो । यस्तो आदेशलाई राज्यले केही सार्वजनिक (अपराध तथा सजाय), तेस्रो संशोधन अध्यादेश, २०६१ मार्फत बोक्सीको आरोप सम्बन्धी कसूरलाई दण्डनीय बनाउन खोजेको भए पनि करिव दुई वर्ष पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ मार्फत मुलुकी ऐन, २०२० को अदलको महल अन्तर्गत कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट तिरस्कार वा अमानवीय वा अपमानजनक व्यवहार गरी निजलाई बसोबास गरेको ठाउँबाट निकाला गरेमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने[669] र भए गरेको मितिले पैंतिस दिन भित्र नालिस नदिए लाग्न सक्दैन[670] भन्ने व्यवस्था थप गरी बोक्सीको दोष लगाई हुने कार्यलाई अपराधको रूपमा सम्वोधन गर्न खोजेको पाइन्छ ।

उल्लेखित पहलकदमीहरूबाट पनि बोक्सीको नाउँमा हुने हिंसालाई सम्वोधन गर्न प्रयाप्त देखिएनन् भनी समस्याको गम्भीरतालाई मध्यनजर गरी झण्डै ४ वर्ष पछि बोक्सी आरोप (कसूर तथा सजाय)

[668]बार्षिक प्रतिवेदन, २०५९/६०, राष्ट्रिय मानव अधिकार आयोग, पृष्ठ ८४ ।

[669] दफा १० (ख) नं.

[670] दफा १२

ऐन, २०७२[671] जारी भई हाल कार्यान्वनको अवस्थामा रहेकोछ भने उक्त मुलुकी ऐनको अदलको महलमा थप गरेको कानूनी व्यवस्थालाई यस ऐनले खारेज गरेको छ । नेपालको संविधान र मानव अधिकारको संरक्षणका लागि बनेका नेपाल पक्ष भएका विभिन्न महासन्धिले पनि यस्ता खाले बोक्सी सम्बन्धी हिंसाजन्य कार्यलाई रोक लगाउन सहयोग गरेको पाईन्छ । त्यसैगरी, मुलुकी फौजदारी अपराध संहिता, २०७४ ले पनि कसैले कसैलाई अपमानजनक र अमानवीय व्यवहार गर्न नह'ने भन्ने व्यवस्था गरेको छ ।

## ४. अन्य मुलुकको अनुभव

### ४.१ भारत

सांस्कृतिक बहुलवादको धनी राष्ट्र भारत समेत रुढिवादी, अन्धविश्वास र कुरितीजन्य अभ्यासहरुबाट मुक्त हुन सकेको देखिँदैन । भारतका अधिकांश राज्यहरु जस्तै झारखण्ड, हरयाना, छत्तीसगढ, ओरिसा, वेष्ट बंगाल, मध्य प्रदेश, राजस्थान, आन्ध्र प्रदेश, गुजरात, महाराष्ट्र, आसाम र बिहारमा आजसम्म पनि बोक्सी सम्बन्धी आरोपमा विशेष गरी महिलाहरुलाई यातनाका शिकार बनाईदै आएको देखिन्छ । उल्लिखित राज्यहरुलाई बोक्सी सम्बन्धि अपराधहरुको मुख्य आधार भूमिका रुपमा हेर्ने गरिन्छ । खेतीबाली राम्रो नहुनु, ईनार, कुवामा पानि सुक्नु, घर परिवारमा कोही व्यक्ति बिरामी हुनु वा मर्नु आदिलाई बोक्सा बोक्सीको कारण/आधार बनाई विशेष गरी गरिब, अशिक्षित, असहाय, वृद्धवृदा तथा एकल महिलाहरुलाई यातना दिने तथा जिउ ज्यान लिनेसम्मका घटनाहरु भारतिय समाजमा व्याप्त देखिन्छन । भारतमा बोक्सी सम्बन्धी आरोपमा महिलाहरुलाई दिईने यातनालाई अत्यन्त क्रुर यातनाका रुपमा हेर्ने गरिन्छ । यस्तो बोक्सीको आरोपमा आरापितहरुलाई ढुंगा तथा लठ्ठीले हिर्काउने, कपडा च्यातिदिई नाङ्गै गाउँ समाजमा डुलाउने, मानव मलमूत्र खुवाउने, जिउँदै जलाउने, झुण्डाई मार्ने जस्ता अत्यन्त अमानवीय, असभ्य र असोभनीय सजाय दिने गरेको पाईन्छ । आजसम्म पनि यस्ता अपराधहरुबाट वर्षेनी हत्या हुने व्यक्तिहरुको आँकडा कहालीलाग्दो देखिन्छ । भारतको National Crime Records Bureau (NCRB) ले गरेको एक सर्वेक्षणका अनुसार भारतले स्वतन्त्रता हासिल गरे देखि यता हालसम्म बोक्सी सम्बन्धि अपराधहरुबाट ३ लाख ६८ हजार ३ सय ७९ जनाको ज्यान गएको, ३ लाख ६ हजार ९६ जना घाईते भएका एवं झण्डै २ अर्ब ८१ करोड ५९ लाख ३१ हजार डलर बरावरको आर्थिक क्षति भएको देखिन्छ ।

यस्ता कार्यहरुबाट पीडितले भौतिक एवं भावनात्मक रुपले अत्यन्त विक्षिप्त हुनुपरेको अवस्था छ । मूलतः पुरातनवादी सोच/अन्धबिश्वास, सम्पत्ति सम्बन्धि बिवाद, अशिक्षा, गरिवी, पछौटेपन तथा जनचेतनाको अभावमा यस्ता कुरितीजन्य प्रथाहरुले एक्काईसौं शताव्दीको भारतिय समाजमा जरा

671 नेपाल राजपत्र, अतिरिक्तांक, १३

गाडेका छन् र यस्ता घटनाहरुलाई भारतिय कानूनने दण्डनीय बनाएता पनि यस्ता घटनाहरुको उजुरी सम्बन्धित निकायहरुमा बिरलै आउने गरेको देखिन्छ ।[672] बोक्सी सम्बन्धि अधिकांश अपराधहरुलाई सम्बोधन गर्ने राष्ट्रिय कानूनका रुपमा भारतीय पेनल कोड (Indian Penal Code-IPC), १८६० रहेको देखिन्छ । उक्त कोडको खण्ड ३२३ ले Voluntary Harm सम्बन्धि अपराधमा १ वर्ष कैद वा १ हजार जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरेको छ । त्यसैगरी उक्त कोडको खण्ड ३०२ बोक्सी सम्बन्धमा आरोपित व्यक्तिको हत्या भएका अवस्थामा आकर्षित हुने देखिन्छ । उक्त खण्डका आधारमा घटनासँग सम्बन्धित दोषी व्यक्तिलाई मृत्युदण्ड वा आजीवन काराबास तथा जरिवाना समेतको सजाय हुन सक्ने देखिन्छ ।[673]

### ४.२ बोक्सीमा विश्वास गर्ने अन्य देशहरु[674]

साउदी अरेविया, तान्जानिया, केन्या, घाना, गाम्विया, युगान्डा, पपुव न्यु गायना, थाइलेण्ड, इन्डोनेसिया, मलेसिया, बाङ्लादेश, बोलिभिया, ग्वाटेमाला, हैटी, मेक्सिको, पोडेण्ड, सेरियालोन आदि । यी मध्ये साउदी अरेवियामा धार्मिक प्रहरी विभाग अन्तरगत बोक्सी विरोधी एकाइले बोक्सी समात्न प्रहरी खटाउछ र उनीहरु विरुद्ध मुद्दा चलाई सजाय दिलाउने कार्य गर्छ । बोक्सी भनिएकाहरुलाई मृत्युदण्ड सम्म पनि हुन सक्छ ।[675] पश्चिम अफ्रिकाको घानाको अकान्स समुदायमा बोक्सीहरु राम्रा हुने बुझाई छ । उनीहरुले आफ्नो शक्तिको प्रयोग आर्थिक समृद्धि, प्राज्ञिक सफलता र वैवाहिक जीवनको भलाईका लागि प्रयोग गर्छन् भन्ने छ ।[676]

## ५. नेपालमा विभिन्न पत्रपत्रिका तथा लेखमा प्रकाशित बोक्सा, बोक्सीको आरोपमा आरोपित केही घटनाहरुको विवरण

### ५.१ बोक्सीको आरोपमा अमानवीय घटना/पैसट्ठी वर्षकी वृद्धालाई कुटेर बेहोस पारियो, कान्तिपुर राष्ट्रिय दैनिक, २०५६।२।१३ : 

जिल्ला महोत्तरी सिमरदही गा.वि.स. को तत्कालिन गा.वि.स. अध्यक्षको संलग्नतामा एउटा समूहले बोक्सी पत्ता लगाउने नाममा स्थानिय १५ सय महिलाहरुको सार्वजनिक बेइज्जती गरेको र एक जना ६५ वर्षिया महिला मरिनीदेवीलाई निर्घात कुटपीट गरिएको भन्ने घटनाको बारेमा समाचार प्रकाशित भएको थियो ।

[672] https://www.scribd.com/document/216326672/Witch-Hunting-A-shameful-menace-prevalant-in-India
[673] Sec 323 and 302 of Indian Penal Code-IPC, 1860
[674] डा. आनन्द मोहन भट्टराई, **बोक्सी, बोक्साको आरोप र न्यायसँग जोडिएका प्रश्नहरु,** कानून अंक ११८, पृष्ठ २१
[675] ऐ. पृष्ठ २१
[676] सरिता परियार, **प्रश्नको संहारः बोक्सीको पुनरुत्पादन**, कोसेली-कान्तिपुर समाचार दैनिक, २०७४, बैशाख, ९ ।

**५.२ कान्तिपुर राष्ट्रिय दैनिक/२०५८।६।१२ :** जिल्ला महोत्तरी बेलाएकडाडा वस्ने वर्ष ६१ की मलेसिया देवी नाम गरेकी एक महिलालाई बोक्सीको मन्त्र लगाई एक बालकको ज्यान लिएको आरोपमा स्थानिय व्यक्तिहरुले निज वृद्धा मलेसिया देवीलाई घरमा कोही नएको अवस्थामा घिसार्दै सडकमा लगेर निर्मम यातना दिई शरीरका विभिन्न भागमा चोटपटक भएको तथा दिशा पिसाव खुवाई अमानवीय एवं जघन्य कार्य ग रेको र सोको चोटपटकबाट नै निजको मृत्यु भएको भन्ने घटनाको बारेमा समाचार प्रकाशित भएको थियो ।

**५.३ तुलु थिङ र उनको परिवार उपर भएको अत्याचार**[677]: तुलु थिङ रसुवा जिल्लाको यार्सा गाउँका बासिन्दा हुन् । उनी गाउँका गुरुवाको काम पनि गर्थे । उनलाई कसैकसैले भेदुवा पनि भन्दा रहेछन् । उनको आफ्नै भतिजाहरु त उनी भेदुवा हुन भन्ने विश्वास नै गर्दा रहेछन् । अन्धविश्सवासले उनीहरुलाई यति हदसम्म जकडेको रहेछ कि क्यान्सर रोगको कारण काठमाडौंका अस्पतालहरु चहार्दा-चहार्दा केही सिप नलागेपछि मरेको उनको भतिजो स्याङवोलाई तुलुले नै मारेको आरोप लगाउन स्याङवोका दाजुभाई र उनका परिवारहरु उद्धत भए । स्याङवो मरेको भोलिपल्ट २०७२।१२।५ गते तुलुलाई गाउँलेहरुको बीचमा रगतपच्छे हुने गरेर टुपी काटियो, कालो मोसो दलियो, र मानवको दिसा खुवाइयो । जिउँदै गाडियो । निजको छोरालाई जवरजस्ती जिउँदै गाडेको बाबुको लाश माथि दागवत्ती दिन लगाइयो र उनको श्रीमतीलाई समेत कुटपीट गरियो ।

**५.४ बोक्सी भन्दै मलमुत्र खुवाइएकी लक्ष्मी परियारको मृत्यु**[678] : मिति २०७३।०८।२० गते काभ्रे सानो गौथली, गोदामचौर स्थित सूर्योदय माध्यामिक विद्यालयमा काम गर्ने हिरा लामाले स्कुल चउरमै बोक्सी भन्दै लक्ष्मी परियारलाई मलमुत्र खुवाएकोमा निजको मृत्यु भएको भन्ने घटना सार्वजनिक भएको थियो ।

उल्लेखित विवरणहरुबाट कानून आउन पुर्व र हाल नयाँ ऐन बोक्सी आरोप (कसूर तथा सजाय) ऐन कार्यान्वयनमा आईसकेको अवस्थामा पनि बोक्सीको आरोप सम्बन्धी घटनाहरुमा कमी आएको छैन ।

## ६. बोक्सीको आरोपमा पीडित माथि हुने अत्याचारका स्वरूपहरु[679]

बोक्सीको आरोपमा विभिन्न हिंसाका स्वरुपहरु हुन्छन् । यसको प्रकृतिमा विविधता रहेको पाईन्छ । यसले पार्ने असर र प्रभावमा पनि भिन्नता रहेको छ । मूलतः हत्या गर्ने, गाउँ निकाला गर्ने, जिउँदै गाड्ने, सामाजिक बहिष्कार गर्ने, कुटपीट गर्ने, दिसापिसाव खुवाउने, कपाल मुण्डन गर्ने, तातोपानी

---

677 Supre note 233, पृष्ठ, १९

678 http://archive.setopati.com/samaj/58611/, visited date 06.09.2017

679 बोक्सी प्रचलन र तत्सम्वन्धी कानूनी व्यवस्थाहरुको पुनरावलोकन, राष्ट्रिय मानव अधिकार आयोग, २०६२, पृष्ठ ३

शरीरमा खन्याउने, सिस्नोपानी लगाउने, कपडा च्यातिदिने, पन्यु ततायर शरीरका विभिन्न ठाउँमा डाम्ने, हातखुट्टा बाँधेर झुन्ड्याउने, नुन खान लगाई पानी खान नदिने, खुर्सानीको धुवाँमा सास फेर्न लगाउने, उम्लिएको वा बरप झै चिसो पानीमा हातखुट्टा आदि डुवाउन लगाउने,अब बोक्सी लाग्दैन भनी कागज वा कायलनामा गराउने आदि छन् ।

## ७. अन्तर्राष्ट्रिय प्रावधानहरू

मानव सम्भयताको जगेर्ना गर्न र अधिकारको उपयोग गर्न सक्ने अवस्थामा पुऱ्याउन राष्ट्रिय प्रयासलाई सहयोग गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघबाट विभिन्न अन्तर्राष्ट्रिय प्रावधानहरु पारित भएका छन् । उक्त प्रावधानहरु बोक्सीको आरोप सम्बन्धी कसूर नियन्त्रण र रोकथाम गर्न समेत सहयोगी रहेका छन् । जसलाई देहाय बमोजिम चर्चा गरिएको छ :

### ७.१ मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र, १९४८

यस घोषणापत्रको प्रस्तावनाले मानवमात्रको प्रतिष्ठा र सम्मानको प्रत्याभूति गरेको छ । जसमा मानव परिवारका सबै सदस्यहरुमा अन्तर्निहित प्रतिष्ठा तथा सम्मान  अविछिन्न अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएको अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिस बाध्य नहोस भन्ने हो भने मानव अधिकारहरु कानूनी शासनद्धारा संरक्षित रहनु अति आवश्यक भएको प्रत्येक व्यक्ति र समाजको अंगले यस घोषणापत्रलाई निरन्तररुपमा मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशिल उपायहरुद्वारा यसमा उल्लेखित अधिकार र स्वतन्त्रताहरुको विश्वव्यापी र प्रभावकारी मान्यता र पालना होस् भनी एउटा साझा मापदण्डको रुपमा संयुक्त राष्ट्र संघको महासभाले यो घोषणापत्र जारी गर्दछ भन्ने उल्लेख छ ।[680]यस घोषणापत्रमा सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र समान हुने, उनीहरुमा विवेक शक्ति र अन्तःकरण हुने भएकोले प्रत्येकले परस्परमा भातृत्वको भावना लिएर व्यवहार गर्नुपर्ने ।[681] त्यसैगरी जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुने घोषणा गरेको छ ।[682] प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ ।[683] कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिईने वा क्रुर, अमानवीय वा

[६८०] घोषणापत्रको प्रस्तावना

[६८१] धारा १

[६८२] धारा २

[६८३] धारा ३

अपमानजनक व्यबहार वा सजाय गरिने छैन भन्ने घोषण गरेको छ ।[684] सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् । सबै व्यक्तिहरुलाई यस घोषणापत्रको उल्लंघन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव विरुद्ध वा त्यस्तो भेदभावको दुरुत्साहन विरुद्ध समान संरक्षण पाउने घोषणा गरेकोछ ।[685]प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रद्धत मौलिक अधिकारहरुको उल्लघंन गर्ने कार्यहरु विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकारणहरुबाट प्रभावकारी उपचार पाउने अधिकार हुने घोषणा गरेकोछ ।[686] कुनै पनि व्यक्ति उपर लगाईएको फौजदारी अभियोगको र निजको अधिकार तथा दायित्वको निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गरी पाउने पूर्ण समानताको हक त्यस्तो व्यक्तिलाई हुने घोषणा गरेको छ ।[687] कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्रचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार हुने घोषणा गरेको छ ।[688]

## ७.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस अनुवन्धमा संयुक्त राष्ट्र संघीय बडापत्रमा घोषित सिद्धानत अनुरुप मानवको अनर्निहित प्रतिष्ठा, सम्मान र नैसर्गिक अधिकार एवं स्वतन्त्रताहरुको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले अनुवन्धको अवलम्वन गरिएको छ ।[689] अनुवन्धमा व्यक्तिको प्रतिष्ठा एवं स्वतन्त्रताहरूको संरक्षण र सम्वर्द्धनका लागि देहायका व्यवस्था गरिएका छन्: यस अनुवन्धले सरकारी हैसियतमा काम गर्ने व्यक्तिहरुबाटै उल्लंघन भएको भए तापनि प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका आफ्ना अधिकार तथा स्वतन्त्रताहरु उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।[690] कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय गरिने छैन । खासगरी, कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन भन्ने व्यवस्था गरेको छ ।[691] प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ गर्न वा

[६८४] धारा ५

[६८५] धारा ७

[६८६] धारा ८

[६८७] धारा १०

[६८८] धारा १२

[६८९] अनुवन्धको प्रस्तावना ।

[६९०] धारा २(३(क)

[६९१] धारा ७

थुनामा राख्न पाईने छैन । कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्न नपाइने व्यवस्था गरेको छ ।[692] सबै व्यक्तिहरु अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन् । कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरुको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार हुने व्यवस्था अनुवन्धले गरेको छ ।[693] त्यसैगरी फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको मानिने व्यवस्था गरेको छ ।[694] कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गर्न र निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी आक्रमण  गर्न नपाईने व्यवस्था गरेको छ ।[695] सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् । यस सम्वन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको हकदार हुनेछन् भन्ने व्यवस्था गरेको छ ।[696]

## ७.३ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९७९

पुरुष तथा महिलाको बीचको पूर्ण समानता प्राप्तिको लागि तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरु  उन्मूलन गर्ने उद्देश्यले यो महासन्धि अवलम्वन गरिएको हो । महिला विरुद्ध हुने सबै खालका भेदभावजन्य कार्यहरुलाई निरुत्साहन गर्ने सम्वन्धमा देहायका महत्वपूर्ण व्यवस्थाहरु अलवम्वन गरेको छ : यस महासन्धिले “महिला विरुद्धको भेदभाव” भन्नाले पुरुष र महिलाहरुको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिला बीच समानताका आधारमा महिलाहरुद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिवन्ध बुझ्नु पर्ने व्यवस्था गरेको छ ।[697] यस महासन्धिले पक्ष राष्ट्रहरुलाई महिला विरुद्धका सबै प्रकारका भेदभावलाई उन्मूलन गर्नका लागि महिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरु

[६९२] धारा ९

[६९३] धारा १४(१)

[६९४] धारा १४(२)

[६९५] धारा १७

[६९६] धारा २६

[६९७] धारा १

एवं उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्था समेत अवलम्वन गर्ने, पुरुष सरह समान आधारमा महिलाका अधिकारहरुको कानूनी संरक्षणको व्यवस्था गर्ने तथ सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरु मार्फत भेदभावको कुनै पनि कार्य विरुद्द महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने, महिला विरुद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरुले यस दायित्व अनुरुप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने, कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्ने, महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा ब्यबहारहरु परिवर्तन वा उन्मुलन गर्न कानूनी व्यबस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्ने, महिला विरुद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड व्यबस्थाहरु खारेज गर्नुपर्ने व्यवस्था गरेको छ ।[698] महासन्धिले पुरुष सरह महिलाहरुलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यकालागि महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले सबै क्षेत्र खासगरी राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरुमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ ।[699] त्यसैगरी पक्ष राष्ट्रहरूले ग्रामीण महिलाहरुले सामना गर्नु परेका खास समस्याहरू समाधानका लागि उपयुक्त उपायहरू अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ ।[700]

## ८. राष्ट्रिय प्रावधान

बोक्सीको आरोप सम्बन्धी कसूरको रोकथामका लागि छुट्टै ऐनको आवश्यकता महसुश गरी बोक्सी आरोप (कसुर तथा सजाय) ऐन, २०७२ जारी भएको छ । यसका अलावा नेपालको संविधान, प्रस्तावित फौजदारी संहिता समेत बोक्सी आरोप नियन्त्रणका लागि सहायक रहेका छन् जसको देहाय बमोजिम चर्चा गरिएको छ ।

### ८.१ नेपालको संविधान

संविधानको मौलिक हक अन्तर्गत महिलाको हकमा महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ[701] भन्ने उल्लेख छ । शोषण

[६९८] धारा २

[६९९] धारा ३

[७००] धारा १४(१)

[७०१] धारा ३८ उपधारा ३

विरूद्धको हक अन्तर्गत धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमको शोषण गर्न पाइने छैन[702] भन्ने उल्लेख छ । यसैको धारा ५०(२) मा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सम्भ र समतामूलक समाजको निर्माण गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ भन्ने राज्यको निर्देशक सिद्धान्त रहेकोछ भने धारा ५१ (ग) (५) मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने नीति लिएको छ ।

## ८.२ बोक्सी आरोप (कसूर तथा सजाय) ऐन, २०७२

कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रुपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने[703] यस ऐनको उद्देश्य रहेको छ । यस ऐनले गरेको मुख्य प्रावधान देहाय बमोजिम रहेको छ ।

### ८.२.१ बोक्सीको आरोप सम्वन्धी कसूर

यस ऐनले निम्न कार्यलाई **बोक्सीको आरोप सम्वन्धी कसूर** मानेकोछ[704] :

(क) बोक्सीको आरोप लगाउने

(ख) बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने,

(ग) बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने,

(घ) बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने,

(ङ) बोक्सीको आरोपमा बसोबास गरेको ठाऊँबाट निकाला गर्ने,

(च) धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,

(छ) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपीट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने,

[७०२] धारा २९ उपधारा २

[७०३] ऐनको प्रस्तावना

[७०४] दफा ३(१)

चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने,

(ज) बोक्सीको आरोपमा अंगभंग गर्ने,

(झ) बोक्सीका आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

(ञ) कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने ।

उल्लेखित कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा पनि बोक्सीको आरोप सम्वन्धी कसूर गरेको मानिने[705] व्यवस्था यस ऐनले गरेको छ ।

## ८.२.२ कसूरको सूचना, पक्राउ वा खानतालासी र अन्तरिम संरक्षणात्मक आदेश सम्वन्धी व्यवस्था

बोक्सीको आरोप सम्बन्धी कसूरको सूचना थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्ने, उक्त सूचना प्राप्त भएपछि तुरुन्तै दर्ता गरी प्रहरी कार्यालयले २४ घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्ने व्यवस्था गरेको छ ।[706] आरोपितलाई पक्राउ गर्न वा खानतालासी लिन सक्ने[707], अभियुक्तलाई थुनामा राखी कारवाही गर्नुपर्ने[708], पीडितले चाहेमा प्रतिरक्षाको लागि छुट्टै कानून व्यवसायी राख्न सक्ने[709], मुद्दाको कारवाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले पीडकको नाममा अन्तरिम संरक्षणत्मक आदेश जारी गर्न सक्ने[710] व्यवस्था यस ऐनले गरेको छ ।

## ८.२.३ पीडितको उपचार तथा घा जाँच, सुरक्षा सम्वन्धी व्यवस्था

यस ऐनमा कुनै पीडित शारिरीक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्ने, पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा पीडितको उपचारमा संलग्न

[७०५] दफा ३(२)

[७०६] दफा ४

[७०७] दफा ७

[७०८] दफा ८

[७०९] दफा ९

[७१०] दफा १०

चिकित्सकबाट निजको घा जाँच वा परीक्षण गराउनु पर्ने, पीडितलाई तत्काल मनोविमर्श सेवा उपलव्ध गराउन आवश्यक देखिएमा प्रहरी कार्यालयले गर्नुपर्ने प्रावधान रहेको छ ।[711] साथै पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयले समुचित व्यवस्था मिलाउनु पर्ने ।[712] पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न वा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्न परेमा प्रहरीले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ बमोजिम स्थापना गरेको सेवा केन्द्रमा राख्ने व्यवस्था प्रहरी कार्यालयले गर्नु पर्ने ।[713] व्यवस्था यस ऐनमा रहेको छ ।

## ८.२.४ सजाय सम्वन्धी व्यवस्था

यस ऐनले देहाय बमोजिमको सजायको व्यवस्था गरेको छ ।[714]

| कसूर | सजाय |
|---|---|
| बोक्सीको आरोप लगाउने । | ६ महिना देखि २ वर्षसम्मकैद र पाँच हजार देखि वीस हजार रुपैयासम्म जरिवाना । |
| बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने वा बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने । | १ वर्ष देखि ३ वर्ष सम्म कैद र १० हजार देखि ३० हजार रुपैयासम्म जरिवाना । |
| बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने वा बोक्सीको आरोपमा बसोबास गरेको ठाऊँबाट निकाला गर्ने । | २ वर्षदेखि ५ वर्षसम्म कैद र बीस हजार देखि पचारहजार रुपैयासम्म जरिवाना |
| धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने, | ३ वर्ष देखि ७ वर्षसम्म कैद र ३० हजार देखि ७५ हजार रुपैयासम्म जरिवाना |
| बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपीट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, | ५ वर्ष देखि ८ वर्षसम्म कैद र ५० हजार देखि १ लाख रुपैयासम्म जरिवाना |

[७११] दफा ५

[७१२] दफा ६

[७१३] दफा १४

[७१४] दफा ११

| कसूर | सजाय |
|---|---|
| बोक्सीको आरोपमा अंगभंग गर्ने, | प्रचलित कानून बमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय। |
| कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने। | मुख्य कसूरदारलाई हुने सजायमा आधा सजाय। |
| बोक्सीको आरोप सम्बन्धी कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा। | ६ महिना देखि २ वर्षसम्म कैद र ५ हजार देखि २० हजार रुपैयासम्म जरिवाना। |
| पटके कसूरदार गरेमा | पटकै पिच्छे दोब्बर सजाय |
| संरक्षक वा अभिभावकत्मा रहेको व्यक्ति विरुद्ध वा सार्वजनिक जवाफदेही पदमा बहाल रहेको कुनै व्यक्तिले कसूर गरेमा | थप २५ प्रतिशत। |
| कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गरी क्षति पुऱ्याएमा | ६ महिना देखि २ वर्षसम्मकैद र पाँच हजार देखि वीस हजार रुपैयासम्म जरिवाना गरी क्षति बराबरको रकम पीडितलाई भराईदिनुपर्ने। |
| अदालतको आदेश पालना नगरेमा वा अनुसन्धान तहकिकात सम्वन्धी कामकारवाहीमा बाधा विरोध गरेमा | ३० हजार देखि २५ हजार रुपैयासम्म जरिवाना वा ३ महिना देखि ९ महिनासम्म कैद वा दुवै सजाय। |

## ८.२.५ पीडितलाई क्षतिपूर्ति तथा उपचारको रकम सम्वन्धी व्यवस्था

मुद्दाको फैसला गर्दा बोक्सीको आरोप सम्बन्धी कसूरको मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनुपर्ने, पीडकको आर्थिक अवस्था कमजोर भएको अदालतलाई लागेमा अदालतले ठहऱ्याएको रकम नेपाल सरकारले व्यहोर्ने गरी आदेश गर्न सक्ने, अदालतबाट भएको आदेश बमाजिमको रकम सम्बन्धित स्थानीय तहले ६० दिन भित्र पीडितलाई उपलव्ध गराउनु पर्ने, क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा निजको हकवालाले पाउने व्यवस्था यस ऐनले गरेको छ।[715] त्यसैगरी पीडितको उपचारको सम्पूर्ण खर्च कुरुवा समेतको पीडकले व्यहोनु पर्ने, पीडकको आर्थिक अवस्था कमजोर भएमा लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना दिन सक्ने[716] व्यवस्था यस ऐनले गरेको छ।

[७१५] दफा १२

[७१६] दफा १३

### ८.२.६ हदम्याद र बन्द इजलाशबाट सुनुवाई हुने

यस ऐन अर्न्तगतको मुद्दा सरकारवादी हुने[717], कसूर भए गरेको मितिले ९० दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनुपर्ने[718]। पीडितले माग गरेमा मुद्दाको सुनुवाई बन्द इजलाशबाट गरिने[719] प्रावधान यस ऐनमा रहेको छ।

### ८.२.७ सचेतना कार्यक्रम संचालन सम्वन्धी व्यवस्था

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बोक्सीको आरोप सम्वन्धी कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम संचालन गर्न वा गराउनु पर्ने[720] भनी सचेतना कार्यक्रम समेत संचालन गर्नु पर्ने व्यवस्था यस ऐनले गरेको छ।

उल्लेखित बोक्सी आरोप (कसूर तथा सजाय) ऐन, २०७२ ले कसूरको परिभाषा, दायरा निर्धारण, पीडितको संरक्षण, उपचार, सूरक्षा, क्षतिपूर्ति र सजाय सम्बन्धमा केही महत्वपूर्ण व्यवस्था गरेको छ। यसका साथै पीडितको उपचार, संरक्षण र समाजमा विभिन्न किसिमका बोक्सी आरोप सम्बन्धी कसूर हुन नदिन सचेतना कार्यक्रम समेत गर्नुपर्ने व्यवस्था यस ऐनमा छ। बोक्सीको आरोपमा ज्यान नै मारे वा उद्योग गरे सम्बन्धित ऐन बमोजिम कारवाही हुन सक्ने व्यवस्था पनि गरेको छ। तर यस ऐनले बोक्सी प्रथा अन्त्य गर्न बोक्सा बोक्सी हुँदैन भन्न सकेको पाइदैन जुन समस्याको जरो भनेको नै समाजमा बोक्सा बोक्सी हुन्छन् भन्ने हो।

## ८.३. मुलुकी फौजदारी अपराध संहिता, २०७४

यस संहिताले कसैले कसैलाई अपमानजनक र अमानवीय व्यवहार गर्न नहुने भन्ने व्यवस्था गरेको छ। यसले देहाय बमोजिमको कामलाई अपमानजनक वा अमानवीय व्यवहार मानेकोछ[721]:

(क) बोक्सा बोक्सीको आरोप लगाउने,

(ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,

(ग) सामाजिक बहिस्कार गर्ने, वा

(घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने।

---

७१७ दफा १६

७१८ दफा १७

७१९ दफा १८

७२० दफा १५

721 दफा १६६ (१)

उल्लिखित बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुने[722] व्यवस्था यस ऐनले गरेको छ भने राष्ट्रसेवकले कसूर गरेमा थप तीन महिना सम्म कैद सजाय हुने[723] व्यवस्था गरेको छ । त्यसैगरी कसूर गर्ने व्यक्तिबाट पीडितलाई पुगेको क्षति वा पीडा वापत मनासिव क्षतिपूर्ति भराई दिनु पर्ने[724] र कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन[725] भनी हदम्यादलाई ६ महिनाको प्रस्ताव गरेको छ ।

### ५.४ पन्ध्रौं योजना

आर्थिक तथा सामाजिक जीवनमा पुरुष भन्दा पछि परिरहनु, कुरीतिजन्य व्यवहार कायम रहनु यस लैङ्गिक समानता तथा महिला सशक्तीकरण क्षेत्रका समस्या र चुनातीहरु हुन् । बोक्सी सम्बन्धी ( कसूर र सजाय) ऐन, २०७२ को कार्यान्वयन, संविधानमा महिला सम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र संघदेखि स्थानिय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चिता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरिनुलाई अवसरको रूपमा लिएको छ । साथै महिला माथि हुने सबै किसिमको हिसां विरुद्व शून्य सहनशीलताको नीति प्रभावकारी बनाइने यस योजनाको उद्देश्य रहेको छ ।[726]

## ९. बोक्सी आरोप सम्बन्धी न्यायिक दृष्टिकोण

बोक्सी ओरोप सम्बन्धी कसूरलाई कानूनको दायरामा ल्याउन र बोक्सी आरोप सम्बन्धी छुट्टै कानून निर्माणका लागि सर्वोच्च अदालतबाट गरिएको व्याख्या र प्रतिपादित न्यायिक सिद्धान्तको महत्वपूर्ण भूमिका रहेको छ । यस सम्बन्धी आदेशमा उल्लेख भएको सान्दर्भिक अंश देहायमा उल्लेख गरिएको छ :

अधिवक्ता रेश्मा थापा विरूद्ध नेपाल सरकार भएको बोक्सी आरोप सम्बन्धी कसूरमा "मानिसको मृत्यु कुनै न कुनै बिरामीबाट सहि उपचारको अभावमा वा सांघातिक चोटपटकबाट नै हुने गरेको पाईन्छ । मन्त्रद्वारा टुनामुना गरिदिएको कारणले मानिसको मृत्यू हुन गएको कुराको कुनै वैज्ञानिक तथ्य वा आधार देखिदैन । टुनामुना गरी मानिस मार्ने कुरा अन्धविश्वासी, रूढीवादी, अशिक्षित र असभ्य समाजको सोच मात्र हुने । बोक्सीको निराधार र अन्धविश्वासी आरोप लगाई कुनै पनि

[722] उपदफा २

[723] उपदफा ३

[724] दफा १६७

[725] दफा १६८

[726] १५ औं योजनाको आधारपत्र

स्त्रीलाई नग्न पारी गाँउ घुमाउनु, गुहु घोली खुवाउनु जस्ता अति अमानुषिक व्यवहार गरी महिलाको अस्मिता, इज्जत, मान प्रतिष्ठामा आघात पुऱ्याउने गरी गर्ने क्रिया अपराधिक क्रियाकै श्रेणी भित्र पर्ने । हाल पनि महिला माथि बोक्सीको आरोप लगाई गरेको अमानुषिक कार्यमा रोकथाम भएको देखिदैन । मुलुकी ऐनको कुटपीटको महल, गाली वेइज्जती ऐन, २०१६ तथा केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ मा बोक्सीको दोषारोपण गरी हुने गरेको अमानुषिक क्रियाकलाप रोकथाम, नियन्त्रण तथा सजाय गर्न पर्याप्त व्यवस्था रहे भएको देखिदैन । प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सचेतना कार्यक्रम संचालन गर्न गराउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी हुने ।"[727] भनी निर्देशनात्मक आदेश सहित व्याख्या भएको छ ।

सञ्जु महतो विरुद्ध नेपाल सरकारको मुद्दामा[728] सर्वोच्च अदालतले महत्वपूर्ण नजिर प्रतिपादन गरेको छ :

- कसैलाई बोक्सी वा बोक्साको आरोप लगाउनु, सताउनु, अपहेलना, वा वहिष्करण गर्नु, आक्रमण गर्नु, सामाजिक बेइज्जती गर्नु वा मार्नु जघन्य अपराध हो । कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु मात्र पनि आरोपित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रपूर्वक हिँड्डुल, कारोबार, व्यवसाय गर्न पाउने हकउपरको आक्रमण हो । यस दृष्टिबाट यो मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रश्न हुन आउने ।

- बोक्सी लगाएको भनी झारफुक गर्ने गराउने, बोक्सीको आरोप लगाई हिंसामा उत्रने वा त्यस्तो हिंसा हेरी ताली पिट्नेहरू बोक्सीको अस्तित्वमा विश्वास गर्छन् । बोक्सीउपर शारीरिक वा मानसिक हिंसामा उत्रनेहरू आफूहरूले बोक्सी भनी आरोप लगाइएका व्यक्तिहरू उपर अन्याय गरेको ठान्दैनन् बरू आफूले न्याय खोजेको र दैवी शक्तिको आडमा न्याय दिएको महसुस गर्छन् । यो मान्यता र अन्धविश्वासबाट समाजलाई बाहिर ननिकालेसम्म हामी यो समस्याबाट मुक्त हुन सक्दैनौं । त्यसको निम्ति सर्वप्रथम बोक्सी( बोक्सा हुँदैनन् भन्नेमा समाजलाई विश्वास दिलाउनु पर्ने ।

- धामी झाँक्रीले सामाजिक सेवा नभई समाजमा अन्धविश्वास फैलाउने र त्यसैको आडमा शोषण गरिरहेका छन् भन्ने पुरूष, महिला, बाल, युवा, प्रौढ सबैलाई बुझाउन जरूरी छ । बोक्सी प्रथाका विरूद्ध मात्र होइन त्यसको कारकको रूपमा रहेको धामी झाँक्री प्रथाको विरूद्ध नै हाम्रो राज्य, कानूनी प्रणाली र न्याय व्यवस्था उभिन सक्नुपर्ने ।

[७२७] अधिवक्ता रेश्मा थापा विरूद्ध नेपाल सरकार, ने.का.प. २०६२, अंक २, नि.नं. ७४९८, पृष्ठ १०८ ।

[७२८] ने.का.प २०७४, अंक ८, नि.नं.९८६१

## १०. समस्याहरू

बोक्सी आरोप सम्बन्धी कसूरमा अनुसन्धान तथा अभियोजनबाट देखिएका समस्याहरु देहाय बमोजिम रहेका छन्:

- सबूद प्रमाण नष्ट भैसकेपछि उजुरी आउने गरेको,
- पीडितले घटना भएपछि समयमै घा जाँच नगराउने प्रवृत्ति,
- अनुसन्धान पश्चात पीडितको सहयोग प्राप्त नहुने,
- पीडित तथा जाहेरवालाले जाहेरी र बकपत्रको प्रतिकूल हुने गरी अदालत समक्ष वकपत्र गर्ने गरेको,
- पीडक, राजनीतिक र समाजको दवावका कारण उजूरीमा प्रभावकारी अनुसन्धान हुन नसकेको,
- बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन, २०७२ को बारेमा जानकारी नहुनु
- जनचेतना जगाउने, अन्धविश्वास हटाउने शिक्षामूलक कार्यक्रमको प्रवाह कम हुनु,
- सरोकारवालाहरू बिच समन्वयको अभाव ।

## ११. निष्कर्ष

बोक्सीको दोष लगाई कसैमाथि प्रताडित गर्नु भनेको एउटा व्यक्ति र सिंगो समाजका लागि अमानवीय एवं हिंसाजन्य कार्य हो । बोक्सीको आरोप लगाई अमानवीय व्यवहार गर्ने तथा यातना दिने जस्तो आपराधिक कार्यलाई दण्डनीय बनाउन नेपालको फौजदारी न्याय प्रशासनमा लैङ्गिक हिंसाको न्यूनिकरणका लागि बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन, २०७२ जारी भई कार्यान्वनमा छ । यस ऐनको कार्यान्वयनका लागि सबै सरोकारवालाहरू संवेदनशिल  र जिम्मेवार हुन उत्तिकै आवश्यक छ । अझ् सरकारी वकीलले अनुसंधानलाइ स्पष्ट दिशा निर्देशित गरि महत्वपूर्ण जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यसका साथै आम समुदायलाई यस ऐनले गरेका व्यवस्थाको बारेमा सूचित गराई ऐनको कार्यान्वयनमा सहयोग गर्ने वातावरण निर्माण गर्न क्रियाशील हुनुपर्ने देखिन्छ ।

## १२. सुझाव

बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन, २०७२ को प्रभावकारी कार्यन्वयनका लगि देहाय बमोजिमको कार्य यथाशीघ्र गर्नु पर्ने देखिन्छ ।

- बोक्सी आरोप सम्बन्धी घटनाप्रति सबै सरोकार संवेदनशील रहने, बोक्सी संवन्धी कसूरको अनुसन्धानमा भौतिक प्रमाण संकलनमा बढी जोड दिने ।
- बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन, २०७२ को व्यवस्थाका बारेमा विभिन्न माध्यमबाट व्यापक जनचेतना प्रदान गर्ने,
- अन्धविश्वास हटाउने शिक्षामूलक कार्यक्रम रेडियो, टेलिभिजन, पत्रपत्रिकामा प्रवाह गर्ने,
- सरोकारवाला विच समन्वय गर्ने ।

## सन्दर्भ सामाग्रीहरू

### अन्तर्राष्ट्रिय प्रावधान

- मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६
- महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९७९

### राष्ट्रिय प्रावधान

- नेपालको संविधान
- मुलुकी फौजदारी अपराध संहिता, २०७४
- बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन, २०७२
- पन्ध्रौं योजना

### शब्दकोष

- नेपाली वृहत शव्दकोष, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, सातौं संस्करण
- Cambridge Advanced Learner’s Dictionary & Thesaurus © Cambridge University Press

**प्रतिवेदन/लेख**

- राष्ट्रिय मानव अधिकार आयोगको बार्षिक प्रतिवेदन, २०५९/६०
- बोक्सी प्रचलन र तत्सम्वन्धी कानूनी व्यवस्थाहरुको पुनरावलोकन, राष्ट्रिय मानव अधिकार आयोग, २०६२
- सरिता परियार, प्रश्नको संहारः बोक्सीको पुनरुत्पादन, कोसेली-कान्तिपुर समाचार दैनिक, २०७४, बैशाख, ९
- डा. आनन्द मोहन भट्टराई, बोक्सी, बोक्साको आरोप र न्यायसँग जोडिएका प्रश्नहरु, कानून अंक ११८

**कानून पत्रिका**

- ने.का.प. २०६२, अंक २, नि.नं. ७४९८, अधिवक्ता रेश्मा थापा विरूद्ध नेपाल सरकार
- ने.का.प २०७४, अंक ८, नि.नं.९८६१, सञ्जु महतो विरुद्ध. नेपाल सरकार

**वेभसाइट**

- http://www.cinnetwork.org/news/1556, Visited 4/16/2017.
- www.nepalpolice.gov.np. Visited date 5/17/2017.
- https://www.scribd.com
- http://archive.setopati.com/samaj/58611/
- http://www.hrdi.in
- Cambridge Advanced Learner's Dictionary & Thesaurus © Cambridge University Press, http://dictionary.cambridge.org, visited 4/16/2017
- https://www.merriamwebster.com/dictionary/witchcraft, visited 4/16/2017

## परिदृश्य (Vision)

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासनको प्रबर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

## परिलक्ष्य (Mission)

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रूपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

## मूल्यहरू (Values)

- स्वच्छ सुनुवाइ,
- कानूनको शासन,
- कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन,
- मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान संरक्षण र प्रबर्द्धन,
- सार्वजनिक हितको संरक्षण,
- पीडित मैत्री र न्यायमा पहुँच,
- व्यावसायिक स्वायत्तता र उन्मुक्ति,
- उत्तरदायित्व र जवाफदेहिता,
- निरन्तर सुधार र सिकाइ,
- नैतिकता र सदाचार,
- लैंगिक मैत्री र विविधताको सम्बोधन,
- समावेशिता ।

संस्थागत सुधारमार्फत
न्यायमा पहुँच अभिवृद्धि परियोजना

U N D P
Empowered lives.
Resilient nations.